विश्वका प्रमुख धर्म

लीलाप्रसाद सापकोटा

विश्वका प्रमुख धर्म

(सङ्क्षिप्त परिचय)

लेखक

लीलाप्रसाद सापकोटा

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

विश्वका प्रमुख धर्म (सङ्क्षिप्त परिचय)

लेखक : लीलाप्रसाद सापकोटा
संस्करण : पहिलो, वि.सं. २०७२ (१२०० प्रति)
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ
टङ्कन : रञ्जन घिमिरे
आवरण सज्जा : वसन्तराज अज्ञात
मूल्य : रु. २२५।-
मुद्रण : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

ISBN : 978-9937-589-87-1

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्टयाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदान मार्फत

नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशन सहित अनुवाद मार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सवै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

धर्म मानवीय विश्वासको उन्नत रूप हो । मान्छेका विश्वासका आधार विभिन्न भए झैँ विश्वमा विभिन्न धर्महरू अस्तित्वमा छन् । धर्मका रूपमा रहेका विश्वका यी विविधतालाई चिनेर मात्र विश्वलाई चिन्न सकिन्छ । विविधतामा अडिएको विश्वमा प्रतिपादित धर्मका अनेक रूपलाई परिचित गराउने हेतुले प्रज्ञा-प्रतिष्ठानको विभागीय योजनावाट तयार पारिएको विश्वका प्रमुख धर्म नामको यो ग्रन्थले मानवीय आस्थाका विविध रूपलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको अपेक्षा रहेको छ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

प्रकाशकीय

मानवजीवनमा धार्मिक मान्यताको आफ्नै महत्त्वपूर्ण स्थान छ। विश्व अनेक देश, अनेक जातजाति, अनेक समुदाय, अनेक भाषा, अनेक संस्कृति र धार्मिक मान्यता एवं विश्वासमा स्थापित छ। धर्म अनेक भए पनि ती सबै धर्मको अर्थ भन्नु एउटै छ, त्यो हो– स्वच्छ, पवित्र मानवीय भावना। सबै धर्ममा साधारणतया यही विश्वास गरिन्छ कि मानवीय भावनाको पवित्रताबिना कुनै मानिस आफ्नो उद्देश्यमा पुग्न सक्तैन। कुनै पनि धर्ममा मानिसले पुग्नुपर्ने निश्चित उद्देश्य र मानिस हुनुको आफ्नै अर्थ छ। धर्मलाई साधारण अर्थमा भन्दा कुनै पनि देश, समाज र आफ्नो पारिवारिक कुल पम्पराबाट मानिआएको धारणा हो। जुन धारणासँग मानिसको जातीय या सामाजिक आचारविचार, व्यवहार, संस्कार, पूजा-उपासना, व्रत आदि यावत् कर्म सम्बन्धित हुन्छ। यसैभित्र मानिसको मन, स्वभाव र सोचको विकास र विस्तार हुन्छ।

प्रस्तुत सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शन विभागको योजनाअन्तर्गत विद्वान् श्री लीलाप्रसाद सापकोटाले विश्वका प्रमुख धर्महरूको विस्तृत अध्ययन गरी **विश्वका प्रमुख धर्म (सङ्क्षिप्त परिचय)** शीर्षकमा कृति तयार गर्नुभएको छ। यो कृति प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशनमा आउँदै छ। विश्वमा मानिँदै आएका प्रमुख धर्महरूबारे एउटै कृतिमा जानकारी पाउनु महत्त्वपूर्ण कुरा हो। यो कृतिको प्रकाशनबाट यस विषयमा शोध-अनुसन्धान गर्ने, विश्वका धर्मबारे जिज्ञासा राख्ने पाठकहरू सबैलाई सहयोग पुग्ने कुरामा हामी विश्वस्त छौँ। निकै मिहिनेत र अध्ययनबाट विद्वान् लेखक सापकोटाले यो कृति तयार पार्नुभयो, उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ। यस्तो महत्त्वपूर्ण कृतिको योजना र अवधारणा बनाउने दर्शन विभागका प्रमुख प्राज्ञ प्रा. दिनेशराज पन्त एवं यो कृतिको प्रकाशनमा सहयोग पुर्‍याउने प्रज्ञा-प्रतिष्ठानका कर्मचारीप्रति पनि हार्दिक धन्यवाद दिन्छौँ।

विष्णुविभु घिमिरे

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

कमलादी, काठमाडौँ

विभागीय मन्तव्य

श्री लीलाप्रसाद सापकोटाले नेपाल प्रज्ञा-प्रतिष्ठान दर्शन विभागद्वारा प्रदत्त अनुसन्धानवृत्तिअन्तर्गत विश्वका प्रमुख धर्म (सङ्क्षिप्त परिचय) नामक यो पुस्तक तयार गर्नुभएको हो । तीन खण्डमा विभक्त यस पुस्तकमा हिन्दू, बौद्ध, जैन, सिन्तो, कन्फुसियस, ताओ, यहुदी, पारसी, इसाई, इस्लाम, सिख, श्रीकृष्णप्रणामी, बहाई धर्मको बारेमा प्रकाश पारिएको छ । नेपाली भाषामा एउटै पुस्तकमा यी धर्महरूको परिचय आउनु महत्त्वपूर्ण कुरा हो भन्ने दर्शन विभागको ठहरअनुसार यो पुस्तक तयार गर्न लगाइएको हो । निर्धारित समयमा यति महत्त्वपूर्ण विषयमा पुस्तक उपलब्ध गराउनुभएकोमा र पछिल्लो कालमा यसको संशोधन परिमार्जनमा दत्तचित्त रहनुभएकोमा विद्वान् श्री लीलाप्रसाद सापकोटालाई धन्यवाद ज्ञापन गर्दछु । यसको सम्पादन गर्दा सहयोग गर्ने उपप्रा. श्री माधव लामिछानेलाई धन्यवाद छ । नीरक्षीरविवेकीहरूबाट यसको गुणदोषको यथोचित मूल्याङ्कन हुने आशा पनि नेपाल प्रज्ञा-प्रतिष्ठानले लिएको छ ।

दिनेशराज पन्त

(प्रा. दिनेशराज पन्त)
प्रमुख
दर्शन विभाग
नेपाल प्रज्ञा-प्रतिष्ठान

मेरो भन्नु

सृष्टि यता विभिन्न कालखण्डमा मानव तनमा अवतरित ऋषिमुनि, महर्षि, पैगम्बर आदिले देश, काल, परिस्थिति र तत्काल प्रचलित भाषामा मानव कल्याणका निमित्त आचरण व्यवहार उपदेशका साथै जीवनपछिको यात्रा र गन्तव्यका विषयमा आआफ्ना अनुभव, अनुसन्धान र अध्ययन हामीमाझ दिँदै आए । तिनीहरूका कुराको यथाशक्य अनुसरण गर्दै मानिसले आफ्नो बौद्धिक क्षमता र चेतनाको आधारमा कर्म, उपासना, ज्ञान र भक्ति (अष्टधा, नवधा, दशधा) का कुरा पर्गेल्दै आयो र धर्मको नाम पायो ।

सामान्यतः धर्म, दर्शन, संस्कृति, संस्कार, परम्परा, सभ्यता एकअर्कासँग सम्बद्ध रहे पनि तिनीहरूको आआफ्नो छुट्टाछुट्टै विशेषता छ । प्रस्तुत पुस्तक धर्मसँग सम्बद्ध रहन चाहेको छ ।

हामी तीन हजार वर्षभन्दा अघिको यथातथ्य इतिहासको खोजीमै रहेकाले हाम्रा पुराना धर्मशास्त्रको इतिहासको प्रामाणिकताको पनि अध्ययन, अनुसन्धान गरिरहेका छौँ । आज संसारमा उपलब्ध धर्मशास्त्रका आधारमा र ती धर्मशास्त्रका विशेषतालाई आफ्नो पूज्य र आराध्य मान्ने अनुयायीका आधारमा हामीले धर्मलाई बुझेका छौँ । धर्म तीभन्दा परको पो हो कि !

संसारमा प्रचलित धर्मको सामान्य र सङ्क्षिप्त परिचय दिने पुस्तक नेपाली भाषामा उपलब्ध रहेन । म जस्ता जिज्ञासुका निमित्त त्यस्तो पुस्तक आवश्यक ठानी यो पुस्तक तयार गरेको हुँ । सञ्चार र यातायातका साधनले हामीलाई धेरै नजिक ल्याएको छ । एकअर्काले मानेको धर्मका कुरालाई बुझ्न जरुरी रहेकोले त्यो आवश्यकता पुरा गर्न यस प्रकारको पुस्तक उपयोगी रहन सक्छ भन्ने धारणाले पनि काम गरेको छ ।

प्रस्तुत पुस्तक नेपाल प्रज्ञा-प्रतिष्ठानको दर्शन विभागसँगको सम्झौताका आधारमा वि.सं. २०७० असोज १७ को तीन महिनाभित्र बुझाउने गरी तयार गरिएको हो । त्यही बिचमा दशैँ, तिहार र संविधान

सभाको निर्वाचन जस्ता कुराले अध्ययन र लेखनमा क्रमबद्धता पाउन सकेन। यस सीमित अवधिभित्र उपलब्ध सामग्रीका आधारमा प्रस्तुत पुस्तक तयार गरेको छु। पुस्तकले विश्वका प्रचलित प्रमुख धर्मका विषयमा सङ्क्षिप्त र प्रारम्भिक जानकारी दिन सकोस् भन्ने मेरो चाहना हो। पाठकहरूको निर्णय शिरोधार्य गर्ने छु।

नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शन विभागप्रति आभार व्यक्त गर्दछु। सन्दर्भ पुस्तक दिई सहयोग गर्नु हुने विद्वान्हरू एवम् आधुनिक अनुसन्धान पद्धतिको जानकारी र सहयोग दिनु हुने रत्नराज्य क्याम्पसका नरेन्द्र मिश्रप्रति धन्यवाद ज्ञापन गर्दछु।

– लीलाप्रसाद सापकोटा

विषय क्रम

१. पहिलो खण्ड	१३-४२
धर्मको परिचय	१३
२. दोस्रो खण्ड	४३-१५९
क) हिन्दू धर्म	४३
ख) बौद्ध धर्म	७४
ग) जैन धर्म	८५
घ) सिन्तो धर्म	९३
ङ) कन्फुसियस धर्म	९७
च) ताओ धर्म	१०३
छ) यहुदी धर्म	१०७
ज) पारसी धर्म	११४
झ) इसाई धर्म	११७
ञ) इस्लाम धर्म	१३१
ट) सिख धर्म	१४६
ठ) श्रीकृष्णप्रणामी धर्म	१५०
ड) बहाई धर्म	१५८
३. तेस्रो खण्ड	१६०-१८०
क) धर्म सापेक्ष र धर्म निरपेक्ष	१६०
ख) विश्व धर्म समभाव	१६७

धर्म

धर्मका विषयमा धेरै चिन्तन-मनन, अध्ययन र अनुसन्धानहरू हुँदै आएका छन् र पछिसम्म पनि भई रहने छन्। मानिस सामाजिक, राजनैतिक र धार्मिक प्राणी हो। धर्मका विषयको अध्ययनमा हामी सबैको हक छ। हामीले गरेको अध्ययनबाट हामी धर्मको मर्मको नजिकसम्म पुग्ने प्रयत्न गरि रहेका छौँ। धर्मलाई हामीले बुझ्ने र धर्मले देखाएको पथमा अग्रसर हुने हाम्रो प्रयत्न निरन्तर जारी छ। धर्मको सम्पूर्णतालाई नबुझेर हामी आपसमा लड्ने-भिड्ने काममा पनि लागेका छौँ। आफ्नो कुरालाई मात्र महत्त्व दिएर अरूका कुरा नसुन्ने पनि गर्दै आएका छौँ। आधुनिक विज्ञानका साथै सबै धर्मग्रन्थहरूको समन्वित अध्ययन-अनुसन्धान गरेका अवस्थामा धर्म सम्बन्धका हाम्रा धारणाहरू स्पष्ट हुँदै जाने कुरामा असहत हुनु पर्ने अवस्था छैन।

धर्म र दर्शनलाई एउटै वा फरक ठान्ने कुरामा हामी यदाकदा अलमलिन्छौँ। दर्शनले सत्यको खोजी गर्दछ र धर्मले आत्माको मुक्तिको खोजी गर्दछ[1] भन्ने डा. सर्वपल्ली राधाकृष्णनको भनाइले धर्म र दर्शनको सीमा स्पष्ट गरेको छ। भागवतमा सत्य र परम सत्यको कुरा स्पष्ट गर्दै भनिएको छ- सत्यं परं धीमहि[2], हामी परम सत्यको ध्यान गर्दछौँ। यही परम सत्य खोज्ने क्रममा ऋषिमुनि, महर्षि, ज्ञानी, ध्यानी, तपस्वी, पीर, पैगम्बर, महात्मा र वैज्ञानिकहरू गहन अध्ययन चिन्तन-मनन र अनुसन्धानमा लागेका छन् र आ-आफ्ना निष्कर्षहरू अघि ल्याएका छन्।

पृथ्वी, मानिस र धर्म परस्पर सम्बद्ध छन्। पृथ्वीमा मानिसको बसोबास छ र मानिसले धर्म मानेको छ। सौर्य मण्डलका अन्य ग्रहहरूमा मानिसको बसोबास पाइएको छैन। पृथ्वी सौर्य मण्डलको एउटा अङ्ग हो। सौर्य मण्डल ब्रह्माण्डको एउटा अङ्ग हो। ब्रहमाण्डहरू अनन्त छन्- कोटिशो ह्यण्डराशयः। अनन्त कोटि ब्रह्माण्डको एउटा सानो अंश पृथ्वीमा रहेर मानिसले धर्मको ज्ञान पिपासालाई बुझाउने प्रयत्न गरि रहेको छ।

धर्मको परिभाषा

सर्वप्रथम हामी धर्मको परिभाषा बुझ्ने प्रयत्न गर्ने छौँ। विभिन्न शास्त्र र विद्वान्हरूले धर्मको आ-आफ्ना पाराले परिभाषा गरेका छन्। धर्म शब्दको अर्थ

---

१ डा. राधाकृष्णन (१९२०), पृ. ५
२ व्यास (१९९६), पृ. ५

धारण गर्नु हो- धारणात् धर्ममित्याहुः भन्दै धर्मले जगत्को रक्षा गर्ने कुरा ल्याइएको छ। ऋग्वेदमा सर्व प्रथम धर्म शब्दको प्रयोग भएको छ। विष्णुले वामन अवतारमा तीन पदले विक्रम प्रदर्शित गरेर धर्मको रक्षा गरे भन्ने मन्त्र पाइन्छ[३]। त्यसरी नै धर्मणा मित्रवरुणा विपश्चिता भन्ने मन्त्रमा धर्मको उल्लेख पाइन्छ। अथर्ववेदमा धर्म धृतो (धर्म पालक), धर्मकृते (धर्मात्मा) भनी उल्लेख गरिएको छ। केनोपनिषद्मा धर्ममा सदा वर्तमान रहन भनिएको छ भने तैत्तिरीयोपनिषद्मा 'धर्मचर' को उपदेश पाइन्छ। नारदपरिव्राजकोपनिषद् र मनुस्मृतिमा धर्मका दश लक्षणहरू बताइएका छन्- धृति, क्षमा, दया, अस्तेय, शौच, इन्द्रिय निगह, बुद्धि, विद्या, सत्य, अक्रोध। ऋषि कणादले भनेका छन्- लोकको उन्नति र परलोकको सुख धर्म हो- यतोऽभ्युदयो निश्रेयसः स धर्मः। त्यसरी नै जैमिनिले भनेका छन्- चोदनालक्षणोऽर्थो धर्मः। जैनहरूले आत्माको सद्गुणको विकासलाई धर्म भनेका छन्। बौद्धहरूले शील, सन्तोष र समाधिमा बल दिएका छन्। चार्वाकले कर्मलाई धर्म मानेका छन्।

ऐतरेयब्राह्मणमा धार्मिक कर्मको सर्वाङ्ग स्वरूप धर्म हो भनिएको छ। देश र कालको पक्षमा महापुरुषहरूद्वारा निर्दिष्ट जीवनका ती विशिष्ट कार्यहरू जुन लौकिक र पारलौकिक सफलताका साधन बन्दछन्, तिनीहरूलाई धर्म भनिन्छ भन्ने गरिएको पाइन्छ। डा.सर्वपल्ली राधाकृष्णनले भनेका छन्- असल रूपमा मनन गरिएको विचार नै जीवन रूपी सर्वोच्च परीक्षामा व्यवहृत र परीक्षित भएर धर्म बन्दछ। अज्ञानको अन्धकारबाट ज्ञानको प्रकाशमा आउनु धर्म हो पनि भनिएको छ। महामति प्राणनाथले निर्गुण आहार र सदाचारमा रही आत्मामा परमात्माको स्वरूप धारण गर्नु धर्म हो भनेका छन्।

स्वामी विवेकानन्दले भनेका छन्[४]- धर्म अनुभूतिको वस्तु हो। बोल्नुको होइन। यो मतवाद होइन र कति नै सुन्दर देखिने सिद्धान्तको समूह पनि होइन। आत्माको ब्रह्म स्वरूप जान्नु, तद्रूप हुनु र त्यसको साक्षात्कार गर्नु धर्म हो। आफ्नो सम्पूर्ण मन र प्राणका साथ आफ्नो श्रद्धाको वस्तुसित एक रूप हुनु धर्म हो।

परमहंस योगानन्दले[५] भनेका छन्- धर्म शब्दको अर्थ हुन्छ कानुन। कानुन वा स्वाभाविक आचारको पालना अवस्था विशेषमा मानिसका लागि निर्दिष्ट कर्तव्यको पालना गर्नु धर्म हो। शास्त्रहरूले धर्मको परिभाषा यसरी पनि गरेका छन्- नैसर्गिक विश्व विधान जसको पालना गर्नाले मानिस आफूलाई पतन हुनबाट र दुःखबाट जोगाउँछ।

---

३ व्यास (२०१२), पृ. ६९

४ विवेकानन्द (१९८२), पृ. १३७

५ योगानन्द (२००६), पृ. ५४४

स्वामी करपात्री भन्दछन्- बलवान् अनिष्टबाट रक्षा गर्ने र श्रेयष्कर हुनाले वेदाज्ञा प्रमाणतः नै धर्म हो। यही विद्वान् आचार्यहरूको समन्वयार्थ मान्यता छ।

तनसुखराय गुप्तले[६] धर्मको अर्थलाई समवेत रूपमा पाँच विभिन्न अर्थमा विभक्त गरेका छन्-

१) पदार्थ मात्रको त्यो प्राकृतिक तथा मूलगत विशेषता, वृत्ति वा गुण जुन त्यसमा सधैं स्थायी रूपमा विद्यमान रहन्छ, जसको त्यसबाट पहिचान बन्दछ र जसबाट त्यसलाई अलग गर्न सकिदैन। जस्तो आगोको धर्म जल्नु जलाउनु। जीवको धर्म जन्मनु-मर्नु, खुर्सानीको धर्म पिरो हुनु हो।

२) सामाजिक क्षेत्रमा नियम, विधि, व्यवहार आदिका आधारमा नियत र निश्चित ती सबै कर्म र कुराहरू जसको पालना समाजको अस्तित्व र स्थितिका निमित्त आवश्यक हुन्छ र जो प्रायः सर्वत्र सार्वजनिक रूपले मान्य हुन्छ। जस्तो- अहिंसा, दया, न्याय, सत्यता आदिको आचरण मनुष्य मात्रको धर्म हो।

३) लौकिक क्षेत्रमा ती सबै कर्म र कृत्य जसको आचरण र पालन कुनै विशिष्ट स्थितिका निमित्त निहित गरिएको हुन्छ। जस्तो मातापिताको सेवा गर्नु पुत्रको धर्म हो। पढ्नु-पढाउनु विद्वान्हरूको धर्म हो।

४) आध्यात्मिक क्षेत्रमा ईश्वर, देवी देवता, देवदूत, पैगम्बर आदिका प्रति मनमा हुने विश्वास वा श्रद्धाका आधारमा स्थित ती कर्म कर्तव्य धारणाहरू जुन विभिन्न जाति र देशका मानिसहरूमा अलग अलग रूपमा प्रचलित छन् र केही विशिष्ट प्रकारका आचार शास्त्र र दर्शन शास्त्रमा आधारित हुन्छन्। जस्तो- इसाई, इस्लाम, हिन्दू आदि।

५) सम्पूर्ण समाजलाई उचित नैतिक र व्यावहारिक नियम र विधान जसले परलोक पनि सुधार्छ जस्तो मानवता र राष्ट्रियताको पालना गर्नु धर्म हो।

पाश्चात्त्य विद्वान्हरूले धर्मको विभिन्न परिभाषा गरेका छन्। दुर्खिमले भनेका छन्- Religion is a unified system of beliefs and practices relative to sacred things which unite into one single moral community called church all those adhere to them. विश्वास र अभ्यासको त्यो एकत्व विधि जुन पवित्र वस्तुहरूसँग सम्बद्ध हुन्छ र एउटा विशेष नैतिक समुदाय जसलाई मन्दिर/चर्च पनि भनिन्छ, सँग जोडिएको हुन्छ, त्यो धर्म हो।

अङ्ग्रेजीमा धर्मलाई Religion भनिन्छ। Religion शब्द Religare बाट आएको मानिन्छ। जसको अर्थ बाँध्नु हो। Webser's[७] New World Dictionary मा Religion को to bind back, it is a belief in a divine or

---

६ गुप्त (२०००), पृ. १८

७ Webster (१९६३), पृ. १२१२

supernatural power and ruler of the universe, expression of such a belief and conduct or ritual, and specific system of belief, worship, conduct etc often involving a code of ethics and philosophy भनिएको छ। धर्म भनेको बाँध्नु हो। दैविक वा अलौकिक शक्तिमा विश्वास हो, ईश्वर वा ब्रह्माण्डको शासक सृष्टिकर्ताको आज्ञा पालन वा पूजा हो, कर्मकाण्ड र आचरण यस्तै विश्वास हो कुनै विशिष्ट विश्वास पूजा आचरण जुन आचरण विधि र दर्शनसित सम्बद्ध हुन्छ त्यो धर्म हो भनेको पाइन्छ। Oxford Dictionary[८] मा Religion को अर्थ the belief in and worship of a god or gods, a particular system of faith and worship, obligation, reverence भनिएको छ। यस अर्थले धर्म ईश्वरमा विश्वास र पूजा विशेष विधिको विश्वास र पूजा, दायित्व र सम्मान भन्ने बुझाउँछ। पश्चिमका विद्वान्हरूमा टायनबीले धर्मलाई मानिसको स्वाभाविक गुण (Religion is priori) भनेका छन् भने जी गेलवेले मानिसको आफूसित भिन्न वा आफूभन्दा बाहिरको एउटा शक्तिप्रतिको विश्वास भनेका छन्। जसबाट उसले भावनात्मक आवश्यकताहरूको पूर्ति गर्दछ र जीवनमा स्थायित्व प्राप्त गर्दछ यसलाई उसले पूजा र सेवाका क्रिया कलापको माध्यमबाट अभिव्यक्त गर्दछ। Religion is a man's faith in a power beyond himself whereby he seeks to satisfy emotional needs and gains stability of life and which he expresses in act of worship and service.

काणेले धर्मको अर्थ खोजेर भनेका छन्– धर्म शब्द ती संस्कृत शब्दहरू मध्येमा पर्दछ जसको प्रयोग अनेक अर्थमा हुँदै आएको छ। यो शब्द अनेकौं परिवर्तन र विपर्ययहरूको चक्रमा घुमि सकेको छ। ऋग्वेदका ऋचाहरूमा यो शब्द कि त विशेषणका रूपमा कि संज्ञाका रूपमा प्रयुक्त भएको छ। यस शब्दको यस रूपमा छप्पन्न पटक प्रयोग भएको छ। वेदको भाषामा यस शब्दको त्यस वेला वास्तविक अर्थ के थियो भन्न गाह्रो छ। स्पष्टतः यो शब्द 'धृ' धातुले बनेको छ जसको तात्पर्य हो धारण गर्नु, आलम्बन गर्नु, पालना गर्नु। ऋग्वेदका केही ऋचाहरू जस्तो १.१८७.१, १०.९२.२ तथा १०.२१.३ मा धर्म शब्द पुंलिङ्गमा प्रयोग भएको छ तर अन्य स्थानहरूमा यो शब्द कि त नपुंसक लिङ्गमा छ कि त अर्को रूपमा छ जसलाई हामी पुंलिङ्ग वा नपुंसक लिङ्ग दुवै बुझ्ने गर्दछौं। अनेक स्थानहरूमा 'धर्म' धार्मिक विधि या धार्मिक क्रिया संस्कारका रूपमा प्रयोग भएको छ। जस्तो ऋग्वेद १.२२.१८, ५.२६, ७.४३.२४, ९.६४.१ जस्ता ठाउँहरूमा। ऋग्वेदको १.१६४.४३ तथा १०.९०.१६ को तानि धर्माणि प्रथमान्यासन् ऋचाहरूले उपर्युक्त कथनहरूलाई प्रामाणिक गर्दछन्। यसरी नै प्रथमा धर्माः (ऋग्वेद ३.१७.१ तथा १०.५६.३) एवम् सतना धर्माणि (ऋग्वेद ३.३.१) को अर्थ क्रमशः प्रथम विधिहरू र प्राचीन विधिहरू हुन्छ। कहीँ

---

८ Oxford (१९७३), पृ. १७८८

कहीँ यस्तो अर्थ प्रकट पनि हुँदैन जस्तो ४.५३.३, ५.६३.७, ६.७०.१, ७.८९.५ जहाँ धर्मको अर्थ निश्चित नियम (व्यवस्था या सिद्धान्त) या आचरण नियम हुन्छ। धर्म शब्दको उपर्युक्त अर्थ वाजसनेयीसंहितामा पनि पाइन्छ। (२.३ तथा ५.३७)। एक ठाउँमा हामी ध्रुवेण धर्मणाको प्रयोग पनि पाउँछौ भने त्यहीँ हामी धर्म शब्दको बहुल प्रयोग पनि पाउँदछौँ। ऋग्वेदका धेरै मन्त्रहरू अथर्ववेदसँग मिल्दछन् जसमा 'धर्मन्' शब्दको प्रयोग भएको छ। अथर्ववेद (९.९.१७) मा धर्म शब्दको प्रयोग धार्मिक क्रिया संस्कार गर्नाले आर्जित गुणको अर्थमा भएको छ। ऐतरेयब्राह्मणमा 'धर्म' शब्द सकल धार्मिक कर्तव्यको अर्थमा प्रयोग भएको पाइन्छ। छान्दोग्योपनिषद् (२.२३) मा धर्मको एउटा महत्त्वपूर्ण अर्थ पाइन्छ जसका अनुसार धर्मका तीन शाखाहरू मानिएको छ– (१) यज्ञ अध्ययन एवम् दान अर्थात् गृहस्थधर्म (२) तपस्या अर्थात् तापस धर्म तथा (३) ब्रह्मचारित्व अर्थात् आचार्यका घरमा अन्तिम सम्म बस्नु। यहाँ धर्म शब्दले आश्रमका विलक्षण कर्तव्यतिर सङ्केत गरि रहेको छ। यसरी हामी के पाउँछौँ भने धर्म शब्दको अर्थ समय समयमा परिवर्तित हुँदै आएको छ। तर अन्त्यमा यो मानिसका विशेषाधिकारहरू कर्तव्यहरू, बन्धनहरूको द्योतक, आर्य जातिका सदस्यको आचार विधिको परिचय एवम् वर्णाश्रमको द्योतक बनेको छ। तैत्तिरीयोपनिषद्मा छात्रहरूका लागि जुन 'धर्म' शब्द प्रयुक्त भएको छ त्यो यसै अर्थमा आएको छ। जस्तो सत्यं वद धर्म चर... आदि (१.११)। भगवद्गीताको स्वधर्मे निधनं श्रेयः मा पनि 'धर्म' शब्दको अर्थ यही हुन्छ। धर्मशास्त्र साहित्यमा 'धर्म' शब्दको यसै अर्थमा प्रयोग भएको छ। मनुस्मृतिका अनुसार मुनिहरूले मनुलाई सबै वर्णका धर्महरूको शिक्षा दिनका निमित्त प्रार्थना गरेका थिए (१.२)। त्यही याज्ञवल्क्य स्मृतिमा पनि पाइन्छ (१.१)। तन्त्रवार्तिकका अनुसार धर्मशास्त्रको कार्य हो वर्ण एवम् आश्रमका धर्मको शिक्षा दिनु। मनुस्मृतिका व्याख्याकार मेधातिथिका अनुसार स्मृतिकारहरूले धर्मका पाँच स्वरूप मानेका छन् (१) वर्ण धर्म (२) आश्रम धर्म (३) वर्णाश्रम धर्म (४) नैमित्तिक धर्म (जस्तो प्रायश्चित्त) तथा (५) गुण धर्म (अभिषिक्त राजाका संरक्षण सम्बन्धी कर्तव्य)।

यस सम्बन्धमा धर्मका कतिपय मनोरम परिभाषातिर सङ्केत गर्नु अपेक्षित छ। पूर्वमीमांसासूत्रमा जैमिनिले धर्मलाई 'वेदविहित प्रेरक' लक्षणको अर्थमा स्वीकार गरेका छन् अर्थात् वेदमा प्रयुक्त अनुशासनका अनुसार हिँड्नु नै धर्म हो। धर्मको सम्बन्ध ती क्रिया संस्कारहरूसँग हुन्छ जसमा आनन्द प्राप्त हुन्छ र जुन वेदद्वारा प्रेरित र प्रशंसित हुन्छन्। वैशेषिक सूत्रकारले धर्मको यो परिभाषा गरेका छन्– धर्म त्यही हो जसमा आनन्द एवम् निःश्रेयसको सिद्धि होस्। यस्तै धर्मका केही एकाङ्गी परिभाषा पनि छन् जस्तो अहिंसा परमो धर्मः (अनुशासन पर्व ११५.१) आचारः परमो धर्मः (मनुस्मृति १.१०८)। हारीतले धर्मलाई श्रुति प्रमाणक मानेका छन्। बौद्ध धर्म साहित्यमा धर्म शब्द अनेकौं अर्थमा प्रयोग भएको छ। कहीं कहीं यसलाई भगवान् बुद्धको सम्पूर्ण शिक्षाको

द्योतक मानिएको छ। यसलाई अस्तित्वको एक तत्त्व अर्थात् जड तत्त्व, मन र शक्तिहरूको एक तत्त्व पनि मानिएको छ।

धर्मका उपादान– गौतमधर्मसूत्रका अनुसार वेद धर्मको मूल हो। जो धर्मज्ञ छन् जो वेद जान्दछन् तिनीहरूको मत नै धर्म प्रमाण हो भन्ने आपस्तम्बको कथन छ। त्यस्तै कथन वशिष्ठधर्मसूत्रको पनि छ (१.४.६)। मनुस्मृतिका अनुसार धर्मका उपादान पाँचवटा छन्– सम्पूर्ण वेद, वेदज्ञहरूको परम्परा एवम् व्यवहार, साधुहरूको आचार तथा आत्म सन्तुष्टि। (यस्तै कुरा याज्ञवल्क्यस्मृतिमा पनि पाइन्छ– वेद, स्मृति (परम्परानुसार चलेको ज्ञान) सदाचार (भद्र मानिसहरूको आचार व्यवहार) जो आफूलाई प्रिय लाग्दछ तथा उचित सङ्कल्पले उत्पन्न अधिकांक्षा या इच्छा। यिनै परम्परादेखि चलि आएका धर्मोपदान हुन्। माथिका प्रमाणबाट के स्पष्ट हुन्छ भने धर्मका मूल उपादान हुन्-वेद, स्मृतिहरू तथा परम्परादेखि चलि आएका शिष्टाचार (सदाचार)। वेदमा स्पष्ट रूपले धर्म विषयक विधिहरू प्राप्त छैनन्, तर प्रासङ्गिक निर्देशहरू पाइन्छन् र कालान्तरमा धर्मशास्त्र सम्बन्धी प्रकरणहरूतिरका सङ्केत पनि पाइन्छन्। माथिका विवेचनाहरूबाट के स्पष्ट हुन्छ भने कालान्तरमा धर्मसूत्र र धर्मशास्त्रहरूमा जे जति विधिहरू उल्लेख गरिएका छन्, ती सबैको मूल वैदिक साहित्यमा अक्षुण्ण रूपमा पाइन्छ। धर्मशास्त्रहरूले वेदलाई धर्मको मूल भनेर जो भनेका छन्, त्यो उचितै छ। तर के चाहिँ सत्य हो भने वेद धर्म सम्बन्धी निबन्ध होइन। वेदमा धर्म सम्बन्धी कुराहरू प्रसङ्गवश आइरहेका हुन्छन्। वास्तवमा धर्मशास्त्र सम्बन्धी विषयहरूको यथातथ्य एवम् नियमनिष्ठ विवेचनाका लागि हामीहरूले स्मृतिहरूतिर झुक्नै पर्दछ।

संस्कृत नेपाली शब्दकोशमा धर्मको अर्थ यस्तो पाइन्छ[९]–

धर्मः (पुं.) १. धर्मराज, २. युधिष्ठिर, ३. उपनिषद्, ४. तरिका, ५. भक्ति, ६. सत्सङ्ग, ७. यज्ञ, ८. समानता, ९. नियम, १०. इमान, ११. न्याय/इन्साफ, १२. कानुन, १३. धर्मशास्त्र, १४. अलङ्कार शास्त्रमा उपमेय र उपमानमा समान रूपले रहने धर्म, १५. उचित अनुचितको विचार गर्ने चित्तवृत्ति, १६. माता, पिता, गुरु आदिको त्यस्तो वचन वा मत जुन पालना गर्दा इहलोक, परलोकमा सुख र ईश्वर प्राप्ति हुन सक्छ, १७. त्यस्तो कर्म जुन गर्नाले यो लोकमा सुख, शान्ति र जन कल्याण हुन्छ, १८. कुनै वस्तुको गुण, जसमा त्यसको मुख्य आधार रहन्छ, जस्तै, पानीको धर्म चिसो, आगाको धर्म तातो इत्यादि १९. ब्रह्माजीको दाहिने स्तनबाट उत्पन्न सम्पूर्ण लोकलाई सुख दिने एक देवता, २०. धरति विश्वम् यस्तो विग्रहमा धृञ् धारणे, भ्वादि उभयपदीबाट अर्तिस्तु० उणादि सूत्र १/१४० ले मन् प्रत्यय हुँदा धर्म शब्द निष्पन्न हुन्छ। संसारमा मुख्य एघार धर्म छन्- सनातन, बौद्ध, जैन, यहुदी, मुसलमान, क्रिस्चियन, कन्फ्युसियस, सिन्तो, पारसी धर्म, एमिनिस्ट र फेटिस्ट।

---

९ पाण्डेय २०५७, पृ. ५९७-५९८

सनातन धर्म अनुसार धर्मको सगुण स्वरूप दाहिनेतिर अक्षमाला, बायाँतिर पुस्तक भएको सबै अङ्गमा गहना लगाएको सेतो वर्णको र सेतै वस्त्र पहिरेको चार मुख, चार पाउ, चार बाहु र शरीर भएको स्वरूपलाई धर्म भनिएको छ-

चतुर्वक्त्रश्चतुष्पादश्चतुर्बाहुः सिताम्बरः ।
सर्वाभरणवान् श्वेतो धर्मः कार्यो विजानता ।
दक्षिणे चाक्षमाला च तस्य वामे तु पुस्तकम् ।

-विष्णुधर्मोत्तर

हरिवंश अनुसार धर्मका चार पाउहरू चार आश्रमबाट व्यक्त हुन्छन्– ब्रह्मचर्याश्रमबाट स्वाध्याय, गृहस्थाश्रमबाट पवित्रता, वानप्रस्थाश्रमबाट गौरवान्वित तपस्या र संन्यासाश्रमबाट तत्त्वमसि महावाक्यको विचार ।

पादा धर्मस्य चत्वारो यैरिदं धार्यते जगत् ।
ब्रह्मचर्येण व्यक्तेन गृहस्थेन च पावनाः ॥
गुरुभावेन वाक्येन गुरुमार्गानुगामिना ।
इत्येते धर्मपादाः स्युः स्वर्गहेतोः प्रचोदिताः ॥

-हरिवंश

हरिवंशमा धर्मका पाँच पाउमध्ये सत्य युगमा चार पाउको धर्म एक पाउको अधर्म हुन्छ, त्रेता युगमा तीन पाउको धर्म दुई पाउको अधर्म हुन्छ, द्वापर युगमा दुई पाउको धर्म तीन पाउको अधर्म हुन्छ र कलियुगमा एक पाउको धर्म र चार पाउको अधर्म हुन्छ ।

सत्ये- तत्र धर्मश्चतुष्पादो ह्यधर्मः पादविग्रहः ।
त्रेतायाम्- द्वाभ्यामधर्मः पादाभ्यां त्रिभिर्धर्मो व्यवस्थितः ।
द्वापरे- द्वाभ्यां धर्मः स्थितः पद्भ्यामधर्मस्त्रिभिरुत्थितः ।
कलौ- तत्राधर्मश्चतुष्पादः स्याद् धर्मः पादविग्रहः ।

-हरिवंश

वैशेषिक अनुसार अभ्युदय र मोक्षको सिद्धि गराउने कर्मलाई धर्म भनिन्छ । यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः

-वैशेषिकसूत्र

न्यायशास्त्र अनुसार वेदले बताएको कर्म गर्नुलाई धर्म भनिन्छ । विहितकर्मजन्यो धर्मः

-तर्कसङ्ग्रह

जैमिनिसूत्र अनुसार कुनै गर्ने विधान भएको वाक्यको लक्षणसम्बन्धी अर्थलाई धर्म भनिन्छ । चोदनालक्षणोऽर्थो धर्मः

-जैमिनिसूत्र

अमरकोश अनुसार वेदले बताएको सदाचार र यज्ञादि गर्नुलाई धर्म भनिन्छ । श्रुतिः स्त्री वेद आम्नायस्त्रयी धर्मस्तु तद्विधिः ।

याज्ञवल्क्यस्मृति अनुसार धर्मको लक्षण वा धर्म हुने काम-

देश (कृष्णसार मृग स्वच्छन्द घुम्ने देश अर्थात् हिंसा, अत्याचार आदि नभएको देश), काल (सङ्क्रान्ति, जन्माष्टमी जस्ता पर्वको दिन), उपाय (धर्मशास्त्रले वताए अनुसार कर्म गर्ने विधि) र द्रव्य (अरूलाई बाधा नपारेर प्राप्त भएको धन प्रेम र श्रद्धासाथ दान गर्नु वा दान लिनु)लाई धर्मको लक्षण भनिन्छ। श्रुति (वेद), स्मृति (धर्मशास्त्र), सदाचार (कुल परम्परादेखि वा विद्वान् आस्तिक मानिसबाट चलाइएको धार्मिक चलन) र आफ्नो आत्मालाई प्यारो लाग्ने (शास्त्रविरुद्ध नभएको) कर्म।

देशे काल उपायेन द्रव्यं श्रद्धासमन्वितम्।
प्राप्ते प्रदीयते यत् तत् सकलं धर्मलक्षणम्॥
श्रुतिस्मृतिसदाचारः स्वस्य च प्रियमात्मनः।
सम्यक्सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम्॥

राजा रन्तिदेवले राज्य, स्वर्ग, मोक्षको इच्छा नगरी दुःखीको दुःख शान्त पार्नु नै आत्माको प्रिय धर्म माने।

न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्।
कामये दुःखतप्तानां पाणिनामार्तिनाशनम्॥

शास्त्र विरुद्ध नभएको आफ्नो मनले यसो गर्छु भनी निधो गरिएको कर्मलाई धर्म भनिन्छ। जस्तै युधिष्ठिरले आफ्ना भाइहरू र अरू राजाहरूसँग कहिल्यै तितो कुरा बोल्दिनँ, सधैँ बन्धुको आज्ञा मानेर उनीहरूले भनेको कुरा पूर्ण गर्छु भनी निश्चय गरेर त्यसलाई धर्म माने।

न प्रवक्ष्यामि परुषं भ्रातॄनन्याँश्च पार्थिवान्।
स्थितो निदेशे ज्ञातीनां योक्ष्ये तत् समुदाहरन्॥

विष्णुधर्मोत्तर अनुसार धर्मको लक्षण वा धर्म हुने कर्म- यज्ञ, तपस्या, दान, दया, क्षमा, अहिंसा, सत्य, तीर्थसेवा, स्वाध्याय, सत्सङ्ग, देवपूजा, गुरु-मातृ-पितृसेवा, ब्राह्मणसेवा, इन्द्रियनिग्रह, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरिहर पूजन, नारायण ध्यान र आत्म चिन्तन मानिएका छन्।

तस्य द्वाराणि यजनं तपो दानं दया क्षमा।
हिंसा त्यागस्तथा सत्यं तीर्थानुसरणं शुभम्॥
स्वाध्यायसेवा साधूनां सहवासः सुरार्चनम्।
गुरूणां चैव शुश्रूषा ब्राह्मणानां च पूजनम्॥
इन्द्रियाणां जयश्चैव ब्रह्मचर्यममत्सरम्।
गङ्गास्नानं हरिहराभ्यर्चनं स्वात्मचिन्तनम्॥
ध्यानं नारायणस्यैतत् संक्षेपाद् धर्मलक्षणम्।

मनुस्मृति अनुसार धर्मको लक्षण- दुनियाँलाई सुरक्षित राख्ने अर्थात् यो लोक परलोक दुवै सपारि दिने कर्मलाई धर्म भनिन्छ। धर्मद्वारा नै प्रजाको रक्षा हुन्छ।

धारणाद् धर्म इत्याहुर्धर्मो धारयते प्रजाः (मनुस्मृति)।

विज्ञानेश्वरको मतमा धर्म छ थरी छन्– वर्णधर्म- ब्राह्मणले कहिल्यै रक्सी नपिओस्- ब्राह्मणो नित्यं मद्यं वर्जयेत् इत्यादि । आश्रमधर्म- आश्रम अनुसार अग्निहोत्र समिधा फल खोज्नु र भिक्षा माग्नु । अग्नीन्धनभैक्षचर्यादिः । वर्णाश्रम धर्म- पलासको दण्ड ब्राह्मणले मात्र लिनु पालासदण्डो ब्राह्मणस्यैव । गुणधर्म- राज्याभिषेक आदिको गुण भएका राजाले प्रजापालन गर्नु- शास्त्रीयाभिषेकादिगुणयुक्तस्य राज्ञः प्रजापालनादिः । निमित्तधर्म- शास्त्रले गर्नु भनेको कर्म नगर्दा र नगर्नु भनेको कर्म गर्दा गरिने प्रायश्चित्त- विहिताचरणप्रतिषिद्धसेवननिमित्तं प्रायश्चित्तम् । अहिंसा आदि साधारण धर्म हो- साधारणधर्मोऽहिंसादिः ।

यस्तै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, अन्त्यजहरूको साधारण धर्म तथा विशेष धर्म, गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ र संन्यासीहरूको धर्म, आपत्कालिक धर्म इत्यादि अनेक धर्म छन् ।

इ.बी. टाइलरले धर्म आध्यात्मिक शक्ति माथिको विश्वास हो भनेका छन् (Religion is the belief in spiritural beings) भने जेम्स फ्रेजरले धर्म भन्नाले म मानवभन्दा उच्च त्यो शक्तिको सन्तुष्टि वा आराधनालाई बुझ्दछु जसको सम्वन्धमा यो विश्वास गरिन्छ कि त्यसले प्रकृति तथा मानव जीवनलाई मार्ग दर्शन र नियन्त्रण गर्दछ (Religion I understand a protitiation or conciatio of power superior to men which are believed to direct and control the course of nature and of human life) भनेका छन् । इ.ए. होपेल भन्दछन् धर्म अलौकिक शक्तिको विश्वासमा आधारित छ जसमा आत्मावाद वा मानववाद दुवै कुरा सम्मिलित हुन्छ (Religion rests upon belief in supernatural which embraces animism and manaism)

पौरस्त्य र पाश्चात्त्य धर्मग्रन्थ र विद्वान्हरूले गरेका अध्ययनहरूका आधारमा धर्मको परिभाषा गर्दा धर्म भन्नु आत्मा र परमात्माको अस्तित्व, ईश्वरप्रतिको आस्था, पूजा, परम सत्ताप्रतिको विश्वास, अनन्त ब्रह्माण्डका रचयिताप्रतिको आस्था, पवित्र आचरण, नैतिक र सेवाभावी सामाजिक जीवन, मानवताप्रतिको प्रेम र स्नेह जस्ता कुराहरूको समग्र रूपलाई लिन सकिन्छ। मानव सभ्यताको इतिहाससँगै धर्मको उदय भएकोले यसमा युग, आवश्यकता, देश, भाषा, परिस्थिति जस्ता कुराले प्रभाव पारेको छ। धर्मको परिपालना पनि यसरी नै अलग रूपमा भइ आएको पाइन्छ ।

स्वामी विद्यानन्द विदेही[१०]ले भनेका छन्- जहाँ धर्म हुन्छ, त्यहाँ ओज हुन्छ । जहाँ धर्म छ, त्यहाँ तेज हुन्छ । जहाँ धर्म छ, त्यहाँ सहन शक्ति र धैर्य हुन्छ । जहाँ धर्म छ, त्यहाँ बल हुन्छ । जहाँ धर्म छ, त्यहाँ वचनको परिपालना हुन्छ । जहाँ धर्म छ, त्यहाँ जितेन्द्रिय हुन्छ । जहाँ धर्म छ, त्यहाँ लक्ष्मी शोभा र सुन्दरता हुन्छ । धर्मलाई ओज, तेज, धैर्य, बल, वचनबद्धता, जितेन्द्रियता, लक्ष्मी,

---

१० गुप्त (२०००), पृ. १९

शोभा र सुन्दरताको समग्रतामा हेरिनु पर्दछ। महात्मा गान्धीले भनेका छन्- धर्महीन जीवनको अर्को नाम सिद्धान्तहीन जीवन हो र विना सिद्धान्तको जीवन विना बहनाको नाउ हो।

यस धरतीमा धर्म मानव सभ्यतासँगै आएकोले मानव सभ्यताको क्रमसँगै धर्मका स्वरूपहरू बन्दै आएको पुरातत्त्वविद्हरूको भनाइ छ। धर्मको इतिहासका अध्येताहरूले[११] मानव सभ्यताको पूर्व पाषाण कालमा मानिसको चेतनाको स्तर धर्मसम्म आइ पुग्ने खालको थिएन भनेका छन्। कतिपय विद्वान्हरूले उत्तर पुरापाषाण कालदेखि धार्मिक विश्वास अस्तित्वमा रहेको प्रमाणित गरेका छन्। त्यस कालमा विभिन्न अनुष्ठान गरिने गरेको, पूजा गरेर शवलाई राखिने गरेको र विभिन्न वस्तु र आभूषणहरू प्रयोग गर्ने गरेको पाइनाले मानिस धार्मिक विश्वासमा ढलि सकेको मान्न सकिने देखाएका छन्। पुरापाषाण कालमा चाहिँ धार्मिक धारणा र मान्यताको पुरै विकास भएको थियो। नव पाषाण कालसम्म आइ पुग्दा मानिसमा गोत्र र समुदाय छुट्टिएको थियो र दाह संस्कार गर्ने परम्परा सुरु भइ सकेको थियो। यस कालमा देवीको पूजा गर्ने चलन पनि आइ सकेको पाइन्छ भने प्रारम्भिक धातु युगसम्म आइ पुग्दा सूर्यको उपासना र पर लोकको धारणाको विकास भइ सकेको थियो भन्ने ती विद्वान्हरूको निष्कर्ष पाइन्छ।

मानिसले चेतनाको विकाससँगै आफू र जगत्बारे जान्ने प्रयत्न गरेको पाइन्छ। जगत्को सृष्टि कसरी र कहिले भयो तथा मानव यस रूपमा कुन प्रक्रियाबाट गुज्रँदै आयो भन्ने कुराको खोजी मानिसले युगौंदेखि गर्दै आएको छ। विभिन्न धर्मग्रन्थहरू र वैज्ञानिकहरूका अनुसन्धानबाट विभिन्न कुराहरू प्रकाशमा आएका छन्। वैज्ञानिकहरूले सृष्टिको कुरालाई विभिन्न रूपले व्याख्या गरेका छन्। त्यस्तै प्रागैतिहासका अध्येताहरूले आफ्नै पाराले व्याख्या गरेका छन्। ती व्याख्याहरूको निष्कर्ष सङ्क्षेपमा राख्ने प्रयत्न गरिएको छ।

धर्मको उत्पत्ति र समाज

धीरेन्द्रनाथ मजुमदार तथा गोपालशरणका[१२] अनुसार पृथ्वीको आफ्नो पृथक् अस्तित्व लगभग २०० करोड वर्षपूर्व भएको हुनु पर्छ। त्यस यताको अवधिलाई पाँच विभिन्न कल्पमा विभाजन गर्न सकिन्छ। १५० करोड वर्षदेखि ५० करोड वर्षपूर्वको अवधिलाई आदिकल्प मानिन्छ। १०० करोड वर्षदेखि ५० करोड वर्षपूर्वको अवधिलाई प्रादिकल्प मानिन्छ। ५० करोड वर्षदेखि ३० करोड वर्षपूर्वको अवधिलाई पुराकल्प भनिन्छ। २० करोड वर्षदेखि १२ करोड वर्षपूर्वको अवधिलाई मध्यकल्प भनिन्छ। ८ करोड वर्षदेखि वर्तमान अवधिसम्मलाई नूतन कल्प भनिन्छ र मानिसको अभ्युदय यसै युगमा भएको हो।

---

११ टोकारेव, पृ. ५११
१२ मजुमदार (१९६४), पृ. ७

जर्ज बफन[१३]ले धेरै वर्ष पहिले ब्रह्माण्डमा घुम्दै गरेको एउटा विशाल लामपुच्छ्रे तारा सूर्यसँग ठोक्किन जाँदा पृथ्वी लगायत अन्य ग्रह उपग्रहहरू बनेका हुन् भनेका छन्। दार्शनिक कान्टले आकाशमा फैलिएका धुलाका कणहरूबाट बनेका पिण्डहरूको गुरुत्वाकर्षणले गर्दा एक अर्कामा ठक्कर खाने क्रम चलि रहँदा पृथ्वी लगायतका ग्रह उपग्रह बनेका हुन् भनेका छन्।

जिन्स र जेफ्रेका अनुसार प्राचीन कालमा एउटा ठूलो तारा घुम्दै सूर्य नजिक पुग्दा सूर्यले ज्वार उत्पन्न गरायो र त्यो ज्वार ठन्डा भएर टुक्रिन जाँदा सौर्य परिवार बन्यो।

बिग ब्याङ थ्यौरीका[१४] सिद्धान्तकारहरू यो ब्रह्माण्ड महा विस्फोटबाट बनेको मान्दछन्। यस सिद्धान्तले भनेको छ- अर्बौं वर्ष पहिले विश्वको पदार्थ अत्यन्त सघन थियो र दबाबको स्थितिमा आयो। दबाबका कारण ग्याँस मेघमा बढ्यो र महा विस्फोट भयो। ग्याँस मेघ कैयौँ टुक्रामा टुक्रिएर उछिट्टिए। ती टुक्रिएर उछिट्टिएका पदार्थ अहिले पनि उडिरहेका, भागिरहेका छन्। ती पदार्थका टुक्राबाट निहारिका बनेका हुन्। यसरी महा विस्फोटबाट विश्व बनेको हो।

सुस्थिर अवस्थाका सिद्धान्तकारहरूले महा विस्फोट सिद्धान्तलाई केही संशोधन गरेर सृष्टिको वर्णन गरेका छन्। उनीहरूका अनुसार पदार्थको निर्माण सधैं भइरहन्छ। निहारिका एक अर्काका दूरीमा भागि रहेका छन्। ती निहारिकाहरूको घनत्व बदलिएको छैन। पुराना निहारिका टाढा हुन्छन्, नयाँ निहारिका उत्पन्न हुँदै जान्छन्। निर्माणको प्रक्रिया अत्यन्त ढिलो हुन्छ।

चक्राकार[१५] विश्व सिद्धान्तकारहरूका अनुसार विश्व पहिले फैलिएको थियो, पछि खुम्चिँदै जान्छ। यो प्रक्रिया अर्बौं वर्षमा हुन्छ। १२ अर्ब वर्ष पहिले महा विस्फोट भयो अनि विश्वको प्रसार भयो। २९ अर्ब वर्षपछि सो प्रसार रोकिने छ र विश्व खुम्चिने छ। फेरि ४१ अर्ब वर्षपछि फैलिएर आउने छ र आपसमा ठोक्किएर महा विस्फोट हुनेछ र नयाँ विश्व निर्माण हुनेछ। विश्व बन्छ, नष्ट हुन्छ, बन्छ फेरि नष्ट हुन्छ।

विशप उशरले पृथ्वीको सृष्टि इ.पू. ४००४ जनवरी पहिलो साता भएको मानेका छन्। प्रो. एस.क्यु. कोम्बले सृष्टिको आयु एक करोड वर्ष पुगेको बताएका छन्। प्रो. हिलनार पृथ्वीको सृष्टि भएको २ करोड वर्ष मान्दछन्।

मिश्रवासीहरूका अनुसार पृथ्वी र अन्तरिक्ष पानीमा आलिङ्गन गरेर सुतेका थिए। सृष्टि हुने वेलामा पानीमा 'शू' नामक देवताको उत्पत्ति भयो। ती देवताले हातले अन्तरिक्षलाई माथि पारे आकाश भयो तल पृथ्वी रह्यो।

---

१३ पाण्डेय (२०६९), पृ. २२७
१४ प्रपन्नाचार्य (२०६७), पृ. ५-११
१५ ऐ. पृ. ७-११

इजरायलीहरूले उत्खननको आधारमा मानिस र कुकुरको आयु १२००० वर्ष पुरानो भएको प्रमाणित गरेका छन् ।

सर विलियम राकशनले पृथ्वीको आयु दश करोड वर्ष मानेका छन् भने डा. विलियम र डा. एड्वर्डले पनि पृथ्वीको आयु दश करोड वर्ष ठम्याएका छन् । पृथ्वीमा पाइने विभिन्न धातु परीक्षकहरूले पृथ्वीको आयु तीस करोड वर्षसम्म मानेका छन् । प्रो. निशचाफले पृथ्वी ३५ करोड वर्ष पुरानो ठानेका छन् र डा. रेडले ५० करोड वर्ष पुरानो भनेका छन् । प्रो. काल पृथ्वी ७ करोड वर्ष पुरानो ठान्दछन् । चीनका वैज्ञानिकहरू पृथ्वी ९,६०,०२४२३ वर्ष पुरानो मान्दछन् । इरानीहरू १२००० वर्षपूर्व पृथ्वीको सृष्टि भएको ठान्दछन् । यसरी नै चैन्डियन्स सभ्यताका अनुसार पृथ्वी २८ लाख वर्ष पुरानो हो ।

वैज्ञानिकहरू ब्रह्माण्डको उत्पत्तिका विषयमा निरन्तर खोजीमा छन् । पाँच तत्त्व- आकाश, वायु, अग्नि, जल र पृथ्वीबाट अघि बढेर पदार्थको तत्त्वहरूमा फरक सङ्ख्यामा रहेको जम्मा १०८ वटा तत्त्वहरू रहेको उनीहरूले पत्ता लगाए । प्रत्येक तत्त्वमा परमाणु मूल तत्त्व हुन्छ र क्रमशः अन्य तत्त्वहरू परमाणु सङ्ख्याका आधारमा निर्मित हुन्छन् । परमाणुभन्दा सानो पदार्थ कुनै अंश हुँदैन भनियो । वैज्ञानिकहरूले परमाणु पनि टुक्र्याए । प्रोटोन, न्युटन, इलेक्ट्रोन पत्ता लाग्यो । अझै अगाडि जाँदा प्रोटोन, इलेक्ट्रोन भित्र क्वार्क र लेकोप कणहरू हुन्छन् भन्ने पत्ता लाग्यो । त्यसपछि परमाणुलाई बाँध्ने र खियाएर बुढो पार्ने दुई शक्ति पनि पत्ता लाग्यो । त्यसपछि हिग्सको कुरा प्रकाशमा आयो र यसैलाई गड पार्टिकल (God Particle) नाम दिइयो । वर्षौंको परीक्षणपछि गड पार्टिकल पत्ता लगाइएको हो । गड पार्टिकलबाट गडसम्म पुग्ने वैज्ञानिकहरूको प्रयास जारीं छ ।

हिन्दू धर्मग्रन्थहरूले सत्य, त्रेता, द्वापर र कलियुग भनी युगलाई चार भागमा बाँडेका छन् । सत्ययुगको आयु १७,२८,००० वर्ष, त्रेतायुगको १२,९६,००० वर्ष, द्वापरयुगको ८,६४,००० वर्ष र कलियुगको ४,३२,००० वर्ष मानिएको छ । यसरी जम्मा ४३,२०,००० वर्ष पुग्दा ब्रह्माजीको एक दिन हुन्छ । ब्रह्माजीको आयु अहिले ५१ वर्ष लाग्दै छ । ब्रह्माका आयुका आधारमा पृथ्वीको आयु ७,८८,४०,००००० वर्ष पुगि सकेको मान्नु पर्दछ । ज्योतिष शास्त्रका अनुसार सृष्टि भएको वि.सं. २०७० मा १,९५,५८,८५,११४ वर्ष पुगेको छ । युग, मन्वन्तर आदिका हिसाबमा सृष्टि संवत् अथवा ब्रह्म संवत्सर १५,५५,२१,९७,२९,४९,९८२ वर्षभन्दा बढी भएको कथन पाइन्छ ।

पृथ्वीको सृष्टि कसरी भयो भन्ने सम्बन्धमा विभिन्न धर्मग्रन्थ र परम्परामा उल्लेख भएको छ । ती धर्मग्रन्थहरूले पृथ्वीको सृष्टिका सम्बन्धमा आ-आफ्ना अध्ययन, चिन्तन-मनन र अनुसन्धानका आधारमा विभिन्न कुरा अघि ल्याएका छन् । नेपालको पुरानो जातिमध्ये एउटा किरात जातिका विद्वान्

इमानसिंह चेम्जोङले[१६] किरातको वेद भनिएको मुन्धुममा लेखेका छन्- त्यस युगमा देवराज आकाश पृथ्वी, हावा, नदी, चन्द्र, सूर्य, पानी, ढुङ्गा, पहाडका टाकुरा, बनका रुख, मासुको ज्यु, पक्षी, माछाको बच्चा, चराका बच्चा, घाम, मान्छे आदि केही पनि थिएनन्। उँधो भ्वाङ, उँभो भ्वाङ तथा ठूलो फाँट शून्य र अँध्यारो थियो। ती भ्वाङहरूबाट मूल भुमरी हावा निस्केर आठ फन्को घुम्दै मुस्लो खडा भयो। जन्मिएर आठ फन्को घुम्दै उठ्दा सबभन्दा मसिनो बालुवा निस्क्यो। परको पवित्र मुना मैदानमा सृष्टिका बाबुआमा जन्मिए। त्यो भुमरी हावा बाबुआमा भई जन्मिएको बच्चाले सानु बालकले झैँ सास फेर्‍यो। उसले बाबुआमा मूल भुमरीसँग झगडा गर्न थाल्यो। सृष्टि सम्बन्धमा मुन्धुममा अर्को प्रसङ्ग पनि पाइन्छ। हिन्दू धर्मग्रन्थसँग मिल्दोजुल्दो विवरण भने यस्तो छ- विश्वको सृष्टि हुनुभन्दा पहिले आकाश, पाताल, पृथ्वी अथवा केही पनि उत्पन्न भएको थिएन। सारा विश्व सुनसान र अँध्यारो थियो। त्यसै सुनसान र अँध्यारोका बिचमा इत्तासिङ अर्थात् हावा, पानी, आगो, पृथ्वी र आकाश सिर्जना गर्ने विचार प्रकट भयो। इत्तासिङ अर्थात् स्वयम् विचार स्वयम्भू ज्ञानको खानि हो। उनैले आफ्नो ज्ञानको प्रभावले नामुक्साम् अर्थात् पञ्चतत्त्वको भरमा आगो, पानी, हावा, पृथ्वी, आकाश सिर्जना गरी विश्वको रचना गरे।

नेपालका पुराना जातिमध्ये थारू जातिको अध्ययन गर्ने विद्वान् अशोक थारूले थारू लोक काव्यका आधारमा सृष्टि रचना सम्बन्धमा लेखेका छन्- हरेक कल्पको अन्त्यपछि प्रलय हुन्छ। सर्वत्र दग्ध कोइला र तातो खरानी निस्कन्छ, जसको तापले गर्दा वृक्ष, वनस्पति, भूमि पशुपक्षी आदि जलेर खरानी हुन्छन्। चारैतिर उजाड देखिन्छ। पृथ्वी जलमग्न हुन्छ किनभने कलियुगको प्रारम्भ भइ सकेको हुन्छ।

नेपालका पुराना जातिहरूमध्ये अर्को एउटा जाति तामाङको धर्मग्रन्थ तम्बा कइतेनमा[१७] सन्तवीर लामाले सृष्टि सम्बन्धी धारणा यसरी लेखेका छन्- निराकार आकाश र पृथ्वी केही नदेखिने युगमा हावाको वज्र साकार रूप भयो। त्यो वज्र ब्रह्माण्डभरिको थियो। ब्रह्माण्डमाथि आगो, आगोमाथि पानीको तलाउ बन्यो। तलाउमा सेतो फिँज जम्दै माटो बन्यो। त्यसपछि सुमेरु पर्वत खडा भयो। तिनै पर्वतदेखि पूर्व-पश्चिम, उत्तर-दक्षिण दिशा र चार कोठा भएका दिशाहरू छुट्टिए। चारै दिशामा मनुष्यको जन्म हुन थाल्यो। त्यस्तै अर्को धारणा पनि पाइन्छ जसमा ब्रह्मा, देवी, वानर आदिको प्रसङ्ग जोडेर ब्रह्माले सृष्टि गरेका थिए र मान्छेको जन्म बाँदरबाट भएको हो भन्ने जनाएको पाइन्छ।

बौद्ध धर्म ग्रन्थ र बौद्ध साहित्यका अध्येताहरूले बुद्धले सृष्टि कुनै अलौकिक शक्तिबाट भएको नभएर स्वयम् आफैँ भएको हो भन्ने मान्यता राख्दछन् भन्दै बुद्धको कथन देखाउँछन्। ईश्वर सृष्टिकर्ता हुन् भनेर मान्नु ठिक

---

१६ चेम्जोङ, पृ. १४

१७ लामा (२०४२), पृ. ४११

हुँदैन। यदि सृष्टि आदि हो भने उसलाई कुनै कर्ताको आवश्यकता नै पर्दैन किनकि कर्ता हुनका लागि कार्यको पहिले नै उपस्थिति हुनु पर्दछ। बुद्धका अनुसार अस्तित्वको एउटा रूप लोप भएर जान्छ र त्यसको ठाउँमा नयाँ रूप अस्तित्वमा आउँछ। यो वस्तु र घटना उत्पन्न हुने अविच्छिन्न प्रवाह हो। यही प्रवाह अनुरूप उत्पत्ति र विनाशको प्रक्रिया चलिरहन्छ। एउटा समयमा लोकको प्रलय हुन थाल्दछ। प्रलयपछि पुण्यात्माहरू आभास्वर लोकमा गएर लामो समय वास गर्दछन्। फेरि लोकको उत्पत्ति हुन थाल्दछ। प्राणीहरू आभास्वर लोकबाट यस लोकमा आउँछन्। त्यस बखत सर्वत्र जलैजल हुन्छ, अन्धकारै अन्धकार फैलिएको हुन्छ। चन्द्र, सूर्य, नक्षत्र केही देखिँदैनन्। रातदिन, स्त्रीपुरुष केही खुलेको हुँदैन। धेरै समयपछि दुधमा तर लागे जस्तो पानीमा पाप्रो लाग्दछ र त्यसलाई प्राणीहरूले मन पराउँछन् र सूर्यचन्द्र आदि सबै अस्तित्वमा आउँछन्।

जैन साहित्यका अध्येताहरूले भनेका छन्- यो लोक नित्य छ, यसको प्रलय कहिल्यै हुँदैन। यो आफैँ बनेको हो र अनन्त आकाशको मध्य भागमा अवस्थित छ। यदि यस लोकको सृष्टिकर्ता कोही छ भनेर मान्ने हो भने ऊ सृष्टि हुनुभन्दा पहिल्यै हुनु पर्‍यो, त्यस वेला ऊ सृष्टिबाहिर कहाँ बस्दथ्यो र उसले कुन ठाउँमा बसेर लोकको रचना गर्‍यो ? ऊ आधार रहित र नित्य भए यस सृष्टिलाई कसरी बनायो र कहाँ राख्यो ? ईश्वर शरीर रहित अमूर्तिमान् छ भने ऊबाट मूर्तिमान् वस्तुहरूको रचना कसरी हुन्छ ? ईश्वरले कुनै सामग्री विना संसार कसरी बनाउँछ ? लोक स्वयंसिद्ध हो, यसलाई कसैले पनि बनाएको होइन। इसाईहरूको धर्मग्रन्थ बाइबलमा प्रथम अध्यायमै सृष्टिको वर्णन गरिएको छ। बाइबलको[१८] उत्पत्ति (Genesis) मा भनिएको छ- आदिमा ईश्वरले आकाश र पृथ्वीको सृष्टि गर्नु भयो। पृथ्वी आकार विनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, परमेश्वरको आत्मा पानीमाथि घुमि रहन्थ्यो। परमेश्वरले उज्यालो होस् भने उज्यालो भयो। उज्यालोलाई दिन र अँध्यारोलाई रात भने। पहिलो दिन ईश्वरले यति गरे। दोस्रो दिन परमेश्वरले पानीका माथि अन्तर खडा गरी पानी दुई भाग गराए। त्यस अन्तरलाई आकाश नाम दिए। तेस्रो दिन आकाशमुनि पानी भएको ठाउँ एक ठाउँमा जम्मा होस् भने र ओभानो भूमि देखा पर्‍यो। परमेश्वरले ओभानो भूमिलाई पृथ्वी र पानी भएको स्थानलाई समुद्र भने। परमेश्वरको इच्छाले भूमिमा वनस्पति, बिउ, बोट र फलवृक्ष उम्रिए। चौथो दिन परमेश्वरले आकाशमा दिन र रात छुट्ट्याउन ज्योति हुन् भने। सूर्य र चन्द्र बनून् भने ती बने, ताराहरू पनि बने। पाँचौं दिन परमेश्वरले पानीका जीवजन्तु र आकाशका पक्षीहरूको सृष्टि गरे। छैटौं दिन परमेश्वरले पृथ्वीमा जातजातका प्राणीहरू, वनपशुहरू, पाल्तुपशुहरू, जमिनमा घस्रने पशुहरू बनाए। फेरि परमेश्वरले मानिसलाई आफ्नै रूपमा बनाए र समुद्र, आकाश, जमिनका जन्तुहरू माथि अधिकार दिए। स्त्री पुरुष सृष्टि गरी पृथ्वीमा भरिँदै

---

१८ बाइबल (१९९१), पृ. १४

जानु भने । आहाराका निमित्त बिउबोट फलवृक्षहरू, वनस्पति दिए । परमेश्वरले सातौँ दिनलाई आशिष दिई पवित्र बनाई विश्राम लिए ।

इस्लामहरूको[१९] धर्मग्रन्थ कुर्आनमा सृष्टि विषयको वर्णन पाइन्छ। अल्लाहले 'कुन्न' हो भनेपछि यो सृष्टि भएको हो भन्ने कथन कुर्आनमा पाइन्छ भने सृष्टि सम्बन्धमा कुर्आनका अन्य विभिन्न स्थानमा पनि उल्लेख रहेको पाइन्छ। जस्तै अल्लाहले नै सृष्टि आरम्भ गर्दछन् र त्यसपछि पुनः सृष्टि गर्दछन्। अल्लाह सम्पूर्ण चिजहरूका सृष्टिकर्ता हुन्। उनी हरेक वस्तुका संरक्षक हुन्। उनले आकाश र धर्तीलाई ६ दिनमा सृष्टि गरे। उनको सिंहासन पानीमा थियो। उनले आकाश, पृथ्वी र दुवैका विचमा रहेका सम्पूर्ण चिजहरू ६ दिनमा सृष्टि गरेर सिंहासनमा विराजमान भए। अल्लाहले हरेक जन्तु पानीबाट सृष्टि गरेका हुन्। आकाश र पृथ्वी टाँसिएका थिए, अल्लाहले दुवैलाई अलग गरि दिए। मानिसलाई अल्लाहले सुकेको डल्ला माटोबाट र जिन्न (देव) हरूलाई आगोबाट सृष्टि गरे। अल्लाहले मानिसलाई पहिले माटोबाट र पछि वीर्यबाट सृष्टि गरे। अल्लाहले वीर्यलाई ढिक्को रगत बनाए। त्यसलाई मासुको डल्ला बनाए, फेरि त्यस डल्लालाई हड्डी वनाए, हड्डीमा मासु चढाए र नयाँ ढाँचामा मानिसको सृष्टि गरे।

विभिन्न हिन्दू धर्मशास्त्रहरूमा सृष्टि रचनाका विषयमा विभिन्न प्रकारले उल्लेख गरेको पाइन्छ। अग्निपुराणमा विष्णुलाई जगत्को कारण मानिएको छ। विष्णुपुराणमा पनि विष्णुलाई जगत्को सृष्टि स्थिति र लयकर्ता हुन् भनिएको छ। ब्रह्मवैवर्तपुराणमा पनि विष्णुलाई नै जगत्को कारण मानिएको छ। मत्स्य, वराह आदि पुराणहरूमा पनि विष्णुलाई जगत्को कारण, सृष्टि, पालन र संहारकर्ता मानिएको छ। कूर्मपुराणमा शून्य र अन्धकारमय एक मात्र अर्णव थियो, जुन वायुरहित शान्त थियो, कुनै अस्तित्व बोध थिएन। त्यसमा स्थावर जङ्गम नष्ट भएकोले सहस्र नेत्र र सहस्र पाद भएका ब्रह्म उत्पन्न भए भनिएको पाइन्छ। शिवपुराणमा शिवलाई जगत्को कारण मानिएको छ र ब्रह्माले शिवको सृष्टिकार्य गरेको उल्लेख पाइन्छ। हरिवंशपुराणमा प्रकृतिलाई प्रधान मानी सर्वशक्तिमान् पुरुषले त्यसैबाट सृष्टिको रचना गरेका हुन् भनिएको छ। भागवतपुराणमा अक्षर सृष्टिका आदि मानी उनैवाट ब्रह्माले सृष्टि गरेको मानिएको छ भने भागवतमै माया र ब्रह्मको सम्पर्कबाट जगत्को सृष्टि भएको हो भनिएको पाइन्छ। भागवतमा आत्मा र प्रकृतिको संयोगबाट सृष्टि भएको हो भन्ने वर्णन पनि पाइन्छ भने देवी भागवतमा प्रकृति र पुरुष अनादि कालदेखि अस्तित्वमा रहेको र अहङ्कारबाट विश्व उत्पन्न भएको प्रसङ्ग पाइन्छ।

ऋग्वेदमा सृष्टि रचनाका सम्बन्धमा उल्लेख गरेको पाइन्छ। नासदीयसूक्त, हिरण्यगर्भसूक्त ऋतसूक्त जस्ता सूक्तहरूमा सृष्टि रचनाका विषयमा विशेष रूपमा वर्णन गरिएको छ। नासदीय सूक्त जसलाई सृष्टि सूक्त

१९ कुर्आन (२००८), पृ.

अथवा सृष्टि उत्पत्ति सूक्त पनि भनिन्छ, यसमा सृष्टिको उत्पत्तिको सम्बन्धमा अत्यन्त सूक्ष्मताका साथ विचार गरिएको मानिन्छ। नासदीय सूक्तमा भनिएको छ- प्रलय कालमा न सत् थियो न असत् थियो। त्यस समयमा न लोक थियो र आकाश भन्दा टाढा जे जति छ त्यो पनि थिएन। त्यस समयमा सबैको आवरण के थियो ? कहाँ कसको आश्रय थियो ? अगाध र गम्भीर जल के थियो ? अर्थात् यी सबै कुरा अनिश्चित थिए। त्यस समयमा न मृत्यु थियो न अमृत थियो। सूर्य र चन्द्रका अभावमा रात र दिन पनि थिएनन्। वायुबाट रहित त्यस दशामा एक्लो ब्रह्म नै आफ्नो शक्तिका साथ अनुप्राणित भइरहेका थिए। ती भन्दा पर या भिन्न कुनै अरू वस्तु थिएन। सृष्टिभन्दा पूर्व प्रलय कालमा अन्धकार व्याप्त थियो, सबै कुरा अन्धकारले आच्छादित थियो। अज्ञात अवस्थामा सबै जलैजल थियो र जो थियो त्यो चारैतिर हुने सत् असत् भावबाट आच्छादित थियो। सबै अविद्याले आच्छादित तमसँग एकाकार थियो र त्यो ब्रह्म तपको प्रभावले भयो। सृष्टिभन्दा पहिला ईश्वरका मनमा सृष्टि रचनाको सङ्कल्प भयो, इच्छा उत्पन्न भयो किनभने पुराना कर्मका राशिहरूको सञ्चय जो बिज रूपमा थियो, सृष्टिको उपादान कारण रूप बन्यो। यो बीजरूपी सत्य ब्रह्मरूपी असत्‌बाट पैदा भयो। सूर्यका किरणहरूका समान सृष्टि बीज धारण गर्ने पुरुष (भोक्ता) भए र भोग्य वस्तु उत्पन्न भए। यी भोक्ता र भोग्यका किरणहरू तल माथि सीधा बाङ्गो सबैतिर फैलिए। तिनीहरूमा चारैतिर भोग्य शक्ति निकृष्ट थियो र भोक्ताशक्ति उत्कृष्ट थियो। यो सृष्टि कुन विधिले र कुन उपादानले प्रकट भयो ? यो कसले जान्दछ ? कसले बताउँछ ? कसको दृष्टि त्यहाँसम्म पुग्दछ ? किनभने सबै यो सृष्टिपछि नै उत्पन्न भएको हो ? यो कुरा को जान्दछ ? यो सृष्टिको अतिशय विचार जसबाट पैदा भएको हो जसले यसलाई धारण गरेको छ राखेको छ अथवा विना कुनै आधारकै छ। हे विद्वान् ! यी सबै कुरा त्यही जान्दछ जो परम आकाशमा रहने यो सृष्टिको नियन्ता हो या सायद परमाकाशमा स्थित ऊ पनि जान्दैन कि ?

हिरण्यगर्भसूक्तमा[२०] भनिएको छ- यो हिरण्य गर्भ नै सृष्टिको मूल हो त्यो सृष्टिभन्दा पहिले विद्यमान थियो। अगाडि भनिएको छ- सूर्य समान तेज जसका भित्र छ, ती परमात्मा सृष्टिको उत्पत्तिभन्दा पहिले वर्तमान थिए र तिनै परमात्मा जगत्‌का एक मात्र स्वामी हुन्। तिनै परमात्मा जो यस भूमि र अलोकका धारणकर्ता हुन् तिनै ईश्वरका लागि हामी हविको समर्पण गर्दछौँ। जुन परमात्माका महान् सामर्थ्यले यी हिउँले ढाकिएका पर्वत बनेका छन् जसका शक्तिले यी विशाल समुद्र निर्मित भएका छन् र जसका सामर्थ्यले बाहुहरूका समान यी दिशा उपदिशाहरू फैलिएका छन् ती सुख स्वरूप प्रजाका पालनकर्ता दिव्य गुणहरूले सबल परमात्माका लागि हामी हवि अर्पण गर्दछौँ। जो परमात्मा आफ्ना महान् सामर्थ्यले जगत्‌का समस्त प्राणीहरू एवम् चराचर जगत्‌का एक

२० व्यास (१९४६), पृ.

मात्र स्वामी हुन् तथा जो यी दुई गोडा भएका मनुष्य, पक्षी र चार खुट्टा भएका जनावरहरूका पनि स्वामी हुन् ती आनन्द स्वरूप परमात्माका लागि हामी भक्तिपूर्वक हवि अर्पण गर्दछौँ । जुन परमात्मा आत्मशक्ति र शारीरिक बलका प्रदाता हुन् जसको उत्तम शिक्षाहरूको देवगण पालन गर्दछन् जसका आश्रयले मोक्ष प्राप्त हुन्छ तथा जसको भक्ति र आश्रय नलिनु मृत्यु समान हुन्छ ती देवलाई हामी हवि अर्पण गर्दछौँ । जसले द्युलोकलाई तेजस्वी र पृथ्वीलाई कठोर बनाए, जसले प्रकाशलाई स्थिर गरे, जसले सुख र आनन्द प्रदान गरे जो अन्तरिक्षमा लोकहरूको निर्माण गर्दछन् ती आनन्द स्वरूप परमात्माका लागि हामी हवि अर्पण गर्दछौँ । उनका स्थानमा अन्य कसैको पूजा गर्न योग्य हुँदैन । बलले स्थिर रहेर पनि वास्तवमा चलायमान गतिमान् कम्पनवान् अथवा तेजस्वी द्युलोक र पृथ्वीलोकले मनशक्तिले जसलाई हेर्दछन् र जसमा उदय हुँदै गरेको सूर्य विशेष रूपले प्रकाशित हुन्छ, ती आनन्दमय परमात्माका लागि हामी हवि अर्पित गर्दछौँ । निश्चय नै गर्भ धारण गरेर अग्नि प्रकट गर्दै अपार जलसमूह जब संसारमा प्रकट भयो, त्यस वेला त्यस गर्भबाट देवताहरूको एउटा प्राणरूप आत्मा प्रकट भयो । त्यस ज़लबाट उत्पन्न देवका निमित्त हामी हवि समर्पित गर्दछौँ । जुन परमात्माले सृष्टि जलको सृजन गरे र जसका द्वारा नै जलमा सर्जन शक्ति पैदा भयो तथा सृष्टिरूपी यज्ञ उत्पन्न भयो अर्थात् यो यज्ञमय सृष्टि उत्पन्न भयो ती एक मात्र सर्व नियन्तालाई हामी हविद्वारा आफ्नो अर्चना अर्पित गर्दछौँ । यो पृथ्वी र आकाश उत्पन्न गर्ने परमेश्वरले हामीलाई दु:ख नदिउन् । जुन परमात्माले आह्लादकारी जल उत्पन्न गरे, तिनै देवलाई हामी हविद्वारा आफ्नो पूजा समर्पित गर्दछौँ । हे पूजाका पालनकर्ता । तपाईं सबै प्राणीहरूमा व्याप्त हुनु हुन्छ अर्को कोही यिनीहरूमा व्याप्त छैन । अन्य कसैसँग आफ्ना कामनाका लागि प्रार्थना गर्न उपयुक्त हुँदैन । जुन कामनाले हामी आहुति प्रदान गरि रहेका छौँ, त्यो पूरा होस् र हामी (दान-निमित्त) प्राप्त धनको स्वामी बन्न सकौँ ।

ऋत-सूक्तमा भनिएको छ- परमात्माको उग्र तपस्याले सर्व प्रथम ऋत र सत्य उत्पन्न भए । त्यसपछि प्रलयरूपी रात्रि र जलले परिपूर्ण महासमुद्र उत्पन्न भए । जलले पूर्ण समुद्र उत्पन्न भएपछि परम पिताले संवत्सरको निर्माण गरे अनि फेरि निमेषोन्मेष मात्रमा जगत् वशमा गर्ने परम पिताले दिन र रात बनाए । त्यसपछि सबैलाई धारण गर्ने परमात्माले सूर्य, चन्द्रमा, द्युलोक, पृथ्वीलोक, अन्तरिक्ष र सुखमय स्वर्ग तथा भूतत्त्व एवम् आकाशको पहिले जस्तै सृजना गरे ।

त्यस्तै पुरुषसूक्तमा भनिएको छ- ती पुरुष हजार शिर, हजार नेत्र र हजार पाउ भएका छन् । सबैतिरबाट भूमिमा भरिएका छन् र यो दश लोक भएको सृष्टिभन्दा पर विद्यमान छन् । (त्रैलोक्यलाई पृथ्वीपरका सात पातालसँग जोडेर दश लोक भनिएको छ) जे भएको छ र जे हुने वाला छ त्यो सब तिनै पुरुष हुन् । ती देवत्वका स्वामी हुन् र आफ्नो कारण अवस्था छोडेर कार्य

जगत्मा प्रायः हुन्छन् ता कि जीवहरूलाई कर्मभोगको फल दिन सकियोस्। तीन पाद अंश भएका ती पुरुष माथि उदय भएर प्रकाशमान् छन्। ती पुरुषको केवल एउटा भाग मात्र जगत्का रूपमा पटक पटक उत्पन्न हुन्छ र त्यस जगत्का जड चेतनलाई विशेष रूपले आफूद्वारा व्याप्त गर्दछ। यो सृष्टि यज्ञका सात परिधिहरू शून्य छन्, एक्काइस तत्त्वहरू यसका समिधा हुन्। यो सृष्टि यज्ञलाई बढाउँदै ज्ञानीहरू ती पुरुषलाई हृदयमा स्थिर गर्दछन्।

यजुर्वेदमा भनिएको छ- यी सूर्य, चन्द्र, अन्तरिक्ष, दिन, पृथ्वी आदिलाई त्यसरी नै बनाइयो जसरी यो सृष्टिपूर्वका अन्य सृष्टिहरूमा बनाइएको थियो। पृथ्वी उत्पन्न भएपछि त्यहाँ उड्ने पक्षी एवम् वन र गाउँमा रहने पशु उत्पन्न भए र पशुपक्षी पछि मनुष्य उत्पन्न भए। अदिति माया नै द्यौदिव्य लोक हो, माया नै अन्तरिक्ष आकाश हो, माया नै माता हो, माया नै पिता हो, माया नै पुत्र हो, माया नै विश्वको देवता हो। माया नै ब्राह्मण, क्षत्री, वैश्य, शूद्र र अनार्य हो। माया नै पैदा गर्ने वाला र पैदा हुने वाला हो।

अथर्ववेदमा[२१] लेखिएको छ- जसले सात उत्तम गति वाला लोकहरू र सात दूर गति वाला लोकहरूलाई जान्दछ तथा सृष्टि यज्ञका प्रधानलाई जान्दछ, त्यसले कामना योग्य परमेश्वरलाई ग्रहण गर्दछ। गीतामा कृष्णले भनेका छन्- हे अर्जुन, मेरो महत् रूप प्रकृति सम्पूर्ण प्राणीहरूको योनि हो, गर्भाधानको स्थान हो, त्यस गर्भमा चेतन रूप बीज म राख्दछु र त्यसबाट समस्त सृष्टि उत्पन्न हुन थाल्दछन्।

महामति प्राणनाथले भनेका छन्- जब मोह, अहङ्कार शून्य, निराकार, निर्गुण, निरञ्जन, ईश्वर मूल प्रकृति केही थिएन त्यस वेला अक्षरातीत पूर्ण ब्रह्मका सत्स्वरूप अक्षरब्रह्म जसले बाललीलाद्वारा कैयौं कोटि ब्रह्माण्ड आँखा झिमिक्क पार्दाको चतुर्थांश समयमा निर्माण र संहार गर्दछन् र जसको इच्छा मूल प्रकृति हो उनलाई अक्षरातीत ब्रह्मको प्रेमलीला हेर्ने र अक्षरातीतका प्रियाङ्गनालाई अक्षरको बनाउने मेटाउने बाललीला हेर्ने इच्छा उत्पन्न भएकोले यो सृष्टि लीलाको भएको हो। अक्षरबाट मोह उत्पन्न भयो, मायाको विस्तार भयो। अक्षरका मनबाट पाँच तत्त्व, चौध लोकहरू निर्माण भए। महाविष्णु अक्षरका मन हुन्। त्यही मनबाट तीन गुण, स्थिर चर सबै उत्पन्न भएका हुन्।

यसै प्रसङ्गलाई अझ विस्तार रूपमा गुरुजी मङ्गलदासले आत्मसोपान[२२] मा लेखेका छन्। सृष्टिका विषयमा दिइएको विवरणको सार यस्तो छ- पूर्णब्रह्म सच्चिदानन्द अक्षरातीत सत् चित् र आनन्दले पूर्ण छन्। उनको सत् स्वरूप अक्षरब्रह्म हुन्। अक्षरब्रह्मको स्थूल रूप केवल ब्रह्म र सबलिक ब्रह्म हुन्। सबलिक ब्रह्मका चार स्थानहरूमा महारास, गोलोक, चिदानन्द लहरी र अव्याकृत ब्रह्म हुन्। अव्याकृत ब्रह्मका चार स्थानमा पुरुषलीला (

---

२१ व्यास (२०१०), पृ. ५९२
२२ मङ्गलदास (२०१०), पृ. ७-२९

गोलोक र रासलीला), अखण्ड सात शून्य, सात स्वर, निर्मल निरञ्जन शक्ति र प्रणव ब्रह्म हुन्। प्रणव ब्रह्मसम्म सच्चिदानन्दको अंशांश पाइन्छ र त्यसपछि निराकार छ, जसलाई मोह, अज्ञान, भ्रम, कर्म, काल, शून्य, निद्रा, निर्गुण निरञ्जन पनि भनिन्छ।

अव्याकृत अक्षरको प्रतिविम्ब मोहरूपी समुद्रमा पऱ्यो। त्यो प्रतिविम्ब निर्जीव अण्डाकार (हिरण्यगर्भ) भएर हजार वर्ष मोहरूपी समुद्रमा रह्यो। काल, कर्म र स्वभावले त्यस अण्डामा अव्याकृतको मन प्रवेश भएर त्यो अन्डा फुटेर बाहिर निस्कयो। नर (अव्याकृत) बाट उत्पन्न नार (मोहरूपी जल) मा अयन (घर) बनाएकोले नारायण नाम भयो। बाहिर निस्कँदा आफूलाई एक्लै देखेर एकोऽहं बहु स्याम एक्लो छु धेरै बनूँ भन्ने इच्छा गऱ्यो। ती नारायणलाई महाविष्णु आदिनारायण पनि भनिन्छ। आदिनारायणबाट सात पाताल, शेषनारायण, सात स्वर्ग, अष्टावरण आदि विस्तारित भए। अष्टावरणभन्दा पर गायत्री छन्। त्यसभन्दा पर ज्योति स्वरूप ॐकार छन्। त्यसभन्दा पर इच्छाशक्ति, सत्पुरुष, प्रतिविम्ब गोलोक, प्रतिविम्व रास छन् र त्यसभन्दा पर निराकार छ। आदिनारायणदेखि शेषनारायणसम्म क्षर ब्रह्माण्ड हो। क्षरदेखि पर निराकार छ। निराकारदेखि पर वेहदभूमि अक्षर छन्। अक्षरदेखि पर अक्षरातीत पूर्णब्रह्म परमात्मा सदा नित्य र अखण्ड छन्।

यसरी धर्मशास्त्रहरू र विज्ञानले सृष्टिका विषयमा आ-आफ्ना धारणाहरू दिएका छन्। वैज्ञानिकहरू निरन्तर अनुसन्धानमा छन् भने विद्वान्हरू शास्त्रहरू अध्ययन गरि रहेका छन्। भौतिक वैज्ञानिकहरूले धर्म भयबाट उत्पन्न भएको भन्ने विश्लेषण गरे। आफ्नो काबुभन्दा बाहिरको परिस्थिति आएपछि आफूभन्दा शक्तिमान् आफूलाई उद्धार गर्न सक्ने संरक्षकको अनुकम्पाका निमित्त मानिसले पूजा र बलिसमेत दिन सुरु गरेको हो। यसरी धर्म (Religion of fear) मान्न सुरु भयो भन्ने उनीहरूको विश्लेषण छ। पछि सत्यको खोजी गर्दै जाँदा वैज्ञानिकहरूले यज्ञ, जप, तप, सदाचार, कर्म उपासना भक्ति जस्ता कुराहरूको अध्ययनपछि धर्मलाई Religion of Morality अथवा Moral Religion को रूपमा विश्लेषण गरेका छन्। अझ गहन अध्ययनबाट विज्ञानवेत्ताहरूले के पत्ता लगाए भने कुनै कुनै ताराले फ्याँकेको प्रकाश पृथ्वीमा आइ पुग्नै बाँकी छ -ब्रह्माण्ड अनन्त छ। यसलाई उनीहरूले Cosmic Religions (Feeling) अनन्त ब्रह्माण्डको अनुभूति भन्दछन्। ब्रह्माण्ड Black Hole बाट उत्पन्न हुन्छ र त्यसैमा विलीन हुन्छ भन्ने कुरासम्म विज्ञान आइ पुगेको छ।[२३]

मानिसले आफ्नै उत्पत्तिका बारेमा पनि अनुसन्धान र अध्ययन गरि आएको छ। लेमार्क, डार्बिन, हुगो डे भ्रोज जस्ता विद्वान्/वैज्ञानिकहरूले मानिसको उत्पत्तिको अध्ययनको क्रममा अर्ध मस्तिष्क मानव र पूर्ण मस्तिष्क मानव गरी दुई भागमा विभाजन गरेका छन्। रमापिथिसबाट मानिसको विकास

---

२३ छत्र अधिकारी, कार्यपत्र

हुँदै आएको मान्ने ती वैज्ञानिकहरूले अर्ध मस्तिष्क मानव १,७५,००० वर्षपहिले उत्पन्न भएको मानेका छन् र तिनीहरूलाई नटक्रेकर मानव नामकरण गरेका छन्[२४] । तिनीहरूका अनुसार आजभन्दा ५०,००० वर्षपहिले जावा मानवको उत्पत्ति भयो र ३०,००० वर्षपहिले होमो साइन्थ्रोपस भन्ने पेकिङ मानवको उत्पत्ति भयो । जावा मानवभन्दा एक तह विकसित त्यो मानवको अवशेष अझै पाइन्छ । त्यसपछि आजभन्दा १५००० वर्षपहिले होमो सेपिन रोडिन्सियसिस मानवको उत्पत्ति भयो । यो मानवको मस्तिष्क आधुनिक मानिसको जत्तिकै थियो भन्ने अनुमान छ । त्यसपछि निएन्डरथल मानवको उदय भयो र तिनीहरू पछि क्रोम्यारन मानव देखा परेको हो भन्ने उनीहरूको मत पाइन्छ र उनीहरूका अनुसार यो मानव नै आजको मानिस हो । धर्मशास्त्रहरूमा मानवको उत्पत्तिका सम्बन्धमा विभिन्न कुराहरू पाइन्छन् । हिन्दू धर्मशास्त्रले मानसी सृष्टिको कुरा गर्दै मनु र शतरूपाबाट मैथुनी सृष्टि सुरु भएको मानेको छ । बाइबलमा परमेश्वरले आफू जस्तै रूपमा मानिसको सृष्टि गरेको र आदम र इभबाट सृष्टि विस्तार भएको मानेको छ । कुरानमा 'कुन्न' भनेर अल्लाहले सामान्य मानिसको सृष्टि गरेका हुन् भनिएको छ ।

कतिपय नृवंशशास्त्रीहरू मुख्य जीवन प्रकारमा आदिकल्पमा लार्वा (कीट-डिम्ब) को उत्पत्ति भएको मान्दछन् भने प्रादिकल्पमा आदिम समुद्रीय अमेरुदण्डी पशुहरूको उत्पत्ति भएको ठान्दछन् । त्यसरी नै पुराकल्पमा उनीहरूका अनुसार मत्स्यहरूको उत्पत्ति भएको हो । मध्यकल्पमा सरीसृपको उत्पत्ति भएको हो र नूतन कल्पमा स्तन्य पशुहरू र क्रमशः मानवको उत्पत्ति भएको हो ।

समाज शास्त्रका अध्येतामध्ये मार्गनले मानिसको विकास क्रमलाई जङ्गली (Savegery), असभ्य (Barbarian) र सभ्य (Civilized) गरी तीन श्रेणीमा बाँडेका छन्[२५] । उनीहरूका अनुसार जङ्गली अवस्थामा मानिस भौँतारिएर हिँड्थ्यो । त्यस वेला संस्कृति वा सामाजिक व्यवस्था थिएन । पछि मानिसले माछा मार्न र आगो बाल्न जान्यो साथै तीर धनुषको प्रयोग गर्न पनि जान्यो । त्यसपछि मानिस असभ्य अवस्थामा आयो । यस अवस्थामा मानिसले पशु पालन गर्न, बोट बिरुवा लगाउन तथा फलामका भाँडाहरू र सामान्य औजार चलाउन पनि जानेको हो । त्यसपछि मानिस सभ्य अवस्थामा आइ पुग्यो । समाज शास्त्रका विद्वान् सोरोकिनले मानिसको सामाजिक व्यवस्थालाई तीन श्रेणीमा बाँडेका छन्- चेतनात्मक (Sensate), भावनात्मक (Ideational) र आदर्शात्मक (Idealistic) । मानिस भावनात्मक सामाजिक अवस्थामा आउँदा अन्य कुराका अतिरिक्त धार्मिक भावनाको विकास भएको अनुमान गरिन्छ ।

---

२४ के.आर. खम्बु, कार्यपत्र

२५ मुखर्जी (१९७७), पृ.

पृथ्वीको भौगर्भिक अध्ययन गर्ने वैज्ञानिकहरूले पृथ्वीको इतिहासलाई आद्य महाकल्प, पुराजीव महाकल्प, मध्यजीव महाकल्प र नवजीव महाकल्पमा विभाजन गरेका छन्। नवजीव महाकल्प ६ करोड ५० लाख वर्षअघिदेखि आजसम्मको अवधि हो। यस महाकल्पको अति नूतन युग (५० लाख वर्षदेखि १८ लाख वर्षअघिसम्मको अवधि) मा मानिसको उत्पत्ति भयो भने आधुनिक मानिसको उत्पत्ति चाहिँ अभिनव युग (५ लाख वर्षअघिदेखि हालसम्म) मा भएको हो भन्ने उनीहरूको निष्कर्ष छ।

मानिस र मानव संरचना

मानिस के हो भन्ने विषयमा पनि विद्वान्हरूले विभिन्न धारणाहरू राखेका छन्। मनोवैज्ञानिकहरू मानिसलाई मनोकायिक (Psycho-physical) प्राणी ठान्दछन् भने कतिपय मनः शास्त्र मान्नेहरू मानिस एउटा अद्भुत विलक्षण, सचेतन जीव हो, मानिससँग मन र मस्तिष्क जस्ता बहुमूल्य तत्त्वहरू छन्, मानिस बहुमूल्य प्रवृत्तिको दास हो, मानसिक आकर्षण नै त्यस्तो प्रेरक तत्त्व हो जसबाट मानिसका प्रत्येक राम्रा नराम्रा गतिविधिहरू सञ्चालित हुन्छन् र तिनीहरूको सन्तुष्टि र अतृप्तिमा मानिसको उत्थान र पतन आधारित हुन्छ भन्दछन्। समाज शास्त्रीहरूले मानिस सामाजिक प्राणी हो भनेका छन् र मानिस समाजको अभिन्न घटक र निर्माता हो भनेका छन्। जीव वैज्ञानिकहरू मानिसलाई वहुकोशीय (Multicelular) जीव मान्दछन्। मानवशास्त्रीहरूले मानिसलाई कुशाग्र दृष्टि भएको, सुविकसित मस्तिष्क, कल्पनाशील मन तथा समर्थ शरीरले युक्त सृष्टिको सुविकसित प्राणी मानेका छन्। इतिहासविद् र पुरातत्त्वविद्हरूले मानिसलाई संस्कृतिको सञ्चालक, नगर निर्माता, माटाका भाँडादेखि अनेकौं कला कृतिहरूको आविष्कारक, सङ्गीत, साहित्य जस्ता विषयहरूको निर्माता हो भनेका छन्। जैव रसायनविद्हरूले मानिसलाई न्युक्लिक एसिड र इन्जाइमहरूका वृत्तमा पारस्परिक क्रियाशील रहने प्राणी मानेका छन्। रसायन शास्त्रीहरूले मानिसलाई कार्बन, अणुको जटिलता र जैविक संरचनाका रूपमा व्याख्या गरेका छन्[२६]।

यसरी नै अर्थशास्त्रीहरूले मानव शरीरको निर्माणमा प्रयुक्त महत्त्वपूर्ण सङ्घटक कार्वन, नाइट्रोजन, फोस्फरस क्याल्सियम आइरन आदि तत्त्वहरूलाई अलग अलग गरेर मूल्य गर्ने हो भने अहिलेको मूल्यमा केही सय रुपियाँ मोलिने जीव मानेका छन्। चार्ल्स डार्विनले मानिस पशु प्रवृत्तिमा जकडिएको एउटा जीव मानेका छन्। दार्शनिक प्लेटोले मानिसलाई पखेटा नभएको दुई खुट्टे प्राणी भनेका छन्। दार्शनिक सेनेले मानिसलाई सामाजिक प्राणी भनेका छन्। एल्डुअस हक्लेले मनुष्य इन्द्रियहरूको दासतामा जकडिएको एउटा जीव भनेका छन्। जन स्टुअर्ड मिलले मानिसलाई हिँडडुल गर्ने नश्वर तर अन्य प्राणीको अपेक्षा बढी

---

२६ जिज्ञासु (२०१०), पृ. १०-११

समभ्रदार र सृष्टिका लागि उपयोगी प्राणी मानेका छन्। बर्नार्ड रसेलले मानिसलाई बुद्धिमान् तर विध्वंसक प्राणी भनेका छन्। ज्योतिर्विद्हरूले मानिसलाई नक्षत्रको बीजकोष हो भनेका छन्। नास्तिकहरू मानिसलाई भस्मीभूत देहको मरणशील प्राणी भन्दछन्। अथर्ववेदले[२७] मननशील भएर काम गर्नाले मनुष्य भनिएको हो भन्दछ। केही विद्वान्हरू मानिसलाई रोटी (Bread) सँग सीमित राख्न चाहन्छन् भने केही मस्तिष्क (Brain) सँग सीमित गराउन चाहन्छन्, केही विद्वान्हरू यौन (Sex) सँग सीमित पार्न चाहन्छन्। मानिस रोटी, मस्तिष्क र यौनले सञ्चालित प्राणी हो भन्नु युक्तियुक्त देखिन्छ। रोटी भौतिक उन्नतिका लागि, मस्तिष्क आध्यात्मिकता, ज्ञान, विज्ञानका लागि र यौन वंश परम्पराका लागि ।

समाज शास्त्रका[२८] अध्येताहरूले समाजका सदस्यहरूको जीवनका विभिन्न र पक्ष र संस्थाहरूका बिच धर्मको स्थान र कार्यको अध्ययन गरेका छन्। मानवताको धर्म (Religion of Humanity) मा अगस्ट काम्टले मानिसको बौद्धिक विकासका तीन स्तरहरू देखाएका छन्- आध्यात्मिक (Theological) तात्त्विक (Metaphysical) र वैज्ञानिक (Positive or Scientific)। काम्टले मनुष्यको मस्तिष्कले अलौकिक प्राणी होइन अवैयक्तिक शक्तिहरूले समस्त घटना उत्पन्न गर्दछन् भन्ने कुरालाई विज्ञानले त्यागदछ भनेका छन् ।

एलवुड (Ellwood) ले धर्मसँग सम्बद्ध नैतिक आदर्श नियमहरू र संस्थागत आचरणहरूको अध्ययनले वैज्ञानिक विश्लेषण गर्न समाज शास्त्रलाई मदत गर्दछ भनेका छन्। थर्स्टन र छेव (Thurstone & Chave) ले विद्या अध्ययनद्वारा विश्वविद्यालय पुगे पनि धार्मिक विश्वासमा कमी आउँदैन भनेका छन् भने डुडीशले धार्मिक विश्वासले बाल्यकालदेखि आजन्म त्यसरी नै आधिपत्य जमाएको हुन्छ भनेका छन्। नेल्सनले सामूहिक रूपमा नारीहरू पुरुषहरूको अपेक्षा अधिक धार्मिक हुन्छन् भनी पत्ता लगाएका छन्। लेमन (Lehman), विटी (Witty) र ल्युबा (Leuba) ले वैज्ञानिकहरूमा धार्मिक विश्वास हुन्छ, जीवनको क्षणभङ्गुरता र भगवान्‌को अस्तित्वलाई सबै वैज्ञानिकले मान्दछन् भनेका छन्। मेलिनोस्की (Melinowski) मानिसलाई आई पर्ने समस्या समाधान गर्न गरिने प्रयत्नको परिणाम धर्म हो, धार्मिक नियमका पछि सारा समाजको बल हुन्छ भन्दछन्। दुबे (Dubey) ले लोककथा, लोकगीत, लोक पुरावर्त र लोक संस्कृतिको निर्माणमा धर्मको मूल भावनाको प्रवाह विद्यमान देखेका छन्। म्याक्समुलर (Max Muller) ले प्रकृतिका विभिन्न रूप- तुफान, आँधी, चट्याङ, भूकम्प, सूर्य, चन्द्रमा आदिलाई देखेर मानिसका मनमा भय, आतङ्क, आश्चर्य आदि उत्पन्न हुनु स्वाभाविक थियो र ती मानसिक भावनाका

---

२७ व्यास (२०१०), पृ. ५९२

२८ मुखर्जी (१९७७), पृ. ४१६

कारण मानिस प्रकृतिसँग डरायो र श्रद्धा भक्ति पनि उत्पन्न भयो पछि त्यही धर्मको उत्पत्तिको कारण बन्यो भनेका छन् । म्याक्समुलरभन्दा भिन्न धारणा राख्दै टायलर (Tylor) ले आदिम मनुष्यदेखि सभ्य मनुष्यसम्म धर्मको दर्शनको आधार आत्माको धारणा हो भनेका छन् ।

दुर्खिम (Durkheim) ले सामाजिक जीवनलाई दुई भागमा बाँडेका छन् साधारण (Profane) र पवित्र (Sacred) । पवित्र वस्तु समाजको प्रतीक वा सामाजिक चेतनाको प्रतिनिधि हुन्छ । पवित्रलाई साधारणबाट अलग गर्ने प्रक्रियाबाट विश्वास, आचरण, संस्कार र उत्सवहरू निर्माण हुन्छन् । ती विश्वास, आचरण, संस्कार र उत्सवबाट समाजको सामूहिक सत्ता उत्पन्न हुन्छ र धर्मको जग बस्दछ । धार्मिक कृत्यहरूको उद्देश्य पापीहरूलाई पवित्र पार्नु, साधारण मानिसलाई धर्मपरायण बनाउनु र धार्मिक व्यक्तिलाई पवित्रताको उच्च स्तरसम्म पर्‍याउनु हो भन्ने दुर्खिमको निष्कर्ष छ ।

धर्मको इतिहासका अध्येताहरूका[२९] अनुसार अष्ट्रेलियाका जनजातिहरू मानव जातिको प्रारम्भिक समयमा प्रतिनिधि हुन् । उनीहरू अन्य टापु वा देशको सभ्यतासँग धेरै पछिसम्म परिचित हुन नपाएकोले त्यहाँको त्यस कालको धर्मलाई अध्ययन गर्न सहज छ । त्यस बेला त्यहाँ जादु टुनाको प्रचलन थियो । विशेष जाति वा जीव विशेषलाई शक्ति मानेर उपासना गरिन्थ्यो, टोटेमवादको चलन थियो । यसमा मानव समूहलाई कर्ता र कुलचिह्नका आधारमा हेरिन्थ्यो । वंश विश्वासका आधारमा विवाह गर्ने चलन थियो । विभिन्न गोत्रहरूको चलन थियो । जसलाई फ्रेटरी भनिन्थ्यो । आ-आफ्ना फ्रेटरी र ईश्वरलाई आस्थाका रूपमा लिन्थे । त्यस बेला झाँक्री, शक्ति उपासक र जादुगरको विशिष्ट स्थान थियो । धार्मिक अनुष्ठानमा पुरुषहरूलाई स्थान दिइन्थ्यो । स्त्रीहरूले त्यस्ता अनुष्ठानमा टाढैबाट कामले सहयोग गर्दथे । अन्त्येष्टि संस्कारको विकास भइ सकेको थियो । मृतकको आत्मा पृथ्वीमा घुमि रहने विश्वास पनि पाइएको छ । उनीहरू चन्द्रमालाई पुरुष र सूर्यलाई महिलाको रूपमा व्याख्या पनि गर्दथे । कतिपय ठाउँमा इस्लाम धर्मावलम्बीहरूले जस्तो खतना गरेको पनि पाइएको छ । उनीहरू अलौकिक शक्तिमा विश्वास गर्दथे । प्रकृति पूजाको प्रमाण अस्ट्रेलियामा पाइएको छैन । मानिस मरेपछि आत्मा पनि मर्छ भन्ने धारणा थियो । तस्मानियालीहरूलाई युरोपेली उपनिवेशवादीहरूले समाप्त पारेकोले त्यस भेगको चलन र अनुष्ठान पत्ता लगाउन सकिंदैन, गोत्र प्रथाको चलन भने रहेको विश्वास गरिन्छ ।

ओसेनिया पपुवा र मलेसियातिर पनि अस्ट्रेलियाका मानिसको धार्मिक विश्वाससँग मिल्दोजुल्दो रूप पाइएको छ । उनीहरूको धर्मको मुख्य रूप टोटेमवाद हो । उनीहरू पनि जादु टुनामा विश्वास गर्दथे । धामी, जादुगर, साधु, प्रेतात्मा बोलाउने सिद्ध व्यक्ति आदिमा विश्वास गर्दथे । लोकमा नभएको तर

---

२९ टोकारेव, पृ. १२-१४८

ईश्वर वा कसैले दिएको शक्तिका रूपमा टुना जादुलाई हरिन्थ्यो। त्यहाँ पितृपूजाको पनि चलन थियो। पूर्वजहरूलाई सम्मान गर्न मानिसको आकारको मूर्ति बनाएर पूजा गरिन्थ्यो। जादु-टुना बाहेक जीववाद र विशेष शक्ति मानाको सङ्कल्प आदिमा विश्वास गरिन्थ्यो। उनीहरू प्रेतात्माहरूमा विश्वास गर्दथे। त्यसरी नै पोलिनेसियालीहरू समाजको मुखिया सरदारलाई पूजाको वस्तु मान्दथे। जीवित सरदार देवता जस्तै पवित्र मानिन्थ्यो। भेटी चढाउने र बलि प्रथा प्रचलनमा थियो। कुखुरा, सुँगुर, कुकुर र कहिलेकहीँ दासलाई नरबलिका रूपमा चढाइन्थ्यो। उनीहरू मानाको अलौकिक शक्तिमा विश्वास गर्दथे। सरदारको प्रेतात्मालाई देवताको स्थान दिइन्थ्यो।

दक्षिण र पूर्वी एसियाका जनजातिहरूमा प्रेतात्मा र धामी मान्ने चलन थियो। धामीहरू प्रेतात्मासँग सम्पर्क गर्दछन् भनिन्थ्यो। प्रेतात्मालाई उनीहरू दुष्ट र खतरनाक मान्दथे। उनीहरू चन्द्र, सूर्य र आकाशका अन्य विभिन्न ठाउँमा जीव रहेको ठान्दथे। कतिपय जनजातिहरू अग्निदेव पर्वत देवताका रूपमा पूजा गर्दथे, सर्पलाई पूजा गर्ने चलन पनि थियो।

तिब्बतमा वोन मत प्रचलनमा थियो। उनीहरू प्रेतात्माको पूजा र विश्वास गर्दथे। प्रेतात्मामा ढुङ्गा चढाउने चलन थियो। उनीहरू पितृ पूजा र आकाशको देवताको पूजा पनि गर्दथे। पुरोहितहरू मखुन्डो लगाएर धार्मिक अनुष्ठान गर्दथे। बर्मातिर प्रेतात्मा र प्रकृतिको पूजा गर्ने चलन थियो। इन्डोनेसियातिर वन, नदी र पर्वतका स्वामीका रूपमा विभिन्न प्रेतात्माहरू प्रस्तुत गरिन्थ्यो। त्यहाँ बलि प्रथा चलेको थियो।

अमेरिकी जनजातिहरूमा झाँकी प्रथा पाइन्छ। एस्किमोहरू सबै पूजा र अनुष्ठान झाँक्रीबाट गराउँथे। सिङ्गो संसारलाई उनीहरू प्रेतात्माले भरिएको ठान्दथे। क्यानाडामा देवी र सागरको उपासना गर्दथे। कहीँ कहीँ समुद्रको गर्भमा रहेको मानेर सेड्नाको पूजा गर्दथे। रहस्यमय शक्तिमा विश्वास थियो तर परलोकमा विश्वास थिएन। क्यालिफोर्नियातिर पनि झाँक्रीमा विश्वास थियो। सृष्टि रचना र सांस्कृतिक नायकका मिथकहरू प्रशस्त थिए। इन्डियन जनजातिहरूमा टोटेमबाटको अवशेष थियो। धेरै जनजातिहरू शक्तिलाई सबैभन्दा ठूलो प्राकृतिक शक्ति मान्दथे। त्यहाँ चन्द्रमा, वायु, पानी आदिलाई पूजा गर्ने चलन पनि थियो। धेरैले पृथ्वी, आगो, पानी र हावाको पूजा गर्ने गरेको पाइएको छ। उनीहरू अमूर्त शक्तिमा विश्वास गदर्थ। उनीहरूमा बलिप्रथा थिएन। अमेरिकी इन्डियनका अधिकांश जनजाति मानिससँग निकट अलौकिक तत्त्वमा विश्वास गर्दथे। त्यसका लागि उनीहरू पूजा, प्रार्थना, उपवास, आत्मपीडक व्यवहार पनि देखाउँथे तर अलौकिक तत्त्वको मूर्तीकरण गरेको पाइँदैन।

अफ्रिकी देशका जनजातिहरूमा पनि टोटेमवादको अवशेष पाइन्छ। कतिपयमा सिकार सम्बन्धी पूजा र अनुष्ठान गर्ने चलन थियो र शिकारमा सफलता पाउन उनीहरू अलौकिक तत्त्वको प्रार्थना गर्दथे। पिग्मीहरू वनमा

बस्ने प्रेतात्मालाई सबै जीवजन्तुको स्वामी मान्दथे। उनीहरूमा पनि खतनाको चलन थियो। अफ्रिकी जनजातिमा पितृपूजाको चलन थियो। पूर्वजहरूले संरक्षण गर्दछन् भन्ने आधारमा पूर्वजलाई बलि दिने, पूजा गर्ने चलन पाइएको छ। उनीहरू चितुवालाई आदरको दृष्टिले हेर्थे। त्यहाँ सर्पपूजाको पनि चलन थियो। हरेक बस्ती गाउँ र नदी, नाला, पर्वत, उपत्यका, ढुङ्गा र वनमा स्थानीय देवता र प्रेतात्मा रहेको मानिन्थ्यो। उनीहरू मौसम सम्वन्धी जादु टुना पनि गर्दथे। पुरोहितले युद्ध सम्बन्धी साइत हेर्ने, युद्धको सल्लाह दिने, जादु गर्ने र देवतालाई बलि चढाउने काम गर्दथे। सरदारलाई जीवन कालमा र मरेपछि पनि पूजा गरिन्थ्यो। कहीँ कहीँ आकाश, पाताल, समुद्रको पूजा गरेको पनि पाइन्छ। ईश्वरले पृथ्वी सिर्जना गरेको कुरामा विश्वास गरिन्थ्यो। ईश्वरलाई सबै वस्तुको पिता मानिन्थ्यो। पृथ्वी र आकाशलाई अमर ठानिन्थ्यो।

उत्तर एसियाका जनजातिमा झाँक्री प्रथामा आधारित शामान धर्म मानिन्थ्यो। अलौकिक क्षमतामा विश्वास गर्न त्यस्तालाई अनुष्ठान गर्नु, प्रेतात्मासँग कुराकानी गर्ने कुरामा विश्वास गर्नु उनीहरूको धर्मको अङ्ग थियो। प्रेतात्मा सम्वन्धी विश्वास शामान धर्मको मुख्य र अनिवार्य अङ्ग हो। कतिपय जातिहरूमा गोत्र प्रथाका साथै टोटेमवादको अवशेष पाइएको छ। नदी, वन, पर्वतको स्वामी प्रेतात्मा मानिन्थ्यो। भूमि, पानी र समुद्रको प्रेतात्मामा पनि विश्वास गरिन्थ्यो। धेरै जनजातिमा पितृ पूजाको चलन थियो भने अग्नि पूजा सबै जनजातिमा प्रचलित थियो।

कर्केसियाका जनजातिहरूमा अग्नि पूजा प्रचलित थियो, कुलपूजाको प्रचलन पनि रहेको पाइएको छ। मृतकको पूजा गर्ने परम्परा थियो र श्राद्धका समयमा मृतक उपस्थित हुने विश्वास गरिन्थ्यो। उनीहरू जादुटुनाका संरक्षकको पूजा गर्दथे। उनीहरू बाली, पशु र जमिनको पनि पूजा गर्दथे। ठूला र स्थानीय देवताहरूको पूजा गर्ने चलन थियो भने गोत्र देवताको पनि पूजा गरिन्थ्यो। पुराना भवन र रुखलाई पवित्र स्थल मान्ने र पूजा गर्ने प्रचलन थियो। पूजारी शक्तिशाली हुन्थ्यो। फलामका देवताको पूजा गर्ने चलन थियो। त्यहाँ शामान प्रथा र झाँक्री प्रथा कहीँ कहीँ पाइएको छ। पुरोहित र भविष्य वक्ताको समाजमा इज्जत थियो। महिला पुरुष दुबै यी काम गर्दथे। जादु टुना झारफुक र लिङ्ग पूजा पछिसम्म कायम थियो।

भोल्गा र पश्चिम उरालका जनजातिहरूमा पारिवारिक अनुष्ठान, पितृ पूजामा गोत्र पूजाको व्यवस्था थियो। सूर्य र जलको पूजा पनि प्रचलनमा थियो। भोग चढाउने चलन पनि पाइएको छ। उनीहरू पितृ पूजा गर्दथे। मृतकहरूको श्राद्ध गरिन्थ्यो। झाँक्री प्रथा प्रचलनमा थियो र झाँक्रीलाई प्रेतात्मासँग कुराकानी गर्ने र बिमार निको पार्ने ठानिन्थ्यो।

प्राचीन स्लाभमा गोत्र अनुसारका देवताहरूलाई पूजा गर्ने चलन थियो, पितृपूजा गर्ने गर्दथे। सजिलै मरेकोलाई पितृको दर्जा दिइन्थ्यो। असहज रूपमा मर्नेलाई पितृ दर्जा दिइन्नथ्यो। त्यहाँ कृषिसँग सम्वद्ध देवता र पशु देवताको

पूजा गरिन्थ्यो । देवीको पूजा पनि प्रचलनमा थियो । प्रकृतिमा रहने प्रेतात्मा प्रति विश्वास थियो । त्यहाँ वन देवता पनि मानिन्थ्यो । स्लाभ जातिमा अलौकिक वस्तु र अन्ध विश्वासका मान्यताहरू प्रशस्त थिए । यी अलौकिक वस्तुहरू कहिले मानिसका सहयोगी र कहिले शत्रुका रूपमा देखा पर्दथे । उनीहरू स-साना प्रेतात्माहरूमा पनि विश्वास गर्दथे । उनीहरूको झारफुक, टुनामुनामा विश्वास थियो । मन्दिर वा पवित्र स्थल र बलि दिने स्थान पनि पाइएको छ ।

प्राचीन जर्मनीमा टोटेमवादको छाप पाइन्छ । गोत्रहरू, रुख वा जल दानवबाट सुरु भएको मानिन्थ्यो । त्यहाँ जीव पूजा गरिन्थ्यो । अग्नि पूजाका साथै पवित्र ढुङ्गा र रुखहरूको पूजा गर्ने चलन पनि पाइएको छ । उनीहरू प्रेतात्मामा विश्वास गर्दथे । जमिन, पानी र जमिन मुनि रहने देवतामा उनीहरूको विश्वास थियो । त्यहाँ झारफुक र टुनामुनाको प्रयोग पनि गरिन्थ्यो । जादुगरमा विश्वास थियो । भगवान्लाई शक्तिशाली जादुगर मानिन्थ्यो । मृत्युलाई उनीहरू पुनर्जीवित हुने निद्रा मान्दथे । जङ्गलको छेउमा पवित्र स्थल हुन्थ्यो । देवी पूजाको चलन थियो । जर्मनीमा प्रकृति पूजा, आँधी तुफानका देवताको पूजा, बादल वर्षाको देवता, आकाशको देवता, उर्वरताको देवता, वनस्पति देवता प्रचलनमा थियो । उनीहरू मानिसभन्दा पहिला देवताले र त्यस भन्दा पहिले शक्तिशाली अलौकिक प्राणीले शासन गरेकोमा विश्वास गर्दथे । निकै पछिसम्म नरबलि दिने प्रचलन पनि थियो ।

प्राचीन केल्टमा आत्माको पुनर्जन्ममा विश्वास थियो । धेरै देवी देवताहरूको पूजा गरिन्थ्यो । टोटेम प्रथा प्रचलित थियो । मानिस मरेपछि पृथ्वीमुनि र समुद्रको बिचमा रहेको लोकमा पुग्ने विश्वास थियो । मातृदेवी पूजाको प्रचलन थियो । उनीहरू प्रेतात्मा, परी, दैत्य आदिमा विश्वास गर्दथे । रुख, पानी र पर्वतलाई देवता मान्दथे ।

मध्य अमेरिकामा कृषिसँग सम्बद्ध धर्म र पुरोहितको व्यवस्था थियो । त्यहाँ अजटेक धर्म मुख्य थियो । गोत्र समुदाय प्रचलनमा थियो । अग्लो ठाउँमा पिरामिड जस्तो बनाएर मन्दिर बनाइन्थ्यो । देव समूह निक्कै जटिल थियो । दर्जनौं देवी देवताको पूजा गरिन्थ्यो । देवमण्डलमा तिनवटा देवताहरू मानिन्थे- एउटा टोटेमी लक्षणको, अर्को सर्प र सेतो दारी पालेको बुढो । सूर्यलाई बलि दिने चलन पनि थियो । अजटेकमा नरबलि दिने चलन थियो । महामाता, महापिताले पहिले पृथ्वी, त्यसपछि जीवजन्तु र अन्त्यमा मानिसको सिर्जना गरेको मानिन्थ्यो । प्राचीन अमेरिकीहरू महाविनाशमा विश्वास गर्दथे । त्यहाँ प्रेतात्मा, जादु टुना र झाँक्रीमा विश्वास गरिन्थ्यो । पूर्वजहरू र प्रेतात्माको पूजा गरिन्थ्यो ।

कोरियालीहरू पितृ पूजा गर्दथे । पारिवारिक मन्दिरहरू थिए । मानिसमा तिनवटा आत्मा हुन्छ भनिन्थ्यो- एउटा मन्दिरमा बस्ने, अर्को चिहानमा बस्ने र अर्को चाहिँ आकाशमा जाने । झाँक्री प्रथा प्रचलनमा थियो । स्त्री पुरुष दुबै झाँक्री हुन सक्दथे । जन्मजात अन्धो व्यक्ति सबैभन्दा ठूला झाँक्री मानिन्थ्यो ।

कोरियामा धेरै प्रेतात्माहरूको पूजा गर्ने चलन थियो, नाग देवताको पूजा गरिन्थ्यो ।

प्राचीन मिश्रमा स्थानीय संरक्षक देवताको पूजा गरिन्थ्यो । त्यसपछि नोम देवताको पूजासँग अन्य देवताहरू थपिए । भेडा, गाई, गिद्ध, मयूर, गोही, बिरालो जस्ता जनावरलाई पवित्र मानिन्थ्यो । यो टोटेम वादको अवशेष मानिन्छ । स्थानीय संरक्षक देवतामा नारी देवीहरूको सङ्ख्या प्रशस्त थियो । सबैभन्दा पुरानो मिश्री देवता बाज अर्थात् होरुसलाई मानिन्छ । पछि जनजाति देवतालाई सूर्यमा परिणत गरियो । पछि एलोम देवतालाई सर्वोच्च मानियो र पछि आमोन देवतालाई सर्वोच्च मान्न थालियो । आकाश, पृथ्वी र चन्द्रमासँग जोडिएका देवताहरू पनि थिए । पछि देवताहरूको तीन समूह बनाइयो । सयौँ वर्ष लगाएर बनाइएको देवमण्डल मिश्रको पवित्र देवता मान्न सुरु गरियो । मिश्रमा वनस्पति र फलका देवता मानी ओसिरिसलाई पूजा गरिन्थ्यो र ओसिरिसको मूर्तिको पूजा गर्ने चलन पनि चलेको थियो । सूर्यसँग सम्बद्ध रा देवता एक समयमा सर्वोच्च मानिन्थे । अरू देवतालाई सूर्यका शाखा मानियो । अन्त्येष्टि सम्बन्धी कर्मकाण्ड समय समयमा परिवर्तन भएको पाइएको छ । पछि पिरामिड बनाउन सुरु गरियो । मिश्रका मानिस शरीर मर्ने र आत्मा आकाशमा परिक्रमामा टाढा उड्ने विश्वास गर्दथे । ओसिरिसलाई पुनर्जन्म लिने देवता मानिन्थ्यो । मिश्रमा देवताको अपमान गर्न नहुने, दासलाई दुःख दिन नहुने, कसैलाई भोकै मार्न नहुने, कसैलाई रुवाउन नहुने, हत्या गर्न नहुने, मन्दिरको सम्पत्ति लुट्न नहुने, देवतालाई चढाएको भेंटी चोर्न नहुने विश्वास थियो । मिश्रीहरू आकाशलाई स्त्री र पृथ्वीलाई पुरुष ठान्दथे । मिश्रमा जादु टुनाले महत्त्वपूर्ण भूमिका खेलेको थियो । झारफुक र टुनामुना चलनमा रहेको मिश्रको धर्म रूढिवादी थियो भनिन्छ ।

पश्चिम एसियाको प्राचीन धर्ममा हरेक समुदायको स्थानीय जातीय र गोत्रीय आराध्यदेव हुन्थ्यो । संरक्षक देवताको मुख्य सेवक राजा हुन्थ्यो । सुमेरी युगमा मूलतः अनु, एश्व र एनलिल तीन वटा देवता मानिन्थ्यो । उनीहरू प्रकृति पूजाको निकट थिए । बेबिलोनमा मार्दुकलाई सर्वोच्च देवता मानिन्थ्यो । मेसोपोटामियामा कृषि र उर्वरताका देवताको पूजा हुन्थ्यो । मान्छे मरेपछि उसको आत्मा पातालमा प्रवेश गर्ने विश्वास गरिन्थ्यो । बेबिलोनमा मायाजाल, भूतविद्या, बोक्सी, चुडेल आदिको अस्तित्वमा विश्वास गरिन्थ्यो ।

लघु एसिया, सिरिया र फिनिसियाका जातिहरूमा स्थानीय संरक्षक देवताको पूजा गर्ने चलन थियो, सूर्यदेवी अरिन्नाको पूजा गरिन्थ्यो । उनीहरू उर्वरताकी देवी महामातालाई मा, रेआ, सिवेला नामले पुकार्थे । सिरियामा बाल बालिकालाई बलि दिने चलन थियो । पूजा र धार्मिक अनुष्ठान मन्दिरहरूमा हुन्थ्यो । फिनिसियामा कृषि र पशु पालन सम्बन्धी देवताको पूजा गरिन्थ्यो ।

प्राचीन युनानका पूजाका वस्तुहरूमा कुटो पाइएको छ । त्यहाँ सर्प पूजाको चलन थियो । सूर्य र चन्द्रको पूजा गरिन्थ्यो । युनानका पुराना

देवताहरूमा आर्टेपिहर्मिस, पोसिडन, हेरा, जियस हेस्टिया आदि थिए। त्यहाँ मन्दिर पाइएको छैन। टोटेमवादको अवशेष पाइएको छ। मौसम सम्बन्धी जादु टुना र सिकारसँग सम्बद्ध विश्वास प्रचलित थियो। जादु टुना हटैक नामक देवतासँग जोडिन्थ्यो। झारफुक र पूजापाठको विशेष चलन थियो। स्त्री र पुरुषले गर्ने अनुष्ठान छुट्टाछुट्टै थिए। अन्त्येष्टि संस्कार पुरानो समयदेखि प्रचलनमा थियो। मान्छे मरेपछि आत्मा अथवा छायाले आनन्दहीन जीवन व्यतीत गर्ने ठानिन्थ्यो। घरको आगोलाई युनानीहरू पवित्र देवी हेस्टिया मानेर पूजा गर्दथे। हेराक्लिजलाई सूर्य देवता मानिन्थ्यो। पछि युनानीहरू पहाड, ढुङ्गा, नदी आदिको पूजा गर्न थाले। उर्वरता र पशु पालनका देवताहरूको पूजाको प्रचलन थियो। राज्यका संरक्षक देवताको पूजा विशेष रूपले मानिन्थ्यो। साराले मानेको देवता पूजा नगरेर नयाँ देवता ल्याएको भनी सुकरातलाई मृत्युदण्ड दिइएको प्रसङ्गले युनानीहरू धर्मान्ध थिए भनिन्छ। एथेन्सका संरक्षक थेसियसलाई मानिन्थ्यो। आर्टेपिस बहुपूजित देवी थिइन्। युनानीहरूको कर्मकाण्ड सरल थियो। युनानीहरू जीवबलि र नरबलि पनि दिन्थे। मन्दिरहरूमा सुन चढाउने चलन थियो। पछि मिश्र, युनान र रोममा समान देवता पुज्न थालियो।

प्राचीन रोमन धर्ममा गोत्रीय धर्म र जनजातिका प्रेतात्माको पूजा गर्ने चलन थियो। पेनातलाई अन्न भण्डारको संरक्षक र पछि संरक्षक देवता मानियो। आफ्ना प्रमुखको निर्देशनमा पूर्वज र संरक्षकको पूजा गरिन्थ्यो। रोमनहरू अग्निपूजा गर्दथे। मान्छे मरेपछि अधोलोक जान्छ भन्ने उनीहरूको विश्वास थियो। रोममा कृषि र पशु पालनका देवताहरूको पूजाको प्रचलन पाइएको छ। भिनस प्रमुख देवी थिइन्। विभिन्न देवताहरूको फरक फरक महिनामा पूजा गरिन्थ्यो। शान्ति, आशा, पराक्रम, न्याय, सौभाग्य आदिलाई देवताको श्रेणीमा राखिन्थ्यो।

रोममा बलि दिने र मन्दिर बनाउने चलन थियो। कतिपय देवता पुरुष वा महिला के हुन् छुट्ट्याउन सकिँदैनथ्यो। प्राचीन कालमा जुपिटर आकाशको सार रूप थियो। मार्स, जुपिटर र क्विसिस तीन जातिका मुख्य देवता थिए। रोममा बाह्र वटा देवता मुख्य रहेको पाइन्छ। ती हुन्- जुनो, वेस्ता, मिनर्वा, सेरेरा, डियाना, विनस, मार्स, मर्करी, जुपिटर, नेपचुन, वोल्केनस र अपोलो। त्यसपछि अन्य आठ देवताहरू थपिए।

कन्फुसियस, ताओ, सिन्तो, बौद्ध धर्मभन्दा अघि चीन जापानतिर प्राचीन धर्महरू प्रचलनमा रहेको हुनु पर्छ। त्यसरी नै इरानमा माजदा अघि र मध्यपूर्वमा यहुदी धर्म अघि प्राचीन धर्महरू प्रचलनमा रहेको ठानिन्छ। ती धर्मबारे खोज, अनुसन्धान र अध्ययनले धेरै कुरा प्रकाशमा ल्याउने नै छन्। समग्रमा यस धरतीमा रहेका प्राचीन धर्महरूको अध्ययनबाट के स्पष्ट देखिन्छ भने मानिसहरूमा चेतनाको विकाससँग धार्मिक भावनाको विकास भएको हो। प्राचीनकालमा मानिसहरूमा धर्मका रूपमा झाँक्री, जादु, टुनाहरू तथा भूतप्रेत, पितृहरूको पूजाको चलन चल्न थाल्यो। त्यसपछि प्रकृति पूजा सुरु भयो।

मानिसले ढुङ्गा, पहाड, नदी, समुद्र, आकाश, पृथ्वी, सूर्य, चन्द्रमा जस्ताको पूजा गर्न थाले। यसै समयमा वनस्पतिहरूको पूजा सुरु भयो। पछि मानिसले प्रकृतिका ती कुराहरूलाई मूर्तीकरण गऱ्यो र विभिन्न देवी देवताहरूको पूजा गर्न थालियो। जन्मदेखि मृत्यु पर्यन्तका विभिन्न संस्कारहरूको निर्माण संशोधन र परिमार्जन हुँदै आयो। आचार व्यवहारका विभिन्न विधिहरू निर्मित संशोधित हुँदै आए। चेतनाको विकाससँगै मानिसले आफू र जगत्बारे जान्न खोज्यो। भगवान्, ईश्वर, परमेश्वरका धारणाहरू विकसित हुँदै गए। एक परमात्मा र उनका विभूतिहरूको कुरा विकास हुँदै गयो। परमात्माको स्वरूप साकार निराकार आदिमा चिन्तन-मनन हुँदै आयो।

व्रह्मवैवर्त्तपुराणमा भनिएको छ[३०]- अनेक जन्मसम्म मानिसमा कुनै देवताको पूजा गर्ने भावना आएको हुँदैन। विस्तारै मानिसमा ससाना देवी देवताहरूको पूजा गर्ने इच्छा उत्पन्न हुन्छ। सात जन्मसम्म यस्ता देवी देवताको पूजा गरेपछि सूर्यको उपासनातिर उसको ध्यान जान्छ। सूर्यको तीन जन्म उपासना गरेपछि मानिस गणेशको उपासना गर्न थाल्दछ । गणेशको तीन जन्म उपासना गरेपछि मानिसमा दुर्गा देवीको उपासना गर्ने शक्ति आउँछ। देवी दुर्गाको सय जन्म पूजा गरेपछि मानिसमा महादेवको पूजा गर्ने क्षमता आउँछ। महादेवको तीन जन्म पूजा गरेपछि महादेवका कृपाले मानिसले कृष्ण मन्त्र प्राप्त गर्दछ।

आज मानिसको आस्थालाई अध्ययन गर्दा मानिसले सामान्यतः जादु टुनालाई स्पष्टतः अस्वीकार गरेको पाइँदैन र भूतप्रेत पितृहरू प्रतिको आस्था कायमै छ। नदी (गङ्गा) पर्वत (गोवर्धन), ढुङ्गा (कावा), सरोवर (मानसरोवर), सूर्य (छठ), चन्द्र (शरद् पूर्णिमा), वनस्पति (तुलसी, वरपीपल, शमी) हरूको पूजा गर्दै आएको छ। नाग पञ्चमीमा सर्प पूजा गरि आएको छ। विघ्न हरणका देवता गणेश वा संहारका देवता महादेवको पूजा गरिएको छ। भक्ति आन्दोलनमा लागेर कृष्णको यशगान गाइ रहेको छ। प्राचीन कालदेखि वर्तमान अवस्थासम्म आइ पुग्दा मानिसको धर्मप्रतिको आस्थामा परिवर्तन भएको छैन। विभिन्न देवी देवता मान्ने क्रममा भने समय समयमा परिवर्तन भएको पाइन्छ।

विद्वान्हरूले धर्मले के दिन्छ भन्ने विषयमा आ-आफ्ना धारणाहरू ल्याएका छन्। तिनीहरूलाई समग्रमा वुझ्दा धर्मले दिने कुरा तल लेखिए बमोजिम बुझ्न सकिन्छ[३१] -

१) धर्मले निराशामा आशा दिन्छ।

२) धर्मले दुःखमा दुःख सहने शक्ति दिन्छ।

३) धर्मले भयको अवस्थामा निर्भयता दिन्छ।

४) धर्मले अशान्तिको समयमा शान्ति दिन्छ।

---

३० व्यास (१९६७), पृ. १०७

३१ मोहनप्रियाचार्यसँगको अन्तर्वार्ता (वि.सं. २०७०/०६/२०)

५) धर्मले आवश्यक समयमा सहायता दिन्छ ।

६) धर्मले निर्णय गर्ने समयमा बुद्धि दिन्छ ।

७) धर्मले घृणाका स्थानमा प्रेम दिन्छ ।

८) धर्मले सजायका स्थानमा क्षमा दिन्छ ।

९) धर्मले क्रोधको अवस्थामा धैर्य दिन्छ ।

१०) धर्मले मृत्युका समयमा मुक्ति दिन्छ ।

उल्लिखित कुराहरूलाई मनन गर्दा धर्मलाई सङ्क्षिप्तमा हामीले यसरी बुझ्नु उपयुक्त देखिन्छ– विभिन्न धर्मशास्त्र, शब्दकोश तथा विद्वान्हरूका परिभाषाहरूको समग्र र समन्वित अध्ययन गरेको अवस्थामा धर्मको अर्थ स्पष्ट हुन सक्छ । विज्ञानले अनुसन्धान र प्रयोगशालामा धर्मको अर्थ खोजि रहेको छ । त्यसै गरी दर्शन शास्त्रले तर्क र बुद्धिका आधारमा धर्मको अर्थ खोजि रहन्छ । धार्मिक मानिसहरूले आचारण, व्यवहार, धर्मशास्त्र र ईश्वरमाथिको आस्थामा धर्मको अर्थ खोजेका छन् । ऋषि मनीर्षीहरूले अध्ययन, मनन, चिन्तन र अनुभवमा धर्म खोजेका छन् । सीमित अर्थ आउने धर्मको परिभाषा हुन सक्दैन । सात्त्विक आहार, सदाचार, कर्तव्य कर्म, निष्ठायुक्त उपासनामा रही आत्मज्ञान तथा ब्रह्मज्ञान प्राप्त गरेर आफ्नो आराध्य प्रति समर्पण भाव राख्नुबाट नै धर्मको अर्थ बुझ्ने बाटो खुल्दछ ।

हिन्दू

ऋग्वेद मानव जातिको पुस्तकालयको पहिलो पुस्तक हो। हिन्दू धर्म वेदमा आधारित भएकोले यो धर्म प्राचीनतम धर्म हो भनिन्छ। हिन्दू धर्मलाई सनातन धर्म, वैदिक धर्म, आर्य धर्म आदि नामले पनि सम्बोधन गरिन्छ। आज हिन्दू शब्द नै व्यापक प्रयोगमा आएको छ। हिन्दू भन्नाले के बुझिन्छ वा हिन्दू धर्म के हो भन्ने विषयमा विद्वान्हरूका विभिन्न धारणाहरू पाइन्छन्। हिन्दू शब्द कति पुरानो हो भन्ने सम्वन्धमा पनि विभिन्न कुराहरू पाइन्छन्। हिन्दू शब्द वेद, उपनिषद् र प्राचीन संस्कृत ग्रन्थहरूमा प्रयोग भएको पाइएको छैन। हिन्दू जातिवाचक शब्द हुनाले सम्पूर्ण प्राणीमा एकात्म भावको दर्शन गर्ने मनीषीहरूले सीमित अर्थ आउने गरी हिन्दू शब्द प्रयोग नगरेका हुन् भन्ने गरिन्छ। पारसीहरूको प्राचीन धर्मग्रन्थ आवेस्ता र शतीरमा हिन्दू शब्दको उल्लेख[३२] छ। लवी-विन-ए-अख्तव विन-ए-तुरफा नामक अरवी कविले आजभन्दा ४००० वर्ष पहिले अरूल ओकुलमा हिन्दू शब्दको प्रयोग गरेका छन्।[३३] अलेक्जेन्डरले हिन्दू कुशपर्वत पार गर्न खोजेको प्रसङ्गले हिन्दू शब्द ज्यादै पुरानो मानिन्छ भने हिन्द महासागरले हिन्दू शब्द पुरानो भएको प्रमाणित गर्दछ। कतिपय विद्वान्हरू हिन्दू शब्द प्राकृत शब्द हो भन्दछन्। संस्कृत काव्य मेरुतन्त्रमा हिन्दू शब्द पाइन्छ भने शाकपुणि र वृहस्पतिले हिन्दू शब्द प्रयोग गरेका छन्। अद्भुतकोश, रामकोश, हेमन्तकोश, शाङ्र्गधरपद्धति, शब्दकल्पद्रुम आदिमा हिन्दू शब्द पाइन्छ। पाणिनिको मान्यतामा पनि हिन्दू शब्द पुरानो हो[३४]। हिन्दूस्थानका मानिसलाई हिन्दू भनिएको भन्ने धारणा पनि पाइन्छ। नेपाललाई असली हिन्दूस्थान भनिएको छ[३५]। कतिपयले विदेशीले हिन्दू नाम दिएको भन्ने धारणा पनि व्यक्त गरेका छन्[३६]।

हिन्दू धर्म के हो भन्ने विषयमा विद्वान्हरूका विभिन्न धारणाहरू छन्। महात्मा गान्धीले निम्न चार कुरा मान्ने हिन्दू हुन् भनेका छन्[३७]-

१) वेद, उपनिषद्, पुराण र हिन्दू धर्मग्रन्थहरूका नामबाट प्रचलित सारा साहित्यमा विश्वास गर्नु र अवतार र पुनर्जन्ममा पनि।

---

३२ सापकोटा (२०६२), पृ. १
३३ गुप्त (२००९), पृ. ९
३४ प्रपन्नाचार्य (२०६७), पृ. १२१-१२२
३५ शाह (२०५९), पृ. ४३
३६ गौड, १९९३, पृ. ५
३७ गान्धी (२०००), पृ. ६

२) वर्णाश्रम धर्मको त्यो रूपमा विश्वास गर्नु जुन विशुद्ध वैदिक छ तर त्यसको हिजो आजको लोक प्रचलित र स्थूल रूपमा विश्वास नगर्नु ।

३) गोरक्षालाई त्यसको लोक प्रचलित रूपभन्दा धेरै व्यापक रूपमा विश्वास गर्नु ।

४) मूर्ति पूजामा अविश्वास नगर्नु ।

त्यसरी नै कतिपय विद्वान्हरूले ॐकारलाई मूलमन्त्र मान्ने, पुनर्जन्ममा विश्वास गर्ने, गोभक्त, भारतीय प्रवर्तकमा विश्वास गर्ने र हिंसालाई निन्द्य मान्ने हिन्दू हुन् भनेका छन्। कतिपय विद्वान्हरूले हिमालदेखि हिन्द महासागरसम्मका वासिन्दा हिन्दू हुन् भनेका छन्। कसैले हीनलाई त्याज्य ठान्ने हिन्दू हुन् भनेका छन्। नारायण आदि देवताहरूको उपासना गर्ने, सद्धर्म पालक, विद्वान् र वैदिक धर्ममा आस्था राख्नेलाई हिन्दू हो भन्ने भनाइ पनि कतिपय विद्वान्को पाइन्छ। वेदलाई प्रमाण मान्ने, नानाविध नियम पालक र अनेक प्रकारले ईश्वरमा आस्था राख्ने हिन्दू हुन् भन्ने मत पनि पाइन्छ[३८] ।

भारतीय कानुनले हिन्दूको यसरी परिभाषा गरेको छ-

१) जन्मले हिन्दू, धर्मले हिन्दू, हिन्दू धर्ममा दीक्षित वा पुनःदीक्षितहरू

२) हिन्दू मातापिताका गैर कानुनी सन्तानहरू वा हिन्दू आमाका सन्तान वा हिन्दू जसरी पालिएका वच्चाहरू ।

३) व्रह्म समाज, आर्य समाज लगायत, हिन्दू विधिबाट खानपिन र उत्सवहरूमा फरक भएका मुसलमान, इसाई, पारसी, यहुदी वाहेक जो हिन्दूवाट शासित छैनन् भन्ने प्रमाणित नभएसम्म अथवा हिन्दू परम्परा आदिबाट आएका ।

४) जैन, सिख र बौद्धहरू

५) हिन्दू धर्ममा नभए पनि अन्य कारणले हिन्दू नभन्न नसकिने ।

महामति प्राणनाथले त्रिलोकमा उत्तम खण्ड भरत खण्ड हो र उत्तम धर्म हिन्दू हो भनेका छन्। उनका अनुसार हिन्दू धर्मले तल लेखिएका कुरा समेट्छ[३९]-

१) सर्वोच्च सत्ता परमात्मामा विश्वास गर्नु र सम्पूर्ण विविधताका पछि एक सत्ताको स्थितिलाई स्वीकार गर्नु ।

२) परमात्मा नै यो सम्पूर्ण सृष्टि, रचना र स्थितिका कारणरूप सत्ता हुन् अथवा यो शक्ति प्रकृति रूपमा परमात्माबाटै प्रेरित भएर समस्त ब्रह्माण्डको कारण बनेको हो भन्ने स्वीकार गर्नु ।

---

३८ गुप्त (२०००), पृ. १५

३९ प्राणनाथ (१९८०), प्रकाश/कलश ग्रन्थ

३) सारा दृश्य जगत् परमात्माबाटै निस्केको, परमात्मामै स्थित र लय भएपछि परमात्मामै विलय भएर परमात्माबाटै प्रकट हुन्छ भनेर मान्नु ।

४) परम सत्ताबाट समय समयमा धर्तीमा अवतारहरू प्रकट हुन्छन् भन्ने स्वीकार गर्नु र विभिन्न देवी देवताहरू परमात्माका विभूति हुन् भनेर मान्नु ।

५) मानव शरीरका पछि मानवको वास्तविक सत्ता आत्माको अस्तित्व छ भनेर मान्नु ।

६) आत्मा अजर, अमर र अविनाशी छ भन्ने कुरा मान्नु ।

७) परमात्मा सत्, चित्, आनन्द, अनन्त, अद्वैत, साकार, प्रेम, जीवन र सुन्दर रूपले पूर्ण छन् भनेर मान्नु ।

८) मनुष्य योनि प्राणीहरूमा श्रेष्ठ योनि हो । यसै योनिबाट परम तत्त्व परमात्मा प्राप्त गर्न सकिन्छ भनेर मान्नु ।

९) निर्गुण आहार, सदाचारको पालना र परमात्मामा अनन्य भक्ति गर्नु ।

हाम्रा धर्मशास्त्रहरू

हिन्दू धर्मशास्त्रहरूमा सवैभन्दा पुरानो शास्त्र ऋग्वेद हो । वेदहरू चार वटा पाइन्छन्- ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । वेद शव्दको सत्य विद्या, ईश्वरीय ज्ञान, सर्वज्ञानमय आदि अर्थ लगाइन्छ । गुरु शिष्य परम्परामा सुनेर जानिने भएकोले वेदलाई श्रुति पनि भनिन्छ । वेदमा ऋषिहरूको सामूहिक ज्ञान सङ्कलित भएकोले र मन्त्रहरूको पाठ सन्धियुक्त हुनाले वेदलाई संहिता पनि भनिन्छ । वेदको अर्को नाम त्रयी[४०] पनि हो । वेदलाई तीन भागमा विभक्त गरेर यसो भनिएको हो । ती तीन भाग हुन्- १) प्रार्थना अथवा स्तुति मन्त्र २) यज्ञ यज्ञादि विधायक मन्त्र र ३) शान्ति अथवा मङ्गल स्थापित गर्न गाइने मन्त्र । वेदहरूको उत्पत्ति सृष्टिसँग भएको मानिन्छ । आधुनिक विद्वान्हरूले वेद दश हजार जति वर्षपूर्व लेखिएको मानेका छन् । वेदका मन्त्रहरू ऋषिहरूले आविष्कार गरेका हुन् भन्ने हिन्दू विद्वान्हरूको मत छ । वेद कसैले लेखेको नहुनाले वेद अपौरुषेय मानिन्छ । वेदमा भएका मन्त्रहरूमा असी प्रतिशत मन्त्रहरू कर्मकाण्डसँग सम्वद्ध छन्, सोह्र प्रतिशत मन्त्रहरू उपासनासँग सम्वद्ध छन् र चार प्रतिशत मन्त्रहरू ज्ञानसँग सम्वद्ध छन् भनिन्छ । दुधबाट नौनी निकाले जस्तो मथेर वेदमा परब्रह्म र भक्तिसँग सम्वद्ध मन्त्रहरू पाइन्छन् भन्ने कतिपय विद्वान्हरूको मत छ[४१] ।

---

४० मिश्र (१९९९), पृ. १५४
४१ राधाकृष्ण (१९९९), पृ. ६७

वेद अनन्त छ भनिन्छ- अनन्ता वै वेदाः। हिन्दू विद्वान्हरूले ऋग्वेदका २१ शाखा, यंजुर्वेदका १०१ शाखा, सामवेदका १००० शाखा र अथर्ववेदका ९ शाखाहरू गरी जम्मा ११३१ शाखाहरू रहेकोमा वर्तमान अवस्थामा ऋग्वेदका दुई शाखाहरू शाकल र शाखायन शाखा, यजुर्वेदको कृष्णयजुर्वेदमा तैत्तिरीय, मैत्रायण, कठ र कपिष्ठक शाखा, शुक्लयजुर्वेदमा दुई शाखाहरू माध्यन्दिनीय र काण्व शाखा, सामवेदका कौथुम र जैमिनीय र अथर्ववेदका शौनक र पैप्पलाद शाखाहरू गरी जम्मा १२ वटा शाखाहरू मात्र प्राप्य छन् भनेका छन्। ती मध्ये पनि छ शाखाहरू शाकल, तैत्तिरीय, माध्यन्दिनीय, काण्व, कौथुम र शौनक शाखाहरूको मात्र अध्ययन शैली प्राप्त रहेको विद्वान्हरूले उल्लेख गरेका छन्। वेदका अन्य शाखाहरू लुटिए, लुप्त भए वा नाशिए वा नष्ट गरिए खोजी हुनु जरुरी छ भन्ने उनीहरूको धारणा छ[४२]।

वेदलाई सुरुदेखि नै चार खण्डमा विभाजन गरिएको छ- मन्त्र या संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्। मन्त्रमा इन्द्र, वरुण, अग्नि, विष्णु आदिका मन्त्र छन्। ब्राह्मणमा यज्ञ यज्ञादिका विधि विधानको वर्णन पाइन्छ। आरण्यकमा यज्ञका कर्मकाण्ड र विशेष रूपमा वनमा आचारित ध्यान समाधिको निरूपण पाइन्छ भने उपनिषद्मा आत्मा र ब्रह्म विषयक कुराहरू पाइन्छन्। चार वेदहरूमा ऋग्वेद प्राचीन हो[४३]। मण्डल र सूक्तहरूका आधारमा ऋग्वेदको विभाजन गरिएको पाइन्छ भने अष्टक अध्याय र सूक्तका आधारमा पनि विभाजन गरिएको छ। ऋक् र ऋचाको अर्थ स्तुति हो। ऋग्वेदमा इन्द्र, अग्नि, वायु, सोम, वरुण, मरुत्, अश्विन- युगल, सरस्वती, इडा, भारती, रुद्र, प्रजापति, विश्वकर्मा अदिति आदिको स्तुति छ। ती देवताहरूलाई कसैले एक ईश्वरका द्योतक नाम- एकं सद्विप्रा बहुधा वदन्ति मानेका छन् भने कसैले योग साधनामा अनुभूत हुने विभिन्न आध्यात्मिक शक्ति मानेका छन्। सृष्टि, उत्पत्ति, निर्माता आदिको चिन्तन पनि यस वेदमा पाइन्छ। यजुर्वेद[४४] कर्मकाण्डको वेद हो। दर्शपौर्णपास, पुरुषमेध, सर्वमेध, राजसूय, अश्वमेध आदि यज्ञहरूसँग सम्बद्ध मन्त्रहरू यस वेदमा पाइन्छन्। ऋग्वेद पद्यमा छ भने यजुर्वेदको केही अंश गद्यमा पनि छ। यजुर्वेदलाई शुक्ल र कृष्ण गरी दुई भागमा विभाजन गरिएको छ। सामवेदमा अधिकांश मन्त्रहरू ऋग्वेदका छन्। ती मन्त्रहरू गायन गरिने मन्त्रहरू हुन्। सामवेदलाई गीताले उत्कृष्ट मानेको छ। सामवेदलाई उपासनाको वेद पनि भनिन्छ[४५]। अथर्ववेदको भाषा आजको संस्कृत भाषाको नजिक छ। कतिपय विद्वान्ले यो त्रयीमा पर्दैन भनेका छन् भने कतिपयले अथर्ववेद[४६] सबै वेदहरूको

---

४२ मिश्र (१९९९), पृ. १५४-१५६
४३ अधिकारी (१९९९), पृ. १६०
४४ रेग्मी (१९९९), पृ. १६३
४५ अधिकारी (१९९९), पृ. १७१
४६ रेग्मी (१९९९), पृ. १७५

सार हो भनेका छन्। यस वेदलाई ब्रह्मवेद पनि भनिन्छ। यस वेदमा मानव जीवनको हरेक पक्षलाई समावेश गरिएको छ। यसमा सृष्टिको नियामक सत्ताका विषयमा गहन विचार गरिएको छ।

यज्ञ र कर्मकाण्ड सम्बद्ध ब्राह्मणहरूमा वेदहरू मध्ये ऋग्वेदका प्राप्य ऐतरेय, कौषितकी र शाख्यायन ब्राह्मणहरू हुन्। शुक्लयजुर्वेदको शतपथब्राह्मण उपलब्ध छ। कृष्णयजुर्वेदका तैत्तिरीय र कठ ब्राह्मण प्राप्य छन्। सामवेदका ताण्डव, पञ्चविंश, जैमिनीय ब्राह्मण उपलब्ध छन् भने अथर्ववेदको पैपलाद र गोपथ ब्राह्मण प्राप्य छन्। आरण्यकहरू बाह्र वटा उपलब्ध छन्।

वेदको हरेक शाखाका एक एक वटा उपनिषद् रहेको भनिए पनि २२० वटा उपनिषद्को नाम उपलब्ध छ। उपनिषद्हरू १०८ वटा हुन् पनि भनिन्छ। ती मध्ये ऐतरेय, कौषितकी, वृहदारण्यक, ईश, तैत्तिरीय, कठ, मैत्रायणी, श्वेताश्वर, छान्दोग्य, केन, प्रश्न, मण्डूक र माण्डूक्य उपनिषद् मुख्य मानिन्छन्। उपनिषद् दर्शन र ज्ञानका ग्रन्थहरू हुन्। कतिपय विद्वान्हरू ११८० वटा उपनिषद् रहेको उल्लेख गर्दछन्। कतिपय विद्वान्हरू उपनिषद्लाई वेद मान्दैनन्।

वेदको भाषा, वाक्य प्रणाली, शब्द, अर्थ र मात्राको ज्ञान दिने शास्त्रहरूलाई वेदाङ्ग[४७] भनिन्छ। ती ६ वटा भएकोले षट्शास्त्र पनि भनिन्छ। ती हुन्- शिक्षा, व्याकरण, निरुक्त, छन्द, कल्प र ज्योतिष। शिक्षामा वर्ण, स्वर, मात्रा र उच्चारणमा विचार गरिएको छ। पाणिनीय शिक्षा याज्ञवल्क्य शिक्षा, भारद्वाज शिक्षा, कश्यप शिक्षा यस शास्त्रका प्रमुख ग्रन्थहरू हुन्। व्याकरणलाई साधु शव्दको व्युत्पादन शास्त्र भनिन्छ। भाषाको नियमको निर्धारण गर्ने हुनाले यस शास्त्रलाई शव्दानुशासन पनि भनिन्छ। पाणिनीय अष्टाध्यायी व्याकरण हो। निरुक्तले व्युत्पत्तिका आधारमा अर्थको रहस्य खोज्दछ। यो वैदिक भाषा विज्ञान हो। निरुक्तका पाँच अङ्गहरू छन्। निघण्टु र यास्क निरुक्तका प्रसिद्ध ग्रन्थकारहरू हुन्। छन्द नजानी वेद अध्ययन गर्नु पाप हो भनिन्छ। छन्द वेदको चरण हो। छन्दहरू मूलतः सात वटा हुन्- गायत्री, उष्णिक्, अनुष्टुप्, वृहती, पङ्क्ति, त्रिष्टुप् र जगती। ती छन्दहरूलाई आधार मानेर अनेकौं छन्द निर्माण भएका छन्। छन्दका मुख्य ६ वटा ग्रन्थहरू छन्- छन्दार्णव, विष्णुसूत्र, छन्दोरहस्य, छन्दप्रभाकर, छन्दप्रवेश र छन्दरत्नाकर। कल्पले कर्म विधिको परिचय, संस्कार विधान, धर्म व्यवस्था, यज्ञमण्डप निर्माण आदिको ज्ञान गराउँछ। तिनीहरूलाई सूत्रग्रन्थ पनि भनिन्छ। सूत्रग्रन्थहरूमा मुख्य श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्बसूत्र हुन्। ज्योतिष शास्त्रले काल गणनाका आधारमा ग्रह उपग्रहहरूको स्थितिको ज्ञान गराउँछ। ज्योतिषले पञ्चाङ्ग रचना गर्दछ। ज्योतिषका पाँच सिद्धान्त पाइन्छन्- सूर्यसिद्धान्त, पौलिशसिद्धान्त, रोमकसिद्धान्त,

---

४७ गौड (१९९९), पृ. २१-६७, ८१-१०२, १०९, १२४

वाशिष्ठसिद्धान्त, पितामहसिद्धान्त। पराशर, गर्ग, आर्यभट, वराहमिहिर, ब्रह्मगुप्त, भास्कराचार्य, कमलाकर आदि ज्योतिषीका मुख्य नामहरू हुन्।

हिन्दू धर्मशास्त्रहरूको शृङ्खलामा ब्रह्मसूत्र महत्त्वपूर्ण मानिएको छ। वेदका मूलतः दुई पक्षहरू मानिन्छन्- कर्मकाण्ड र ज्ञान काण्ड। आचार्य वादरायणले ज्ञान काण्डलाई महत्त्व दिएका छन् र जैमिनिले कर्मकाण्डलाई महत्त्व दिएका छन्। वेदको ज्ञान काण्डलाई सूत्रबद्ध गरी ब्रह्मसूत्र तयार गरिएको छ। धर्मसूत्र हिन्दू धर्मशास्त्रको अर्को महत्त्वपूर्ण ग्रन्थ हो। यसमा विभिन्न युग आश्रमको नैतिक व्यवहारको शिक्षा, वर्ण विशेषका मर्यादाहरू, सामान्य धर्म र आपद् धर्मका विषयहरूमा प्रकाश पारिएको छ।

हरेक वेदका उपवेदहरू छन्। ती हुन् धनुर्वेद, गान्धर्ववेद, आयुर्वेद र अर्थवेद। धनुर्वेदले शब्द शक्ति र मन्त्र चालित अस्त्रहरूको ज्ञान दिन्छ। गान्धर्व वेदले सङ्गीतको शिक्षा दिन्छ। आयुर्वेदले शरीर र मनलाई स्वस्थ राख्ने ज्ञान दिलाउँछ र अर्थवेदले समाज शास्त्र, दण्डनीति, अर्थशास्त्र जस्ता कुराहरूको बोध गराउँछ।

पुराणलाई पञ्चम वेद भनिन्छ। कतिपय विद्वान्‌ले वेदभन्दा पछि पुराणहरू लिपिबद्ध गरिएको कुरा मानेका छन् भने वेदभन्दा अघि पुराणहरू थिए भन्ने विद्वान्‌हरूको निष्कर्ष पनि पाइएको छ[४८]। पुराणलाई अध्यात्मशास्त्र, दर्शनशास्त्र, धर्मशास्त्र, कलाशास्त्र, इतिहास, जीवनी, कोश, सनातन आर्य संस्कृति स्वरूप आदि नामले पनि सम्बोधन गरिन्छ। सर्ग, प्रतिसर्ग, सृष्टि, मन्वन्तर र वंशानुचरित पुराणका लक्षण मानिन्छन्। पुराणलाई वेदको उपाङ्ग पनि भनिन्छ। पुराणहरू मूलतः १८ वटा छन् भनी देवीभागवतले भनेको छ- मकारबाट दुई मत्स्य र मार्कण्डेय, भकारका दुई भविष्य र भागवत, ब्रकारबाट तीन ब्रह्म, ब्रह्मवैवर्त्त र ब्रह्माण्ड, वकारबाट चार वायु (शिव), विष्णु, वामन र वराह र आद्य अक्षरबाट सात अग्नि, नारद, पद्म, लिङ्ग, गरुड, कूर्म र स्कन्द। ब्रह्मपुराण सवैभन्दा पुरानो मानिन्छ। पद्मपुराण आकारमा धेरै ठुलो छ। विष्णुपुराण सात्त्विक पुराण हो। शिवपुराणमा महादेवको जीवन र अलौकिक लीलाको वर्णन छ। भागवतमा मूलतः कृष्ण कथा पाइन्छ। वायुपुराण पनि शैव पुराण हो। नारदपुराणलाई बृहन्नारदीयपुराण पनि भनिन्छ। यो पनि सात्त्विक पुराण हो। अग्निपुराणलाई हिन्दू सांस्कृतिक विश्वकोश पनि भनिन्छ। ब्रह्मवैवर्तपुराणमा ब्रह्म खण्ड, प्रकृति खण्ड, गणपति खण्ड, श्रीकृष्णजन्म खण्डहरू पाइन्छन्। वराहपुराणमा वराह अवतारको उल्लेख पाइन्छ। स्कन्दपुराणमा शिवतत्त्वको विवेचना छ। मार्कण्डेयपुराण मार्कण्डेय ऋषिद्वारा प्रणीत हो। वामनपुराणमा भगवान् विष्णुको वामन अवतारको वर्णन छ। कूर्मपुराणमा शिवको प्रधानताको तथा शक्तिको वर्णन पाइन्छ। यसमा धर्म, अर्थ, काम र मोक्षको माहात्म्य बताइएको छ। मत्स्यपुराणमा भगवान् विष्णुको मत्स्य

---

४८ प्रपन्नाचार्य (२०६७), पृ. १८५, १९१

अवतारको वर्णन छ। गरुडपुराण श्राद्ध कर्मसँग सम्बद्ध छ। ब्रह्माण्ड पुराणमा मूलतः सृष्टि रचना सम्बन्धी विवरण पाइन्छ। लिङ्गपुराणमा शिवजीको माहात्म्य पाइन्छ। योग र अध्यात्मको दृष्टिले लिङ्ग पूजाको गुहार्थ यस पुराणमा पाइन्छ।

केही विद्वान्हरूले १८ पुराणका अतिरिक्त २९ उपपुराण मानेका छन्[४९]। ती हुन्- सनत्कुमार, नरसिंह, बृहन्नारदीय, शिवा, दुर्वासस, कापिल, मानव, उषनस, वारुण, कालिका, साम्व, नन्दीकेश्वर, सौर, पाराशर, आदित्य, ब्रह्माण्ड, माहेश्वर, भागवत, वाशिष्ठ, कौर्म, भार्गव, आदि, मुद्गल, कल्कि, देवी, बृहद्धर्म, परानन्द, पशुपति र हरिवंश। कूर्म पुराणमा १८ वटा उप पुराणहरूको उल्लेख पाइन्छ। ती हुन्- सनत्कुमार, नरसिंह, वायवीय, शिवधर्म, आश्चर्य, नारदीय, नन्दीकेश्वर, औशनस, कापिल, वारुण, साम्व, कालिका, माहेश्वर, कल्कि, दैव, पाराशर, मारीच र सौर पुराण।

हिन्दू दर्शनलाई दुई भागमा विभाजन गरिएको छ- आस्तिक र नास्तिक। मोक्ष र वेदमा विश्वास गर्ने दर्शन आस्तिक दर्शन हो भने वेद नमान्ने र मौका पर्दा वेदको निन्दा गर्ने दर्शन नास्तिक दर्शन हो। आस्तिक दर्शन ६ वटा र नास्तिक दर्शन पनि ६ वटा छन्। आस्तिक दर्शनहरू हुन्- न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त। त्यस्तै नास्तिक दर्शनहरू हुन्- चार्वाक, माध्यमिक, योगाचार, सौत्रान्तिक, वैभाषिक, आर्हत्। गौतमद्वारा प्रतिपादित[५०] न्याय दर्शन तर्क वुद्धिलाई आधार लिएर अर्थसिद्धिसम्म पुग्ने साधनको ज्ञान गराउने दर्शन हो। न्याय दर्शनले ईश्वर, जीव र मायालाई अनादि मानेको छ। मायाको कहिल्यै नाश हुँदैन, जीव पनि अविनाशी र ईश्वर पनि अविनाशी छन्। दुःखका एक्काइस वटा सिँढीहरू छन्- इन्द्रिय, इन्द्रियका विषय, विषयको ज्ञान, दुःख, सुख र शरीर जोड्दा एक्काइस दुःखका सिँढीहरू हुन्छन्। ती सिँढी पार गरे आनन्दमा प्रवेश गरिन्छ, ब्रह्मधाममा प्रवेश गरिन्छ भन्ने यस दर्शनको मान्यता पाइन्छ। गौतमको न्यायसूत्रमा पदार्थको परिभाषा गरिएको छ। पदार्थहरू १६ वटा छन्- प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, छल, जाति, हेत्वाभास र निग्रहस्थान। न्यायसूत्रमा पदार्थका सम्बन्धमा उठाइएको आपत्तिहरूको परीक्षण र खण्डन गरिएको छ। त्यसमा आत्माको स्वरूप र इन्द्रियहरूको विवेचना गरिएको छ। पुनर्जन्म, कारणता, अङ्ग अङ्गीका समस्या, अणुवाद वाद विवाद तथा तिनका नियम र विधिहरूको चर्चा गरिएको छ। न्याय दर्शनलाई दुई भागमा विभाजन गरिएको छ। पदार्थ मीमांसा र प्रमाण मीमांसा।

मीमांसा दर्शनका[५१] प्रतिपादक जैमिनि हुन्। मीमांसा दर्शनले कर्मलाई ब्रह्म मानेको छ। जसले असल कर्म गर्दछ, ऊ ब्रह्म बन्दछ, भगवान् बन्दछ।

---

४९ गुप्त (२०००), पृ. ११३

५० गौड (१९९३), पृ. २२५-२५१

५१ ब्रजभूषण (२०१२), पृ. ५२३-५५६

सबै कुरा कर्मले निर्धारण गर्दछ। कर्म नै इष्ट हो। जीव, ईश्वर जे बन्दछ कर्मले बन्दछ। कर्मविना केही पनि हुँदैन। अनादि भन, अनुपम भन, सबै कर्मले नै बन्दछ। असल कर्मलाई ब्रह्म मानिन्छ। संसारमा कोही ईश्वर वा ब्रह्म बन्दछ भने कर्मले बन्दछ। मीमांसा दर्शनले वेद र वेदका शब्दहरूलाई नित्य भनी प्रतिपादन गरेको छ। कर्म काण्डलाई मनुष्यको प्रथम धर्म मान्ने यस दर्शनले कर्मकाण्ड पछि ज्ञानकाण्डको कुरा गरेको छ।

कपिलद्वारा[५२] प्रतिपादित साङ्ख्य दर्शनले संसारमा जे जति भएको छ त्यो पुरुष र प्रकृतिको खेल हो भनेर मान्छ। पुरुष ब्रह्म र प्रकृति माया हो। जब पुरुष र प्रकृतिको संयोग हुन्छ, सृष्टि बन्दछ। ती दुई अलग हुँदा सृष्टि मेटिन्छ। प्रकृतिमा तीन गुण हुन्छन्- सत्त्व, रज र तम। तीन गुणको साम्यावस्था प्रकृति हो। प्रकृतिमा उद्वेलन उत्पन्न भएपछि महत् उत्पन्न हुन्छ। महत्बाट अहङ्कार, अहङ्कारबाट मन, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र पञ्च तन्मात्रा उत्पन्न हुन्छन्। पञ्च तन्मात्राबाट पञ्च महाभूत उत्पन्न हुन्छ। यस दर्शनले जीवको बहुलतालाई स्वीकार गरेको छ र इन्द्रिय प्रत्यक्ष, अनुमान र वस्तुगत साक्ष्यलाई ज्ञान प्राप्तिका माध्यम भनेको छ।

योग दर्शनका[५३] प्रतिपादक महर्षि पतञ्जलि हुन्। यस दर्शनले प्रकृति, पुरुष र ईश्वरको सत्तालाई स्वीकार गरेको छ। योगाभ्यासका आठ अङ्गहरू छन्- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यी कुराहरूद्वारा ब्रह्म प्राप्त गर्न सकिन्छ। ब्रह्म निराकार छन्। ती निराकार ब्रह्मलाई समाधि अवस्थामा एकचित्त भएर प्राप्त गर्न सकिन्छ भनी मानेको छ। यस दर्शनले प्रमाण, विपर्यय, विकल्प, निद्रा र स्मृतिलाई निरोध गर्नु पर्दछ भनेको छ। तिनीहरूको निवृत्ति अभ्यास र वैराग्यले गर्न सकिन्छ भन्ने यस दर्शनको मान्यता रहेको पाइन्छ।

महर्षि कणादद्वारा[५४] प्रतिपादित वैशेषिक दर्शनले वेदको वर्णन प्रामाणिक ज्ञानको साधन र धर्मको प्रमाणका रूपमा गरेको छ। यस दर्शनले काललाई नित्य, सर्वव्यापी र अद्वितीय द्रव्य मानेको छ र आत्मालाई पनि नित्य र सर्व व्यापक मानेको छ। यस दर्शनले आत्माका धेरै रूप हुन्छन् र चेतन तत्त्व प्रतीत हुने सबै वस्तुमा आत्मा हुन्छ भनेको छ। संसारका सबै वस्तु परमाणुबाट बनेका हुन्छन् भन्ने यस दर्शनले विना कारणको कार्य हुन सक्तैन, कारण नित्य छ, उत्पन्न गर्ने नित्य छ भन्ने मान्यता स्वीकार गरेको छ।

वेदान्त दर्शनका प्रतिपादक शङ्कर हुन्। यस दर्शनले माया र ब्रह्म संसारमा व्यापक छ, सानो अणुदेखि लिएर हात्तीसम्म सर्वत्र ब्रह्मको सत्ता व्यापक छ। जड चेतन सबैमा ब्रह्म व्यापक छ भन्दछ। वेदान्तको व्याख्या गरेर

---

५२ ऐ.
५३ ऐ.
५४ माधव पृ. ४२१

शङ्कराचार्यले मायावाद/अद्वैतवादको व्याख्या गरेका छन्। महर्षि वादरायणले वेदको ज्ञानपक्षलाई सूत्रबद्ध गरी ब्रह्मसूत्रको रचना गरे। ब्रह्मसूत्रको अर्को नाम वेदान्त सूत्र पनि हो। यसको भाष्य वा व्याख्या धेरैले गरेका छन्। वादरायणले संसारको सृष्टिको मूल कारण सृष्टि, स्थिति र लयको कारण ब्रह्म हुन्, ब्रह्म निराकार निर्गुण छन्, आत्मा परमात्माको अंश हो भनेका छन्। वेदान्त सूत्रको धेरैले व्याख्या गर्दा आ-आफ्ना धारणा व्यक्त गरेको पाइन्छ। गौडपाद जस्ता विद्वान्हरूले ब्रह्मबाहेक अरू कसैको अस्तित्व स्वीकार गरेका छैनन्। शङ्कराचार्यले ब्रह्म वा शुद्ध चेतना बाहेक अरू कुनै सत्ता वास्तविक होइन भनेका छन्। संसार केवल भ्रम वा माया हो भन्दै शङ्कराचार्यले ब्रह्म सत्य जगत् मिथ्यालाई प्रतिपादन गरेका छन्। समस्त सृष्टि र ईश्वरलाई भ्रामक मान्ने यस वादलाई मायावाद पनि भनिन्छ।

शङ्करको अद्वैतवाद भन्दा फरक मतलाई भेदाभेदवाद भनिन्छ। भास्करका अनुसार तरङ्ग र समुद्र जस्तो जीव र ब्रह्ममा भेद र अभेद दुवै छ भन्ने यस वादका प्रणेताको विश्वास पाइन्छ। रामानुजले ब्रह्म सर्वोच्च सत्ता हो, ऊ सर्वगुण सम्पन्न, सर्व शक्तिमान् र व्यापक छ भन्दै ल्याएको विशिष्ट द्वैतवादले पदार्थ र जीवको अस्तित्वलाई ब्रह्म र ईश्वरको अंशमा स्वीकार गर्दछ। यस वादले मोक्ष प्राप्त गर्ने एक मात्र साधन भक्ति हो भनेको छ। आचार्य निम्बार्कले द्वैताद्वैतवादको प्रतिपादन गरेका छन्। उनका अनुसार जीव ब्रह्मसँग भिन्न र अभिन्न दुवै हुन्छ। ब्रह्मले असङ्ख्य जीवहरूमा आफूलाई प्रकट गरेर पनि आफ्नो स्वतन्त्रता कायम राख्दछ, जीव र जड पदार्थहरू मूल र स्थायी रूपमा ब्रह्ममा एकाकार हुन्छन्, भक्तिका माध्यमबाट ईश्वरप्रति प्रगाढ प्रेम उत्पन्न भएर परमसत्तासँग साक्षात्कार हुन सकिन्छ। मध्वाचार्यले द्वैतवादको प्रतिपादन गरेका छन्। उनका अनुसार मोक्षावस्थामा पनि जीवात्मा र परमात्मामा भेद कायमै रहन्छ। शुद्धाद्वैतवादका प्रतिपादक वल्लभाचार्यले ब्रह्म र जीवलाई सुन र सुनका गहनाका रूपमा देखाएका छन्। उनले भक्तिका माध्यमबाट ब्रह्म प्राप्त हुने कुरा वताएका छन्। अचिन्त्य भेदाभेदका प्रतिपादक चैतन्यले ब्रह्म र जीव एक अर्कामा भिन्न पनि छैनन् अभिन्न पनि छैनन् भनेका छन्। यसरी ब्रह्मसूत्रको व्याख्यामा फरक मत वा वाद आए पनि ब्रह्मको सत्तालाई सबैले स्वीकार गरेका छन्। वेदान्तको अर्को व्याख्यालाई पञ्चरात्र मत भनिन्छ। यस मतले ब्रह्मलाई सगुण र निर्गुण दुबै मानेको छ र भक्ति मार्फत मोक्ष प्राप्तिमा जोड दिएको छ।

वैष्णववादी वेदान्त दर्शन भन्दा भिन्न अन्य दर्शनहरू पनि हिन्दू धर्मभित्र पाइन्छन्। शैव दर्शन, पाशुपत दर्शन र शाक्त दर्शनहरूलाई यस अन्तर्गत लिन सकिन्छ।

नास्तिक दर्शनहरूमा चार्वाक दर्शन महत्त्वपूर्ण मानिएको छ। यस दर्शनलाई लोकायत दर्शन पनि भनिन्छ। यस दर्शनले तल लेखिएका कुराहरूलाई प्रतिपादन गरेको विद्वान्हरूले मानेका छन्[५५]-

१) सबै वस्तु पृथ्वी, जल, वायु र अग्निबाट बनेका हुन्।
२) चेतना ती वस्तुहरूको संयोगबाट बनेको हो।
३) ईश्वर छैन, ईश्वर काल्पनिक शक्ति हो।
४) आत्मा स्वतन्त्र छैन। शरीरभन्दा छुट्टै आत्मा हुँदैन।
५) पूर्वजन्म र पुनर्जन्म हुँदैन। जलेर खरानी भएपछि फेरि फर्केर आउँदैन।
६) कर्मफल पाइँदैन। मरेपछि सुख पाइने भए मानिस आफूखुसी मर्ने थिए।
७) श्राद्ध गर्नु पर्दैन। श्राद्ध गरेर खान दिँदा पितृलोकमा पुग्छ भन्ने हो भने परदेश गएकालाई घरमा पस्किँदिँदा पुग्छ र ?
८) प्रत्यक्ष अनुभव मात्र ज्ञानको माध्यम हो।

नास्तिक मतमध्ये अर्को मत माध्यमिक वा शून्यवाद हो। शून्य मात्र सत्य हो भन्ने यस मतको मूल मान्यता सम्पूर्ण शून्य हो। बौद्ध धर्मको महायान शाखाभित्रको यस दर्शनलाई आचार्य नागार्जुनले प्रतिपादन गरेका हुन्। यस दर्शनले सम्पूर्ण चराचर जगत् शून्य छ, शून्य परमार्थ हो, जगत्को सत्ता व्यावहारिक र शून्यको सत्ता पारमार्थिक छ, पारमार्थिक शून्य सत्य हो भनेको छ। निर्वाणको अर्को नाम परमार्थ सत्य हो भन्ने यस दर्शनको मान्यता रहेको पाइन्छ[५६]।

बौद्ध धर्मको महायान शाखाका अर्का आचार्य मैत्रेयनाथले योगाचार दर्शनको प्रतिपादन गरेका हुन्। यस दर्शनलाई विज्ञान वाद पनि भन्निछ। यस दर्शनले चित्तको अस्तित्वलाई स्वीकार गर्दछ। शरीर र अरू जति पदार्थ छन् ती सबै मनभित्र विद्यमान छन्। मनलाई आत्मसंयम तथा योगाभ्यासद्वारा वशमा गरेर निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने यस दर्शनको मान्यता रहेको छ।

बौद्ध धर्मको हीनयान शाखाभित्र रहेको वैभाषिक दर्शनको अर्को नाम सर्वास्तिवाद पनि हो र यो प्रत्यक्षवादी दर्शन पनि भनिन्छ। यस दर्शनले सांसारिक वस्तुहरूमा जेद्वारा असङ्ख्य प्राणीहरूको जीवन निर्वाह भइ रहेको छ,अनन्त सत्ता विद्यमान छ, त्यस कारण त्यो सत्य छ र त्यस्ता सत्यद्वारा निर्दिष्ट निर्वाण सम्वन्धी मान्यता पनि सत्य छन् भन्दछ। प्रत्यक्ष वस्तुमा अनुमान गरि रहनु पर्ने अवस्था रहँदैन, बाह्य पदार्थहरू प्रत्यक्ष सिद्ध छन् भनी यसले भन्छ।

---

५५ भुसाल (२०६८), पृ. ८९-९३
५६ गुप्त (२०००), पृ. १३१-१३४

बौद्ध धर्मको हीनयान अन्तर्गत सौत्रान्तिक दर्शन आएको छ। यसका प्रतिपादक सौत्रान्तिक हुन्। यस दर्शनले अहम् र इदम्को व्याख्या गर्दै ज्ञानको शुद्ध रूप अहम् 'इदम्' ज्ञानबाट वाह्य पदार्थको सत्ताको अनुमान हुन्छ। अहम् बोध र इदम् विज्ञान हो। यी ज्ञानबाट उत्पन्न सुख दुःखादि वेदना हुन्। यी वेदनाबाट राग द्वेष संस्कार हुन्छ। रागद्वेषादि संस्कार समुदाय दुःखका साधन हुन्। ती सबै क्षणिक छन्। यही भावना नै यो दुःखबाट परित्राण पाउने मार्ग हो, निर्वाणको मार्ग हो भन्ने यस दर्शनको मान्यता छ।

आर्हत् दर्शनलाई जैन दर्शन पनि भनिन्छ। यस दर्शनले ईश्वरको सर्वव्यापकता, स्वतन्त्रता र नित्य सत्ता स्वीकार गर्दैन। ईश्वर भन्नु त्यो आत्मा हो जो वीतराग, निर्मल, सर्वज्ञ र केवल ज्ञान प्राप्त छ। यसैलाई अर्हत् भनिन्छ। यस दर्शनले जीवको अनन्त सत्तामा विश्वास गर्दछ। जगत्लाई अनादि मान्दछ। समस्त जीवलाई दुई भागमा विभाजित गरिन्छ- बद्ध र मुक्त। बद्ध जीवमा केही सिद्ध हुन्छन्। सिद्ध जीव स्थितप्रज्ञ हुन्। केही वस्तु अजीव हुन्छन्। तिनीहरूका पाँच लक्षण छन्- पुद्गल, गति, अगति, आकाश र काल। आत्मालाई पुद्गलबाट मुक्त गरेर कैवल्य स्थितिमा पुऱ्याउनु पर्दछ। सम्यक् ज्ञान, सम्यक् दर्शन र सम्यक् चरित्र मोक्षका साधनहरू हुन् भन्ने यस दर्शनका दुई मूल शाखाहरू छन्- श्वेताम्बर र दिगम्बर। चतुर्विध कर्म (ज्ञान वरणीय, दर्शन वरणीय, वेदनी र मोहनीय) नाश भएपछि मोक्षको मार्ग प्रशस्त हुन्छ भन्ने यस दर्शनको मूल मान्यता हो।

हिन्दू ग्रन्थहरूमा महाभारत र रामायणलाई इतिहास पनि भनिन्छ। रामायणमा सात काण्डहरू छन्। मर्यादा पुरुष रामको जीवन कथाका माध्यमबाट यस ग्रन्थले पितृभक्ति, पितृ आदेशको पालना, पतिभक्ति, भ्रातृत्व, बन्धुत्व, पारस्परिक ईर्ष्याबाट उत्पन्न समस्या, ईश्वर भक्ति, सुखी र समृद्ध राज्य व्यवस्था लगायतका कुराको विवेचना गरेको छ। महाभारतमा अठार पर्वहरू छन्। यस ग्रन्थले कौरव पाण्डव र कृष्ण जस्ता पात्रहरूका माध्यमबाट अधर्मको स्वरूप, धर्मको रक्षा, सत्यको विषय, सुशासन, अनुशासन, ईश्वर भक्ति, कर्म योग, ज्ञान योग लगायतका विषयमा विशद विवेचना गरेको छ। यी दुवै ग्रन्थहरू हिन्दू समाजमा ज्यादै लोकप्रिय छन्।

श्रीमद्भगवद्गीता[५७] महाभारतभित्र रहेको अत्यन्त महत्त्वपूर्ण भाग हो। जम्मा १८ अध्याय र ७०० श्लोकहरू रहेको यो ग्रन्थ जति धेरै पढिएको, प्रकाशित भएको र अन्य भाषामा अनूदित भएको अर्को हिन्दू धर्म ग्रन्थ छैन। हरेक अध्यायलाई एउटा एउटा योगको नाम दिइएको यस ग्रन्थलाई वेदान्तको सर्वश्रेष्ठ प्रमाण मानिन्छ। गीता भनी सङ्क्षेपमा सम्बोधन गरिने यस धर्मग्रन्थलाई वैदिक सनातन धर्मवृक्षको अमृत फल मानिन्छ। धर्म युद्धलाई पाप र पापीहरूप्रतिको आक्रामकतालाई नैतिक अधः पतन देख्नेहरूका लागि गीता

---

५७ वाजपेयी (१९७८), पृ. ४२२

सर्वोत्तम उत्तर हो। गीतामा क्षर, अक्षर, उत्तम पुरुष, कर्म, उपासना, ज्ञान र भक्तिका विषयमा स्पष्ट रूपमा विवेचना गरिएको छ।

हिन्दू धर्मशास्त्रका शृङ्खलामा स्मृतिहरू पाइन्छन्। स्मृतिमा आचार, व्यवहार र प्रायश्चित्तका विधिहरू निश्चित गरिएका छन्। त्यस बाहेक धर्म, समाज, राज्य र व्यक्ति सम्बन्धी सबै विषयहरूको स्मृतिमा विवेचना गरिएको छ। स्मृति र स्मृतिकारहरूको निश्चित सङ्ख्या भन्न सकिएको छैन। विभिन्न कालखण्डमा विभिन्न ऋषिमुनि, महर्षि, तपस्वीहरूले स्मृतिहरू तयार गरेको ठानिन्छ। कहीँ ३८ जना स्मृतिकारहरूको नाम उपलब्ध छ भने कहीँ १३१ वटा स्मृतिहरूको नाम पनि पाइएको छ। ती स्मृतिहरू मध्ये मनुस्मृति र याज्ञवल्क्यस्मृति मुख्य मानिएका छन्[५८]।

त्यसरी नै तन्त्रशास्त्रहरू पनि १०० भन्दा बढी रहेको उल्लेख पाइन्छ। तन्त्रशास्त्रहरूका तीन मार्गहरू पाइएका छन्। दक्षिणाचार मार्गका तन्त्रशास्त्रहरूले वेद स्मृति पुराण आदिले निर्दिष्ट गरेको योग र पद्धतिद्वारा तत्त्वको साधना विधि बताएका छन्। यी सत्त्वगुण प्रधान छन्। मध्यमाचार रजोगुण प्रधान हुन्छ। यसमा जप, होम, अर्चना, षट्चक्र भेदन गरेर सिद्धावस्था प्राप्त गरिन्छ। वामाचार मार्गले लौकिक सिद्धि प्राप्त गर्न प्रेत, पिचाश, डङ्किनी, शवसाधना र पञ्चमकारको प्रयोग गर्ने गरेको पाइन्छ। कतिपय तन्त्र साधकहरूले अरूको कुभलो पनि गरेका उदाहरण पाइन्छ। तन्त्र विधाका १०० भन्दा बढी शास्त्रहरू छन्।

माथि उल्लेख गरिए बाहेक आगमहरू हिन्दू धर्मका अन्य शास्त्रहरू हुन्। पञ्चरात्र आगम, शैव आगम, शाक्त आगम लगायत आगमहरूको उल्लेख पाइएको छ। संहिताहरू २१५ वटाभन्दा बढी रहेको अनुमान गरिन्छ। संहिताहरूले धर्मको तत्त्व, आचरण, व्यवहार, ध्यान, समाधि आदिको विवेचना गरेका छन्। हिन्दू धर्मका विषयमा हिन्दू विद्वान्हरूका अतिरिक्त विदेशका विद्वान्हरू निरन्तर अध्ययन र लेखनमा लागेका छन्। हिन्दू धर्मका बारेमा लेखिएका पुस्तकहरूको सङ्ख्या अत्यन्त धेरै रहेको छ। हाम्रा धर्म शास्त्रहरूको सूची मात्र पनि समावेश गरिएको ग्रन्थ तयार गर्ने हो भने त्यो अत्यन्त ठूलो ग्रन्थ हुने छ।

हिन्दू देवी देवताहरू

हिन्दू धर्मका देवी देवताहरूको सङ्ख्या कति हो भन्ने कुरामा एकमत पाइँदैन। हिन्दू धर्ममा ३३ कोटि देवी देवता रहेको कुरा सर्व साधारणका मुखदेखि विद्वान्हरूका पुस्तकहरूमा आइ रहेको पाइन्छ। वेदमा प्रमुख रूपमा ३३३९ देवी देवताको कथन पाइएको छ। विद्वान्हरूले वैदिक देवी देवताहरू, त्रिदेव, शक्ति र स-साना देवी देवता गरी देवी देवतालाई चार श्रेणीमा विभाजन गरेका छन्।

---

५८ सापकोटा (२०६२), पृ. ३२-३७

ऋग्वेदमा मूलतः इन्द्र, अग्नि, वरुण र अन्य देवताको वर्णन पाइन्छ। आठ वसु, एघार रुद्र, बाह्र आदित्य, इन्द्र र प्रजापति गरी देवी देवताको गणना ३३ पुऱ्याइएको छ। वेदमा मूलतः १३ वटा देवताहरूको उल्लेख छ। ती हुन्- आदित्य, अग्नि, अश्विन, इन्द्र, रुद्र, सोम, सूर्य, वरुण, वसु, वायु, विष्णु, विश्वेदेव र यम। त्रिदेवहरूमा ब्रह्मा, विष्णु र शिवलाई लिइन्छ। विष्णुको कहीँ दश अवतारको उल्लेख पाइन्छ भने कहीँ २४ अवतारको प्रसङ्ग पाइन्छ। विष्णुका दश अवतारहरूको नाम यस प्रकार पाइन्छ[५९]-

१) मत्स्य
२) कूर्म
३) वराह
४) नरसिंह
५) वामन
६) परशुराम
७) रामचन्द्र
८) कृष्ण
९) बुद्ध
१०) कल्कि

पछिल्ला ५ अवतारहरू मनुष्य रूपमा भएको मानिन्छ। त्यसरी नै विष्णुका २४ अवतारहरू शास्त्रमा यस क्रमले दिइएको पाइन्छ-

१) नारायण	२) ब्रह्मा
३) सनक, सनन्दन, सनत्कुमार, सनातन	४) नरनारायण
५) कपिल	६) दत्तात्रेय
७) हयग्रीव	८) सुयश
९) ऋषभ	१०) पृथु
११) मत्स्य	१२) कूर्म
१३) हंस	१४) धन्वन्तरि
१५) वामन	१६) परशुराम
१७) मोहिनी	१८) नृसिंह
१९) वेदव्यास	२०) राम
२१) बलराम	२२) कृष्ण
२३) बुद्ध	२४) कल्कि

कृष्णले गीतामा धर्मको संस्थापनाका निमित्त युग युगमा आउने कुरा गरेकोले सबै अवतारहरू कृष्ण अर्थात् विष्णुकै अवतार हुन् भन्ने देखिन्छ।

अवतारहरू विभिन्न प्रकारका छन्- पूर्णावतार, अंशावतार, कलावतार, विभवावतार, आवेशावतार, युगावतार, गुणावतार, कल्पावतार, मन्वन्तरावतार,

---

५९ हर्षानन्द (१९८२), पृ. ५-२५

शक्त्यवतार। कृष्णलाई पूर्णावतार मानिन्छ भने कपिल अंशावतार हुन्। शक्तिहरूमा मुख्यतः ७ वटा मानिन्छन्। शक्तिका उपासकहरूले शिवकी शक्तिरूपा पार्वतीमा शक्ति केन्द्रित रहेको मानेका छन्। ती शक्तिहरू हुन्- सरस्वती, लक्ष्मी, अलक्ष्मी, पार्वती, दुर्गा, काली र ललिता। एकै देवताका हजार नामहरू पाइन्छन्। स-साना देवताहरूमा गणपति (गणेश), सुब्रह्मण्य, अष्ट, आर्य, हरिहर पुत्र, नवग्रह र अष्ट दिक्पाललाई लिइएको छ। अन्य देवताहरूमा मुख्यतः हनुमान्, क्षेत्रपाल, द्वारपाल, शीतलादेवी, मनसा, षष्ठी आदि हुन्। हिन्दू धर्मावलम्बीहरूले वनस्पति नदी र सरोवरलाई देवता वा पवित्र स्थलका रूपमा पुज्ने गरेका छन्। वर पीपल, तुलसी, कुश, अमला, बेल आदि वनस्पति गङ्गा, यमुना,. सरस्वती आदि नदीहरू गोवर्धन जस्ता पहाडहरू हिन्दू धर्मावलम्बीका निमित्त पूज्य छन्।

ॐकारलाई प्रायः सबै हिन्दूले जप गर्ने गरेको पाइन्छ। ॐ शब्द र निःशब्द बिचको कडी हो[६०]। ॐकार ध्वनि हो अनाहत ध्वनि। ॐ ईश्वर चैतन्यको त्यो ध्वनि हो जसबाट सारा प्रकृति चलि रहेको छ। सारा सुख र सुख प्राप्त गर्ने इच्छा समाप्त भएपछि निर्जीव मन ॐकारले भरिन्छ। ॐ यस ब्रह्माण्डको अन्तिम अनुभूति हो। ॐकार को अ उ म अर्ध मात्रा र विन्दुमा त्रिविध ज्ञान, तीन गुण, प्रकृति, जाग्रत्, स्वप्न, सुषुप्ति, स्थूल, सूक्ष्म र कारण शरीर, ईश्वर, जीव र माया, परा, अपरा ज्ञान, सृष्टि, स्थिति, लय लगायत यो सारा ब्रह्माण्डको ज्ञान भरिएको छ।

गायत्री हिन्दूहरूको जप गर्ने मन्त्र हो। जम्मा २४ अक्षर रहेको गायत्रीको वीज मन्त्र भूः भुवः स्वः हो। वीज मन्त्रका अघि ॐकार लगाइन्छ। ती २४ अक्षरले दिने अर्थलाई विद्वान्हरूले आ-आफ्नै पाराले अर्थ गरेका छन्। कसैले सूर्यसँग जोडेका छन्। कसैले त्यसभन्दा माथिको अर्थ गरेका छन्। गायत्रीको तत् शब्द ब्रह्माण्डभन्दा परका परब्रह्म परमात्माका निमित्त प्रयुक्त शब्द हो भन्ने विद्वान्हरूको निष्कर्ष पाइन्छ[६१]।

हिन्दू धर्ममा विभिन्न देवी देवताको मूर्ति पूजाको चलन पाइन्छ। मूर्तिहरू आठ प्रकारका हुन्छन्- ढुङ्गाको, काठको, फलाम(धातु)को, लिपेर वनाएको, लेखिएको, बालुवाको, माटाको र मनको। कतिपय हिन्दूहरूले तस्बिरको पूजा गरेको पनि पाइन्छ। प्रतिमा पूजाभन्दा ग्रन्थ पूजा उत्तम मानिन्छ भने ग्रन्थ पूजाभन्दा मानसी पूजा उत्तम मानिन्छ तर औसत मानिसको मन र भावनात्मक आवश्यकतालाई हेरेर मूर्तिपूजाको शास्त्रीय परम्परा रहेको विद्वान्हरूले ठहराएका छन्।

---

६० वाजपेयी (२०३८)

६१ मङ्गलदास (२०१०), पृ. ५

हिन्दू संस्कारहरू

वर विरुवालाई गोडमेल मलजलले हुर्काएको जस्तो मानिसलाई पनि विभिन्न संस्कारहरूले जन्माउनु, हुर्काउनु, बढाउनु, चलाउनु र बिसाउनु पर्छ भन्ने ऋषिमुनिहरूको युगौंको अनुभववाट आएका विभिन्न संस्कारहरूको हिन्दू धर्मले परिपालना गरि आएको पाइन्छ। संस्कारहरू निर्माण गर्ने क्रममा कहीँ एघार संस्कारको उल्लेख पाइन्छ भने कहीँ तेह्र संस्कारको कुरा पाइन्छ। कहीँ भने अठार संस्कारको कहीँ चाहिँ आठ आत्म गुणसहित चालिस संस्कारको कुरा पनि पाइएको छ। संस्कारहरू परिवर्तित र संशोधित हुँदै जाँदा सोह्र वटा संस्कारलाई हिन्दू धर्मका प्रायः सबैले स्वीकार गरेका छन्। ती सोह्र संस्कारहरू हुन्- गर्भाधान, पुसंवन, सीमन्तोन्नयन, जातकर्म, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त/गौदान, समावर्तन/स्नान, विवाह र अन्त्येष्टि। ती सोह्र संस्कारहरू मध्ये धेरै संस्कारहरूको प्रचलन कम हुँदै गएको छ। प्रथम तीन संस्कारहरूको नाम सुन्ने हिन्दूहरूको सङ्ख्या कमै छ। मूलतः नामकरण, अन्न प्राशन, उप नयन, विवाह र अन्त्येष्टि संस्कारहरू प्रचलनमा रहेका छन्। ती मध्ये पनि उपनयन सबै हिन्दूहरूले सामान्य रूपमा लिने चलन आइ सकेको छ। विवाह संस्कार व्यक्तिको क्षमता र परिस्थितिले निर्धारण गर्न लागेको छ। अन्त्येष्टि संस्कार भने हिन्दू समाजमा विशेष रूपले पालना हुने गरेको पाइन्छ[६२]। जन्मोत्सव, विवाह वार्षिकोत्सव र प्रेम दिवस नयाँ संस्कारका रूपमा निर्माण हुने क्रममा रहेको आभास पाइन्छ।

वर्णाश्रम व्यवस्था

वर्ण भन्नाले हिन्दू धर्मग्रन्थले गुण, कर्म र जन्मले गरेको विभाजनलाई बुझाउँछ। वेदमा ब्रह्माको मुखबाट ब्राह्मण, हातबाट क्षत्रिय, तिघ्राबाट वैश्य र गोडाबाट शूद्रको जन्म भएको हो भनेको छ। गीतामा कृष्णले[६३] गुण र कर्मका आधारमा वर्ण छुट्ट्याएको कुरा गरेका छन्। ब्राह्मण र क्षत्रियका बिचमा देव वर्ण रहेको कतिपय ग्रन्थमा उल्लेख पाइन्छ र कहीँ कहीँ निषाद वर्णको उल्लेख पनि पाइएको छ। वर्णका आधारमा कर्म निर्धारण भएको छ तर जन्मँदा मानिस शूद्र हुन्छ, संस्कारले द्विज बन्दछ, विद्या प्राप्त गरेपछि विप्र हुन्छ र ब्रह्म जानेपछि ब्राह्मण हुन्छ भन्ने शास्त्रीय वचन पाइन्छ। दाह यज्ञमा गल्ती गर्ने र विश्वास घात गर्ने क्षत्रिय अर्को जन्ममा ब्राह्मण भएको र क्षत्रियहरूले पुरोहित्याइँ गरेका तथा क्षत्रियहरू ठुलठुला दार्शनिक भएका उदाहरणहरू छन्।

उमेरका आधारमा आश्रमहरू विभाजन भएका छन्। पुरुषहरूका निमित्त २५ वर्ष र नारीहरूका निमित्त १६ वर्षसम्मको उमेर ब्रह्मचर्य आश्रमका निमित्त तोकिएको छ। यो आश्रम विद्या अध्ययनका निमित्त तय गरिएको छ। २५

---

६२ पाण्डेय (१९९५), पृ. १७-४०

६३ व्यास (२०७०), पृ. ३३

वर्ष पुगेपछि गृहस्थाश्रम सुरु हुन्छ। यो आश्रम सुव्यस्थित रूपले गृहस्थ सञ्चालन गर्न छुट्टयाइएको छ। ५० वर्ष पुगेपछि वानप्रस्थ आश्रम सुरु हुन्छ। गृहस्थको काम छोरालाई छोडेर धर्मपूर्ण जीवन यापन गर्दै समाज सेवामा रहन यो आश्रम छुट्ट्याइएको हो। ७५ वर्ष नाघेपछि नयाँ जीवन लिए सरह मोक्ष र जगत्को हितमा रहन तय गरिएको आश्रम संन्यास आश्रम हो।

लोकालोक

शास्त्रहरूमा चौध लोकको वर्णन पाइन्छ[६४]। यस ब्रह्माण्डका सबैभन्दा तल शेषनारायणदेखि माथि पाताल छ। पातालमाथि रसातल, त्यसमाथि महातल, त्यसमाथि तलातल, त्यसमाथि सुतल, त्यसमाथि वितल, वितलमाथि अतल लोकहरू छन्। हामी बसेको पृथ्वी भूर्लोक वा मृत्युलोक हो। यसभन्दा माथि भुवर्लोक छ जसलाई पितृलोक पनि भनिन्छ। भुवर्लोक माथि स्वर्गलोक, त्यसमाथि महर्लोक, त्यसमाथि जनलोक, जनलोक माथि तपलोक, तपलोक माथि सत्यलोक छ। सत्यलोकमा ब्रह्मा, विष्णु र शिवका तीन पुरीहरू छन्। यस लोकमा तपको बलले सालोक्य, ध्यानको बलले सारूप्य, भक्तिको बलले सामीप्य र ज्ञानको बलले सायुज्य मुक्ति पाइन्छ। चौध लोकलाई पृथ्वी, जल, अग्नि, वायु, आकाश, मनरूप तामस अहङ्कार, बुद्धिरूप राजस अहङ्कार र चित्तरूप सात्त्विक अहङ्कार समेत अष्टावरणले घेरेको छ। अष्टावरणसहित चौध लोकभन्दा माथि ज्योति स्वरूप ॐकार छ। ज्ञान शक्ति गायत्री यहाँ रहन्छिन्। चौध लोक, अष्टावरण र ॐकारभन्दा माथि अखण्ड व्रजको प्रतिविम्ब छ। त्यसमाथि निराकार छ। (यहाँ माथि शब्दको उच्च स्तर अर्थ गर्नु उचित देखिन्छ।) निराकारभन्दा पर अव्याकृत छन्। अव्याकृतभन्दा पर सबलिक ब्रह्म, केवल ब्रह्म र सत्स्वरूप अक्षर छन्। अक्षरभन्दा पर अक्षरातीत धाम छ भनी शास्त्रहरूमा बताइएको छ– अक्षरात् परतः परः।[६५]

तीर्थ र पर्वहरू

हिन्दू धर्मशास्त्रले मोक्षदायिनी सात वटा पुरीहरू मानेको छ- अयोध्या, मथुरा, माया (हरिद्वार), काशी, काञ्ची, अवन्तिका (उज्जैन) र द्वारका। त्यसरी नै चार धामको उल्लेख गरेको छ- बदरीनाथ, जगन्नाथपुरी, रामेश्वरम् र द्वारका। पाँचौं पीठ काञ्ची कामकोटी पीठ हो। चौबिस वटा प्रसिद्ध शिवलिङ्ग भनिएका छन्- पशुपतिनाथ, सुन्दरेश्वर, कुम्भेश्वर, बृहदीश्वर, पक्षितीर्थ, महाबलेश्वर, अमरनाथ, वैजनाथ, तारकेश्वर, भुवनेश्वर, कन्डालिया शिव, एकलिङ्ग शिव, गौरीशङ्कर, हरीश्वर, व्यासेश्वर, मध्येश्वर, हाटकेश्वर, मुक्त परमेश्वर, प्रतिज्ञेश्वर, कपालेश्वर, सर्वेश्वर, स्तम्भेश्वर, कुमारेश्वर र

---

६४ विरजी (२०५७), पृ. २७-५६
६५ व्यास (२०६९), पृ. २४९

अजयअमरेश्वर। त्यसरी नै बाह्र ज्योतिर्लिङ्गहरू छन्। प्रधान देवीविग्रहहरूमा कामाक्षी, भ्रामरी, कन्याकुमारी, अम्बा, महालक्ष्मी, कालिका, ललिता, विन्ध्यवासिनी, विशालाक्षी, सुन्दरी, गुह्येश्वरी र वैष्णवी हुन्। ती देवीहरूका मन्दिरहरू महत्त्वपूर्ण तीर्थ हुन्। नेपालमा पशुपतिनाथ, गुह्येश्वरी, बुढानीलकण्ठ, दक्षिणकाली, शोभाभगवती, मृगस्थली, वज्रयोगिनी, बालाजु, मत्स्येन्द्रनाथ, तुलजा भवानी, पलाञ्चोकभगवती, चण्डिका, मनकामना, शिव गोरखनाथ, देवघाट, त्रिवेणी, गढीमाई, भुटनदेवी, गुप्तेश्वर, मुक्तिनाथ, रिडी, रुरुक्षेत्र, लाटीकोइली, पादुकास्थान, सिद्धचन्दननाथ, त्रिपुरासुन्दरी, सहस्रेश्वर, खेचराद्रि, उग्रतारा, सोमनाथ, जनकपुर, जलेश्वर, भीमेश्वर, पिण्डेश्वर, सिंहदेवी, पाथिभरा, माइवेनी, अर्जुनधारा, गोसाइँकुण्ड, वराहक्षेत्र, स्वर्गद्वारी, हृषीकेश, हलेसी आदि प्रसिद्ध तीर्थहरू हुन्। गङ्गा, यमुना, सरस्वती लगायतका नदीहरू पनि तीर्थ रूप मानिन्छन्।

हिन्दू धर्मका पर्वहरू अनेकन् छन्। वैशाख पूर्णिमा, रक्षा बन्धन (जनैपूर्णिमा), कृष्णजन्माष्टमी, दशैँ, तिहार, छठ, वसन्तपञ्चमी, मकरसङ्क्रान्ति, होली (फागु), शिवरात्रि, रामनवमी, गौरा, हनूमान्जयन्ती, मातातीर्थ औँसी, अक्षयतृतीया, गङ्गादशहरा, हरिशयनी एकादशी, गुरुपूर्णिमा, नागपञ्चमी, कुशे औँसी, तीज, गणेशचौथी, ऋषिपञ्चमी, अनन्तचतुर्दशी, हरिबोधिनी एकादशी, स्वस्थानी पूर्णिमा, सिठी, साउने सङ्क्रान्ति, गठेमङ्गल, गाईजात्रा, पञ्चदान, म्हपूजा, इन्द्रजात्रा, धान्यपूर्णिमा, घोडेजात्रा, पिशाचचतुर्दशी आदि हिन्दू पर्वहरू हुन्।

सम्प्रदाय

हिन्दू धर्ममा दुई प्रमुख धाराहरू अतीतदेखि नै विद्यमान छन्[६६]। एउटा धारालाई वाम मार्ग र अर्को धारालाई दक्षिण मार्ग भनिन्छ। दक्षिण मार्गमा वैष्णव, शैव, शाक्त, सौर र गाणपत्य गरी मूलतः ५ वटा सम्प्रदायहरू छन्। तीभित्र अनेकन् सम्प्रदाय रहेकाले हिन्दू धर्मभित्र पन्ध्र सयभन्दा बढी सम्प्रदाय छन् भनिन्छ। सूर्य, गणेश, देवी, महादेव र विष्णुका अतिरिक्त शास्त्रमा उल्लेख भएका सबै देवी देवताहरू एकै ईश्वरका विभिन्न रूप मानी समान भावले पूजा आराधना गर्ने आफूलाई सनातनी वा स्मार्त भन्न रुचाउँछन् र मूलतः पञ्च देवताको आराधना गर्दछन्। ईश्वर वा देवता विशेषलाई विशिष्ट रूपमा मानी अन्य देवी देवताहरूप्रति श्रद्धाभाव राख्नेहरू आफूहरू सम्प्रदाय विशेषमा रहेको मान्दछन्। सबै सम्प्रदायले आफ्नो सिद्धान्त र आस्थाको आधार वेद उपनिषद् पुराण संहिता स्मृति आदिमा खोजेका र पाएका छन्। हिन्दू धर्मका केही सम्प्रदायको सङ्क्षेपमा परिचय दिने प्रयास गरिएको छ।

---

६६ वाजपेयी (२०३८), पृ.

सौर सम्प्रदायले[६७] सूर्यलाई सर्वश्रेष्ठ देवता मान्दछ। सूर्यलाई आत्मा स्वरूप वा साक्षात् परब्रह्म पनि भनिएको छ भने उपनिषद्मा आदित्यको आध्यात्मिक र शतपथ ब्राह्मणमा सूर्यका किरणहरू पवित्र मानिएका छन्। सूर्य कश्यप र अदितिका पुत्र मानिन्छन्। सूर्योपनिषद्ले सूर्य, आनन्दमय, ज्ञानमय र विज्ञानमय छन् भन्दछ। सूर्यलाई सात घोडाले तानेको देखाइएको छ र यसको अर्थ सूर्यमा सात वटा रङ छन् भन्ने अर्थ पनि गरिन्छ। सूर्यलाई विश्व विधानका संरक्षक र सम्पूर्ण स्थावर जङ्गमका आत्मा मानिएको पाइन्छ। सूर्यको चक्रले नियमित, सार्वभौम र अपरिर्वतीय नियमको अनुसरण गर्दछ। सौरमण्डलको अस्तित्व सूर्यका कारणले रहेको छ। सूर्य विनाको जीवन अकल्पनीय हुन्छ।

गाणपत्य सम्प्रदायले[६८] गणेशलाई विघ्ननाशक, मङ्गलकर्ता, ऋद्धिदाता, सिद्धिदाता र विद्या बुद्धिका आधार मानेको छ। जैन र बौद्धले पनि गणेशलाई मानेको पाइन्छ। गणेशलाई शिव पार्वतीको पुत्रका रूपमा वर्णन गरिएको पाइन्छ भने आकाश तत्त्ववाट गणपति आफैँ उब्जिएका हुन् पार्वतीले रिसाएर त्यो रूप दिएकी हुन् भन्ने कथन पनि पाइन्छ। गणेशका बाल गणपति, तरुण गणपति, विनायक, हेरम्ब गणपति, वीर विघ्नेश, शक्ति गणपति, उच्छिष्टज गणपति, नृत्य गणपति, वरसिद्धि आदि रूपमा पूजा गरिन्छ। यन्त्र, कलश र स्वस्तिकलाई गणपति मानिएको पाइन्छ। महाराष्ट्रमा गणपतिको भव्य रूपमा पूजा गरिन्छ।

शाक्त सम्प्रदायमा[६९] ऐश्वर्य र पराक्रमका निमित्त शक्तिको पूजा गर्ने परम्परा छ। आदि शक्ति भगवतीलाई ब्रह्मरूपिणी, दुर्गा, कालिका, चण्डिका, प्रकृति शक्ति, काली, महिषासुर मर्दिनी, शुम्भनिशुम्भविदारिणी, सिंहवाहिनी आदि रूपमा पूजा गरिन्छ। महाकाली, महालक्ष्मी र महासरस्वती देवीका अन्य रूप हुन्। नवरात्रमा देवीका नौ रूपहरू शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्मान्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्रिकाका रूपमा पूजा गरिन्छ। पुराणहरूमा नौ विभिन्न शक्तिहरूको नाम पाइन्छ। दक्षिण भारतमा दुर्गाका अन्य नामहरू वनदुर्गा, शूलिनी, जातवेदा, शान्ति, शवरी ज्वाला, दुर्गा, लवणा, आसुरी र दीपदुर्गा नामबाट नवदुर्गा नमन गरिन्छ। उमा र शिवको प्रेम विजयका रूपमा शैवहरूले र विष्णु लक्ष्मीको वरण सफलताको प्रतीक रूपमा वैष्णवहरूले दुर्गापूजा गर्दछन्। शाक्तहरूमा पशुबलिको प्रचलन पाइन्छ।

वैष्णव सम्प्रदायले[७०] विष्णुका विभिन्न अवतारको पूजा अर्चना गर्दछ। विष्णुका सहस्र नामहरू छन्। वैष्णव सम्प्रदायमा मूलतः चार सम्प्रदायहरू छन्- रामानुज, निम्बार्क, विष्णुश्याम र मध्वाचार्य। रामानुजले विशिष्टाद्वैतवादको

---

६७ गौड (१९९३), पृ. ७१४
६८ ऐ. पृ.७१३
६९ ऐ. पृ. ७१७
७० सापकोटा (२०६२), पृ. ११०

प्रतिपादन गरेका छन्। निम्बार्कले भेदाभेदवाद वा द्वैताद्वैतवाद प्रतिपादन गरेका छन्। विष्णु श्याम सम्प्रदायले विशुद्ध द्वैतवाद प्रतिपादन गरेको छ। मध्वाचार्यले द्वैतवाद प्रतिपादन गरेका छन्। मूलतः ब्रह्म, जीव र जगत्का विषयमा फरक फरक मत पाइने वैष्णवका सम्प्रदायहरूमा सवैले भक्ति तत्त्वलाई महत्त्व दिएका छन्। चैतन्य महाप्रभु र स्वामी प्रभुपाद भक्ति वेदान्ताचार्यले द्वैतवाद अन्तर्गतको गौड सम्प्रदाय परम्परालाई अघि बढाएका हुन्। वैष्णव सम्प्रदायभित्र अन्य सम्प्रदायहरूको पनि विकास भएको पाइन्छ।

आद्य शङ्कराचार्यले अद्वैत वेदान्तको प्रतिपादन गर्दै चलाएको सम्प्रदाय संन्यासी सम्प्रदाय[७१] हो। बौद्धहरूको बढ्दो प्रभाव रोक्न यो सम्प्रदायको स्थापना भएको मानिन्छ। शङ्कराचार्यले भारतका चार स्थानहरू- वदरी, रामेश्वर, जगन्नाथ पुरी र द्वारकामा चार मठहरूको स्थापना गरी चार वेदलाई चार मठमा राखेका हुन्। संन्यासीहरूका तीर्थ, आश्रम, गिरी, पर्वत, सागर, वन, आरण्य, सरस्वती, भारती र पुरी पदहरू छन्। द्वारकामा सामवेद र तत्त्वमसि, जगन्नाथमा ऋग्वेद र प्रज्ञानं व्रह्म, वदरीनाथमा अथर्ववेद र अयमात्मा व्रह्म रामेश्वरम्मा यजुर्वेद र अहं व्रह्मास्मि महावाक्यहरू, संन्यासीहरू विचमा विभाजन गरिएको छ।

शैव सम्प्रदायले[७२] शिवलाई कल्याणकारी, मङ्गलकारी, सुखका स्रोत र शक्तिको प्रतीक मान्दछ। शिव संहारका देवता पनि मानिन्छन्। शिवका विभिन्न नामहरू आशुतोष, पशुपति, भूतपति, भूतनाथ, महेश्वर, महादेव, मायापति, उमापति, मृत्युञ्जय, नीलकण्ठ, त्रिलोचन, त्रिशूलधारी, शम्भु, अर्धनारीश्वर, हरिहर, पिनाकी, भोलानाथ, चन्द्रशेखर, चन्द्रमौली, शशिशेखर आदिवाट पूजा अर्चना गरिन्छ। शिवका शर्व, भव, उग्र, भीम, ईशान, रुद्र रूपहरूको वर्णन पनि पाइन्छ। शिव मन्दिरहरूमा शिवको प्रतिमा वा शिवलिङ्गको पूजा गरिन्छ। शिवलिङ्ग दुई प्रकारका छन्- चल र अचल। शिव लिङ्गको तल्लो भाग व्रह्मभाग हो, बिचको भाग विष्णुभाग र माथिल्लो भाग रुद्रभाग वा पूजा भाग हो। पूजा भागमा रहेका रेखाहरूलाई ब्रह्मसूत्र भनिन्छ। शैव सम्प्रदायभित्र पाशुपत धारा पनि प्रचलनमा छ। यस धाराले योग मार्फत भगवान् पशुपतिको शरणमा आफूलाई समर्पित गर्नुलाई मोक्ष प्राप्तिको एक मात्र उपाय मान्दछ।

नवनाथ सम्प्रदाय[७३] र चौरासी सिद्धहरू आदिनाथ शिववाट संस्कारित मानिन्छन्। यस सम्प्रदायले जीवात्मालाई परमात्माको अभिन्न अङ्ग मान्दछ। योगको आचरण गरेर भवताप शमन गर्नु पर्दछ भन्ने यस सम्प्रदायको मान्यता छ। नौ नाथहरूको नामावली पाइन्छ भने सिद्धहरूलाई चौरासीको सङ्ख्यामा सीमित गरिनु हुँदैन भन्ने मान्यता पनि पाइन्छ। नाथ सम्प्रदायले आदिनाथ

---

७१ गुप्त (२०००), पृ. ८५-८७
७२ सापकोटा (२०६२), पृ. १११
७३ ऐ. पृ. ११३

शिवका मुख कमलबाट निसृत योग शास्त्रको पाठ गर्नु पर्दछ, अन्य दर्शनले कुनै फाइदा छैन भनेको छ। आदिनाथलाई अलख, निरञ्जन, विश्वातीत निराकार, व्यापक विश्वरूप, अखण्ड, परमात्म स्वरूप, निर्विकार मानिन्छ। गहनीनाथले निवृत्तनाथलाई श्रीकृष्ण मन्त्र दिएर कृतार्थ गरेका थिए भन्ने प्रसङ्ग पनि पाइएको छ।

सिद्धि र चमत्कारलाई विशेष महत्त्व दिने **उदासीन सम्प्रदायका**[७४] संस्थापक चन्द्र बाबाका प्रेरणाका स्रोत नेपालका सिद्धवन खण्डी बाबा हुन्। ती बाबाको वराहक्षेत्रमा धुनी वनमा दर्शन गरी गोल साहेब पाएर प्रियतमदासले यो सम्प्रदायको विस्तार गरेका हुन्। **जोसमनी सम्प्रदाय**[७५] पनि नेपालको माटोमा उब्जेर विकसित भएको मानिन्छ। जोसमनी शब्दको अर्थ यकिन भएको छैन। कतिपय विद्वान्हरूले शशिधरलाई यस सम्प्रदायका आदिगुरु मानेका छन्। यस सम्प्रदायले मूर्ति पूजा, कर्मकाण्ड र जातपातको विरोध गरेको छ। यस सम्प्रदायमा शव्दी, गुरुमुखी र गुरूपञ्जाको क्रममा दीक्षित गराइन्छ। बाना, झोली, तुम्बा, चिम्टा र तार प्राप्त व्यक्ति गुरूपञ्जा भएको मानिन्छ। यस सम्प्रदायमा हठयोगलाई महत्त्व दिएको छ र सहस्रदल कमललाई परब्रह्मको स्थान मानिएको छ। मुक्तिका निमित्त निर्गुण निराकार परमात्माको भक्तिमा योग धारण गर्नु पर्दछ भन्ने यस सम्प्रदायको विश्वास पाइन्छ।

राम मोहन रायले **ब्रह्म समाजको** स्थापना गरेका हुन्। उनी ब्रह्माण्डका स्रष्टा, पालनकर्ता आदि अन्त्य रहित अगम्य तथा अपरिर्वनीय परमेश्वर एक मात्र उपास्य हुन् भन्दथे। देवेन्द्रनाथ ठाकुरले यस सम्प्रदायलाई अघि बढाए र रवीन्द्रनाथ ठाकुरले शान्ति निकेतनमा ब्राह्म विद्यालय खोलेका हुन्।

सन्त ज्ञानेश्वरले **बारकरी सम्प्रदाय** चलाएका हुन्। यस सम्प्रदायले जाति जन्मले हुँदैन, कर्मले हुन्छ, वेद सबैको हो भन्ने मान्दछ र जगत्लाई परमात्माको विस्तार ठान्दछ। सन्त ज्ञानेश्वरको गीताको ज्ञानेश्वरी टीका प्रसिद्ध छ। उनलाई धेरै सिद्धि प्राप्त भए पनि सिद्धिलाई तुच्छ ठानी ज्ञानलाई महत्त्व दिएका हुन्। स्वामी विवेकानन्द जस्ता प्रखर शिष्यका गुरु रामकृष्ण परम हंस काली र कृष्णका भक्त थिए। **रामकृष्ण मिसन** नामको यस सम्प्रदायलाई भारतको न्यायालयले हिन्दू ठहराएको हो। स्वामी दयानन्द सरस्वतीले वेदको प्रचार गरे। उनले सम्प्रदायवाद, पुराणवाद र मूर्तिपूजाको खण्डन गरेका छन् र 'कृण्वन्तो विश्वमार्यम्' को उद्घोष गर्दै उनले आर्य समाजको स्थापना गरेका हुन्। यस समाजले ईश्वरलाई सच्चिदानन्द स्वरूप निराकार मान्दछ। यस समाजलाई पनि भारतको अदालतले हिन्दू ठहराएको हो।

---

७४ ऐ. पृ. ११४
७५ प्रपन्नाचार्य (२०५९) पृ. ८८

स्वामी शिवदयाल सहायद्वारा संस्थापित **राधास्वामी सम्प्रदायले** राधालाई आत्मा र स्वामीलाई मालिक रूपमा स्वीकार गरी राधास्वामी भन्नाले परमात्मालाई जनाउने मानेको छ। आत्मा आफ्ना पतिबाट विछोड भएर मर्त्यलोकमा उत्रेको हो। आत्माले परमात्मा प्राप्त गरेपछि सदाका लागि संसारको आवागमन छुट्‌दछ। परमात्मा प्राप्त गर्न नामभक्ति, गुरुभक्ति र सत्सङ्ग आवश्यक पर्दछ भन्ने यस सम्प्रदायको मान्यता छ।

कबीर सम्प्रदायका[७६] प्रवर्तक कवीर साहेव हिन्दू मातापिंतावाट जन्मी मुसलमान परिवारमा हुर्केका हुन्। कवीरले अद्वैत, निर्गुणवाद, सूफी मत, वैष्णव मत र इस्लाम आदिलाई समन्वय गर्दै हिन्दू मुसलमानको एकताको कुरा उठाएका छन् भने हिन्दू र इस्लामभित्र रहेका कठोर रूढिहरूलाई निन्दा गरेका छन्। कवीरले धर्म शास्त्र, कर्मकाण्ड, जातपात र मूर्तिपूजाको खण्डन गरेका छन्। वीजक कवीर सम्प्रदायको मूलग्रन्थ हो। कवीरले अव्याकृत अक्षरको ध्यान गरेका छन्।

दक्षिण एसियादेखि दक्षिण पूर्वी एसियासम्म पाइने ककेसियाई र अस्ट्रेलियाई मूलका जाति वाहेक अन्य जातिहरू किरात हुन् भनिन्छ भने नेपालमा लिम्वू, लाप्चा, राई, कोचे, मेचे, धिमाल, सुनुवार, हायु, तामाङ, नेवार, गुरुङ, मगर, थारू समेत किरात हुन् भनिएको छ। वाहुन छेत्री वाहेक अरू किरात हुन् पनि भनिएको छ[७७]। किरातीहरूको आध्यात्मिक चिन्तन जडवादवाट वहु ईश्वर वाद हुँदै एकेश्वर वादतर्फ उन्मुख मानिन्छ। वर्तमान नेपालमा राई र लिम्वूलाई किरात भनेर वुझ्न थालिएको छ। लिम्वू जातिका फाल्गुनन्दले सत्यहाङमा भन्ने सम्प्रदायको प्रवर्त्तन गरेका छन्। कुल पूजामा जीवत नचढाउने, हिंसा नगर्ने, फलफुल नैवेद्यले ईश्वरको पूजा गर्ने यो धर्म जोसमनी र आर्य समाजवाट प्रभावित मानिन्छ। सत् ईश्वर हो, ईश्वरसम्म पुग्न भक्ति चाहिन्छ, भक्ति गर्न शुद्ध आत्मा र निर्मल हृदय हुनु पर्छ भन्ने मान्यता राख्ने यस सम्प्रदायमा ॐकारको प्रवेश फाल्गुनन्दले गराएको विश्वास गरिन्छ।

हिन्दू धर्मभित्र रहेका अन्य उदार सम्प्रदायहरू छन्। सिख र कृष्णप्रणामी (निजानन्द सम्प्रदाय) हरू यस अन्तर्गत पर्दछन्। ती धर्म सम्प्रदायबारे छुट्टै परिचय दिइने प्रयास गरिने छ।

बिसौँ शताब्दीतिरका हिन्दू सन्तहरू

सिरडी भन्ने ठाउँमा एकाएक देखिएको भनिएका साईबाबा हिन्दू, मुसलमान, इसाई आदि सबैले मानेका सन्त हुन्[७८]। अहिंसा, दया र मानवताको पाठ पढाउने साईबाबासँग सिद्धि र चमत्कारहरू थिए। पछि पुट्टपर्तीमा अर्का

७६ गौड (१९९३), पृ. ७३४
७७ राई (२०४५), पृ. ६१
७८ चैतन्य (१९९०), पृ. ४५

साईबाबा आएका हुन्। उनलाई सत्य साईबाबा भनिन्छ। उनले पनि धेरै चमत्कारहरू देखाएका छन्। आफ्नो खुला हातमा विभूति, औँठी, सिक्री जस्ता कुराहरू उब्जाएर आफ्ना भक्तहरूलाई दिने र हरेक शिवरात्रिमा आफ्नो पेटबाट शिवलिङ्ग प्रकट गर्ने उनका चमत्कारका केही नमुना हुन्। सत्य साईबाबाले धेरै रोग विभूतिबाट र सामान्य विधिले निको पारेका छन्। सत्य साईबाबाको प्रयासबाट ठुलठुला स्कुल, अस्पताल आदि बनेका छन् भने कतिपय ठाउँमा पानीको व्यवस्था गरिएको छ। सत्य साईबाबा पछि प्रेम साईबाबाको प्रादुर्भाव हुने विश्वास गरिएको पाइन्छ। साईबाबाले सत्य, धर्म, शान्ति र प्रेमको पाठ पढाएका छन्। मनुष्य आत्मा हो। आत्मा निराकार छ। आत्माको मुक्तिका लागि तृष्णा हटाउनु पर्दछ। तृष्णा हटाएर भगवान् पाउने मात्र इच्छा राखे निराकार ईश्वर पाउन सकिन्छ भन्ने साईबाबाको उपदेशको सार हो।

प्रजापिता ब्रह्मा[७९] नामले प्रसिद्ध हीराका सुप्रसिद्ध व्यापारी दादा लेखराजलाई साठी वर्षको उमेरमा आफ्नो सत्य स्वरूप, संसारको रहस्य र परमात्मा जान्ने इच्छा भयो भनिन्छ। उनले ज्योतिस्वरूप निराकार परमात्माको दर्शन पाए। पछि उनले- शान्ति, एकता, सुस्वास्थ्य, कानुन र व्यवस्थाले परिपूर्ण मूल्यमा आधारित स्वर्णिम विश्व साक्षात्कार गरे। परमात्मा एक, निराकार र अनादि छन्। परमात्मा सब आत्माका निराकार मातापिता हुन्। परमात्मा पाउन राजयोग आवश्यक हुन्छ। यस योगले मानसिक तनाव र नकारात्मक सोच समाप्त पार्दछ। नम्रता, धैर्य, सहनशीलता, सन्तुष्टि, मधुरता आदि दिव्य गुणहरू हुन्। ती गुण धारण गर्ने पुरुषार्थ आफूमा विकास गर्नु पर्दछ। सत्ययुग आइ रहेको छ। हामी त्यस युगका निमित्त दिव्य गुण धारण गरेर तयार रहनु पर्दछ भन्ने प्रजापिता ब्रह्माको उपदेशको सार हो। उनका अनुयायीहरूले विश्वका ठुलठुला संस्थाहरूसँग मिलेर काम गरिआएका छन्। शिष्टता र नम्रताका निमित्त प्रजापिताका अनुयायीहरू अनुपम मानिन्छन्।

आचार्य रजनीश, भगवान् रजनीश हुँदै ओशो पदले सम्बोधन गरिएका रजनीशको जन्म जैन परिवारमा भएको हो। उनी तीक्ष्ण बुद्धि र विलक्षण प्रतिभा भएका मानिस हुन्। भनिन्छ उनले सात वर्षको हुँदा शरीर शून्यताको अनुभव गरेर र एक्काइस वर्षको हुँदा सम्बोधि प्राप्त गरे। उनले सारा धर्म शास्त्रहरूको व्यापक र गहन अध्ययन गरेका छन्। उनले धेरै पुस्तकहरू लेखेका छन्। उनका ६५० वटा पुस्तकहरू प्रकाशित छन्। संसारभरका शिक्षित मानिसहरू उनको पुस्तक रुचिका साथ अध्ययन गर्दछन्। 'सम्भोगदेखि समाधिसम्म' उनको सर्वाधिक चर्चित पुस्तक हो[८०]। उनले धर्मको विशिष्ट परिभाषा गरेका छन्। धर्मलाई सम्प्रदाय, सङ्गठन र अतीतको हिस्साबाट अलग गरेर बुझ्नु पर्दछ। धर्म गुणवत्ता र वर्तमानमा बाँच्ने कला हो भन्ने ओशोको धारणा पाइन्छ। ओशोले

---

७९ ब्रह्मकुमारी विष्णुसँगको कुराकानीमा आधारित, वि.सं. २०६२
८० ओशो (१९७९). पृ. ४६५

ध्यान र समाधिलाई विशिष्ट महत्त्व दिएका छन्। ध्यान र समाधिबाट वर्तमानमा बाँच्न सकिन्छ। बुद्ध, कृष्ण, क्राइस्ट, नानक र पछि जन्मने यस्ता विभूतिहरू सबै तिमीभित्र छन्। तिमी विराट्सँग जोडिएका छौ। धर्म वा सम्प्रदायको घेरा तोडेर विराट्मा प्रकट हुनु पर्दछ भन्ने ओशोको उपदेशको सार हो। ओशोका अनुयायीहरू संसारभरि छन्। आपसमा स्वामी सम्बोधित हुने ओशोका अनुयायीहरू ध्यानका विविध स्तरहरूमा लामो समयसम्म लाग्ने गरेको पाइन्छ।

सतपाल महाराजले मानव धर्मका नामबाट एउटा आन्दोलन चलाएका छन्[८१]। सतपाल महाराजका पिता श्रीहंसजीले आफ्ना गुरु स्वरूपानन्दबाट दीक्षा लिई प्रतिपादन गरेको सम्प्रदायमा श्रीहंसजीको निधनपछि उनकी धर्मपत्नी राजराजेश्वरीले यसलाई अघि बढाएकी हुन्। राजराजेश्वरी माताले आफ्ना कान्छा छोरा महिपाल सिंहलाई बाल योगेश्वरका रूपमा स्थापित गरिन्। पछि बाल योगेश्वरले विदेशी महिला विवाह गरेपछि आफ्ना जेठा छोरा सतपाल सिंहलाई सत्यको पालना सिंह जस्तो भएर गर्ने प्रेरणा दिएर यसलाई अघि बढाएकी हुन्। सतपाल महाराज राजनीतिका साथै धर्म प्रचारमा पनि अघि बढेका छन्। उनी भन्दछन्- आचरणका आधारमा जातपात हुनु पर्दछ। आचरण शुद्ध हुनु पर्दछ, विचार शुद्ध हुनु पर्दछ। निरामिष खाना, लागु दुर्व्यसनको त्याग र सत्सङ्गबाट चित्तवृत्ति शुद्ध हुन्छ। आत्मालाई ज्ञानद्वारा अनुभव गर्नु पर्दछ। आत्मा शरीरमा बस्दछ। अन्तश्चक्षुद्वारा आत्माको दर्शन गर्नु पर्दछ। परमात्मा ॐकारभन्दा माथि ज्योति स्वरूप हुनु हुन्छ, निराकार हुनु हुन्छ। ज्योति स्वरूपको ध्वनि, अखण्ड भजन, अनाहत धुनको श्रवण र अमृत पान विधिद्वारा आत्मालाई परमात्मासँग जोड्न सकिन्छ। हामीले अतीतलाई सम्मान, वर्तमानलाई समाधान र भविष्यलाई दिशा निर्देशन गर्नु पर्दछ। हामी पहिले मानिस हौँ, त्यसपछि मात्र हिन्दू, इसाई, इस्लाम आदि हौँ। पहिले मानव र आत्मालाई पहिचान गरौँ। बालयोगेश्वरले डिभाइन लाइट नामबाट मानव धर्मका यी कुराहरूको छुट्टै प्रचार गरि आएका छन्।

दक्षिण भारतमा **महर्षि रमण**[८२]लाई बालक अवस्थादेखि नै ध्यान मग्न हुनु राम्रो लाग्दथ्यो। सत्र वर्षको उमेरमा घर छोडेर आन्ध्रको अरूणाञ्चल पहाडको गुफामा गएर ध्यान गर्दा उनलाई आत्म साक्षात्कार भयो। बेलायतबाट आएका पत्रकार पाल ब्रन्टनले रमणबाट सिकेका कुरा र आफ्ना अनुभवका आधारमा अनेकौँ पुस्तकहरू लेखेका छन्। ब्रन्टन भन्दछन्- मैले आफ्नो 'म' लाई बुझ्न महर्षिले भनेको अहं माथि ध्यान गर्न थालेँ। केही अभ्यास गर्नासाथ मलाई एक प्रकारको शून्यले घेर्‍यो। फेरि तुरुन्तै एउटा अत्यन्त सुखद अवस्थाको अनुभव भयो। विचार टाढाबाट देखिए र अन्त्यमा मैनबत्ती जस्तो निभे। आफ्नो चेतना धेरै विशाल अनुभव हुन्छ र म अत्यन्त ठुलो आनन्दमा डुब्दछु। महर्षि

---

८१ महात्मा पुनीत बाईसँग कुराकानीमा आधारित

८२ वाजपेयी (२०११), पृ. २१७

रमण भन्दछन्- यदि कसैले म को हुँ ? भन्ने प्रश्न आफूभित्र सोध्दै गयो भने एक दिन जोसुकैलाई पनि आत्म साक्षात्कार हुन्छ। जसमा आनन्दको अनुभूति हुन्छ। 'म' को सानो स्वरूप विराट् चैतन्यका रूपमा फैलिएर द्रष्टा रूपमा आफूलाई देख्न थाल्दछ। गृहस्थ जीवनमा पनि सदाचारी भएर यसको अनुभव गर्न सकिन्छ। सबैले उनी जसरी पहाडका गुफामा बसि रहनु पर्ने जरुरी छैन। विभिन्न मानिसहरूले उनीसँग आएर आत्मसाक्षात्कार र अनन्त आनन्दको अनुभव गरेका छन्।

ऋषि अरविन्दले[८३] भारत स्वतन्त्रता आन्दोलनताका प्राणायाम र ध्यान गरि रहँदा उनीभित्र एउटा चेतना रूपान्तरणको स्थिति एकाएक आयो। त्यसपछि उनमा एउटा सुखद स्थितिको अनुभव भयो। उनले भनेका छन्- मलाई कस्तो अनुभव भयो भने म विचारहरूको कैदी थिएँ। अब म ती विचारहरूबाट अलग उभिएको छु। पूर्ण रूपले निष्क्रिय मनको अवलोकन गर्दछु। कालको ज्ञान सीमित हुन्छ र मेरो अन्तर्ज्ञान अज्ञात क्षेत्रमा फैलिन्छ। विचार मैनबत्ती जस्तो निभ्दछ। आत्माको व्यक्ति भाव समाप्त भएर असीम अनुभव उत्पन्न हुन्छ र रहस्यमय सृष्टिको नाटकको भेद खुल्दछ। एउटा नयाँ 'म' पनको स्वरूपसँग साक्षात्कार भएर आनन्द भरिन्छ। अरविन्दले भनेका छन्– हरेक स्तरमा सञ्चालक शक्ति देव रूपमा हुन्छन्। तिनीहरूले मानिसको आर्थिक र अन्य समस्या हटाउन सक्दछन्, शक्ति दिन्छन्। असुरहरूले मानिसलाई मतलबका लागि प्रयोग गरेर फ्याँकिदिन्छन्। देवशक्तिहरू आध्यात्मिक विकासमा सहायक हुन्छन् तर मानिसले तीभन्दा माथि उठ्नु पर्दछ। उनीहरूसँगै रह्यो भने तिनीहरूले मानिसको विरोध पनि गर्छन् र माथि जाने बाटोमा बाधा दिन्छन्। आफूसँगै बाँधेर राख्दछन्। देवताहरूले आफ्नो शक्ति प्रर्दशनका लागि मानिसमा अधिकार जमाउँछन् र मानिसको रोग आदि निको पारेर आफ्नो पूजा गराउँछन्। देवशक्ति चिन्न आफूभित्रको अहङ्कारदेखि माथिको जीवतत्त्वलाई चिन्नु पर्दछ। जीवतत्त्व आत्माभन्दा तल्लो स्तरको हो। जीवतत्त्वले देवशक्ति प्राप्त गराउँछ। मनुष्य परमात्मा होइन। आत्मा परमात्माको अंश हो। हरेक देवताहरूको आफ्नो जमात हुन्छ जसलाई गण भनिन्छ। गण देवताका अंश रूप हुन्छ र मनुष्यका रूपमा प्रकट हुन्छन्। हरेक देवताकों आफ्नो रूप हुन्छ र एकअर्कासँग फरक हुन्छ। मानिसले खडा गरेको देवताको रूपमा मानिसको कल्पना धेरै बढी छ। ती देवताको ध्यान गर्दा मानिस रूपमा देखिन्छन्। त्यसैले स्त्री-पुरुष भनेर वेदशास्त्रले वर्णन गरेका छन्। गीताले भनेको अक्षर ब्रह्म पुरुषोत्तमको एउटा प्रशान्त व्यापक चेतनाको स्वरूप हो। परम तत्त्व पुरुषोत्तम सच्चिदानन्द छन्। जसको आनन्द रूपसम्म मनुष्य पुग्न सक्दछ। पुरुषोत्तमको सच्चिदानन्द स्वरूपमा कृष्ण आनन्द स्वरूप छन् र ती अक्षरभन्दा पर छन्।

---

८३ ऐ. पृ. २१७

मीरा ठक्करले सानैदेखि नाद सुन्ने, ज्योतिको दर्शन गर्ने र कुण्डलिनी चढाउने आदि अनेकौं प्रकार साधन गर्ने गरेकी थिइन्[८४]। तर आत्मज्ञान प्राप्त भएपछि उनले तिनीहरूलाई चित्तमा जमेका संस्कारहरूको खेल हो भन्ने बुझिन्। तपाईं यहाँ बसिरहनु हुन्छ तर तपाईंलाई ध्यानमा लाग्दछ- तपाईं माथि उठ्नु भएको छ। शरीरबाट बाहिर हुनु हुन्छ। चित्त प्रफुल्लताले भरिन्छ तर यस्ता अनुभव धेरै बेर टिक्दैनन्। त्यस्ता अनुभव भए चित्त पुरा खाली भइन्जेल प्रतीक्षा गर्नुहोस्। चित्तको त्यस्तो खालीपन अनन्त शक्तिको भण्डार हुन्छ, त्यो साधारण शून्यता होइन। भित्रबाट जीवन बोल्न थाल्दछ। अहिलेसम्म मनमा लागेको कि यो नराम्रो हो, यसलाई बदलि दिऊँ त्यस्तो मन शान्त हुन्छ। 'म' को केन्द्र नै रहँदैन, राम्रो नराम्रो के देखिने ? कैयौं अतीन्द्रिय चमत्कारी शक्तिहरू प्रकट हुन्छन् तर थोरै समयका निमित्त। त्यसमा नअलमलिनेलाई आत्मतत्त्वको साक्षात्कार हुन्छ। जुन मन बाहिरी सुखतिर दौडि रहेको हुन्छ त्यसले आत्माको आनन्दमा विश्राम पाउँछ। अहङ्कार यसरी हराएपछि प्रेमको ज्वाला प्रस्फुटित हुन्छ, जसका उल्लासमा आँखा सरलताले भरिन्छन् र सबै वस्तुहरूमा सहानुभूति फैलिन्छ।

यसै क्रममा दुई जना विदेशी महिलाहरूको नाम प्रसिद्ध छ- **ब्लेवेत्स्की** र एनी बेसेन्ट[८५]। दुवै जनाले भारत आएर योगविद्या सिके, उच्च लोकहरूको दर्शन गरेर आत्मज्ञानको उच्च अवस्था प्राप्त गरे। चेन्नई र वाराणसीमा थियोसोफिक सोसाइटीको स्थापना गरे। त्यहाँबाट उनीहरूले परलोकका आफ्ना अनुभवका वर्णन गरेर हिन्दी र अङ्ग्रेजीमा पुस्तकहरू प्रकाशन गरे। उनीहरूले के अनुभव गरे भने मानिसमा आत्मा माथिल्ला लोकहरूबाट आउँछ र मृत्युपछि अरू ग्रह र नक्षत्रहरूमा विभिन्न प्रकारका अनुभव बटुल्न जान्छ। आत्मा अनेक चोटि पृथ्वीमा आउँछ र यहाँबाट बुद्धिको विकास गरेर र आध्यात्मिक उन्नति गरेर अरू ग्रह र नक्षत्रमा जान्छ। सबै ग्रह र नक्षत्रहरूमा जीवको विकास लीला भइ रहेको हुन्छ। माथिल्ला लोकहरूमा जाँदा आत्माहरू आफ्नो स्वरूपलाई एकअर्कासँग प्रेम सम्बन्धले जोडिएको पाउँछन्। उनीहरूलाई पुरा धाम आफूभित्र र बाहिर सबैतिर भरिएको अनुभूत हुन्छ। जसको ध्यान गर्दछन् त्यसको सम्पूर्ण ज्ञान हुन्छ र त्यहाँ आफूलाई पाउँछन्। यसै अवस्थालाई एनी बेसन्टले आत्माको एउटा गोला भनेकी छन् जसको केन्द्र चाहिँ सबैतिर अनुभव हुन्छ तर परिधि देखिँदैन। जीवले ब्रह्मलाई जानेर ब्रह्म समान अनुभव गर्दछ।

थियोसोफीका **कृष्णमूर्तिले**[८६] आफ्नो युवाकालमा ध्यानमा के अनुभव गरे भने मानिसले आफूलाई सबै धार्मिक विश्वासबाट मुक्त गर्‍यो भने उसको समाजसँगको राग द्वेषको बन्धन शिथिल हुन्छ र मनमा विचारहरूको दौड कम

---

८४ ऐ. पृ. २१७
८५ ऐ. पृ. २१७-२१८
८६ ऐ. पृ. २१७-२१९

हुन्छ। परिवारका राग द्वेषहरू पनि समाप्त भए भने मनमा अपूर्व शान्ति आउँछ। परिवारका निमित्त धन इत्यादिको विचारले घेरिएको कुरा निरर्थक लाग्दछ। यदि यस्तो शान्तिको स्थिति रहि रह्यो भने एक दिन हाम्रो परिचय एउटा नवीन जीवन धारासँग जोडिने छ, जुन शाश्वत छ। उसका समक्ष यो परिवर्तनशील जगत्का दृश्यहरू सारै फिक्का आएगए जस्तो प्रतीत हुन्छ। उसको 'अहं' समाप्त हुन्छ, रागद्वेषका विचार बन्द हुन्छन्, अगाडिको सपना समाप्त हुन्छ र पुरा अचेतन एउटा खुला पुस्तकका रूपमा अगाडि आउँछ र पुराना स्मृतिहरू आउन रोकिन्छन्। अनि जीवनले अद्भुत मार्गबाट तपाईंको रक्षा गर्दछ किनभने तपाईंले आफ्नो रक्षा गर्न छोडि दिनु हुन्छ। तपाईं आजीविका कमाउने दृष्टिले सोच्न सुरु नगर्नु होस् बरु त्यस कार्यको खोजी गर्नु होस् जसका प्रति तपाईंलाई प्रेम छ, आजीविकाको प्रश्नको आफैं समाधान हुने छ।

असहायता भन्नु जो छ त्यसलाई स्वीकार नगर्नु हो। सुधारका कुरा सोच्नाले मानिस क्रान्तिकारी, प्रचारक वा सुधारक बन्न सक्दछ तर पूर्ण रूपले स्वीकार गऱ्यो भने परमहंस बन्दछ किनभने जे छ त्यस्तै देख्नाले जे परम सत्यतिर आइ रहेको हुन्छ, त्यो देखिन्छ। विना सुधारको इच्छाले त्योसँग बाँच्दा त्यसको त्रासबाट हामीलाई मुक्त गरि दिन्छ। कृष्णमूर्तिले यस्ता अनुभवको श्रेय दुःखलाई दिएका छन्। दुःखलाई ध्यानपूर्वक हेरियो भने जोसुकैलाई जगाइ दिन्छ। दुःखको वेदना र संवेदनशीलतालाई हेरि रह्यो भने फेरि दुःखी हुन नसक्ने मन पैदा हुन्छ। यो एउटा गोपनीय रहस्य हो।

महात्मा गान्धी भारतको स्वतन्त्र सङ्ग्रामका नेता हुन्[८७]। गान्धीले राजनीति र धर्मलाई जीवनमा साथै लिएर हिंडे। सत्य, अहिंसा, करुणा र मैत्री जस्ता चार महत्त्वपूर्ण कुरालाई गान्धीले महत्त्व दिएका छन्। आफ्नो आत्मकथालाई गान्धीले सत्यको प्रयोग भनेका मात्र छैनन् जे भनेका छन् त्यो जीवनमा, व्यवहारमा साँचो प्रयोग गरेका छन्। ब्यारिस्टरी गरेर अफ्रिकामा रहँदा होस् वा भारत फर्केपछि होस् उनी सत्यमा रहे, सत्यको पक्षमा रहे। उनले सत्य र ईश्वर मानेका छन्। उनी भन्छन्- ईश्वरको अस्तित्व मान्नका लागि श्रद्धाको आवश्यकता हुन्छ। म कुनै कट्टर नास्तिकसँग तर्क गर्दा हारौंला पनि तर मेरो श्रद्धा मेरो वुद्धिभन्दा यति तीव्र दौडिन्छ कि समस्त संसारले विरोध गरे पनि म भनिरहन्छु- ईश्वर छ, अवश्य छ। यज्ञमय जीवन कलाको पराकाष्ठा हो। साँचो रस त्यसैमा छ किनभने त्यसैबाट नित्य नयाँ रस प्रकट भइ रहन्छ। भोगको अन्त्य नाश हो। त्यागको अन्त्य अमरता। शुद्ध यज्ञ गर्नेका लागि आफ्नो केही हुँदैन, सवै उसले कृष्णार्पण गरिदिएको हुन्छ।

वेलायत पढ्न जानु अघि आफ्नी आमालाई दिएको वचन गान्धीले आजीवन पालना गरे- आमिष भोजन खाएनन्, नशालु पदार्थ लिएनन् र परस्त्रीसँग अनैतिक सम्बन्ध राखेनन् बरु आफ्नो उमेर छँदैदेखि ब्रह्मचर्य व्रतमा

---

८७ गान्धी (२००६), पृ. १-४५४

रहे। महात्मा गान्धीले अहिंसाको खानपिनमा, सामाजिक व्यवहारमा र राजनीतिमा सफल प्रयोग गरेका छन्। राजनीतिवारे उनी भन्दछन्- यदि मुसलमान, हिन्दू र इसाईहरू मलाई घृणा गर्दछन् भने पनि म उनीहरूसँग प्रेम गर्न चाहन्छु आफ्ना पत्नी र छोराहरू जस्तै। मेरा लागि धर्मशून्य राजनीति कुनै वस्तु हुँदैन। राजनीति धर्मको अनुचरी हो। धर्महीन राजनीतिलाई एउटा फाँसी सम्झे हुन्छ किनभने त्यसबाट आत्मा मर्दछ[८८]।

शिवपुरी बाबालाई महान् योगी, ईश्वर साक्षात्कार गरेका संन्यासी भनी चर्चा गरिन्छ[८९]। आफ्ना पितामहसँग तपस्या गर्न गएका उनले नर्वदा किनारस्थित जङ्गलमा पच्चिस वर्ष तपस्या गरेर ईश्वर साक्षात्कार गरे, पच्चिस वर्ष विश्व भ्रमण गरे। उनी पाँच वर्ष बेलायतकी महारानीको पाहुना भएर बसे र जीवनको अन्त्य कालमा काठमाडौँ छेउको शिवपुरी जङ्गलमा बिताए। उनले वेद शास्त्रहरूलाई सिद्धान्त मात्र भने। निर्विकल्प समाधिले साधकलाई मायाको पारि पुऱ्याउँदैन। स्वधर्म पालन र ध्यानले साधकलाई मायाको पारि सत्यसम्म पुऱ्याइदिन्छ। बाबाले शिक्षाको सार तीन शब्दमा दिएका छन्- शारीरिक, नैतिक र आध्यात्मिक। उनका अनुसार जीवनबाट पूर्ण रूपमा पराजित नभई कोही पनि परमात्मातिर सही रूपमा उन्मुख हुन सक्दैन। मलाई बुझ्नेले परमात्मा बुझ्दछ। वस्तुहरूको सङ्ग्रह गरिन्जेल दुःख छ। सापेक्ष रूपले सबै ठीक छ तर पूर्ण रूपले सबै गलत छन्। उनले विश्वका ठुलठुला नेता, वैज्ञानिक र सन्तहरूसँग भेट गरे र आफ्नो कुरा राखे। जीवनको अन्त्य कालसम्म पनि उनी मनोकायिक रूपमा युवक थिए।

धर्म विज्ञान, विचार विज्ञान, म र मेरो कर्तव्य लगायत दर्जनौँ कृतिका रचनाकार **खप्तडबाबाले**[९०] नेपाल आउनुअघि डाक्टरी (सर्जन) र पौरस्त्य दर्शनको अध्ययन गरि सकेका थिए। खप्तडको लेकमा पचपन्न वर्षजति बिताएका उनी सनातन हिन्दू धर्म संस्कृति र आध्यात्मिक दर्शनका प्रतिमूर्ति मानिन्छन्। डाक्टरी रूपबाट उनले मृत घोषित गरि सकेको बालकलाई एक जना योगीले आफ्नो कमण्डलुबाट जल छर्केर बौराएपछि उनले तपस्या र मन्त्रको बल बुझे। उनको चार खण्डमा विभाजित धर्म विज्ञान हिन्दू धर्मशास्त्रहरूको तात्त्विक सार हो। स्वास्थ्य विज्ञान र आरोग्य विज्ञानले निरोगी जीवनको उपयोगिता स्पष्ट गर्दछ। उनका विचारहरू दार्शनिक हुनाका साथै व्यावहारिक छन्, वैज्ञानिक छन्, भावनात्मक छन् तर सरल र सरस छन्।

गुरुजी मङ्गलदासले हिन्दू धर्म शास्त्रहरू व्यापक अध्ययन गरे[९१]। पाश्चात्त्य दर्शनहरूको गहन अध्ययन गरे। चार वर्ष लगाएर हिन्दूहरूका चार

---

८८ गान्धी (१९९३), पृ. ४७
८९ शर्मा, पृ. ११८
९० शर्मा, ऐजन
९१ प्रियाचार्य (२०६७), पृ. १८५-२०३

धामको पैदल यात्रा गरे। महामति प्राणनाथद्वारा प्रवर्धित क्षर, अक्षर र अक्षरातीतको सम्पूर्ण ज्ञान हुने आत्म सोपानको रचना गरे। जीवन ज्ञान, भक्ति र सेवाका निमित्त उपलब्ध देन हो भन्ने कुरालाई जीवनमा व्यावहारिक रूपमा प्रयोग गरेका गुरुजी मङ्गलदास सरल सात्त्विक तर गहन लक्ष्य लिएका सन्त हुन्। उनका १००८ सूक्ति भएको मङ्गलसूक्ति वा ३६५ अन्य सूक्तिहरूको अध्ययन गर्दा गहन ज्ञानलाई र तात्त्विक अध्यात्मलाई सामान्य मानिसले पनि बुझ्न सक्ने सरल भाषामा प्रस्तुत गर्न सकिने उदाहरण पाइन्छ। उनले भनेका छन्- एक थोपा पानी बाफ बनेर सकिन्छ तर अनगिन्ती थोपा समुद्र बन्दछ। त्यसरी नै सामूहिक प्रार्थनाले मानिसलाई परमात्मा समीप पुर्‍याउँछ। माकुराले जालो नबनाएसम्म स्वतन्त्र रहन्छ, जालो बनाएपछि त्यसैमा अल्झिन्छ। मानिसले परिवारमा बाँधिनु त्यस्तै हो। मैले त संसारका वस्तु त्यागेर सानो त्यागी भएँ तिमी त परमात्मा त्याग्दै छौ। तिमी ठुला त्यागी होइनौ ? बाजा बजाएर धर्मको प्रचार हुँदैन। तिम्रो वचन र आचरणले मात्र धर्मको विस्तार हुन्छ। अन्य सबै धर्महरू ताडका रुख हुन्, हिन्दू धर्म वरको रुख हो। चामल रोप्दा उम्रँदैन, बोक्रा चाहिन्छ। पूजापाठ बोक्रा हो, परमात्मासम्म पुग्न सहयोगी। तिमीले रोपेको बोट विरुवाको फल तिमी खान्छौ भने कालले रोपेको तिमीलाई कालले नै खान्छ। तिमी झर्दै गरेको बसको सिट समाएर आफूलाई सुरक्षित ठानि रहेका त छैनौँ ?

गुरुजी मङ्गलदासले, गायत्रीको व्याख्या गर्दै भनेका छन्[९२]- 'तत्' अक्षरातीत 'सवितुर्' अक्षरब्रह्म, 'वरेण्य' अति श्रेष्ठ पद 'भर्ग' निजज्ञानको तेज, 'देवस्य' अक्षरातीतको 'धीमहि' हामी ध्यान गर्दछौँ, 'धियो' बुद्धि बलका लागि 'यो' हामी सबैमा आएर म र तँ हटाएर 'नः' हामी ब्रह्मात्माहरूलाई 'प्रचोदयात्' प्रेमपूर्वक निजनामको ज्ञान दिनु होस्। गुरुजी मङ्गलदासको स्मृतिमा बनेको मङ्गलधाम र नेपाल सरकारले प्रकाशित गरेको हुलाक टिकट तथा उनले स्थापना गरेका विद्यालयमा आश्रम, अस्पताल र मन्दिरहरूले ज्ञान भक्ति सेवाको प्रत्यक्षता प्रदर्शित गरेको छ।

साधना

हिन्दू धर्मशास्त्रहरूले परलोक प्राप्तिका अनेकन् साधनहरू बताएको पाइन्छ। पूजा, अर्चना, जप, तप, योग, भक्ति आदि साधनाका विभिन्न रूपहरू शास्त्रहरूले व्यवस्थित गरेका छन्। देवालय, उपाश्रय, तलाउ, कुवा, धर्मशाला आदि निर्माण गर्नु साधनाको एक प्रकारको पथ मानिन्छ। दान र सदाव्रत अर्को पथ हो। यस्ता पथहरूको निश्चित सङ्ख्या भन्न सकिँदैन। मूलतः कर्म, उपासना, ज्ञान, योग र भक्ति गरी साधनाका पाँच पथहरू विभाजन गर्न सकिन्छ। ध्यान र समाधि साधनाका अन्य पथहरू हुन्।[९३]

---

९२ मङ्गलदास (२०१०), पृ. ५

९३ प्राणनाथ (१९८०), पृ. १२४

कर्म

जन्मदेखि मृत्यु पर्यन्तका सोह्र संस्कारहरूलाई कर्म भनिन्छ। कर्मकाण्ड शारीरिक शुद्धिका निमित्त गर्ने धार्मिक प्रक्रिया हो। कतिपय विद्वान्हरूले कर्म काण्डलाई नै धार्मिक साधनाको मूल मानेका छन्। सृष्टि रचनाको प्रारम्भमा प्रजापति ब्रह्माले कर्तव्य कर्मरूप यज्ञसहित प्रजाहरू रचना[९४] गरेर ती प्रजालाई कर्तव्य कर्मरूप यज्ञद्वारा सबैलाई उन्नति गर्न अह्राए। कर्तव्य कर्मरूप यज्ञद्वारा प्रजाहरूले इच्छित भोग प्राप्त गर्न सक्तछन्। वेदमा बताइएका सकाम कर्म गर्नेहरू स्वर्गलाई श्रेष्ठ मान्दछन् र भोग-ऐश्वर्यलाई महत्त्व दिन्छन्। कर्म नगर्नु भन्दा कर्मफल त्याग्नु उत्तम मानिन्छ। कर्म, अकर्म र विकर्मको स्वरूप जानेर कर्म गर्नु पर्दछ। कर्मफल नत्याग्नाले मृत्युपछि पनि कर्मफल भोग्नु पर्दछ। कर्तव्य कर्म गर्दै निरन्तर श्रद्धापूर्वक प्रभुलाई भज्नु निष्काम कर्म योग हो।

उपासना

धन, ऐश्वर्य, पुत्र, राज्य, विजय आदि प्राप्त गर्न विभिन्न देवी देवताहरूको उपासना गरिन्छ। ती देवी देवताले आफ्नो देव शक्तिका आधारमा फल दिन्छन्।[९५] हिन्दू धर्मशास्त्रका अनुसार हनूमान्को उपासना गर्नेले भविष्यको प्रश्नको उत्तर पाउँछ। चण्डयोगिनीको उपासना गर्नेले सपनामा प्रश्नको उत्तर पाउँछ। शीतला देवीको उपासनाले बालकको शीतला शान्त हुन्छ। लक्ष्मीको उपासना गर्नाले धनलाभ हुन्छ। सरस्वतीको उपासना गर्नाले विद्या लाभ हुन्छ। दुर्गाको उपासना गरे शत्रुहरू माथि विजय प्राप्त हुन्छ। गणेशको उपासना गरेमा विघ्न निवारण हुन्छ। रामको उपासना गरे ज्ञान र ऐश्वर्य प्राप्त हुन्छ। चित्रगुप्तको उपासनाले मुद्दामा विजय मिल्दछ। कामदेवको उपासना गरे विपरीत योनिको तत्काल आकर्षण हुन्छ। विष्णुको उपासना गरेमा विष्णुलोक पाइन्छ। शङ्करको उपासना गरे अकाल मृत्यु हुँदैन। गायत्री देवीको उपासना गरे सर्व कामना पूर्ति हुन्छ। शास्त्रहरूमा यसरी नै अन्य देवशक्तिहरूको उपासना र तिनीहरूबाट प्राप्त हुने सिद्धिको लामो विवरण पाइन्छ। सम्बद्ध सिद्धि प्राप्त गर्न सम्बद्ध देवशक्तिको मन्त्र तोकिएको छ। मन्त्र साधनाहरू आठ वटा दोषबाट मुक्त हुनु पर्दछ। मन्त्र जप्नु पहिले मन्त्रलाई चैतन्य गर्नु पर्ने लगायत मन्त्र साधनाका अन्य विधिहरूको शास्त्रमा उल्लेख पाइन्छ। तन्त्र साधना गर्नेहरूले आकाशगमन, परकायाप्रवेश, शत्रुमरण, वशीकरण लगायतका सिद्धि प्राप्त गर्ने गरेको पाइन्छ। कतिपय विद्वान्हरूले उपासनालाई सकाम भक्ति मानेका छन्।

---

९४ व्यास (२०७०), पृ. २७
९५ वाजपेयी (२०३८), पृ. ४४

योग

योगहरू मूलतः दुई प्रकारका हुन्छन्- पिपीलकयोग वा हठयोग र विहङ्गमयोग। पतञ्जलिले अष्टाङ्ग योग बताएका छन्[९६]। ती हुन्- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई यम भनिन्छ। शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वर प्रणिधानलाई नियम भनिन्छ। आसनहरू ८४ वटा छन् । ती हुन्[९७]- सिद्धासन, प्रसिद्धसिद्धासन, पद्मासन, बद्धपद्मासन, उत्थितपद्मासन, ऊर्ध्वपद्मासन, सुप्तपद्मासन, भद्रासन, स्वस्तिकासन, योगासन, प्राणासन, गोरक्षासन, पवनमुक्तासन, सूर्यासन, सूर्यभेदासन, भस्त्रिकासन, सावित्रीसमाध्यासन, अचिन्त्यनीयासन, ब्रह्मज्वराङ्कुशासन, उद्धारकासन, मृत्युभञ्जकासन, आत्मारामासन, भैरवासन, गरुडासन, सिंहमुद्रासन, गोमुखासन, वातायनासन, सिंहमुक्तावल्यासन, नेत्यासन, पूर्वासन, पश्चिमोत्तानासन, महामुद्रासन, वज्रासन, वक्रासन, गर्भासन, शीर्षासन, सर्वाङ्गासन, हस्तपादासन, पादाङ्गुष्ठासन, उत्तानपादासन, जानुलग्नासन, हस्तपादासन, एकपदशीर्षासन, पदहस्तासन, कर्णपीठमूलासन, कोणासन, त्रिकोणासन, चतुष्कोणासन, काण्डपीठासन, तुलितासन, वृक्षासन, धनुरासन, वियोगासन, विलोमासन, योनिन्यासन, गुप्ताङ्गासन, उत्करासन, शोकासन, सङ्कटासन, अन्धासन, रुण्डासन, शवासन, वृषासन, गोपुच्छासन, उष्ट्रासन, मर्कटासन, मत्स्यासन, मत्स्येन्द्रासन, मकरासन, कूर्मासन, मण्डूकासन, उत्तानमण्डूकासन, हंसासन, वकासन, मयूरासन, कुक्कुटासन, फोड्यासन, शलभासन, वृश्चिकासन, भुजङ्गासन, हलासन, वीरासन, शान्तिप्रियासन ।

प्राणायामका तीन दशा हुन्छन्- पूरक, कुम्भक र रेचक। विहङ्गम योगलाई ध्यानयोग पनि भनिन्छ। इन्द्रिय निग्रह गर्नु प्रत्याहार हो। धारणा, ध्यान र समाधि अष्टाङ्ग योगका अन्य योगहरू हुन्। योग साधना ज्यादै कठिन पथ हुनाले यो सर्वसाधरणका निमित्त दुरूह छ भनिन्छ।

ज्ञान

वेद, उपनिषद्, षट्ङ्ग, षडदर्शन, पुराण, रामायण, महाभारत, गीता, ब्रह्मसूत्र आदिको अध्ययनद्वारा ज्ञान प्राप्त गरिन्छ। ज्ञानले जीव, जगत्, माया र ब्रह्मको पहिचान गराउँछ। ज्ञानका तीन सोपानहरू छन्- सहज वृत्ति, युक्ति विचार र अतीन्द्रिय बोध। ज्ञान प्राप्त गरेपछि मानिस संसारमा मोहित हुँदैन। शरीरलाई पञ्चमहाभूत, अहङ्कार, बुद्धि, मूल प्रकृति, दश इन्द्रियहरू, मन, पाँच विषय, इच्छा, द्वेष, सुख, दुःख, स्थूल देहको पिण्ड, चेतना र धृति समेत एकतिस तत्त्वको विकार मानेर आफैँमा रमण गर्ने, आफैँमा तृप्त हुने, आफैँमा सन्तुष्ट हुने, कसैमा स्वार्थ सम्बन्ध नराख्ने मानिस ज्ञानी हो। आत्माको ब्रह्म स्वरूपता

---

९६ अधिकारी (२०७१), पृ. २४३

९७ शर्मा (२०२०), पृ. २४

जान्नु, तद्रूप हुनु र त्यसको साक्षात्कारको उपाय जान्नु ज्ञान हो। ज्ञानको पथ औसत मानिसका निमित्त कष्ट साध्य छ[९८]।

भक्ति

प्रभु भजनमा लीन हुनु भक्ति हो। भक्ति नौ प्रकारका छन्- श्रवण, कीर्तन, स्मरण, पादसेवन, सख्यभाव, अर्चना, वन्दना, दास्यभाव र आत्मनिवेदन। तिनीहरूलाई नवधा भक्ति भनिन्छ। नवधा भक्तिभन्दा पर दशधा भक्ति मानिन्छ। कतिपय विद्वान्हरूले सगुण, निर्गुण र पराभक्ति पनि मानेका छन्। माधुर्य भक्ति भक्तिको अर्को प्रकार हो। सगुण भक्तिलाई नवधा भक्ति, निर्गुण भक्तिलाई अष्टधा भक्ति र पराभक्तिलाई दशधा भक्ति नाम दिएको पनि पाइन्छ। दशधा भक्तिलाई पराप्रमलक्षणा भक्ति, अनन्य भक्ति, अव्यभिचारिणी भक्ति, पतिव्रता भक्ति वा एकभक्ति पनि भनिन्छ। परमात्मा प्राप्त गर्न अनन्य भक्ति आवश्यक हुन्छ, अव्यभिचारिणी भक्ति[९९]द्वारा जसले निरन्तर परमात्मा भज्दछ त्यसलाई ब्रह्म स्वरूप हुन योग्य मानिन्छ। सर्वभावले परमात्मामा समर्पण गर्नु, परमात्मामा समर्पित हुनुलाई गोपीहरूले कृष्णप्रति गरेको भक्तिको उदाहरणका रूपमा लिइन्छ। कर्म, उपासना, ज्ञान र योगको बाटोभन्दा भक्ति योग सबैका निमित्त सहज र सरल हुन्छ। त्यसमा पनि अनन्य भक्ति वा पतिव्रता भक्तिमा पत्नीले पतिलाई गरे जस्तो परमात्मालाई भक्ति गर्नु नै साधनाको सर्वोत्तम पथ मानिएको छ।

---

९८ व्यास (२०७०), पृ. ३४
९९ व्यास (२०७०), पृ. ८५

बौद्ध धर्म

बौद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतम बुद्ध हुन्। राजा शुद्धोदन र रानी मायादेवीका पुत्रका रूपमा ५६० इ.पू. मा नेपालको लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतमको बाल्यकाल राजकीय सुख-सयलमा बितेको थियो। उनले वेद र उपनिषद् पढे। कुस्ती लड्नु, घोडा दौडाउनु, राजकाज, युद्ध विद्या, तीर चलाउनु, रथ हाँक्नु जस्ता विद्या पनि उनले सिके। यशोधरासँग सोह्र वर्षको उमेरमा उनको विवाह भयो र पुत्र राहुलको जन्म भयो।

सिद्धार्थ गौतमले बुढो मानिस, रोगी, मुर्दा र संन्यासी देखेपछि उनलाई दु:खको अनुभूति भयो। सुन्दर पत्नी, सानो छोरा, भव्य दरबार त्यागेर बुढ्याइँ, रोग र मृत्युको दु:खबाट छुट्ने उपायको खोजीमा उनले ३० वर्षको उमेरमा एक रात दरबार छोडी हिँडे, महाभिनिष्क्रमण गरे, लामो तपस्या गरे, योग, साधना सिके, छ वर्ष लामो तपस्या गरे। केही फेला परेन। सिद्धार्थले तपस्या गर्दै गरेको स्थानछेउ उनले केही स्त्रीहरूको आवाज सुने- वीणाको तार कसियो भने चुँडिन सक्छ, खुकुलो भयो भने सुरिलो आवाज आउँदैन, मध्यम मार्ग ठीक हो[१००]। सिद्धार्थले तपस्या गर्दै गरेको वैशालीको वटवृक्षमा सुजाताले भाकल पुरा गर्न खीर चढाउन आउँदा वृक्षले देवरूप धारण गरेको ठानेर सो खीर चढाइन्। सिद्धार्थले खीर खाएर त्यसै रात ध्यान लगाउँदा सिद्धार्थलाई उच्च र साँचो बोध प्राप्त भयो। सिद्धार्थ बुद्ध भए। त्यो बोधप्राप्त स्थान बोधगया नामबाट प्रख्यात छ[१०१]।

बुद्धले त्यही वर्ष आषाढ पूर्णिमामा धर्मचक्र प्रवर्तन गरे। उनले सारनाथमा पहिलो पटक धर्मोपदेश गरेका हुन्। मध्यम मार्ग अपनाउने उनको शिक्षामा दु:ख, त्यसको कारण र निवारणका लागि अष्टाङ्गिक मार्ग बताइएका छन्। बुद्धले अहिंसामा जोड दिँदै पशुबलिको निन्दा गरेका छन्। त्यस वेलादेखि ८० वर्षको भइन्जेलसम्म बुद्धले सबै जात जातिलाई विना भेदभाव तत्कालको लोकभाषा पालीमा ठाउँ ठाउँ घुमेर धर्मोपदेश गरेका छन्, पहिले भिक्षुहरूको मात्र र पछि भिक्षुणीहरूको सङ्घ स्थापना गरेका छन्। बुद्ध वैशाख पूर्णिमामा जन्मे, वैशाख पूर्णिमामा बुद्धत्व प्राप्त भयो र वैशाख पूर्णिमामै बुद्धले महापरिनिर्वाण प्राप्त गरे।

---

१०० गोस्वामी (२०६४), पृ. ४५९
१०१ ऐ. पृ. ४५९

बौद्ध धर्मले चार आर्य सत्य[१०२] मानेको छ-

दु:ख, दु:ख समुदय (कारण), दु:ख निरोध, दु:ख निरोध गामिनी प्रतिपद (निरोधक मार्ग)। बुद्धले जन्म, वृद्धावस्था, रोग, मृत्यु, संयोग, वियोगलाई दु:ख मानेका छन्। रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान- पाँच उपादान स्कन्ध नै दु:ख हो। दु:खको कारण तृष्णा हो। दु:खको निरोध तृष्णाबाट विराग भएपछि मात्र हुन्छ। दु:ख निरोधकको मार्ग आठ वटा छन्। तिनीहरूलाई अष्टाङ्गिक मार्ग भनिन्छ-

१. सम्यक् ज्ञान
२. सम्यक् सङ्कल्प
३. सम्यक् वचन
४. सम्यक् कर्मान्त
५. सम्यक् आजीव
६. सम्यक् व्यायाम
७. सम्यक् स्मृति
८. सम्यक् समाधि

ती अष्टाङ्गिक मार्गको अवलम्बनद्वारा निर्वाण प्राप्त हुन्छ। निर्वाणको अर्थ निभ्नु अथवा तृष्णा समाप्त हुनु हो, मुक्ति प्राप्त गर्नु हो। बुद्धले पञ्चशील पालना गर्ने आदेश दिएका छन्। ती हुन् १) प्राणीघात नगर्ने शील २) नदिई नलिने शील ३) असल आचरण गर्ने शील ४) सत्य बोल्ने शील र ५) मादक पदार्थ नलिने शील। पञ्चशील पालना गर्नाले हुने फाइदा बुद्धले यसरी बताएका छन्- धन सम्पत्तिको लाभ, यशकीर्ति, आत्म विश्वास, होसमा मृत्यु, सुगति।

बुद्धले तीन प्रकारका करुणा बताएका छन्- स्वार्थमूल करुणा, सहेतुक करुणा र अहेतुक करुणा। त्यसरी नै अधर्माचरण तीन वटा छन्- प्राणनिपात (हिंसा) आदिन्नादान (चोरी) र काममा मिथ्याचार।

बुद्धको महानिर्वाणपछि बौद्ध धर्ममा धेरै शाखाहरू बने। तिनीहरूमा मुख्य हीनयान र महायान हुन्। हीनयानले अष्टाङ्गिक मार्गमा जोड दिएको छ र महायानले पारमिता मार्गमा। सामान्यत: पारमिता मार्ग ६ वटा छन्[१०३]-

१) **दान पारमिता-** धर्मका निमित्त आफ्नो स्वत्व छोड्नु।
२) **शील पारमिता-** सदाचार, अहिंसा पालना गर्नु।
३) **शान्ति पारमिता-** क्षमा र सहनशीलता पालना गर्नु।
४) **वीर्य पारमिता-** उत्साह राख्नु।
५) **ध्यान पारमिता-** एकाग्र रहनु।
६) **प्रज्ञा पारमिता-** सत्यको साक्षात्कार गर्नु।

---

१०२ डङ्गोल (२०६८), पृ. ९९-१२०
१०३ थापा (अन्नपूर्णमा प्रकाशित)

कतिपय महायानीहरूले दश पारमिता मानेका छन्। माथिका ६ वटा पारमिता बाहेक अन्य ४ पारमिता हुन्-

१) तटस्थ पारमिता
२) क्लेश पारमिता
३) मैत्री पारमिता
४) दृढ पारमिता

माथि भनिएका चार आर्य सत्यभित्र सम्पूर्ण कुशल धर्म अटाउँछ भन्ने बौद्धमार्गीहरूको धारणा छ। जसरी धरतीमा हिँड्ने सम्पूर्ण प्राणीहरूको पदचिह्नलाई हात्तीको पदचिह्नभित्र समावेश गर्न सकिन्छ त्यसरी नै चार आर्य सत्यभित्र बुद्धको सम्पूर्ण ज्ञान समावेश गर्न सकिन्छ। बुद्धले सारनाथमा पहिलो पटक धर्मोपदेश गरे असार पूर्णिमाका दिन। त्यस दिन उनले पाँच जना शिष्यहरूलाई उपदेश गरे। ती पाँच जना ऋषिहरूलाई पञ्च वर्गीय ऋषि भनिन्छ। ती ऋषिमध्ये कौडिन्यले त्यही दिन निर्वाण लाभ गरे भने अन्य ऋषिहरूले पछिल्ला दिनहरूमा निर्वाण लाभ गरेका हुन्।

बुद्धले सम्यक् सम्बोधि प्राप्त गरेपछि मैले ज्ञान त पाएँ तर संसारमा पञ्च काममा भुलेका मानिसले कसरी बुझ्लान् भनेर निरुत्साहित भएको समयमा सहम्पति ब्रह्मा र अरू देवताहरूले बुद्धलाई धर्मोपदेश गर्न आग्रह गरे। बुद्धबाट भएको धर्मोपदेश सुनेर देवताहरूले पनि साधुकार गरेका थिए। भगवान् बुद्धले मानिस र देवताका गुरुका रूपमा प्रकट भएर धर्मचक्र प्रवर्तन गरेको यो दिनलाई हिन्दूहरू गुरु पूर्णिमाका रूपमा मनाउँछन् भन्ने बौद्ध धर्मावलम्बीहरूको धारणा छ।

दुःख आर्य सत्यमा बुद्धले आठ वटा दुःखहरूको वर्णन गरेका छन्। पछि अरू पाँच वटा दुःख थपेर तेह्र वटा (गन्तीमा बाह्र), दुःखको वर्णन गरेका छन्। ती दुःखहरू हुन् १) जन्म लिनु दुःख हो। २) बुढो हुनु दुःख हो। ३) मृत्यु हुनु दुःख हो। ४) शोक ५) परिदेव ६) दुःख ७) दौर्मनस्य ८) उपायास ९) अप्रिय जनसँगको मिलन १०) प्रिय जनसँगको बिछोड ११) आफूले चिताएको कुरा प्राप्त नहुनु र १२) पञ्च दान उपादान स्कन्ध दुःख हो। बुद्धले मनुष्यलाई सम्बोधन गर्दा बाह्र वटा दुःखको र देवता र मनुष्यलाई सम्बोधन गर्दा आठ वटा दुःखको वर्णन गरेका छन्। अरू दुःखका कुरा साधारण मनुष्यले पनि बुझ्ने दुःख भएकोले पञ्च स्कन्धहरूको वर्णन बौद्ध धर्मग्रन्थहरूमा गरिएको पाइन्छ। बुद्धका अनुसार पञ्च स्कन्ध यी हुन्-

१) रूप स्कन्ध- पृथ्वी, जल, वायु, अग्नि र तीबाट उत्पत्ति भएका छ इन्द्रियहरू- आँखा, कान, नाक, जिब्रो, शरीर, मन तथा तीसँग सम्बद्ध छ वटा आवलम्बनहरू- रूप, शब्द, गन्ध, स्पर्श, रस र धर्म गरी बाह्र वटा आयतन पर्दछन्।
२) वेदना स्कन्ध अन्तर्गत सुखद-दुःखद, अदुःखद-असुखद वा उपेक्षा गरी तीन वेदनाहरू पर्दछन्।

३) संज्ञा स्कन्धको काम कुनै कुरालाई पहिचान गर्नु हो ।
४) संस्कार स्कन्ध भनेको चित्तद्वारा सम्पादन हुने कुशल र अकुशल मानसिक क्रियाकलापहरू वा सकारात्मक वा नकारात्मक चेत हो ।
५) विज्ञान स्कन्धको काम कुनै कुराको जानकारी लिनुसम्म हो ।

दोस्रो आर्य सत्य दुःखको समुदाय वा कारणका रूपमा काम तृष्णा, भय बाँधि राख्ने यी तृष्णाहरूले वारम्वार जन्म दिलाउने, विषय रागमा भुल्याउने गर्दछन् ।

तेस्रो आर्य सत्य- काम, तृष्ण, भव तृष्णा र विभव तृष्णाहरूको निरोध नै दुःख निरोध आर्य सत्य हो ।

चौथो आर्य सत्य- माथि उल्लेख गरिएको अष्टाङ्गिक आर्य मार्ग चौथो आर्य सत्य हो । अष्टाङ्गिक मार्गका विशेषताहरूलाई यसरी व्याख्या गरिएको छ-

१) सम्यक् दृष्टि भन्नुको अर्थ मानिसले आफ्नो साढे तीन हातको शरीरभित्र यस आर्य सत्यलाई साक्षात्कार गर्नु पर्दछ। मानिसले जीवन र जगत् भनेको अनित्य, दुःख र अनात्मा हुन् भनेर बुझ्नु सम्यक् दृष्टि हो ।
२) सम्यक् सङ्कल्प भन्नाले निष्क्रमण (शब्द, स्पर्श, रूप, रस, गन्ध या भुल्ने कामको परित्याग), अव्यापाद र अवि हिंसा बुझ्नु पर्दछ ।
३) सम्यक् वचन भन्दा झुटो बोल्ने, चुक्ली गर्ने, कठोर वचन र अनावश्यक कुराको परित्याग बुझिन्छ ।
४) सम्यक् कर्म भन्नाले प्राणी हिंसा, चोरी र व्यभिचारबाट अलग रहने कर्म हो ।
५) सम्यक् आजीविका भन्नाले हतियार, मांस, मानिस, मन्दिर र विषको व्यापारबाट अलग रहने कुरा हो ।
६) सम्यक् व्यायाम भन्नाले नभएका अकुशल विचार उत्पन्न हुन नदिने, भएका अकुशल चेतना नष्ट गर्ने, भएका कुशल चेतना बृद्धि गर्ने र नभएका कुशल चेतना उत्पन्न गर्ने कुरा पर्दछन् ।
७) सम्यक् स्मृतिभित्र कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यना गरी चार वटा प्रस्थानहरूमा समता वा उपेक्षापूर्वक स्मृति जगाउनु हो। विपश्यना ध्यान नामले परिचित यी ध्यान क्रमहरूमा आनामान पर्वमा सास फेर्ने प्रक्रियालाई जागरूक भई हेरिन्छ। इर्पापथ पर्वमा बस्ने, उभिने, हिँड्ने, पल्टिने, शारीरिक हलचललाई सजग भई हेरिन्छ। सम्प्रज्ञान पर्वमा शरीरबाट हुने सबै प्रकारका कार्यहरूलाई जागरूक भई हेरिन्छ र मनसिकार पर्वमा शरीरमा रहेका २० वटा पृथ्वी धातु र १२ वटा जल धातुहरूको प्रतिकूल भावनाले निरीक्षण गरिन्छ। धातु मनविकार पर्वमा शरीरभित्र रहेका उक्त धातुहरूलाई एक-एक गरेर छुट्ट्याएर हेर्ने गरिन्छ। नौ प्रकारका श्मशानको पर्वमा श्मशानमा फालिएका मृत

शरीरहरूलाई हेरेर आफ्नो शरीरको पनि यही हालत हुने रहेछ भनेर जागरूक भई हेरिन्छ ।

वेदानुपश्यना अन्तर्गत शरीरभित्र उठेका सुखद-दु:खद र असुखद-अदु:खद वेदनाहरू उठ्दैछन् बिलाउँदैछन् भनेर जागरूक भई हेरिन्छ। यसमा वेदनाहरू सामिष वा निरामिष भनेर पनि छुट्ट्याइन्छ ।

चित्तानुपश्यनामा १६ वटा चित्तहरू मध्ये आफूमा के कुन चित्त रहेका छन् र ती कसरी उठ्दै बिलाउँदै गएका छन् भनेर जागरूक भएर हेरिन्छ। धर्मानुपश्यनामा नीवरण पर्व, स्कन्ध पर्व, आयतन पर्व, बोध्याङ्ग पर्व र सत्य पर्व गरी धर्मका विभिन्न पक्षहरूलाई जागरूक भएर उपेक्षा भावले हेरिन्छ। धर्मानुपश्यना सत्य पर्वले चार आर्य सत्यबारे सतर्क भएर जानकारी राख्दछ। निर्वाण प्राप्त गर्नका लागि उक्त चार स्मृति प्रस्थानहरू मात्र उपयुक्त मार्ग हो भन्ने मानिएको छ ।

बौद्ध धर्मको अध्ययन गर्ने विद्वान्हरूले बौद्ध धर्मभित्र तल लेखिएका ६ वटा[१०४] कुरालाई प्रमुखता दिएका छन्। उनीहरूका अनुसार बौद्ध दर्शन भन्नु ती ६ वटा कुराहरूको समग्रता हो ।

१) **क्षणिक वाद-** बुद्धले संसारका सबै वस्तुहरूलाई क्षणिक र अनित्य छन् भनेका छन्। संसारमा वस्तु अस्तित्वमा छ र अस्तित्वमा छैन भन्ने धारणाका बलमा चल्दछ। सबै वस्तुहरू अनित्य, गतिशील, क्षणिक र परिवर्तनशील हुन्छन्। यस सिद्धान्तले कार्य कारणको सम्बन्धको निरन्तरता वा अविच्छिन्नतालाई स्वीकार गर्दैन ।

२) **प्रतीत्यसमुत्पाद-** कुनै वस्तु वा घटनाको उत्पत्ति अर्को कुनै वस्तु वा घटनाबाट हुन्छ भन्नु नै प्रतीत्यसमुत्पाद हो। खास परिस्थिति वा खास घटनाबाट अर्को खास घटित हुन्छ। यदि खास घटना भएको नभए अर्को खास घटना पनि हुने थिएन। यस दर्शनलाई क्षण भङ्गुरताको सिद्धान्त पनि भन्ने गरिन्छ। मनुष्य, समस्त जगत् र समाज निरन्तर परिवर्तनको स्थितिबाट अघि बढि रहन्छ ।

३) **अनात्मवाद**[१०५]- बुद्धले आत्माको नित्यता र शाश्वततालाई मान्नु मूर्खता हो भनेका छन्। आत्मालाई नित्य मान्ने हो भने यसको शुद्धि र मुक्तिको आवश्यकता नै पर्दैन। आत्मा खास कारणहरूबाट भौतिक पदार्थ र मन मिलेर बनेको हो। बुद्धले आत्मा, आफू र अहङ्कारलाई नकारेका छन्। बुद्ध धर्मको आधारशिला नै अनात्मवाद हो। बुद्धले भनेका छन्- सबै प्रकारका पदार्थहरू अनात्म हुन् भनी प्रज्ञाले देखेको समयमा मात्र सांसारिक दु:खबाट विरक्त भइन्छ।

---

१०४ भूषाल (२०६८); पृ. ११४-११९

१०५ सिंह (१९९०), पृ. ४८

अनात्मा वा नैरात्मामा आफूलाई प्रतिस्थापित नगरी कुनै पनि मानिसले निर्वाण प्राप्त गर्न सक्दैन ।

४) **निरीश्वरवाद-** बौद्ध धर्ममा ईश्वर वा ब्रह्मको स्थान छैन । संसारमा सुखभन्दा दुःख बढी छ। यस्तो दुःख दिने ईश्वर वा ब्रह्म कति निष्ठुर होला ? ईश्वर किन चाहियो ? ईश्वर सृष्टिकर्ता हो भनेर मान्ने हो भने के कारणले र के उपादानले सृष्टि गऱ्यो ? विना कारण सृष्टि बनाउँछ भन्ने हो भने कार्य कारणको सिद्धान्त सकियो। उपादान कारण लिएर सृष्टि गर्छ भने कसरी सर्व शक्तिमान् भयो ? सृष्टि अनादि हो भने ईश्वर कसरी सृष्टिकर्ता भयो ? भन्ने जस्ता कुराले बौद्ध धर्मले ईश्वरको अस्तित्वलाई पूर्णतः अस्वीकार गरेको देखिन्छ ।

५) **स्वतः प्रमाणवाद अस्वीकार-** बौद्ध धर्मले वेद आदि धर्म ग्रन्थमा लेखिएका कुरालाई स्वतः प्रमाण मान्दैन। कुनै पनि ग्रन्थमा कमी कमजोरी हुँदैन भन्न मिल्दैन। ती कमी कमजोरीलाई प्रमाण मान्न कसरी सकिन्छ ? मानिस सर्वज्ञ हुन सक्दैन। मानिसलाई जीवन र निर्वाणका निमित्त कर्मको स्वतन्त्रता चाहिन्छ। कर्म गर्न विचार बुद्धिको स्वतन्त्रता चाहिन्छ। त्यस कारण कुनै ग्रन्थको सीमाभित्र बाँधिएर रहनु भनेको प्रगतिलाई रोक्नु हो ।

६. **जीवन प्रवाह वाद-** बुद्धले वर्तमान जीवन मात्र नहेरी पूर्वजन्म र पुनर्जन्मको कुरा गरेका छन्। जातक कथाहरूमा बुद्धका विभिन्न जन्महरूको कुरा पाइन्छ। जीवन प्रवाहलाई एक शरीरसम्म सीमित राख्नु हुँदैन। यसबाट कार्य कारण सम्बन्धको नियम विपरीत हुन्छ। जीवन पूर्वकाल र भावी कालसम्म जोडिएको प्रक्रिया हो भन्ने बौद्ध धर्मको मान्यता हो ।

बौद्ध धर्ममा नैतिकताको शिक्षामा महत्त्व दिइएको छ। पञ्चशील लगायत सयौं शीलहरूको कुरा बौद्ध साहित्यमा पाइन्छ। सबैप्रति प्रेम राख्नु पर्छ, दया राख्नु पर्छ भन्ने कुरा यो धर्मको अर्को पक्ष हो। खराबको जवाफ खराबले नदिएर प्रेमले दिनु पर्दछ। कसैलाई पनि दण्ड दिनु हुँदैन भन्ने बौद्ध धर्ममा उल्लेख गरेको पाइन्छ। सुरुमा बौद्ध धर्मलाई नास्तिक धर्म पनि भनिन्थ्यो ।

बुद्धले अधर्माचरण नगर्न उपदेश दिँदै भनेका छन्- शरीरको अधर्माचरण तीन प्रकारले हुन्छ। वाणीको अधर्माचरण चार प्रकारले हुन्छ र मनको अधर्माचरण तीन प्रकारले हुन्छ। शरीरको अधर्माचरणमा एउटा काटमार गर्नु हो जसलाई प्राणोनिपात भनिन्छ। चोरी गर्नु तेस्रो अधर्माचरण हो जसलाई अदिन्नाचरण भनिन्छ। त्यसरी नै परस्त्रीसँग दुराचार गर्नु अर्को अधर्माचरण हो जसलाई काममा मिथ्याचार भनिन्छ। वाणीका अधर्माचरणहरूमा कठोर भाषा वोल्नु र प्रलाप गर्नु हो। मनको अधर्माचरणमा अर्काको सम्पत्तिमा लोभ गर्नु जसलाई अमिध्या भनिन्छ। द्वेषपूर्ण सङ्कल्प गर्नु जसलाई व्यापन्न चित

भनिन्छ। उल्टा धारणा राख्नु जसलाई मिथ्या दृष्टि भनिन्छ। यस्ता आचरण गर्नेहरू नर्क जान्छन् र धर्माचरण गर्नेहरू उत्तम लोकमा जान्छन्।

बुद्धले भनेका छन्- कर्म क्लेश वा कर्मका फल चार वटा छन्- प्राणानिपात (प्राणी मार्नु), अदत्तापान (चोरी गर्नु), परदारागमन (परस्त्रीसँग दुराचार गर्नु) र मृषावाद (झुटो बोल्नु)। पापका चार वटा स्थान छन्- रागको बाटोमा गएर पाप गर्नु, द्वेषको बाटोमा गएर पाप गर्नु, परदारागमन र झुटो बोल्नु। छ वटा अपाय मुख छन्- मद्यपान, साँझमा घुम्नु, नाच तमासा, जुवा, दुष्टसँग मित्रता र आलस्य। नशा गर्नाले तत्काल धनको हानि हुन्छ, कलह बढ्दछ, रोग बढ्दछ, बदनामी हुन्छ, लाज र नाश हुन्छ र बुद्धि दुर्बल हुन्छ। जुवाका पाँच वटा दोषहरू छन्- जित्दा वैरभाव, हार्दा धनको सोच, तत्काल धनको नोक्सान, सभाहरूमा अविश्वास, मित्रहरूबाट तिरस्कार र विवाह गर्नमा असजिलो।

बुद्ध भन्दछन् ६ वटा दिशाहरूको पूजा गर्नु पर्दछ। मातापिताको सेवा, गुरुको सेवा, पत्नीको सेवा, मित्रको सेवा, सेवकको सेवा र साधु ब्राह्मणहरूको सेवा गर्नु ६ दिशाको पूजा हो। क्रोधबाट सात वटा अनर्थ हुन्छन्- मनुष्य चाहन्छ उसको शत्रु कुरूप होस्, शत्रुलाई पीडा होस्, शत्रु सम्पन्न नहोस्, शत्रु धनवान् नहोस्, शत्रुको ख्याति नहोस्, शत्रु मित्रहीन होस्, शत्रु मर्दा सुगति नहोस्। क्रोधबाट छुट्ने पाँच वटा उपायहरू छन्- मैत्री, करुणा, मुदिता, उपेक्षा र कर्मफलको स्वामित्वको भावना। त्यसरी नै चित्तका मलहरू सोह्र वटा छन् जसलाई उपक्लेश भनिन्छ। ती हुन्- विषय लोभ, द्रोह, क्रोध, पाखण्ड, आमर्ष, निष्ठुरता, ईर्ष्या, मात्सर्य, ठगी, शठता, जडता, हिंसा, मान, अतिमान, मद र प्रमाद।

बुद्धले भनेका छन्- मन सारा प्रवृत्तिहरूको अगुवा हो। आफ्नो उद्धार आफ्नै हातमा छ। आफूलाई जित। कसैलाई नसताऊ। शत्रुताले शत्रुता मेटिँदैन। प्राणी हिंसा गर्ने, झुटो बोल्ने, परस्त्रीगमन गर्ने, चोरी गर्ने र मद्यपान गर्नेले यसै लोकमा आफ्नो जरा खन्दछ। प्रेमले क्रोधलाई जित। कसैमा दोष नहेर। साँचो बोल, भनेको गर। मन वचन र कर्मको संयम गर। ब्रह्मचर्य पालना गर। तृष्णाको बन्धन तोड। दान देऊ। प्रमाद नगर। जसमा सत्य, धर्म, अहिंसा, संयम, इन्द्रिय, दमन छ ऊ स्थविर हो। धेरै बोलेर पण्डित हुँदैन- अर्काको कल्याण गर्ने पण्डित हो। जो अकिञ्चन छ, कुनै प्रकारको परिग्रह गर्दैन र जो त्यागी छ त्यो ब्राह्मण हो।

बुद्धको जीवन कालपछि बुद्ध धर्मका शाखाहरू विभाजित भए। माथि भनिए अनुसार हीनमान र महायानमा बौद्ध धर्म विभाजित भयो। वज्रयान, सहजयान जस्ता अन्य शाखाहरूको विकास हुँदै आयो। महायानमा पनि विभिन्न शाखाहरू फैलिए। महायान शाखाका अन्य शाखाहरू यस प्रकार छन्[१०६]-

---

१०६ वोसेर (२०६८), पृ. २४९

१) **ञिंमा सम्प्रदाय** : धर्मराजा ठिस्रोङ देउचन, गुरु पद्मसम्भव र शान्तिरक्षितलाई यस सम्प्रदायका मूल संस्थापक मान्छिन्। सर्वप्रथम विभिन्न बौद्ध ग्रन्थहरूको भोट भाषामा अनुवाद गराएर अध्ययन अध्यापन गराएर, प्रव्रजित भिक्षुसङ्घको स्थापना गराएर र साम्ये विहार (गोन्पा) स्थापना गरेर ती राजाका पालामा यस सम्प्रदायको विस्तार गरिएको हो। यस सम्प्रदायमा बुद्धलाई समन्तभद्र, मूल गुरु पद्मसम्भवलाई बुद्धको निर्माण काय र रुद्र गुरुलाई दृष्टि देवताका रूपमा, अष्टहेरुकलाई इष्ट देवका रूपमा मानिन्छ। वज्रवाराही, सिंहमुखा आदि देवीलाई शक्तिस्वरूपा मानिन्छ। यसको मूल दर्शनलाई जोक्क्षेन भनिन्छ। महाकाल, पण्डक, राहु, व्रती, वज्रवाराही, चण्डी, श्रीमत्काली, श्मशानपति आदि शक्तिशाली देवदेवी र स्थानीय देवदेवीहरू धर्म रक्षक धर्मपालका रूपमा मानिन्छन्। यस सम्प्रदायका अन्य शाखाहरू पनि छन्। ती हुन्- मिन्लिङ, कथोग, दोर्जेटाक, पालयुल, स्येछेन र जोग्छेन। यस सम्प्रदायमा त्रिपिटक बाहेक कामा र तेर्मा जस्ता धर्मग्रन्थहरू महत्त्वपूर्ण मानिन्छन्।

२) **कर्ग्युद् सम्प्रदाय** : बुद्धरूपी गुरुको आज्ञा पालन गर्ने हुनाले यस सम्प्रदायलाई गुरुवंश परम्परा वा कर्ग्युद् भन्ने गरिएको मानिन्छ। यस सम्प्रदायका संस्थापक गुरु मरप लोचवा हुन्। उनले भारतका प्रसिद्ध गुरु नरोपाबाट सम्पूर्ण तान्त्रिक विद्याको शिक्षादीक्षा र अभिषेक लिई यो सम्प्रदायको विस्तार गरेका हुन्। यस सम्प्रदायमा मूल चार शाखाहरू कर्म कर्ग्युद्, छलपा कर्ग्युद्, बरोप कर्ग्युद् र फगटु कर्ग्युद् छन् भने फगटु कर्ग्युद् अन्तर्गत डिगुड कर्ग्युद्, डुग्पा कर्ग्युद्, यजाङ कर्ग्युद्, ठोपु कर्ग्युद्, शुगसेव कर्ग्युद्, मेलपा कर्ग्युद्, मरछङ कर्ग्युद्हरू विकसित भएका छन्। गुह्य तान्त्रिक परम्परामा अर्को श्हाङपा कर्ग्युद् सम्प्रदाय पनि छ। यस सम्प्रदायका मूल इष्ट देवता चक्र संवर हुन्। यस सम्प्रदायको मूल दर्शन महामुद्रा (निर्वाण) हो। चतुर्भुज महाकाललाई यस सम्प्रदायले धर्म रक्षक धर्मपालका रूपमा लिन्छ। यस सम्प्रदायमा अवतारी परम्पराबाट गुरुको पदस्थापना गरिन्छ। भुटानमा डुग्पा कर्ग्युद् सम्प्रदायले राष्ट्रिय मान्यता पाएको छ। यस सम्प्रदायमा ध्यान भावनालाई विशेष महत्त्व दिइन्छ।

३) **सक्या सम्प्रदाय** : सेतो खैरो वा पाण्डु माटोलाई सक्या भनिने र त्यस्ता ठाउँमा गोन्पा स्थापना गरी धर्म प्रचार गरिएको हुनाले यस सम्प्रदायको नाम सक्या सम्प्रदाय रहेको मानिएको छ। यस सम्प्रदायका संस्थापक खोनका छोग ग्याल्पो हुन्। पहिले यो सम्प्रदाय ञिंया सम्प्रदायको नजिक थियो। पछि महासिद्ध विरूप आदि हेवज्रतन्त्रका अनुयायीहरूले अनुसरण गरि आएको धार्मिक वंश परम्परा अपनाए भनिन्छ। यस सम्प्रदायको मूल धार्मिक दर्शन नाङसुम ग्युसुम हो र धर्मग्रन्थ चाहिँ डाछेन च्योग्य हो। यस सम्प्रदायका मूल देवता क्ये दोर्जे र धर्मपाल महाकाल हुन्। यस सम्प्रदायका गुरुहरूले विभिन्न समयमा विद्वत्ताको प्रदर्शन गरी नाम र यश कमाएका थिए। यस सम्प्रदायमा वंश

परम्परा अनुसार मठाधीश (सङ्घ प्रमुख) हुने व्यवस्था छ। यस सम्प्रदायका छर्पा र डोर्पा नामका दुई शाखाहरू छन्।

४) **गेलुग् सम्प्रदाय** : यस सम्प्रदायका संस्थापक लोजाङ डक्पा हुन्। उनी बौद्ध साहित्यका गहन अध्येता थिए। उनले धर्ममा देखिएका त्रुटिहरू संशोधन गरे। अतीश दीपङ्करले आरम्भ गरेको कदम् सम्प्रदायलाई केही संशोधन गरी यो सम्प्रदाय स्थापना गरेको मानिन्छ। संस्थापक लोजाङ डक्पाले गोन्पाहरूमा बौद्ध धर्म, दर्शनको व्यापक अध्ययन, अध्यापन, अनुसन्धान र अन्वेषणको परम्परा चलाए। यस सम्प्रदायको दर्शनको नाम महामाध्यमिक हो र अनुयायीहरूलाई माध्यमिक भनिन्छ। यस सम्प्रदायले मूल इष्ट देवताका रूपमा वज्र भैरव र महाकाल मान्दछ भने धर्मराजा र वैश्रवणलाई धर्मपालका रूपमा मान्दछ। यस सम्प्रदायमा विद्वत्वर्गबाट निर्वाचन गरी सङ्घनायक (गादेन ठिपा) नियुक्त गर्ने परम्परा छ। गादेन ठिपालाई सुनको सिंहासनमा राखिन्छ। सङ्घ नायकको पदावधि ७ वर्षको हुन्छ। चारै सम्प्रदायमा अध्ययन अध्यापन गर्ने पुस्तकहरू तोकिएका छन् र ती पाठ्य पुस्तकहरू अङ्ग्रेजी, हिन्दी, संस्कृत र पाली भाषा अध्ययन गरी निश्चित परीक्षा उत्तीर्ण गरेपछि विद्यालय, महाविद्यालय र विश्वविद्यालय स्तरका उपाधि प्रमाणपत्र दिने गरिएको छ। यस्ता उपाधिहरू सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको सम्बन्धनमा केन्द्रीय तिब्बती उच्च शिक्षा संस्थानले दिने गरेको छ।

तिब्बतमा बौद्ध धर्मका अन्य शाखाहरू पनि विकसित हुँदै गए। पहेँलो टोपी र रातो टोपी लगाउने दुई वटा सम्प्रदायको कर्मकाण्ड पनि फरक किसिमको पाइन्छ[१०७]। पाँचौं रिम्पोछे र ग्यालो रिम्पोछेलाई बौद्ध देवताको अवतार मान्न सुरु गरियो। दलाई लामाको परम्परा सुरु भयो र तिब्बतको धार्मिक मात्र नभएर राजनीतिक नेतृत्व दलाई लामाको हातमा पुग्यो। पञ्चेन लामालाई अमिताभ बुद्ध र दलाई लामालाई बोधिसत्त्वको अवतार मान्न सुरु भयो। विभिन्न विद्वान्हरूको मूर्ति बनाएर उनीहरूलाई बुद्धको अवतार मान्न थालियो। तिब्बती मठहरूमा 'ॐ मणि पद्मे हुँ' लाई मुख्य मन्त्र मानेर भक्तहरूले गोन्पामा चक्र घुमाउने, मन्त्र पढ्ने, हातमा प्रार्थना चक्र घुमाउने र माला जप्ने प्रचलन चल्यो। बौद्ध मुलुकहरूमा भिक्षुहरू धेरै छन्। प्रत्येक परिवारको एक जना बालक भिक्षु बनाइनु पर्ने चलन चलेको छ।

बौद्ध धर्मग्रन्थहरू

ईसापूर्व २९ सम्म बुद्धका उपदेशहरू मौखिक रूपमा विद्वान्हरूको पिँढी पिँढी हस्तान्तरण हुँदै आएका थिए। श्रीलङ्काका राजा वत्तगमनी अभयको संरक्षकत्वमा ती उपदेशहरूलाई लिपिबद्ध गरिएको मानिन्छ। बुद्धका उपदेशहरूलाई सङ्कलन गरी तीन वटा बाकसमा राखिएकोले ती उपदेशहरूको

---

१०७ तोकारेव, पृ. १६०

नाम त्रिपिटक रहन गएको हो[१०८]। त्रिपिटकहरू यस प्रकार छन्- विनय पिटक, अभिधम्म पिटक र सूत्त पिटक। त्रिपिटकहरू पहिले पाली भाषामा लेखिए किनभने बुद्धले आफ्ना उपदेशहरू तत्काल उत्तर भारत खण्डमा प्रचलित लोकभाषा पालीमा दिएका थिए। पाली भाषा बङ्गाल विहार र नेपालको तराईभन्दा बाहिर फैलिन सकेन। पछि बुद्धका ती उपदेशहरू संस्कृत, चिनिया, तिब्बती आदि भाषामा अनुवाद भएका छन्। त्रिपिटकमध्येको विनय पिटकलाई अनुशासनको, सूत्त पिटकलाई ज्ञानको र अभिधम्म पिटकलाई अन्तिम यथार्थको ज्ञानका रूपमा लिइन्छ। विनय पिटकमा पाँच भाग छन्- महावग्ग, चुल्लवग्ग, पराजीनिस्सगीय, सौखिय तथा विख्खुणी विभङ्ग। सुत्त पिटकमा दीर्घ निकाय, मज्भिम निकाय, संजुक्त निकाय, अङ्गुत्तर निकाय र खुद्दक निकाय गरी पाँच वटा निकाय छन्। खुद्दक निकायभित्र ४२३ वटा श्लोक छब्बीस अध्याय रहेको बौद्ध धर्मको सार मानिएको धम्मपद रहेको छ। अभिधम्म पिटकमा धम्म सङ्गणि, विभङ्ग, धातुकथा, पुग्गल, पञ्चत्रि, कथावत्थु, यमक र पद्वान नामका विभागहरू छन्। बौद्ध धर्ममा जातक कथाहरू प्रसिद्ध छन्। भनिन्छ, चिनियाँ भाषामा मात्र ५००० ठूलठुला ग्रन्थहरू पाइन्छन्।

पर्व र तीर्थहरू

बौद्ध धर्मावलम्बीहरूले मान्ने पर्वहरूलाई दुई भागमा बाँड्ने गरिन्छ- धार्मिक र निरपेक्ष। निरपेक्ष पर्वहरूमा पनि धार्मिक प्रभाव स्पष्ट अनुभव गर्न सकिन्छ। धार्मिक पर्वहरू निम्न चार वटा मुख्य मानिन्छन्[१०९]।

१) उपोसथ- हरेक महिनाको प्रतिपदा र पूर्णिमा तथा अष्टमी तिथिहरूमा उपोसथ पर्व मनाइन्छ। यो पवित्र पर्व हो। सामान्य मानिस तथा भिक्षुहरू समेतले यसलाई कठोर र उचित रूपमा पालना गर्दछन्। बुद्धका प्रतिमाका अघि उभिएर पाली भाषामा रहेका श्लोकहरूको पाठ गरेर यो पर्व मनाइन्छ।
२) वैशाख पूर्णिमा- वैशाख पूर्णिमा बुद्धको जीवनको अत्यन्त महत्त्वपूर्ण तिथि हो। बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण वैशाख पूर्णिमाकै दिन भएकाले सम्पूर्ण बौद्ध धर्मावलम्बीहरू यो पर्व अपार उत्साहले मनाउँछन्।
३) वस्स- यो पर्व विशेष गरी थेरवादी मुलुकहरू बर्मा, कम्बोडिया, लाओसमा वर्षाको महिना जुलाईदेखि अक्टोबरसम्म मनाइन्छ। थाइल्यान्डमा सामान्य मानिसले पनि यस अवधिमा भिक्षु जीवन व्यतीत गर्ने अपेक्षा गरिन्छ। यो अत्यन्त उल्लासका साथ मनाइने पर्व हो।
४) उल्लम्बना- चीन र जापानमा आफ्ना पूर्वजको स्मृतिमा अत्यन्त आदरका साथ पूजा गर्ने गरिन्छ। बुद्ध मन्दिरहरूमा पूजा गर्नेहरू बत्ती बाल्छन्, मन्त्रहरू पाठ गर्दछन्, मैनबत्ती बाल्छन् र फलफुल चढाउँछन्।

---

१०८ विभिन्न लेखहरू (१९९०), पृ. १४८-१५०
१०९ सोमानी (१९९२), पृ. ८४-८५

बुद्धको जन्मस्थल लुम्बिनी जुन नेपालमा पर्दछ, बौद्धहरूको महत्त्वपूर्ण तीर्थ हो । त्यसरी नै बोधगया जहाँ बुद्धले बुद्धत्व प्राप्त गरे, अर्को प्रसिद्ध तीर्थ हो । सारनाथ जहाँ बुद्धले पहिलो पटक उपदेश गरे बौद्धहरूको अर्को प्रसिद्ध तीर्थ हो । कुशीनारा, जहाँ बुद्धको महापरिनिर्वाण भयो ।

विश्वका अन्य मुलुकहरूमा पनि प्रसिद्ध बौद्ध मन्दिरहरू पाान्छन् । जापानको नारा त्यसको एउटा उदाहरण हो । थाइल्यान्डलाई बुद्धको भूमि भनिन्छ । वाट अरूण त्यहाँको प्रसिद्ध बौद्ध मन्दिर हो । त्यसरी नै वाट फ्रट कियो जो दरबारसँगै छ, अर्को महत्त्वपूर्ण बौद्ध मन्दिर हो ।

विस्तार

बौद्ध धर्म पूर्वी गोलार्धका धेरै देशहरूमा विस्तार भएको छ[११०] । सम्राट् अशोकका पालादेखि यस धर्मको विस्तारले व्यापक रूप पाएको हो । इस्वीको पहिलो र दोस्रो शताब्दीतिर कुषाण वंशका राजाहरूले यसलाई अझ व्यापक बनाए । भारतको नालन्दामा १०,००० शिक्षार्थीहरू रहन बस्न पढ्न सक्ने बौद्ध संस्थानहरू थिए । इस्वीको तेस्रो शताब्दीतिर यो धर्म श्रीलङ्का, इन्डोनेसियातिर पुगेको थियो । बर्मा र थाइल्यान्डमा बौद्ध धर्म ईसाको पाँचौं शताब्दीभन्दा पहिल्यै पुगि सकेको थियो । चीनबाट बौद्धधर्म कोरियामा चौथो शताब्दीमा र जापानमा छैटौं शताब्दीमा पुगिसेको थियो । तिब्बत र मङ्गोलियामा यो धर्मको विस्तार बढेर गयो । सातौं शताब्दीसम्ममा बौद्ध धर्मको केन्द्रीय एसिया, चीन, कोरिया, जापान, काश्मीर, तिब्बत, भारत, बर्मा, श्रीलङ्का, थाइल्यान्ड र कम्बोडियासम्म विस्तार भइ सकेको इतिहास पाइन्छ । बिसौं शताब्दीमा बौद्ध धर्ममा एउटा परिवर्तन देखियो । चीन, मङ्गोलिया, तिब्बत र अन्य दक्षिणपूर्वी एसियाका मुलुकहरूमा यसले ठुलो प्रताडना सहनु पर्‍यो । धेरै बौद्ध मन्दिरहरू भत्काइए । भिक्षु भिक्षुणीहरूलाई धपाइयो, थुनियो र मारियो । यति हुँदाहुँदै पनि बौद्ध धर्मको प्रभाव र त्यसले स्थापित गरेको अभ्यास अहिले पनि ती मुलुकहरूमा देख्न सकिन्छ ।

बौद्ध धर्ममा जति शाखा भए पनि बुद्धले स्थापित गरेको ज्ञान, धर्म र सङ्गठनका कुरालाई सबैले स्वीकार्नु उचित हुनेमा सबैको सहमति हुनु पर्छ । पहिले ज्ञान प्राप्त गर अनि धर्ममा जाऊ, धर्ममा अघि बढ्न सङ्गठन दरो चाहिन्छ[१११] ।

१. बुद्धं शरणं गच्छामि ।
२. धम्मं शरणं गच्छामि ।
३. संघं शरणं गच्छामि ।

---

११० तोकारेब, पृ. १५९
१११ गोस्वामी (२०६४), पृ. ४६८

जैन धर्म

पिता वैशाली नरेश सिद्धार्थ र माता त्रिशालाको तेस्रो र अन्तिम सन्तानका रूपमा ५९९ इसापूर्व वैशाली (हाल विहारको मुजफ्फरपुर) मा चैत्रशुक्ल त्रयोदशीका दिन महावीर वर्धमानको जन्म भएको हो। वर्धमानका दाजु नन्दिवर्धन हुन् र दिदी सुदर्शन हुन्। वर्धमानलाई जैन धर्ममा ज्यादै ठुलो स्थान दिइएको छ। भनिन्छ- उनी जिन हुन्। जिन भन्नुको अर्थ सम्पूर्ण रूपमा इन्द्रियहरूलाई जितेको, मनलाई जितेको र वाणीलाई जितेको मानिस भन्ने बुझिन्छ। उनकै नाउँबाट यस धर्मको नाउँ जैन भएको हो। वर्धमानलाई जैन धर्मका २४ औं तीर्थङ्कर मानिन्छ। उनीभन्दा अघि २३ जना तीर्थङ्कर भइ सकेका थिए। प्रथम तीर्थङ्कर आदिनाथ हुन्। आदिनाथलाई ऋषभदेव पनि भनिन्छ। ऋषभदेव जैन धर्मका आदि संस्थापक हुन्। ऋषभदेवपछिका अजीतनाथ, सम्भवनाथ, अभिनन्दन, सुमतिनाथ, परमप्रभ, सुपार्श्वनाथ, चन्द्रप्रभ, पुष्पदन्त, शीतलनाथ, श्रेयांसनाथ, वासुपूज्य, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कन्युनाथ, अरहनाथ, मल्लिनाथ, मुनिसुव्रत, नमिनाथ, नेमिनाथ र पार्श्वनाथ अन्य तीर्थङ्करहरू मानिन्छन्। वैशाली नरेश सिद्धार्थ तीर्थङ्कर पार्श्वनाथका शिष्य थिए। ऋषभदेवको वैदिक साहित्यमा उल्लेख पाइन्छ भने नेमिनाथलाई कृष्णका काकाका छोरा हुन् भनिएको छ। वैदिक साहित्यमा अवतारलाई जुन मर्यादा दिइन्छ जैन साहित्यमा तीर्थङ्करको त्यही सम्मान छ[११२]।

वर्धमानको अर्को नाम महावीर पनि हो। महावीर २८ वर्षको हुँदा उनका मातापिताको देहान्त भयो। महावीर राज परिवारमा जन्मे र उनको विवाह भई सन्तान भए पनि उनी साधनामा आफ्नो समय बिताउँथे। उनको विवाह भएको थियो-थिएन, सन्तान थिए-थिएनन् भन्ने कुरामा विवाद छ। महावीर बाल ब्रह्मचारी थिए भन्ने पनि धारणा पाइन्छ। मातापिताको देहान्त भएको दुई वर्षपछि उनले श्रामणी लिएर समण बन्दै घरबारं दरबार त्यागेर बाह्र वर्षसम्म मौन तपस्या गरे। फलस्वरूप उनलाई कैवल्य ज्ञान प्राप्त भयो। महावीरले दरबार त्याग्दा परिग्रहका नाउँमा एउटा लँगौटी पनि आफूसँग राखेनन्[११३]। कैवल्य ज्ञान प्राप्त गरेपछि तिस वर्षसम्म महावीरले अहिंसा र

---

११२ जै.वि.वि. (२०१०), पृ. १-१०५

११३ गोस्वामी (२०६४), पृ. ४११-४१७

ज्ञानको उपदेश दिए। उनले ७२ वर्षको हुँदा इसापूर्व ५२७ मा अपापापुरीमा कार्तिककृष्ण अमावस्याका दिन निर्वाण प्राप्त गरे[११४]।

जैन धर्ममा अरू धर्ममा झैँ दुई रूपहरू छन्- विचार र आचार। आचार अथवा सदाचार। ५ महाव्रत, ५ समिति र ३ गुप्तीहरूले मुनिको चरित्र बन्दछ भन्ने जैन धर्मको विश्वास छ। पाँच महाव्रतहरू हुन्- अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु), अपरिग्रह र ब्रह्मचर्य। पार्श्वनाथका समयसम्म चार वटा महाव्रत मानिन्थ्यो। महावीरले ब्रह्मचर्य थपेका हुन् भनिन्छ। त्यसरी नै ५ समितिहरू छन्। समिति भन्नाले समतामय आचार र सजग विचार बुझिन्छ। ती समितिहरू हुन्- ईर्ष्या, भाषा, ऐषणा आदान, निक्षेपण, उत्सर्ग।

ईर्ष्या भन्नाले जीवजन्तु नकुल्चियोस् भनेर राति नहिँड्ने, जोगिएर हिँड्ने, साना-साना जीवहरू जोगाएर हिँड्ने कामलाई बुझिन्छ। भाषा भन्नाले नरम, मिठो, साँचो, न्यायपूर्ण र हितकर वचन बोल्नु बुझिन्छ। ऐषणा भनेको दोषरहित भिक्षा माग्नु भन्ने बुझिन्छ। आदान-निक्षेपण ठीक प्रकारले वस्तु तथा उपकरणहरू उठाउनु राख्नु हो भने उत्सर्ग भन्नाले मलमूत्र फोहोर कुनै अन्य जीवलाई हानि नपुऱ्याउने गरी व्यवस्थित गर्नु भन्ने बुझिन्छ। तीन वटा गुप्तीहरूमा मनोगुप्ती, वचनगुप्ती र कायगुप्ती हुन्। मनमा हिंसा वा कपटको भाव नराख्नु, रिस नराख्नु, अभिमान नदेखाउनु, असत्य नबोल्नु, कसैलाई पिट्न नदौड्नु, चोरी नगर्नु र कुनै पाप नगर्नु यी गुप्तीहरू हुन्।

भावनाहरू चार वटा छन्। मैत्री भाव, प्रमोद भाव, कारुण्य भाव र माध्यस्थ्य भाव। सबै प्राणीहरूमा मित्र भाव राख्नु मैत्री भाव हो। आफूभन्दा ठुलासँग विनयपूर्वक बोल्नु व्यवहार गर्नु प्रमोद भाव हो। दीन दुःखीहरूप्रति करुणा राख्नु कारुण्य भाव हो र तटस्थताको भाव मध्यस्थ भाव हो।

जैन धर्मले तीन वटा रत्न मानेको छ- सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक् चरित्र। सत्य दर्शन र सत्य सिद्धान्तमा आस्था राख्नु सम्यक् दर्शन हो। वस्तुको सत्य ज्ञान सम्यक् ज्ञान हो र असल व्यवहार र चरित्रलाई सम्यक् चरित्र भनिन्छ।

जैन धर्ममा सात वटा तत्त्व मानिन्छन्- जीव, अजीव, आस्त्रव, बन्ध, संवर, निर्जरा र मोक्ष।

१) **जीव-** जसमा चेतना र जान्ने बुझ्ने शक्ति छ त्यो जीव हो। जस्तो वनस्पति, वायु, जल, अग्नि, पशु, पक्षी मनुष्य आदि।

२) **अजीव-** जसमा चेतना छैन त्यो अजीव हो। जस्तो- काठ, ढुङ्गा आदि

३) **आस्त्रव-** जो बन्धनको कारण हो त्यो आस्त्रव हो। इन्द्रियरूपी द्वारबाट विषय भोग आत्मामा पस्दछ र बिगार्दछ। त्यसमा मुख्य

---

११४ महाप्रज्ञा (२०१२), पृ. ३-१३

कषाय हो । कषाय चार वटा छन्- क्रोध, मान-अभिमान, माया-कपट र लोभ ।

४) **बन्ध-** जीवसँग कर्म बाँधिनु बन्ध हो ।

५) **संवर-** आश्रव रोक्नु, कर्मलाई आउन नदिनु संवर हो ।

६) **निर्जरा-** बाँधिएको कर्म जीवबाट अलग हुनु निर्जरा हो ।

७) **मोक्ष-** आत्मा कर्म बन्धनबाट छुट्नु मोक्ष हो ।

जैन धर्मले अन्नदान, जलदान, स्नानदान, शय्यादान, वस्त्रदान, सद्भावदान, सद्वचनदान, सत्कार्यदान र प्रणामलाई पुण्य मानेको छ भने हिंसा, चोरी, कुशील, परिग्रह, क्रोध, मान, माया, लोभ, राग, द्वेष, कलह, अभ्याख्यान, अर्काको निन्दा, रति, अरति-राग, द्वेष, मिथ्या दर्शन र शल्य (मनका कुरा बोल्नु) लाई पाप मानेको छ ।

जैनहरू क्षमा, मार्दव (नम्रता), आर्जव (सरलता), शौच (सफाइ), सत्य, संयम, तप, त्याग, अकिञ्चनता (ममताको त्याग) र ब्रह्मचर्य गरी जम्मा दश कुराहरूलाई दश लक्षण पर्व वा पर्यूषण पर्वलाई विशेष रूपमा मान्दछन् ।

जैन दर्शनलाई निरीश्वरवादी दर्शन भनिन्छ[११५] । यो वेदलाई प्रमाण नमान्ने र ब्राह्मण वाद विरोधी धर्म हो । जैन दर्शनले संसारलाई जीव र अजीव गरी दुई भागमा बाँडेको छ । जीव भनेको आत्मा हो र अजीव भनेको अनात्मा हो । जीव र अजीवलाई जीव, धर्म, अधर्म, काल, आकाश र पुद्गल गरी पाँच भागमा बाँडिएको छ । यस दर्शनले धर्म, अधर्म, आकाश, पुद्गल र जीवलाई अस्तिकाय (शरीरधारी) भनेको छ भने काललाई शरीरधारी मानेको छैन । जैन धर्ममा धर्म र अधर्मको आफ्नै परिभाषा छ । धर्म गति हो अधर्म स्थिरता हो भन्ने यस धर्मको मान्यता छ । यस धर्ममा आकाश भन्दा लोक परलोकमा व्याप्त रहने सत्ता बुझिन्छ । काललाई अन्य तत्त्वहरूको परिवर्तन वा रूपान्तरणमा सहायक हुने द्रव्य मानिन्छ । पुद्गल भनेको पदार्थ हो । पदार्थका रूप धेरै प्रकारका हुन्छन् । रूप धेरै भए पनि पदार्थका चार वटा गुण हुन्छन्- रङ, स्वाद, गन्ध र स्पर्श । तत्त्व चार वटा छन्- पृथ्वी, जल, अग्नि, वायु ।

जैनहरू जीवलाई आत्मा मान्दछन् । जीव अनादि र अनन्त छ । जीवले प्रत्येक जन्ममा छुट्टै शरीर धारण गर्दछ र शरीरको आयाम अनुसार ठुलो वा सानो हुन सक्दछ । जीवनको परम लक्ष्य जीवमा भरिएका कर्महरूलाई निकालेर फाल्नु र नयाँ कर्म जीवमा आउन नदिनु हो । यसैलाई उनीहरूले मोक्ष वा निर्वाण मानेको बुझिन्छ । जैनहरूले मोक्षका साधनहरूमा सम्यक् श्रद्धा, सम्यक् ज्ञान र सम्यक् आचार मानेका छन् ।

जैन दर्शनले सबै कुरालाई संशयका साथ हेर्ने गर्दछ । संसार बहुलतायुक्त छ । एउटा घटनालाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ र अलग-अलग निष्कर्ष निकाल्न सकिन्छ । कुनै कुरालाई परम स्वीकार र परम निषेध गर्नु

---

११५ आचार्य (१९९८)

हुँदैन । कुनै पनि कुरा निश्चित परिस्थितिमा सत्य हुन सक्छन् । बहु विकल्प खोज्न सम्भवतः अथवा सायदलाई स्याद् अस्ति, सायद छ भनिएको छ । यसैलाई स्याद्वाद भनिएको छ । यस वादमा कुनै पनि वस्तुको आँकलन सात प्रकारले गरिन्छ । त्यसलाई सप्तभङ्गी सूत्र प्रयोग गरिएको छ । त्यो सूत्रलाई यसरी व्याख्या गरिएको छ[११६]-

१) सायद अस्तित्वमा छ, सायद अस्तित्वमा छैन

२) सायद अस्तित्वमा छैन ।

३) सायद अस्तित्वमा छ पनि, छैन पनि ।

४) सायद व्यक्त गर्न नसकिने छ ।

५) सायद अस्तित्वमा छ तर व्यक्त गर्न सकिँदैन ।

६) सायद अस्तित्वमा नभएकोले व्यक्त गर्न नसकिने छ ।

७) सायद अस्तित्वमा छ पनि छैन पनि र व्यक्त गर्न नसकिने छ ।

जैन धर्ममा अहिंसाको अत्यन्त ठुलो महत्त्व छ[११७] । मनुष्य मात्र होइन कुनै पनि त्रस या स्थावर जीवको हिंसा गर्नु हुँदैन । उठ्दा, बस्दा, हिँड्दा, सुत्दा, जाग्दा, खाँदा, पिउँदा, बोल्दा हरेक समयमा असङ्ख्य जीवहरूको हत्या भइ रहेको हुन्छ । यस्ता हिंसाबाट मानिसले बच्नु पर्दछ । मुनिहरूले अहिंसाको अत्यन्त कठोर रूपमा पालना गर्दछन् भने गृहस्थका निमित्त केही हल्का व्याख्या गरिएको यस धर्मको तत्त्वार्थसूत्रमा हिंसाका विषयमा भनिएको छ- स्थूल हिंसा पाप हुँदै हो तर भाव हिंसालाई पनि सबैभन्दा ठुलो पाप मान्नु पर्दछ । भोजन गर्दा राति गर्नु हुँदैन । जीवनमा अहिंसाको बढीभन्दा बढी रूपमा पालन गरेका अवस्थामा मात्र प्राणीहरूले धेरैभन्दा धेरै सुख प्राप्त गर्दछन् ।

अहिंसालाई जस्तै जैनहरू तपस्यालाई महत्त्वपूर्ण स्थान दिन्छन् । उनीहरू अहिंसा, संयम र तपरूप धर्म उत्कृष्ट कार्य हो भनी मान्दछन् । तपस्यामा जैन मुनिहरूको मात्र होइन गृहस्थहरूको तुलना पनि अन्य कसैसँग गर्न सकिँदैन । मुनिहरूको तप बाह्र प्रकारका हुन्छन् भने गृहस्थको धर्ममा पाँच अणुव्रत, तीन गुणव्रत र चार शिक्षाव्रत पालन गरेर शरीर र वाणीको तपस्या गरिन्छ ।

जैन धर्मले धर्मका दश अङ्गहरू मानेको छ-

१) **क्षमा-** सहनशीलता । रीस नगर । रीस उठ्यो भने विवेक र नम्रताले हटाऊ । रीसको कारण आफूभित्र खोज ।

२) **मार्दव-** चित्तमा मृदुता र व्यवहारमा नम्रता ल्याऊ ।

३) **आर्दव-** भावमा शुद्धता ल्याऊ । सोचेको बोल, बोलेको गर ।

४) **शौच-** मनमा कुनै लोभ नराख । शरीरको पनि ।

५) **सत्य-** सत्य, हितकारी र थोरै बोल ।

---

११६ वैद (२००७), पृ. १७६

११७ गोस्वामी (२०६४), पृ. ४२०-४२१

६) **संयम-** मन, वचन र शरीरलाई नियन्त्रणमा राख ।

७) **तप-** मलिन वृत्तिबाट टाढा रहन बल चाहिन्छ त्यो तपबाट प्राप्त हुन्छ ।

८) **त्याग-** पात्रलाई ज्ञान, अभय, आहार, औषधि जस्ता सद्‌वस्तु देऊ ।

९) **अकिञ्चनता-** कुनै वस्तुमा ममता नराख ।

१०) **ब्रह्मचर्य-** सद्‌गुणको अभ्यास गर । आफूलाई पवित्र राख ।

जैन धर्ममा कर्म सिद्धान्तलाई धेरै महत्त्व दिइएको छ । कर्महरू मूलतः आठ वटा छन् उत्तर प्रकृतिहरू अनेक छन् । कर्म भनेको आत्माको असली स्वभावलाई ढाक्ने कुरा हो । संसारका प्राणीहरूले दुःख भोग्नुको कारण उनीहरूको आ-आफ्नो कर्म हो । कर्म बन्धनबाट मुक्त हुनु मोक्ष हो । जैनहरूले कर्म भनेको कर्तव्य कर्म होइन । कर्म नामका परमाणु हुन्छन् जुन आत्मातिर निरन्तर तानिइ रहन्छन् । यिनीहरूलाई कार्मण वर्गणा भनिन्छ । पुद्‌गलको सूक्ष्मभन्दा सूक्ष्म रूपलाई परमाणु भनिन्छ । मानिसको प्रवृत्ति र परमाणुका अनुसार कर्म परमाणु आत्मासँग टाँसिन्छ र त्यसमा शक्ति आउँछ । कर्मले दुःख सुख दिन्छ । आठ प्रकारका कर्महरू यी हुन्- ज्ञानवरणीय, दर्शनावरणीय, वेदनीय, मोहनीय, आयु, नाम, गोत्र र अन्तराय ।

कर्म बन्धनबाट छुटकारा पाउन रागद्‌वेष रहित जीवन व्यतीत गर्नु पर्छ, वीतरागी बन्नु पर्दछ । अहिंसा र अभय, त्याग र तपस्या, अस्तेय र अपरिग्रह, ब्रह्मचर्य र सदाचारले आत्मालाई जित्नु पर्दछ । विषमता हटाएर समता प्राप्त गर्न सकिन्छ । अनि मात्र शान्ति प्राप्त हुन्छ र त्यही शान्ति निर्वाण हो ।

जैन श्रावकहरूका आठ वटा गुणहरू निर्धारित छन्[११८]-

१. मद्यपान त्याग २. मांस त्याग ३. मधु त्याग, ४. हिंसा त्याग ५. आलस्य त्याग ६. चोरी त्याग, ७. कुशीलको अब्रह्मचर्यको त्याग र ८. परिग्रहको त्याग । त्यसरी नै श्रावकहरूले सात वटा दुर्व्यसनहरू त्याग गर्नु पर्दछ ।

१. **जुवा-** जुवाले अन्धो बनाइदिन्छ । जुवाडेले इष्ट मित्र, गुरु, आमा कसैलाई आदर गर्दैन, अन्धो हुन्छ । बरु अन्धोले अरू इन्द्रियले देख्दछ तर जुवाडेले अरू इन्द्रियले पनि देख्दैन ।

२. **मद्यपान-** रक्स्याहाले रक्सीले मातेर निन्दनीय काम गर्दछ । पैसा पनि बरबाद र इज्जत पनि बरबाद गर्दछ ।

३. **मांस-** मासु खानाले दर्प र उन्माद बढ्दछ । दर्पले महापाप गराउँछ, जुवा खेलाउँछ । अन्य दोषहरू आउँछन् ।

४. **वेश्या-** पुरुषहरूलाई काम वासनामा आसक्त बनाएर वेश्याले सबै हरण गरेर हड्‌डीको ढाँचा बनाएर छोडि दिन्छे ।

---

११८ खेमराज रेग्मीसँगको कुराकानीका आधारमा

५. **सिकार-** पशुहरू डरले यता उता दौडिन्छन्। मानिसको सहारा पनि खोज्दछन्। उनीहरूको शिकार गर्नु दयाहीनता हो।
६. **कुशील-** परस्त्रीलाई देखेर जसले पाउने इच्छा गर्दछ, त्यसले पाप मात्र बटुल्दछ।
७. **भाव शुद्धि-** मुनि अथवा गृहस्थ सबैले भाव शुद्ध गरेर मात्र पढ्नु सुन्नु पर्दछ। भाव रहित अध्ययन श्रवणबाट केही लाभ हुँदैन।

जैन धर्मका मुख्यत: दुई सम्प्रदाय छन्- दिगम्बर र श्वेताम्बर। दिगम्बर सम्प्रदायका मुनिहरू कपडा लगाउँदैनन्। दिग् अर्थात् दिशा नै अम्वर अर्थात् वस्त्र मान्ने भएकाले तिनीहरू दिगम्बर हुन्। श्वेताम्वर मुनिहरू सेतो कपडा लगाउँछन्। ती दुई मुख्य सम्प्रदायभित्र जैन धर्मका अन्य शाखाहरू छन्- स्थानकवासी, तेरापन्थी, वीसपन्थी, तारणपन्थी, यापनीय आदि। जैनहरूका बिचमा दर्शनका सम्बन्धमा त्यत्रो मतभेद छैन तर पूजा पद्धति, पर्व र धार्मिक अनुष्ठानहरूमा सामान्य मतभेद पाइन्छ। स्थानकवासीहरू मूर्ति पूजामा विश्वास गर्दैनन्। मन्दिर र तीर्थ यात्रामा पनि उनीहरूको विशेष श्रद्धा पाइँदैन। तेरापन्थीहरू मूर्ति पूजा मान्दैनन्। दशधर्म लक्षण वा पर्यूषण पर्व श्वेताम्बरहरू भाद्रकृष्ण द्वादशीदेखि भाद्रशुक्ल चतुर्थी वा पञ्चमीसम्म मान्दछन्। पर्यूषणको अन्तिम दिन संवत्सरी मनाइन्छ। दिगम्बरहरू भाद्रशुक्ल पञ्चमीदेखि चतुर्दशीसम्म दश लक्षण पर्व मान्ने गर्दछन्।

जैन धर्मावलम्बीहरूले पूजामा जल, चन्दन, अक्षता, पुष्प, नैवेद्य, धूप, दीप, फल तथा अङ्गी प्रयोग गर्दछन्। रजोहरण, मयूर, पङ्खा, मुखवस्त्रिका, १०८ मनकाको माला, चँवर, स्थापना, तिलक पनि अनिवार्य रूपमा प्रयोग गरिन्छ।

जैनहरूका धर्म शास्त्रहरू धेरै छन्[११९]। सबैभन्दा पुराना ४६ वटा आगम ग्रन्थ मानिएका छन्। अङ्ग ग्रन्थ १२, उपाङ्ग ग्रन्थ १२, प्रकीर्ण ग्रन्थ १०, छेद ग्रन्थ ६, मूल सूत्र ४ र स्वतन्त्र ग्रन्थ २ गरी जम्मा ४६ वटा ग्रन्थहरूको नाम यस प्रकार पाइन्छ-

१. **अङ्ग ग्रन्थहरू-** आचार, सूत्रकृत, स्थान, समवाय, भगवतीज्ञाता, धर्मकथा, उपासकदशा, अन्तकृतदशा, अनुत्तर उपपातिकदशा, प्रश्न व्याकरण, विपाक र दृष्टिवाद।
२. **उपाङ्ग ग्रन्थहरू-** औपपातिक, राजप्रश्नीय, जीवाभिगमप्रज्ञापना, जम्बुद्वीपप्रज्ञप्ति, चन्द्रप्रज्ञप्ति, सूर्यप्रज्ञप्ति, निरयावलीया कल्पिक, कल्पावतसिता, पुष्पिका, पुष्पचूडा र वृष्णिदशा।
३. **प्रकीर्ण ग्रन्थहरू-** चतु:शरण, संस्तार, आस्तुरप्रत्याख्यान, भक्तपरिज्ञा, तण्डुलवैतालिक, चन्दाविध्यय, देवेन्द्रस्तव, गणित विद्या, महाप्रत्याख्यान, वीरस्तव।

---

११९ जै.वि.वि. (२०१०), पृ. २२२-२४९

४. **छेद ग्रन्थहरू-** निशीथ, महानिशीथ, व्यवहार, दशशतस्कन्ध, बृहत्कल्प, पञ्चकल्प ।

५. **मूल सूत्रहरू-** उत्तराध्ययन, आवश्यक, दशवैतालिक, पण्डनिर्युक्ति ।

६. **स्वतन्त्र ग्रन्थहरू-** अनुयोग द्वार र नन्दीद्वार ।

उक्त आगमहरूलाई श्वेताम्बरहरूले मानेका छन्। दिगम्बरहरू चाहिँ प्राचीन साहित्य लुप्त भएको कुरामा विश्वास गर्दछन्। दिगम्वर साहित्यमा षट्खण्डागमलाई प्राचीन मानिन्छ। दिगम्वर साहित्यमा षट्प्राभृत, अष्ट प्राभृत, मूलाचार, त्रिवर्णाचार, समयसार प्राभृत, प्राभृतसार, प्रवचन सार, नियमसार, पञ्चस्तिकाय, रयणसार, द्वादशानुप्रेक्षा, आप्तमीमांसा, रत्नकरण्ड श्रावकाचार, तत्त्वार्थसूत्र, सर्वार्थसिद्धि, राजवार्तिक, श्लोकवार्तिक आदि हुन्। जैन परम्परामा पुराणहरूमा आदिपुराण, अरेष्टिपुराण, पद्मपुराण र उत्तरपुराण मुख्य हुन्।

जैन धर्मावलम्वीहरूको मुख्य मन्दिर वा तीर्थमा दिलवारा मन्दिर एउटा प्रमुख मन्दिर हो[१२०]। यो माउन्ट आबुमा निर्माण गरिएको अत्यन्त महत्त्वपूर्ण कलाकृतिको नमुना हो। यहाँ बसाही र लोभ बसाही मन्दिरहरू आदिनाथ र पार्श्वनाथलाई समर्पण गरिएको मानिन्छ। जोधपुरमा रहेको रणकपुर मन्दिर अर्को प्रसिद्ध मन्दिर हो। मैसुरमा जैनका धेरै मन्दिरहरू छन्। श्रवण बेलगोला जैनहरूको पवित्र स्थल हो। विन्ध्यागिरि पर्वतको टाकुरामा रहेको गोमतेश्वर संसार प्रसिद्ध छ। हलेविदमा धेरै जैन मन्दिरहरू छन्। पार्श्वनाथको मन्दिर अर्को प्रसिद्ध मन्दिर हो। मध्य प्रदेशको खजुराहोका स्थापत्यकलाका अनुपम नमुनाका मन्दिरहरू सारै प्रसिद्ध छन्। विहार, उडिसा र दक्षिण भारतमा जैनका मन्दिरहरू पाइन्छन्। इलोराको गुफा धार्मिक र कलाको दृष्टिले उत्कृष्ट मानिन्छ। बेलायतको लन्डनमा दिगम्वर र श्वेताम्बर मिलेर बनाएको मन्दिरले जैन एकताको प्रतीकका रूपमा काम गरेको पाइन्छ। जैन मन्दिरहरूमा औसत मानिसको भावनात्मक आवश्यकतालाई ध्यानमा राखेर मूर्तिपूजा गर्ने चलन चलेको छ।

जैनहरूका पर्वहरूमा मुख्य महावीर जयन्ती हो[१२१]। यस पर्वमा महावीरको प्रतिमासहित शोभायात्रा गरिन्छ। मन्दिरहरू आकर्षक रूपले सजाइन्छ। श्वेताम्बर जैनहरूले पवित्र ग्रन्थ कल्पसूत्र राखी सहरमा शोभा यात्रा निकाल्दछन्। दीपावली जैनहरूको अर्को महत्त्वपूर्ण पर्व हो। त्यसो त लक्ष्मीपूजा हिन्दूहरूको महान् पर्व हो जैनहरू यस पर्वलाई महावीरले मोक्ष प्राप्त गरेको दिन मानेर यो पर्व विशेष रूपमा मनाउँछन्। माथि भनिएका पर्वहरू बाहेक जैनहरू अक्षय तृतीया, पर्युषण आदि पर्वहरू विशेष उत्साहका साथ मनाउँछन्।

जैन धर्ममा पाँच वटा अत्यन्त प्रतिष्ठित पदहरू छन्। तिनीहरूलाई पञ्चपरमेष्ठी भनिन्छ। णमोकार मन्त्रमा ती पञ्चपरमेष्ठीहरूलाई नमस्कार

---

१२० सोमानी (१९९२), पृ १०५
१२१ जै.वि.वि. (२०१०), पृ. १८२

गरिन्छ। ती पञ्चपरमेष्ठी हुन्- अरिहन्त, सिद्ध, आचार्य, उपाध्याय र सर्वसाधु। ती पञ्च परमेष्ठीलाई नमस्कार गरिएको मन्त्र जैन धर्मको परम पवित्र र अनादि मन्त्र मानिन्छ। मन्त्रले भन्छ-

णमो अरिहन्ताणं, णमो सिद्धाणं नमो आइरियाणं।
णमो उवज्झायाणं णमो लोए सब्बसाहूणं।
अरिहन्तहरूलाई नमस्कार।
सिद्धहरूलाई नमस्कार।
आचार्यहरूलाई नमस्कार।
उपाध्यायहरूलाई नमस्कार।
सर्व साधुहरूलाई नमस्कार।

जैन धर्ममा धेरै आचार्यहरू भए[१२२]। कुन्दकुन्द, कार्तिकेय, उमास्वाती, समन्तनभद्र, पूज्यपाद, बट्टकेर, सिद्धसेन, दिवाकर, अलङ्कदेव, हरिभद्र, अभयदेव, जिनभद्रगणि, विनयविजय, आनन्दघन, स्वामी विद्यानन्दि, वीरसेन, जिनसेन, गुणभद्र, अमृतचन्द्र, अमितगति, हेमचन्द्र, यशोविजय, वसुनन्दि आदि अनेक आचार्यहरूले जैन धर्मग्रन्थहरू लेखेका छन्। जैन धर्मका आचार्य विद्वान्हरूले धर्मग्रन्थ बाहेक ज्योतिष, छन्द, अलङ्कार, काव्य, आयुर्वेद, व्याकरण, दर्शन, आचार, चरित्र, नीति, गणित, अर्थशास्त्र समेतका ग्रन्थहरू लेखेर संसारलाई दिएका छन्।

अहिंसा, तप र सदाचारको साधनबाट निर्वाण प्राप्त गर्ने, मोक्ष प्राप्त गर्ने जैन धर्म परम्पराले विश्वका धर्महरूका माझमा एउटा छुट्टै पहिचान राखेको छ।

---

१२२ जै.वि.वि. (२०१०), पृ. ९६

सिन्तो धर्म

सिन्तो धर्म जापानको प्राचीन धर्म हो। यो धर्म कुनै व्यक्ति विशेषले प्रवर्तन गरेको धर्म नभई जापानको जातीय संस्कृति र धार्मिक संस्कृतिको सम्मिलन हो जुन जातीय समाजसँग अभिन्न रहेको छ भनिन्छ। यो मान्ने मानिस ९ करोड १० लाख छन् भनिएको छ। जापानको संस्कृति र सभ्यतासँग यो धर्म कति जोडिएको छ भने मानिसले सास फेर्दाको हावासँग यसलाई तुलना गरिन्छ। जापानमा बौद्ध धर्म पुग्नुभन्दा पहिल्यैदेखि यो धर्म प्रचलनमा थियो। मानिसले यस धर्मलाई परम्परा र प्रथाका आधारमा मानेका छन्[१२३]।

यो धर्म कहिले सुरु भयो भनेर एकिन भन्न सकिँदैन। जापानमा कृषि विशेषतः धान खेती सुरु भएपछि यो धर्म पालना गर्न सुरु भएको अनुमान गरिन्छ। अधिक सङ्ख्य जापानी परिवारमा बिहानको नास्ता अघि एक ग्लास पानी र एक कचौरा भात आफ्नो घरको पूजा कोठामा पूजा गरी चढाएपछि त्यसलाई प्रसादका रूपमा ग्रहण गरेर ईश्वरले हाम्रो रक्षा गर्छन् भन्ने विश्वासका साथ दैनिकी सुरु गर्ने प्रथा पाइन्छ। कृषिसँग सम्बद्ध देवी देवताहरूप्रति आस्था र श्रद्धा यो धर्मको अभिन्न अङ्ग मानिन्छ। पितृपूजा र आत्माको शुद्धीकरण जस्ता अनुष्ठानहरू गरिने प्रचलन पाइनाले यो धर्मले आत्माको अमरतालाई स्वीकार गरेको भन्न सकिन्छ। प्रकृतिका देवता र पितृ देवताहरू हावामा उडिरहेका हुन्छन् भन्दै तिनीहरूलाई निश्चित स्थानमा आह्वान गरेर पूजा गर्ने चलन पाइन्छ। तिनीहरूलाई अस्थायी वासका रूपमा रुख, ऐना, तरवार आदिमा आह्वान गर्ने गरिन्छ र पुरोहित (Shamans) ले तिनीहंरूलाई आह्वान गर्दछन्।

पछि रुख, ऐना, तरवार जस्ता अस्थायी वासका ठाउँमा ती देवतालाई मन्दिरहरू बनाएर राख्न थालियो। ती देवताहरूले मानिसलाई आशिष दिने र रक्षा गर्ने विश्वास स्थापित भयो। कहिले पुरै पहाडलाई देवस्थानका रूपमा मानिन्थ्यो। फुजी पहाड यसको उदाहरण हो। जापानमा यस धर्ममा असङ्ख्य देवी देवता मान्ने चलन आयो। अस्सी हजार देवता भन्ने शब्दावली जापानमा प्रसिद्ध छ र देवताहरूको सङ्ख्या बढि रहेको छ।

सिन्तो धर्ममा एउटा पुरानो वर्णन पाइन्छ- इजानागी देवताले देब्रे आँखा धोए र अमेतेरासु भन्ने ठुला देवतालाई जन्म दिए। अमेतेरासु सूर्यदेवी हुन्। पछि समुद्रका देवता सुसानूले अमेतेरासुलाई तर्साएकाले सूर्यदेवी ढुङ्गाको गुफामा लुक्न पुगिन् र ठुलो ढुङ्गाले बाटो छेकिन्। संसारमा अँध्यारो भयो। अरू

---

१२३ विभिन्न लेखकहरू (१९९०), पृ. १८९

देवताहरूले उनलाई बाहिर निकाल्ने उपाय खोजे। तिनीहरूले बिहान बास्ने कुखुराहरू भेला पारे र साकाकी रुखमा ठूलो ऐना राखे। देवी अमानो उजुमे नाच्न थालिन्। नाच्दा कपडा झरेकाले देवताहरू हाँस्न थाले। उत्सुकतावश सूर्यदेवीले बाहिर चियाउँदा उनको अनुहार ऐनामा देखियो र किरणले उनलाई गुफाछेउ ल्यायो। शक्ति देवताले हातमा समातेर सूर्यदेवीलाई बाहिर निकाले र संसारमा पुनः एक पटक प्रकाश फैलियो[१२४]।

सिन्तो धर्मका अनुष्ठानहरू मन्दिरहरूमा गर्न सुरु भयो। हरेक समुदायले आफ्नो संरक्षक देवताको पूजा गर्थे। जब सिन्तो धर्म राज परिवारमा पुग्यो, सूर्यदेवी अमेतेरासु ओपिकामी राष्ट्रिय देवी बन्न पुगिन्- सिन्तो देवताको केन्द्रीय रूपमा। सम्राट्लाई सूर्यदेवीको वंशज मान्न थालियो।

सिन्तो धर्म पर्व उत्सव र अनुष्ठानको धर्म हो। सिन्तो धर्मावलम्बीकहाँ जन्मेको कुनै बालकलाई कुनै धार्मिक शिक्षा नदिए पनि ऊ सिन्तो हुन्थ्यो। कहिले कहीँ एउटै मन्दिरमा देवी देवताहरू परिवर्तन गरिन्थे तर सिन्तो धर्मावलम्बीहरूलाई यसले केही प्रभाव पार्दैनथ्यो। जनजीवनलाई राम्रो पार्ने देवता राम्रो र नराम्रो पार्नेलाई नराम्रो बनिन्थ्यो। देवता, प्रकृति र समुदायका बिचमा शान्तिपूर्ण व्यवस्था राख्नेलाई उच्च स्थान दिइन्थ्यो।

सिन्तो धर्मको कुनै औपचारिक सिद्धान्त वा शिक्षा नभएर पनि पूजा र अनुष्ठानहरूले समुदायसँग व्यवस्था मिलाएको थियो। सिन्तो धर्ममा पर्व नमनाए पनि पितृ देवताहरू वरिपरि बसेर धान उत्पादन गर्ने समुदायले सहकारी भावनाले भोज खानु महत्त्वपूर्ण मानिन्थ्यो। यस धर्मका प्रमुख पर्वहरू धान खेतीसँग सम्बद्ध छन्। वसन्त ऋतुमा गाउँका मानिस धानका देवतालाई गाउँमा आह्वान गर्दथे र राम्रो उत्पादनका निमित्त प्रार्थना गर्दथे। राम्रो उत्पादन भएपछि देवतालाई धन्यवाद दिन्थे। यस्ता अनुष्ठानहरूमा उनीहरू बोक्न मिल्ने स-साना मन्दिरहरूमा देवताहरू लिएर हिँड्थे। चामलको रक्सी र खानेकुरा चढाउँथे। देवताहरूसँगको सामीप्यका निमित्त अशुद्धि र पाप पखाल्नु पर्ने उनीहरूको विश्वास थियो। सिन्तो पूजारीले सकाकी रुखको हाँगा र पानीले शुद्ध बनाउँथ्यो। यस्तो शुद्धीकरणको चलन नभएको भए सिन्तो धर्म रहने थिएन भनिन्छ।

सिन्तो धर्ममा बौद्ध धर्मका कुरा पनि अनुसरण गरिएका छन्[१२५] र कन्फुसियसका शिक्षा पनि जोडिएका छन्। छिमेकी देशले जस्तै बौद्ध धर्मलाई अपनाउनु पर्छ भन्ने कुरा पनि आयो र बौद्ध धर्म मान्दा हाम्रा आफ्ना देवताहरू रिसाउँछन् भन्ने कुरा पनि आयो। पछि सिन्तो धर्ममा बौद्ध र सिन्तोको सह अस्तित्व स्वीकार गरियो। बौद्ध धर्मले धार्मिक सिद्धान्तको कुरामा उछिन्यो। अर्कातिर त्यसै वेला जापान देवताहरूको देश हो भन्ने भावनाले काम गर्‍यो। मङ्गोलियाको आक्रमणलाई आँधी देवताले हराएको विश्वास सिन्तो

---

१२४ ऐ. पृ. १९१
१२५ तोकरेव पृ. ९०-९१

धर्मावलम्वीहरूमा भएकोले आफ्ना देवताहरू प्रतिको आस्थामा अभिवृद्धि भयो। कतिपयले वौद्ध धर्मलाई विदेशको धर्म मानेर अस्वीकार पनि गरे।

चिनियाँ धार्मिक विचारका कारणबाट आफ्नो पुरानो धर्म धूमिल भएको ठानेर आफ्नो पुरानो सिन्तो धर्ममा फर्किनें कुरा आयो[१२६]। सूर्यदेवी अमेतेरासु ओमिकामीलाई उच्च स्थान दिइयो। धर्मको कुरामा प्रश्न नसोधी सरासर दैवी शक्तिमा समर्पण गर्नु पर्छ भन्ने विचारले प्रधानता पायो। यसले विकसित रूप लिंदै गएर एक ईश्वरमाथि विश्वास गर्ने भांवना स्थापित गऱ्यो। सम्राट्ले महत्त्वपूर्ण स्थान पाए। सिन्तो धर्म राष्ट्रको धर्म मानियो। सम्राट्लाई सूर्यदेवीको पवित्र र सम्मानित सन्तानका रूपमा स्थापित गरियो। सूर्यदेवी र राज दरबारतिर फर्केर सम्राट्को प्रार्थना गर्ने प्रथा विकसित भयो। सिन्तो राष्ट्र धर्म अन्य सम्प्रदायभन्दा उच्च स्तरको ठानियो। दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा बम प्रहार भई ती ठाउँ ध्वस्त भएपछि देवताप्रतिको आस्थामा केही कमी आएको देखिन्छ। राम्रो अन्न उत्पादन, रोगको उन्मूलन, पारिवारिक सुरक्षा भए पुऱ्यो भन्ने भावना बढ्दै गएको पाइन्छ।

सिन्तो धर्मका मूलतः तीन वटा शाखा छन्[१२७]- दिव्य सुवर्ण ज्योति (सेनी कोङको क्यो), दिव्य ज्ञान धर्म (तेन्निक्यो) र पर्वत सम्प्रदाय। यस धर्ममा ऐना, खड्ग र रत्नलाई महत्त्व दिइएको पाइन्छ। किमी नामकी बौद्ध महिलाले यस धर्ममा उपासना विधि, उपदेश, सङ्गति, माता पिताप्रति श्रद्धाका कुरा ल्याएर धर्ममा नयाँ आयाम थपेको प्रसङ्ग पाइएको छ।

यस धर्मका विद्वान्हरू र तिनीहरूका कृतिका आधारमा यस धर्मको सारलाई तल बताइए अनुसार लिन सकिन्छ-

१. लोभ र विषय वासना दमन गर।
२. धरती र आकाशलाई माता पिता, सबैलाई दाजु भाइ, दिदी बहिनी सम्झ।
३. ईश्वरेच्छा मान।
४. राष्ट्रादेश मान।
५. देवी देवतालाई सधैं सम्झ।
६. संसारलाई आफ्नो ठान।
७. आफ्नो व्यक्तिगत मार्ग ठीक राख।
८. अरू रिसाए पनि तिमी नरिसाऊ।
९. असुस्थिर कर्ममा बढ।
१०. विदेशी शिक्षालाई अन्धो भएर समर्थन नगर।

---

१२६ ऐ., पृ. ९२-९३
१२७ शर्मा (२०५७), पृ. ८१

सिन्तो धर्मले पालन गरेका पर्व अनुष्ठानहरू धेरै छन्। जापानी वर्ष धार्मिक पर्व र अनुष्ठानले भरिएको हुन्छ। ती मध्ये केही मुख्य पर्वहरू तल लेखिए बमोजिम छन्[१२८]-

१. **शोगात्सु-** नयाँ वर्ष उत्सव जनवरी १-३।
२. **सेत्सुबुन-** दुष्ट बाहिर, भाग्य भित्र भन्दै घरभित्र र बाहिर सिमी छर्ने पर्व फेब्रुअरी ३
३. **हिना मात्सुरी-** केटीहरूका लागि मार्च ३ गुडियाहरूलाई प्राचीन साम्राज्यको भवन मानी प्रदर्शन।
४. **कोइ नोबोरी-** केटाहरूको पर्व मई ५।
५. **सुकिमी-** मध्य शरद् पूर्णिमामा चामलको गोलो रोटी र बालीको पहिलो न्वागी।
६. **कन्तामे साइ-** अक्टोबरमा सम्राट्द्वारा पहिलो धानबाली चढाउने।
७. **निमामे-** नोभेम्बरमा सम्राट् परिवारद्वारा नयाँ धान (चामल) चाख्ने, सम्राट्ले राष्ट्रिय सिन्तोको अध्यक्षता गरी मुख्य पूजारी हुने।
८. **शि-चि-गो-सान-** नोभेम्बर १५ मा सात पाँच तिनलाई उत्तम सङ्क्रमण वर्ष मानी सिन्तो परिवारले मनाउने पर्व। बाल बालिकाहरू रङ्गिन किमोनो लगाएर पारिवारिक मन्दिरको दर्शन गर्दछन्।
९. बौद्ध पर्वहरू जस्तो बुद्ध जयन्ती अप्रिल ८, ओवोन पर्व जुलाई १५, जसमा समुद्र वा नदीमा लालटिन बालेर पितृ मृतात्माहरूलाई अर्को संसारमा जान मार्ग दर्शन गर्दै बगाएर समाप्त हुन्छ।

यस धर्मका विषयमा अध्ययन गर्ने र संशोधन परिवर्तन परिवर्धन गर्दै जाने विद्वान्हरूमा मायुमी टी, सुगाता मासाकी, सचिया हिरो, साउची सेइकी, नोरिनागा मोटुरी, अत्सुताने हितारा, मासातो आदि मुख्य मानिन्छन्। यस धर्मका विषयमा समय समयमा आएका धार्मिक कृतिहरू निहोन शुक्यो जितेन, कोजिकी, निहोन शोकी, येँगिशिकी आदि प्रमुख मानिन्छन्[१२९]।

---

१२८ विभिन्न लेखकहरू (१९९०), पृ. १९३
१२९ ऐ., पृ. १०७

कन्फुसियस धर्म

कन्फुसियसले कुनै धर्म सम्प्रदायको प्रवर्धन गरेको नभए पनि उनको नामबाट चलेको वादलाई कन्फुसियस धर्म भन्ने गरिन्छ। उनको जन्म २४ सितम्बर ५५० इ.पू. मा चीनको सानतुङ प्रदेशमा भएको हो। उनी आफ्ना बाबु आमाका एघारौं सन्तान थिए। तीन वर्षको हुँदा उनको पिताको चोला उठ्यो। आमाले दु:ख कष्टका साथ उनको पालन पोषण गरिन्। दु:खलाई नजिकबाट बुझ्ने अवसर कन्फुसियसलाई प्राप्त भयो[१३०]।

कन्फुसियस धार्मिक र राजनीतिक नेता थिएनन्। उनी बुद्धिमान र व्यावहारिक दार्शनिक थिए। उनले धैर्य र समाजमा मिलेर सुखसँग बस्ने तरिका सिकाए। चीनमा प्राचीन समयदेखि प्रचलित धर्ममा उनले सुधार मात्र ल्याए। चीनमा त्यस वेला भूतप्रेत र अलौकिक शक्ति मान्ने र बलि दिने प्रथा थियो। पूजारी र दैवी व्यक्तिहरूले त्यस्ता शक्तिसँग संवाद गर्ने गर्दछन् भन्ने विश्वास थियो। कन्फुसियसले यस्ता अन्ध विश्वासलाई हटाए र सर्वसाधारणका निमित्त सामान्य आचार संहिता बनाए। उनलाई नैतिकता र आचरण सम्बन्धी चीनका प्रथम गुरुका रूपमा मानिन्छ। कन्फुसियसले कर्तव्य र प्रेम जस्ता दुई मूल्यका आधारमा सामाजिक व्यवस्था निर्माण गरे। हरेक व्यक्तिले आफ्नो दायित्व पुरा गरे मात्र समाज सुरक्षित हुन्छ भन्ने उनको विचार थियो। समाजलाई उनले पाँच समुदायमा राखे। शासक र शासित, मातापिता र सन्तान, पति र पत्नी, ठुलो दाजु र सानो भाइ, साथी र साथी। कर्तव्य मात्रले पुग्दैन ममता, शुद्धता, उत्साह, निष्ठा र असल चरित्र पनि उत्तिकै आवश्यक हुन्छन् भन्ने उनको विचार थियो[१३१]।

उन्नाइस वर्षको उमेरमा उनले सरकारी नोकरी पाए। विवाह पनि भयो। सन्तान भए। चौंतीस वर्षको उमेरमा अध्यापक भए। उनीसँग ३००० विद्यार्थी अध्ययन गर्दथे। उनलाई बाउन्न वर्षको हुँदा लू प्रदेशका राजाले अपराध मन्त्री बनाए। उनको राजकीय व्यवहार कुशलताले दुई वर्षभित्र जेल खाली भए, अदालत शून्य भयो र वकिल काम शून्य भए। त्यस प्रान्तमा अपराध, अपराधी केही रहेन। कन्फुसियसले के पत्ता लगाए भने गरिबी र अज्ञानता अपराधका

१३० सोमानी (१९९२), पृ. २३५
१३१ ऐ. पृ. २३३

कारक हुन्। शिक्षाको प्रसार तथा उद्योग धन्दा र कलाको विस्तारले अपराध समूल नाश हुन सक्छ[१३२]।

कन्फुसियस धर्मको मूल सूत्र हो- अर्काले आफूसँग जस्तो व्यवहार गरोस् भन्ने चाहन्छौं अरूसित त्यस्तै व्यवहार गरौं। उनका शिष्यहरूले भनेका छन्- उहाँले पहिल्यै निष्कर्ष दिनु भएन, निरङ्कुश निर्णय गर्नु भएन, हठ गर्नु भएन र अहङ्कार लिनु भएन। मानव सृष्टियता हाम्रा गुरु जस्ता अरू भएनन्। उहाँले असल शासन चाहनु भयो। शासक नैतिक मूल्यमा ध्रुव तारा जस्तो भएर रहनु पर्दछ। साहसपूर्वक बोल्ने र साहसले काम गर्ने, भद्र बोली बोल्ने, सीधा र अरूलाई शासन गर्नु अघि आफूलाई शासन गर्न सक्ने शासक असल शासक हो।

कन्फुसियसको लोकप्रियताबाट अत्तालिएर राजाले उनलाई काम र अधिकारविहीन पद दिएपछि उनले जागिर छोडे र १३ वर्ष प्रदेश प्रदेशमा घुमेर शासन स्वच्छ राख्ने विषयमा प्रचार गरे। थोरैले मात्र उनलाई बुझे। उनी आफ्नै प्रान्त फर्किए। एकान्त जीवन यापन गर्दै उनले 'द क्लासिक' को उपदेश र सम्पादन गरे। इ.पू. ४७९ मा ७३ वर्षको उमेरमा उनको निधन भयो। उनको निधनको खबरले सारा चीन शोकमग्न भयो। पछि उनको पूजा गर्न लागियो। जीवित हुँदा जति सम्मान गरिनु पर्थ्यो, मरेपछि प्राप्त भयो। आज पनि चीनमा कन्फुसियस जस्तो पुरुष जन्मेको छैन भनिन्छ।

कन्फुसियसले मूल रूपमा ५ कुरालाई महत्त्व दिएको पाइन्छ[१३३]-

१. प्रेम- प्रेम सबै गुणहरूको मूल हो।
२. न्याय- सबैले आफ्नो कर्तव्य उचित रूपले पालन गर्नु पर्दछ।
३. नम्रता- हृदयमा नम्रता हुनु पर्दछ।
४. विवेक- राम्रो नराम्रो छुट्ट्याउन सक्नु पर्दछ।
५. इमानदारी- व्यक्तिगत र सामाजिक जीवनमा सत्य र इमानदार बन्नु पर्दछ।

कन्फुसियसले भनेका छन्-

१) सबैसँग प्रेम गर, जसको हृदयमा प्रेम छ उसले खराब काम गर्न सक्तैन। विना प्रेमको जीवन मृत्यु हो।
२) सत्यताको पालना गर, सत्यता र सरलतातिर बढ। ढाँगी नबन, उद्विग्न नहोऊ, सच्चा साहसी बन, कर्मठ बन, आफ्नो वचन पुरा गर।
३) पहिला आफूलाई सुधार, अनि अरूलाई। जो हृदयभित्रबाट उच्च छ त्यसलाई उच्च पद चाहिँदैन।

---

१३२ गोस्वामी (२०६४), पृ. ५७६-५७७
१३३ गोस्वामी (२०६४), पृ. ५७९

४) महान् बन- डर तिमीबाट डराओस्, अर्काको गुण हेर, स्वार्थ त्याग, सदाचारको पालना गर । कर्तव्य गर्दा आलस्य नदेखाऊ । सदा शुभ हेर । तुच्छ कुराको पछि नलाग ।

५) बुद्धिमान् बन- प्रेमको सहारा लिएर मध्यम मार्गमा जाऊ ।

६) असल पुत्र बन- म नालायक पुत्र साबित नबनूँ ।

७) सीधा, विश्वासी र अनुभवी मित्र बनाऊ । हठी, बनावटी नम्र, चतुर र चलाख मित्र नबनाऊ ।

८) सत्यको बाटोमा नहिँड्ने मनुष्य सधैँ दुःखी हुन्छ ।

९) जीवनको साँचो आनन्द सन्तोषमा हुन्छ ।

१०) परिवारमा प्रेम फैलाऊ ।

११) पाँच सद्गुणको विकास गर[१३४]-

अ. जेन- आचार ठीक हुनु । सदाचारी बन्नु ।

आ. चुन जु- व्यवहार ठीक हुनु । सबैसँग राम्रो व्यवहार गर्नु, हृदयमा करुणा र प्रेम हुनु ।

इ. ली- ज्ञान र विवेक हुनु ।

ई. ते- नैतिक साहस हुनु

ए. वेन- आफ्ना सद्गुणमा अडिग रहनु ।

१२) समाजका पाँच समूहका प्रति कर्तव्य, प्रेम, सद्भाव सम्मान र बलिदानको भावना राख ।

१३) असल शासन चलाऊ । जनतालाई भोजन देऊ, अस्त्र शस्त्र राख र जनताको सरकारका प्रति विश्वास बढाऊ । भोजन र अस्त्र शस्त्र नहुँदा पनि जनताको सरकार प्रतिको विश्वास कायम रहोस् । जनताका लागि राज्य हो, जनता राज्यका लागि होइनन् ।

१४) निरपराधलाई दण्ड नदेऊ । अज्ञानीको अपराधलाई मात्र दोष ठान्नु हुँदैन, अज्ञानी राख्ने पनि दोषी हुन् ।

१५) युद्ध नराम्रो कुरा हो । सेनामा भर्ना हुँदा प्रतिष्ठा घट्छ । शान्ति अवस्थामा जनतासँगको मैत्रीमा बाधा पुग्छ ।

कन्फुसियसले भनेका छन्-

क) भनाइ स्पष्ट भएन भने भनेको बुझिँदैन र नबुझेपछि काम अधुरै रहन्छ ।

ख) आफूप्रति इमानदार बन्नु ईश्वरीय नियम हो र मानवीय नियम त्यही हो ।

ग) बोल्नु ढिलो र गर्नु छिटो असल मानिसको गुण हो ।

घ) मन एकाग्र राख ।

ङ) सद्गुणमा दृढ बन ।

---

१३४ सोमानी (१९९२), पृ. २४५

च) परोपकारमा विश्वास गर ।

छ) कलामा आनन्द लेऊ ।

ज) सङ्गीतमा साथ देऊ ।

कन्फुसियसमा समाजलाई पुनर्व्यवस्थित रूपले मिलाउने अपार विश्वास थियो । चीनमा त्यस वेला कानुन विहीनता, भ्रष्टाचार र कष्टप्रद जीवन व्याप्त थियो[१३५] । त्यस समयको मुख्य आवश्यकता एउटा निश्चित मानव मूल्यको स्थापना गर्नु थियो जसले जनतालाई उचित मार्ग निर्देशन गर्न सकोस् । कन्फुसियसले आफूलाई त्यस काममा प्रयोग गरे । कन्फुसियस कर्तव्य र प्रेम जस्ता दुई मानवीय मूल्यमा आधारित भएर अघि बढे । कन्फुसियस मानवतावादी थिए । उनले धरतीमा मानिसको समाधान खोजे, स्वर्गमा होइन । मानिसमा खोजे, छायामा होइन । उनले मानिस मानिसका बिचमा प्रकृतिले स्थापित गरेको व्यवस्था रोजे, जुन इतिहासले खोक्रो पारेको थियो ।

रुँदै कराउँदै गरेकी एउटी महिलालाई त्यसको कारण सोध्दा उनले भनिन्- बाघले मेरा ससुरालाई मार्‍यो, मेरा पतिलाई मार्‍यो, मेरा छोरालाई पनि मार्‍यो । कन्फुसियससँग रहेका मानिसले सोधे- किन अर्को ठाउँमा नगएको त ? उनले भनिन्- यहाँ दमनकारी शासक छैनन् । कन्फुसियसले भने- दमनकारी शासक बाघभन्दा दुष्ट हुन्छ[१३६] ।

आफ्नो गाउँमा कन्फुसियस सामान्य देखिन्थे । जब उनी अदालतमा बोल्न थाल्थे पूर्ण नियन्त्रणका साथ धारा प्रवाह बोल्थे । खाना खाँदा उनी कुराकानीको आनन्द लिँदै खान्थे तर विश्राम गर्दा एक शब्द बोल्दैनथे । खाना खस्रो मसिनो जस्तो भए पनि धार्मिक प्रसादका रूपमा ग्रहण गर्दथे । उनी प्रौढ व्यक्तिहरूको सम्मान गर्दथे । एक पटक घोडाको तबेलामा आगो लाग्दा उनले कोही घाइते भयो कि भनेर सोधे । बहुमूल्य घोडाबारे होइन । आफन्त नभएको कोही कसैको मृत्यु भए आफ्ना तर्फबाट अन्तिम संस्कार गरि दिन्थे । उनी परोपकारी वा सन्त के हुन् भन्ने प्रश्नमा उनी भन्थे- म असन्तुष्ट विद्यार्थी र निर्वस्त्र शिक्षक हुँ ।

कन्फुसियस सङ्गीत प्रेमी थिए । उनले इतिहास, कविता, दर्शनको राम्रो अध्ययन गरेका थिए । भनिन्छ, पन्ध्र वर्षको हुँदा उनले पढ्न सुरु गरे र सत्र वर्षको हुँदा पुरा गरे । उन्नाइस वर्षको हुँदा विवाह गरे । एक छोरा र दुई छोरी जन्मे । विवाह भएको तीन वर्षपछि पत्नीसँग पारपाचुके गरे ।

कन्फुसियसको निधनपछि उनका प्रमुख शिष्य जेकुङले भनेका थिए- उनी सूर्य हुन्, चन्द्रमा हुन् । उनी जस्तो अर्को शिक्षक हुन, लिस्नु लगाएर आकाश चढ्नु जत्तिकै असम्भव हो । उनीपछि उनको शिक्षालाई महत्त्वका साथ ध्यान दिइयो । बितेका दुई हजारभन्दा बढी वर्षदेखि उनका कुरामा विद्वान्हरूले

---

१३५ तोकारेव, पृ. ८७

१३६ सोमानी (१९९२), पृ. २३३-२४१

घन्टौं समय दिएका छन्। आज कन्फुसियस सम्पूर्ण चीनको मनमा संसारका एउटा ठुला गुरुका रूपमा मानिन्छन्। संसारको विस प्रतिशत जनतालाई उनको शिक्षाले प्रभाव पारेको छ। सातौं आठौं शताब्दीतिर उनको नाममा मन्दिरहरू निर्माण गरिए। उनको प्रसिद्ध कृति 'दि एनालेक्टस' विद्यालयको पाठ्यक्रममा मात्र होइन जीवनको व्यापक क्षेत्रमा प्रकाशित गरियो। बिसौं शताब्दीदेखि कन्फुसियसको जन्म दिनमा राष्ट्रिय बिदा गरिन्छ। चीनको सभ्यता र संस्कृति कन्फुसियसको विचारको जगमा खडा भएको छ। चीनमा सरकारी अधिकारीहरू कन्फुसियसको ज्ञानलाई राजनीतिक, नैतिकता र सदाचारको विधिका रूपमा मान्दछन्। उनको शिक्षालाई मेन्सियसले अघि बढाए। कन्फुसियसको धर्म चाहिँ चीन बाहिर विस्तारित हुन सकेन। चीनमा जति आक्रमण भए पनि उनको शिक्षामा कहिल्यै आक्रमण भएन। कन्फुसियसले भनेका छन्- विचार विनाको ज्ञान पासो हो र ज्ञान विनाको विचार खतरा हो। ठुलो मान्छेले आफ्नो अनुभवले जे भन्छ, त्यो गर्दछ। ज्ञान भनेको तिमीले पालना गर्न सक्ने जति कुरा हो, पालना गर्न नसकिने कुरा अज्ञान हो। मानवता भन्नाले मानव जीवनका चार नैतिक कुरा हुन्- मेरो छोराले मलाई राम्रो गरोस् भन्ने हो भने पिताको सेवा गर। मेरा अधीनकाले मलाई मानून् भन्ने हो भने आफ्नो अधिकारीलाई मान। मेरो भाइले मलाई सेवा गरोस् भन्ने हो भने आफ्नो दाजुको सेवा गर। साथीले मलाई पहिलो ठानोस् भन्ने हो भने साथीलाई त्यस्तै व्यवहार गर। कन्फुसियसले आफ्ना धार्मिक मान्यतालाई नयाँ धरातलमा ल्याए, स्वर्गबाट पृथ्वीमा। पुराना धारणामा विरोध नगरीकनै बितेका पितृहरूभन्दा आजका धरतीका वासिन्दाप्रतिको कर्तव्यमा उनले महत्त्व दिए।

कन्फुसियसले धर्म र ईश्वरका बारेमा सारै थोरै कुरा बोलेको हुनाले मानिसहरू कन्फुसियसवादलाई दर्शन हो धर्म होइन भन्दछन् तर उनले जे भने र गरे त्यो धर्म हो भन्ने देखाउँछ। दुई कुराबाट यो तथ्य जानिन्छ। पहिलो कुरा, उनी सर्वोच्च अलौकिक शक्तिसँग सम्मानपूर्ण भय राख्दथे जसलाई चिनियाहरू टीएन (Tien) अथवा स्वर्ग भन्दछन्। कन्फुसियस त्यसलाई सबै मूल्य र नैतिक स्वच्छताको स्रोत मान्दथे र उसको इच्छाले सबै कुरालाई निर्देशन गर्दछ भन्दथे। दोस्रो कुरा स्वर्ग र पितृहरूको आत्मासँग सम्बद्ध पूजा र पर्वहरूलाई अगाध सम्मान साथ मान्ने कुरा गरेका छन्। कन्फुसियसले यो धर्म हो भनेर स्पष्ट रूपले नभने पनि यो नै आजको चिनिया धर्मको सम्पूर्ण पक्ष हो[१३७]।

कन्फुसियसवादका चार वटा पुस्तक र पाँच वटा ग्रन्थहरू (classic) पाइन्छन्[१३८]। ती यस प्रकार छन्-

---

१३७ विभिन्न लेखकहरू (१९९०), पृ. १७५

१३८ ऐ. पृ. १७७

चार पुस्तकहरू-

१. उच्च ज्ञान (The Great Learning अथवा Tahsueh) भलादमीको शिक्षाको प्रथम पुस्तक, पुरानो चीनमा विद्यालयका विद्यार्थीहरूको पाठयपुस्तक ।

२. आचरणको पुस्तक (The Doctrine of the Mean अथवा Chung Yung) उचित रूपमा मानिसको प्रकृतिको विकास सम्बन्धी कृति ।

३. दि एनालेक्टस् (The Analects अथवा Lunyu) कन्फुसियसवादको विचारका स्रोतका रूपमा लिइएका कन्फुसियसका भनाइहरू ।

४. मेन्यिसको पुस्तक (Meng- tzu) कन्फुसियसका सबैभन्दा ठुला शिष्य मेन्सियस अथवा पेङत्जु (meng-tzu) का रचनाहरू ।

पाँच ग्रन्थहरू

१) कविताको पुस्तक (shin ching) चाउकालको आरम्भिक दैनिक जीवनको चित्र प्रर्दशन गर्ने ३०५ वटा कविताहरू ।

२) इतिहासको पुस्तक (Shuching) शाङ वंशबाट सुरु भएको १७ शताब्दीको चिनिया इतिहास ।

३) परिवर्तनको पुस्तक (I ching) ६ वटा पुरा र बिग्रेका हरपहरूका सम्भाव्य संयोजनको व्याख्यामा आधारित भविष्यवाणी ।

४) अनुष्ठानको पुस्तकहरू (the books of rites अथवा Lichi) पर्व र प्रार्थनाको नियमको सङ्ग्रह ।

५) वसन्त र शरद् ऋतुको इतिवृत्त (Annal of Spring and Autumn) अथवा Chun chin) कन्फुसियसको समयको राज्यको इतिहास समावेश वृत्तान्त ।

ताओ धर्म

ताओ धर्मका प्रवर्तक लाओत्से हुन्। आजभन्दा लगभग २६०० वर्ष अघि चीनमा उनको जन्म भएको हो। चिनिया भाषामा ताओको परमात्मा, परब्रह्म, धर्मपथ, ब्रह्म प्राप्त गर्ने साधन आदि अर्थ गरिन्छ। लाओत्सेलाई वृद्ध बालक भनिन्छ- ज्ञानमा वृद्ध र व्यवहारमा बालसुलभ सरलता। उनको जीवनीको सम्पूर्ण तथ्य थाहा पाउन सकिएको छैन। कतिपय विद्वान्ले उनको जन्म इ.पू. ६०४ मा चीनको त्व्यू प्रान्तको चूफेनमा बयरको रुखमुनि भएको मानेका छन्।

उनले चालिस वर्षको हुँदा सरकारी गुप्त रेकर्डको रक्षकको नोकरी पाए। उनी नोकरीमा निर्लिप्त भावले लागे। तर उनी निवृत्त मार्गमा ध्यान, चिन्तन मननमा लागि रहेको देखेर धेरैले उनलाई महात्मा भनेर जान्दथे। लाओत्से ८७ वर्षको हुँदा ३३ वर्षीय कन्फुसियससँग भेट भयो। कन्फुसियस लाओत्सेबाट धेरै प्रभावित भए। लाओत्से जस्ता सरल र सज्जन व्यक्तिलाई चीनको तत्कालको राजनीतिक दाउपेच मन परेन। उनी राज्य छोडेर पश्चिम उत्तरतिर लाग्दै गर्दा क्वानियन भन्ज्याङको पालेले रोकेर उनलाई आफ्नो अनुभव लिपिबद्ध गर्न अनुरोध गरे। त्यसै अनुरोधका कारण लाओत्सले ५००० शब्द र ४६६ वाणीहरू भएको एउटा धर्मग्रन्थ लेखे– ताओ तेह किङ। यो ग्रन्थ तयार गरेर उनी कता गए, कसैले थाहा पाएन तर यसै धर्मग्रन्थका माध्यमले उनी अमर भए[१३९]।

ताओ शब्दको माथि दिइएको अर्थका अतिरिक्त विश्वका मूल, असीम, अनाम, अरूप, सर्वव्यापक र सर्वोपरि आदि अर्थ पनि लगाइन्छ। तेह माने साधना- सहज मार्ग, विना इच्छा सहज रूपमा फुलको सुगन्ध जस्तो आफैंआफ विकसित हुने सद्‌गुण। कुनै गर्नु छैन, वासना छैन, इच्छा छैन, कामना छैन। मात्र शान्ति, परम शान्ति/सरलता मात्र छ। प्रेम छ, नम्रता छ। आफूसँग प्रेम गर्नेसँग मात्र होइन आफूसँग नराम्रो व्यवहार गर्नेसँग पनि प्रेम गर। युद्ध गलत हो। शस्त्र गलत हो। सेना गलत हो। सेनाले दुःख र दुर्भाग्य मात्र दिन्छ। जीवनका दुई पाटाहरू छन्, प्रकृतिका दुई पक्ष छन्- राम्रो, नराम्रो, प्रकाश-अन्धकार, सर्दी-गर्मी, पुरुष-स्त्री, दुई पक्ष मिल्दा पूर्णता आउँछ। सारा मानव जाति एक हुन्।

---

१३९ गोस्वामी (२०६४), पृ. ५४६-५४९

ताओ तेह किङमा भनिएको छ[१४०]-

१) ताओ अनुभवको वस्तु हो, वर्णन गरिने वस्तु होइन ।
२) पृथ्वी र स्वर्गभन्दा पहिले जे थियो त्यो अव्यक्त छ ।
३) ताओ असीम, अगाध, अनासक्त र ईश्वरभन्दा पुरानो छ ।
४) ताओ अग्राह्य, अचिन्त्य र अनादि छ ।
५) ताओ स्वयंसिद्ध र अनाम छ ।
६) ताओ पूर्ण, सर्वव्यापी छन्, प्रेमले सबैलाई पोषण गर्दछ ।
७) ताओलाई ज्ञानीले सुन्छन्, ताओ रहस्यमय छन् ।
८) आसक्ति र प्रपञ्च छोडेर दया राख ।
९) तिन मूल्यवान् वस्तु छन्- मार्दव, परिमितता र विनयशीलता ।
१०) तेह प्रकृति हो, ताओ पुरुष ।
११) कर्तापनको अहङ्कार र कर्मफलको आशा छोडेर कर्म गर ।
१२) अर्कालाई जान्ने ज्ञानी र आफूलाई जान्ने अन्तरज्ञानी हो। अर्कोलाई जित्ने समर्थ हो आफूमा सन्तुष्ट रहने श्रीमान् हो । जो आफ्नो स्थानमा छ, ऊ स्वस्थ र सुरक्षित हुन्छ ।
१३) शुद्ध धर्माचरणमा धर्माचरणको छाप हुँदैन ।
१४) धन सम्पत्तिबाट विरत होऊ ।
१५) सत्य मिठो र कठोर दुबै हुन्छ ।
१६) प्रेमको बलले सदा शासन गर्न सकिन्छ ।
१७) आँखा कान र मुख बन्द गरे जीवनभरि उपद्रव आउँदैन ।
१८) आत्म प्रशंसा नगर ।
१९) जो सन्तुष्ट छ, त्यसको नाश हुँदैन ।
२०) वासना, असन्तोष त्याग । अकर्मले कर्म गर ।
२१) ज्ञानी मनुष्यले आत्माको चिंन्ता गर्छ, इन्द्रियको होइन ।
२२) ज्ञानीले सबैसँग प्रेम गर्दछ । ज्ञानी सरल हुन्छ ।
२३) साँचो शासक महत्त्वाकाङ्क्षी हुँदैन । जनता स्वतः सरलतातिर लाग्दछन् ।
२४) ज्ञानी पुरुषले अस्त्रशस्त्र प्रयोग गर्दैन ।
२५) सदाचारीले इमानदारीका साथ सम्झौता पालना गर्छ, अनाचारीले आफ्नो स्वार्थ मात्र हेर्दछ ।
२६) सर्वश्रेष्ठ विजेता लडाइँ लड्दैन । प्रेमले शासन गर्दछ ।

चिनियाहरू के विश्वास गर्छन्[१४१] भने ताओले भनेका कुराहरू मानव जीवनमा प्रयोगमा ल्याउँदा हरेक चिजको प्राकृतिक र उचित बाटो पाइन्छ र हरेक मानिसको उचित स्थान र उचित कार्य निर्धारित हुन्छ । उदाहरणमा

---

१४० ऐ. पृ. ५५२-५६७
१४१ विभिन्न लेखकहरू (१९९०), पृ. १६४-१६५

उनीहरू भन्दछन्- एउटा शासकले न्यायपूर्ण शासन गऱ्यो र स्वर्गसँग सम्वद्ध धार्मिक पूजा उत्सव उचित रूपमा गऱ्यो भने राष्ट्रमा शान्ति र समृद्धि आउँछ। त्यसरी नै मानिसले उचित मार्ग (Tao) पहिल्याएर अनुसरण गरे भने हरेक कुरा व्यवस्थित, शान्त र प्रभावकारी हुन्छन् यदि उल्टोतिर गए वा टेरेनन् भने राष्ट्रमा अशान्ति र उपद्रव आउँछ। उचित मार्ग (Tao) लाई अनवरत जान दिनु नै चिनिया दर्शन र धर्मको केन्द्रीय तत्त्व हो। ताओवादले पौराणिकता लिएको छ। यसको प्रारम्भको अवधारणा अनुसार अकर्म, शान्ति, निष्क्रियता, त्यागी समाज र प्रकृति तर्फको गमन लिन सकिन्छ। यसको सार कुरा के भने मानिस शान्त भएर बस्यो भने केही नगरी बस्यो भने प्रकृतिले जे गर्छ त्यसलाई हुन दियो भने सबै कुरा उचित रूपमा सम्पन्न हुन्छन्।

सुरुमा ताओवाद धर्मभन्दा बढी दर्शन थियो। यसका प्रणेता लाओत्सु त्यस बखतको अशान्ति र कलहबाट असन्तुष्ट थिए। उनी त्यसबाट मुक्ति चाहन्थे। त्यसैले उनले त्यागी समाज र प्रकृतितिरको गमन चाहेका हुन्। ताओ ते किङको अध्ययनबाट के थाहा पाइन्छ भने उचित मार्ग (Tao) भनेको प्रकृतिको मार्ग हो जसले मानव गतिविधिको हरेक तहलाई समावेश गर्दछ। माथि भनिएका ताओ ते किङ केही कुराले पनि ताओवाद तत्कालको अन्यायपूर्ण राजनीति, कष्ट, सर्वनाश, सामन्ती शासकहरूको निर्दयी शासनले उब्जाएको निरर्थकता जस्ता कुराहरूको विरुद्धमा आएको स्पष्ट देखिन्छ। ताओवादीहरू शान्ति र व्यवस्थित समाजको उपाय भनेको मानिसहरूमाथि शासन गर्ने राजा वा मन्त्री नभएको प्राचीन समयमा फर्कनु हो भन्थे।

ताओवादलाई लाओत्सेपछि चुवाङ चाउले अघि बढाए[१४२]। उनका अनुसार कुनै वस्तु स्थायी हुँदैन। हरेक कुरा दुई विपरीत कुराका बिचमा दौडि रहेको हुन्छ। उनी भन्दछन्- "यो विश्वमा स्थायी केही छैन। मृत्युसम्म हरेक चिज बाँचेको हुन्छ। ताओ मात्र जसको प्रारम्भ र समाप्ति छैन, स्थायी छन्। जीवन घोडाको दौडाइ जस्तो पुरा गतिमा दौडिरहेको छ। यो निरन्तर र अनवरत रूपमा, हरेक क्षणको अंश अंशमा परिवर्तन भइ रहेको छ। हामीले के गर्ने के नगर्ने भन्ने कुराले कुनै फरक पर्दैन। उनको कथन अनुसार प्रकृतिको गतिमा हामीले कुनै व्यवधान ल्याउने बिन्दु नै छैन। ढिलो चाँडो वस्तु आफ्नो फरक रूपमा जान्छ। जति असह्य अवस्था भए पनि पछि त्यो राम्रो हुन्छ र जति राम्रो अवस्था भए पनि पछि त्यो रहँदैन[१४३]।

प्रकृतिसँग एक हुने कुरामा ताओवादीहरू पहिला आयुहीनता र पहिलेको अवस्थामा फर्कने कुराको विश्वासले ग्रस्त थिए। उनीहरूले ताओपथ अथवा प्राकृतिक रूपमा रहेमा शारीरिक कष्ट, रोग र मृत्युसम्म पनि सहज रूपमा ग्रहण गर्न सकिन्छ भन्ने धारणा बनाएका थिए। पछि उनीहरूमा काल्पनिकता थपिँदै

१४२ विभिन्न लेखकहरू (१९९०), पृ. १६८
१४३ ऐ. पृ. १६८

गए। उनीहरू प्राणायाम, नियन्त्रित खानपान र यौनतिर पनि आकर्षित हुँदै गए। दुष्टात्मा र जङ्गली जनावरबाट जोगिन घरमा जादुटुनाका सामान राख्न थाले। ताओवाद सङ्गठित हुँदै गएपछि पश्चिम चीनमा टुना मुना र जादु मन्त्रबाट उपचार सुरु गरियो। यो सुरु गर्ने चाङ लिङले आफूलाई लाओत्सेको अवतार भन्ने घोषणा गरे। चाङ लिङ जीवनमा अमृत ल्याउन समर्थ छन् र सशरीर बाघमा चढेर लुङ हु पर्वतबाट स्वर्ग जान सक्छन् भन्ने विश्वास स्थापित भयो। चीनमा बौद्ध धर्मको प्रवेश र विस्तार भएपछि ताओवादीहरूले धेरथोर रूपमा मन्दिर विहार बनाउने, भिक्षु भिक्षुणी रहने जस्ता बौद्ध परम्पराको अनुसरण गरे। पछि विभिन्न देवी देवता मान्न थाले। बिस्तारै ताओवाद मूर्तिपूजा र अन्ध विश्वासमा परिणत गयो। पूजारी र पुरोहितहरूले पूजा, अनुष्ठान र संस्कार गर्ने चलन आयो। यसरी ताओवाद जुन एउटा रहस्यवादी दर्शनका रूपमा प्रारम्भ भएको थियो देवी, देवता, नर्क र झुटा आस्थाहरू तिर फेरि फर्कियो[१४४]।

१४४ ऐ. पृ. १७४

यहुदी धर्म

पूर्वमा हिन्दू धर्म प्राचीन भए जस्तै मध्यपूर्वमा यहुदी धर्म प्राचीन धर्म हो। इसापूर्व १५७१ भन्दा अघि यो धर्म स्थापित भएको मानिन्छ। यस धर्मको जन्म स्थान जेरुसलेम हो र यस स्थानलाई यहुदी, इसाई र इस्लाम सबैले श्रद्धा गर्दछन्। भूमध्य सागर छेउ एउटा देश थियो फिलिस्तिन। त्यहाँ एउटा उर नामक नगर थियो। त्यहाँ तेराह नाम गरेका व्यक्ति मूर्ति बनाएर बेच्ने गर्दथे। एक दिन उनका छोरा अब्राहमले ती मूर्ति तोडेको थाहा पाएर छोरालाई सोध्दा ती आँखाले नदेख्ने, कानले नसुन्ने, हिँड्न नसक्ने मूर्तिको किन पूजा गर्ने ? बरु जसले यो सृष्टि बनाए उनको पूजा गर्नु पर्दछ भन्ने छोराबाट उत्तर पाएपछि तेराहको चित्त बुझ्यो। त्यसपछि सबैले मूर्तिलाई पवित्र मान्ने गरेको स्थानमा बस्नु उचित हुँदैन भन्ने ठानेर तेराहले उर नगर छोडे। कनान हुँदै हारान भन्ने स्थानमा गएर बसोबास गरे र त्यहीं उनको निधन भयो[१४५]।

तेराहका तीन जना छोरा थिए- अब्राहम, नाहोर र हारान। यहुदी धर्मग्रन्थमा लेखिएको छ- परमेश्वर यहोवाले अब्राहमलाई साक्षात् दर्शन दिएर भने- तिम्रो वंश तारा जस्तै अनगिन्ती हुने छन् र तिम्रो नाम इब्राहिम हुने छ। तिमी आफ्नो जन्मभूमि छोडेर मैले देखाएको ठाउँमा जाऊ। इब्राहिमका छोरा इसहाक भए। इसहाकका दुई जुम्ल्याहा छोरा थिए- एसाव र याकुब। याकुबलाई इसरायल भनियो। याकुबका १२ जना छोरामध्ये एक जनाको नाम यहुदा थियो र उनकै नाउँबाट यो जातिको नाम यहुदी भयो। याकुबका कान्छा छोरा युसुफलाई मिश्रका राजाले मन्त्री बनाएर इजराइलीहरूलाई मिश्रमा बसाए तर ती राजापछि मिश्रवासीले तिनीहरूलाई अत्यन्त घृणा गरे, दास बनाए र अनेकौं क्रूर व्यवहार गर्न थाले। युसुफपछि अर्को गतिलो नेता निस्कन सकेन।

इसाभन्दा १५०० वर्षअघि एक यहुदी परिवारमा पिता अमराम र माता योथेवेदका पुत्रका रूपमा मुसाको जन्म भयो। मुसाकी मरियम नामकी बहिनी थिइन्। त्यस बेलाका राजाले यहुदीको छोरा सन्तान जन्मने बित्तिकै नील नदीमा फालि दिने हुकुम जारी गरेको थियो किनभने कसैले इजराइलीले मिश्रलाई नाश गर्ने छ भनेर उसलाई सुनाइ दिएको थियो। मुसा जन्मनासाथ नील नदीमा फालियो। ती राजाकी छोरी नुहाउन जाँदा मुसालाई भेटेर करुणावश दरबारमा

---

१४५ गोस्वामी (२०६४), पृ. ५३१-५३३

ल्याइन्। संयोगवश धाई आमा योथेवेद हुन पुगिन्। मुसा दरबारमा बढे, हुर्किए[१४६]।

ठुलो भएपछि दरबारवाट निस्कँदा मुसाले यहुदीमाथिको अत्याचार देखेर चालिस वर्षको उमेरमा दरबार त्यागे। मुसाको सिप्पोराहसँग विवाह भयो र चालिस वर्ष ससुरालीमा भेडा चराएर बसे। यसै वेला सिनाई पर्वतमा मुसालाई परमेश्वर यहोवाले दर्शन दिएर भने- इजराइलीहरूले दास जीवन बिताउनु परेको छ, म तिम्रा पूर्वजलाई दिएको वचन पुरा गर्ने छु। तिमी तिनीहरूलाई लिएर त्यस देशमा जाऊ।

मुसाले आफ्नो जातिलाई फिलिस्तिनतिर फर्काए। मिश्रका राजाले तिनीहरूलाई रोक्न अनेक प्रयत्न गरे तर सफल भएनन्। मुसाको नेतृत्वमा यहुदीहरूले मिश्र छोडे। मुसाले सिनाई पर्वत छेउमा शिविर खडा गरे। त्यहाँ मुसाले यहोवाको पवित्र वाणी सुने। ती वाणीलाई यहोवाको पवित्र दश वाणी (Ten Commandments) भनिन्छ। ती वाणीहरू यस प्रकार छन्[१४७]-

१) यहोवा नै एक मात्र परमेश्वर हुन्। उनकै पूजा गर।
२) यहोवालाई छोडेर अरू कसैको पूजा नगर।
३) व्यर्थमा परमेश्वरको नाम नलेऊ।
४) सातामा छ दिन काम गर, सातौँ दिन विश्राम गर।
५) माता पिताको आदर गर।
६) कसैको हत्या नगर।
७) व्यभिचार नगर।
८) चोरी नगर।
९) झुटो साक्षी नबक।
१०) कसैको सम्पत्तिमा लालच नगर।

सिनाई पर्वतमा परमेश्वरले मुसालाई ६१३ आदेश दिएको प्रसङ्ग पनि बाइबलमा पाइन्छ। ती दश वाणीमध्ये चार वटा धर्मसँग र पछिल्ला छ वटा आचरण व्यवहारसँग सम्बद्ध छन्।

मुसाले यहुदी धर्मको व्यापक प्रचार गरे। मुसापछि यहुदीहरूले फेरि दुःख र कष्टप्रद जीवन बिताउनु पर्‍यो। यहुदीहरू संसारका विभिन्न मुलुकहरूमा छरिए। जहाँ बसे पनि र जति नै कष्ट बेहोर्नु परे पनि यहुदीहरूले आफ्नो धर्म र यहोवाको आदेश अटुट रूपमा पालना गरि रहे। यहुदीहरूलाई परमेश्वरले एक दिन अवश्य उद्धार गर्ने छन् र आफूहरू फिलिस्तिन फर्कन पाउने छौँ भन्ने विश्वास उनीहरूमा दृढ थियो। बिसौँ शताब्दीमा उनीहरूको आन्दोलनले गति लियो। सन् १९४८ को मई १५ मा यहुदीहरूले नयाँ राष्ट्रको उदय गराए। त्यस

---

१४६ सोमानी (१९९२), पृ. १५१
१४७ बाइवल (१९९१), पृ. ९३

राष्ट्रको नाम इजरायल राखियो। इजरायलको मुख्य धर्म यहुदी हो। त्यहाँ इसाई र इस्लाम धर्मावलम्बीहरू पनि बसोबास गर्दछन्।[१४८]

यहुदीहरूको मूल धर्मग्रन्थ पुरानो बाइबल (Old Testament) हो। यसमा मुख्य तीन भागहरू छन्- तोरा, नवी र नविस्ता।[१४९] तोरा अन्तर्गतका पुस्तकहरूको नाम यस प्रकार छ- उत्पत्तिको पुस्तक, प्रस्थानको पुस्तक, लेवीहरूको पुस्तक, गन्तीको पुस्तक, व्यवस्थाको पुस्तक। त्यसरी नै नवी अन्तर्गत यहोशुको पुस्तक, न्यायकर्ताको पुस्तक, रुथको पुस्तक, शमुएलको पुस्तक, राजाहरूको पुस्तक, इतिहासको पुस्तक, एजराको पुस्तक, नहेम्याहको पुस्तक, एस्तरको पुस्तक, अयुबको पुस्तक छन्। नविस्ता अन्तर्गत भजनको पुस्तक, हितोपदेशको पुस्तक, उपदेशको पुस्तक, श्रेष्ठ गीत, यशैयाको पुस्तक, यमियाको पुस्तक, विलापको पुस्तक, इजकिएलको पुस्तक, दानियलको पुस्तक, होशेको पुस्तक, योएलको पुस्तक, आमोसको पुस्तक, ओबदियाको पुस्तक, येनाको पुस्तक, मीकाको पुस्तक, नहुमको पुस्तक, हबकुकको पुस्तक, सपन्याहुको पुस्तक, हाग्यैको पुस्तक, जकरियाको पुस्तक र मलाकीको पुस्तक। शमुएल, राजा र इतिहासका २/२ वटा पुस्तक छन्। उक्त पुस्तकहरू बाहेक यहुदीहरूको अर्को महत्त्वपूर्ण ग्रन्थ तालमुद हो। यसमा धर्मका कुराहरू विस्तारसँग बताइएको छ। यस पुस्तकमा समय समयमा यहुदी समाजमा जे जति समस्या आए तिनीहरूको समाधान र व्यवस्थापनको निमित्त गर्नु पर्ने कुराहरू पाइन्छ। यी कुराहरू सन्तान दर सन्तान मौखिक रूपमा चल्दै आएको र पालन हुँदै आएको पाइन्छ।

कतिपय यहुदीहरू बाइबललाई यहुदी धर्मको आधारशिला मान्दछन् भने तालमुदलाई केन्द्रीय खम्बा भन्न रुचाउँछन्[१५०]। तालमुद यस्तो केन्द्रीय खम्बा हो जसले यस धर्मको जगदेखि लिएर सम्पूर्ण आध्यात्मिक र बौद्धिक तत्त्वलाई समेट्छ। उनीहरू तालमुदले जस्तो सिद्धान्त र व्यवहारमा प्रभाव पार्ने यहुदी जीवनमा अर्को कुरा छैन भन्दछन्। यहोवाले मुसालाई सिनाई पर्वतमा लिखित कानुन तोरा मात्र दिएको होइन त्यसको कार्यान्वयन गर्ने व्याख्या पनि दिएको हो जुन मौखिक रूपमा सन्तान दर सन्तान पालना गर्दै ल्याइयो, त्यस कारण तालमुद त्यो मौखिक कानुनको व्याख्या र टिप्पणी पनि हो भन्ने पुरातनवादी यहुदीहरूको धारणा छ। तालमुदलाई मुख्यतः दुई भागमा बाँडिन्छ- मिसनाह र गेमरा। मिसनाह रविहरूको तन्निम भनिने आध्यात्मिक कानुनको व्याख्याहरूको सङ्ग्रह हो। गेमरा चाहिँ पछिल्लो समयमा मिसनाहमा गरिएको टिप्पणीको सङ्ग्रह हो। तालमुदलाई पछि सबैले बुझ्न सक्ने गरी मिस्नेह तोरा नामको ग्रन्थ प्रचलनमा ल्याइयो।

---

१४८ गोस्वामी (२०६४), पृ. ५३६

१४९ ऐ., पृ. ५३८

१५० विभिन्न लेखकहरू (१९९०), पृ. २२१

यहुदी धर्मका मुख्य रूपमा तीन सम्प्रदाय वा शाखा छन्[१५१]-

१) परम्परागत (Orthodox Judaism) यस शाखाले हिब्रु तनखलाई भगवान्‌बाट प्रेरित मात्र मान्ने होइन त्योभन्दा बढी सिनाई पर्वतमा परमेश्वरबाट मुसाले पाएको पौराणिक कानुन र दश आज्ञाको साथै लिखित कानुन पनि प्राप्त गरेका हुन् र अनुदार यहुदीहरू उक्त दुबै आदेशहरूलाई कट्टरताका साथ पालना गर्न रुचाउँछन्। उनीहरू मसिहा आउन अझै बाँकी छ र इजरायललाई स्वर्ण युगमा पुऱ्याउन बाँकी छ भन्ने विश्वास गर्दछन्। विचार र व्याख्यामा विभिन्नताका कारणबाट अनुदार समूहभित्र पनि विभाजन पाइन्छ। त्यसको उदाहरणमा हासिदीवाद (Hasididism) लाई लिन सकिन्छ। यो वादलाई अत्यन्त अनुदार समूहभित्र लिन सकिन्छ। यो समुदायले सङ्गीत र नृत्यलाई अलौकिक आनन्दका रूपमा लिएको छ। उनीहरूको पुनरागमन लगायतका विश्वास र आस्था यहुदीहरूको विशेष पुस्तक कब्बाला (Kabbala) मा पाइन्छ। यो वाद मान्ने यहुदीहरू इजरायल र अमेरिकामा पाइन्छन्। तिनीहरूभित्र पनि उप समूहहरू विभाजन भएका छन्। तीमध्ये केही समूहहरूको धारणा के छ भने मसीहालाई मात्र यहुदीहरूको राज्य इजरायललाई पुनः प्राप्त गर्ने अधिकार छ। तिनीहरू इजरायलको निरपेक्ष राज्यको अवधारणालाई स्पष्टतः विरोध गर्दछन्।

२) सुधारवादी (Liberal or Progresive)- यस समुदायमा पश्चिमको सभ्यता र संस्कृतिलाई सम्मिलित गरेर लिएर जान जोड दिइएको छ। उनीहरू तोरालाई ईश्वरीय सत्य भन्न तयार छैनन्। ती यहुदीहरूको भोजन, पवित्रता र पोसाकको पुरानो धारणा मान्न चाहँदैनन्। उनीहरू भर्खरै परम्परागत यहुदी वादतर्फ फर्कँदै पनि छन्।

३) अनुदारवादी (Conservative)- अनुदारवादी यहुदीहरू मुसाले परमेश्वरबाट प्राप्त मौखिक कानुन मान्न तयार छैनन्। उनीहरू यहुदीहरूको आजको आवश्यकता पुरा गर्ने भए बाइबलको उपदेश र रविनी कानुन मान्न तयार छन्। उनीहरू अङ्ग्रेजी र हिब्रु प्रयोग गर्दछन्, महिला र पुरुष साथै बसेर पूजा गर्न अनुमति दिन्छन्, जुन परम्परागत यहुदीहरू चाहँदैनन्।

यहुदीहरूका धार्मिक मान्यताहरूलाई सङ्क्षेपमा यसरी लिन सकिन्छ-

- ईश्वरले जीव र जगत् रचना गर्दछन्।
- ईश्वर एक छन्।
- ईश्वर प्रेममय छन्।

---

१५१ ऐ. पृ. २२५

- ईश्वर करुणामय छन् ।
- ईश्वर सर्वव्यापी छन् ।
- ईश्वर नजिकभन्दा नजिक छन् ।
- ईश्वर टाढाभन्दा टाढा छन् ।
- ईश्वर अन्धकार जस्तै रहस्यमय छन् ।
- ईश्वर सूर्यको प्रकाश जस्तै स्पष्ट छन् ।
- ईश्वर सत्कर्म, प्रेम, करुणा र सबैसँग स्नेहपूर्ण व्यवहारले प्रसन्न हुन्छन् ।
- ईश्वरको नाम यहोवा हो ।

यहुदीहरूका महान् पुरुषहरूमा अब्राहम र मुसालाई मानिन्छ। यहुदीहरूको प्रार्थनामा विशेष रूपमा उभिने, प्रार्थना शल ओड्ने, प्रार्थना सामान राखिएका ससाना छालाका बाकसमा राख्ने जस्ता विशिष्ट परम्परा रहेको छ ।

मुसाको १२० वर्षको उमेरमा निधन भयो । सबै यहुदीहरूलाई यो उपदेश दिँदै मुसाले संसारबाट बिदा लिए[१५२]–

"म यहोवाको नाम प्रकाशित गर्दछु। ती परमेश्वर महान् छन्। पूर्ण छन्। न्यायी छन्। सत्य छन्। उनै तिम्रा पिता हुन्। उनले नै तिमीलाई बनाएका हुन्। उनीले न्याय गर्ने छन्। दासहरूमा करुणा गर्ने छन्। उनी बराबर कोही छैन । उनैले मार्छन्, उनैले बचाउँछन्। उनी अनन्त छन्। उनैलाई पूजा गर । आमिन् ।"

हामीले यहुदी धर्म किन जान्ने भन्ने प्रश्न पनि उठ्न सक्दछ। इजरायल एउटा सानो देशमा रहने र संसारमा छरिएर रहेका (Diaspora) यहुदी समुदायको मात्र मानेका थोरै सङ्ख्याका यहुदीहरूको धर्ममा के त्यस्तो जान्ने कारण छ भन्ने प्रश्नको उत्तर यहुदी धर्म करिब ४००० वर्ष पुरानो लामो इतिहास भएको धर्म हो भनेर दिने गरिन्छ[१५३] । यसका धर्मग्रन्थहरूले संसारका विभिन्न धर्मग्रन्थहरू र धर्मलाई प्रभावित पारेका छन्। इसाई धर्ममा यहुदीहरूको धर्मग्रन्थ र यहुदीहरूले स्पष्टतः प्रभाव पारेको छ। ईसामसिहको जन्म नै यहुदी परिवारमा भएको हो। कुरानमा पनि हिब्रु धर्मग्रन्थहरूको स्पष्ट छाप देख्न सकिन्छ। मानिस र एक सत्य परमेश्वरका बिचको सम्बन्धका विषयमा यहुदी धर्मग्रन्थहरूमा पर्याप्त कुरा लेखिएको छ। अब्राहमले ४००० वर्षजति अघि एक सत्य परमेश्वरको पूजा गरेको प्रसङ्ग यहुदी धर्मग्रन्थहरूमा पाइन्छ ।

यहुदीहरू समय समयमा विभिन्न देश र ती देशका मानिसहरूको प्रभावमा परेकोले यहुदी धर्ममा विभिन्न धर्मको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परेको पाइन्छ। सिकन्दरका पालामा यहुदीहरूमा युनानीको प्रभाव परेको पाइन्छ भने पछि रोम सामाज्यको विस्तार हुंदा रोमन प्रभाव बढेको पाइन्छ। केही समयपछि

---

१५२ ऐ. पृ. ५४५
१५३ विभिन्न लेखकहरू (१९९०), पृ. २०५

यहुदीहरूको दुई वटा समुदाय देखिएको थियो। एउटा समुदाय जसमा स्पेनका मुस्लिमहरूको शासन थियो, त्यहाँ मुस्लिम प्रभाव बढी पऱ्यो। भनिन्छ, अहिले पनि यहुदी समुदायमा मुस्लिम प्रभावले दिएका चलनहरू चलि रहेका छन्। यहुदीका केही चलनहरू तल लेखिए बमोजिमका छन्[१५४] -

क) खतना (Circumcision)- जन्मेको आठ दिनमा र पुरुषहरू जो यहुदी बन्न चाहन्छन्- उनीहरूको खतना गर्नु पर्दछ। यो यहुदीको एउटा महत्त्वपूर्ण चलन हो। यो चलन अब्राहमलाई परमेश्वरले दिएको आदेशका रूपमा चलेको हो।

ख) बार मित्ज्वाह (Bar Mitzvah)- सन्तान १३ वर्षको पुगेपछि ईश्वरको आदेशको पुत्रका रूपमा धार्मिक र कानुनी हैसियत प्राप्त भयो भन्ने आधारमा यो चलन चलेको पाइन्छ।

ग) मेजुजा (Mezuzah)- यहुदीको घर हो भनेर चिनिने मेजुजा अथवा बेरिने पात्र ढोकामा पस्दा दाहिने तिर राखिन्छ। त्यहाँ यहुदी धर्मग्रन्थबाट लिइएका शब्दहरू लेखिएका हुन्छन्।

घ) यारमुल्क (Xarmuke)-टाउको ढाक्ने वस्तु मन्दिर (synagogue) मा पस्दा वा बाहिर लगाइन्छ। यो यहुदी समुदायको परम्पराको सम्मान मानिन्छ।

यहुदीहरूका केही महत्त्वपूर्ण पर्व र परम्पराहरू छन्। ती मुख्यतः बाइबलमा आधारित छन् र अन्नबाली र इतिहाससँग पनि सम्बद्ध छन्। ती पर्व उत्सव र परम्परा यस प्रकार छन्[१५५] -

१) शबाथ (Sabbath)- यहुदी सप्ताहको सातौँ दिनलाई पवित्र पार्ने दिनका रूपमा लिइन्छ। यस दिन पूजा गर्नु अनिवार्य ठानिन्छ। यहुदीहरू त्यस दिन मन्दिरमा उपस्थित हुन्छन् र तोराको अध्ययन तथा प्रार्थना गर्दछन्।

२) सुकोत (Sukkot)- पूजापात्रका साथ मानिने यो पर्व सामान्यतः अक्टोबर महिनामा खेती गर्ने महिना समाप्त भएपछि मनाइने गरिन्छ।

३) योम किपुर (Yom Kippur)- आत्म नियन्त्रण र उपवास गरी मनाइने योम किपुर यहुदी नयाँ वर्ष, सामान्यतः सेप्टेम्बरमा दश दिनको पश्चात्ताप गरी मनाइन्छ।

४) हनुख (Hanukkah)- हनुख समर्पणको पर्व हो। डिसेम्बर महिनामा मनाइने यो पर्व जेरुसलममा पुनः मन्दिर निर्माण गरेपछि मनाउने चलन चलेको हो। यस अवसरमा आठ दिनसम्म मैनबत्ती बालिन्छ।

---

१५४ ऐ. पृ. २३१
१५५ ऐ. पृ. २३०

५) पुरिम (Purim)- पुरिम भाग्यको पर्व हो। फेब्रुअरी वा मार्च सुरुमा मनाइने यो पर्व यहुदीहरूले पर्सियामा जनसंहार षड्यन्त्रबाट बाँचेको दिनको स्मृतिमा मनाइन्छ।

६) पिशाच (Pesach)- पिशाच यहुदीहरूको अत्यन्त ठुलो र पुरानो पर्व हो। मार्चको अन्तिम वा अप्रिलको सुरुमा मनाइने यो पर्व मिश्रको कैदी जीवनबाट मुक्ति पाएको स्मृतिमा मनाइन्छ। हरेक यहुदी परिवारले यस पर्वमा विशेष खाना (Passover meal) अथवा सेडेर (Seder) मिलेर खान्छन्। त्यसको सात दिन सम्मको अवधिमा उनीहरू खमिर हालेको खाने कुरा खाँदैनन्। यस अवधिलाई यहुदीहरू मातजोत (Matzot) को पर्व मान्दछन्।

पारसी धर्म

संसारमा थोरै सङ्ख्यामा पारसी धर्म मान्ने मानिस भए पनि तिनीहरूको आचरण, धर्म निष्ठता, ज्ञान र विश्वासका कारणले यो धर्म संसारमा प्रसिद्ध छ। यस धर्मका प्रवर्तक जरथुस्त्र हुन्। माता दुग्धोवा र पिता पौरशाश्यका पुत्रका रूपमा आएका जरथुस्त्रको जन्म र जन्मस्थानका बारेमा यकिन भन्न सकिँदैन[१५६]। लेख्ने-पढ्ने ज्ञान नभएको समयमा र केही इतिहासकारका भनाइमा छैटौँ शताब्दी इ.पू. मा जरथुस्त्रले मौखिक रूपमा ज्ञानको प्रचार गरेको मानिन्छ। सामान्यतः बुद्धभन्दा सय वर्ष यताउता उनको जीवनकाल मान्न सकिन्छ। बाल्यकालदेखि तिस वर्षको भइन्जेलसम्मको उनको जीवन विवरण उपलब्ध छैन।

पारसी धर्ममा एक ईश्वरको उपासना गरिन्छ[१५७]- एक ईश्वर, अहुर मज्द (Ahura Mazda) को। जरथुस्त्रले विभिन्न देवी देवता मान्ने समाजलाई एक ईश्वरका ती विभूति हुन् भन्ने ज्ञान दिए। ईश्वर- अहुर मज्द एक छन्, अनादि छन्, अनन्त छन्, पूर्ण छन्, पवित्र छन्, शिव छन्, सत्य छन्, ऋत छन्, प्रकाशमान् छन् र सबैका स्वामी हुन्। ईश्वरको नाम पवित्र छ-बहु वइर्यो, अषम् बोहु।

पारसी धर्ममा अग्निको ज्यादै महत्त्व छ। पारसीहरूकहाँ अग्नि सधैँ प्रज्वलित रहन्छ। पवित्र विचार, पवित्रवाणी र पवित्र कर्म पारसी धर्मका तीन स्तम्भ हुन्। जरथुस्त्रको तस्बिरका अगाडि पूजा गर्ने पारसीहरू १०१ मनकाका माला फेर्दछन्। सदरो र कुष्टिलाई पवित्र मान्दछन्। सदरो एक प्रकारको कमिज जस्तो हुन्छ, सेतो रङको। पारसी महिला पुरुष दुवैले पवित्रता र सरलताको प्रतीकका रूपमा सदरो आजीवन लगाउँछन्। कुष्टि भेडाको ऊनको कम्मरमा तीन फेरा बाँधिएको पेटी जस्तो हो। तीन फेराले असल विचार, असल कर्म र असल वाणीको अर्थ बुझाउँछ।

पारसीहरू मूलतः इरान (फारस) का निवासी हुन्। काइ विस्तश्पा पारसी धर्म मान्ने पहिलो राजा हुन्। यिनका पालामा बिस्तारै यो धर्मको विस्तार भयो। छैटौँ शताब्दीमा राजा साइरसको पालामा यस धर्मको उत्तर भारतदेखि भूमध्यसागरसम्म विस्तार भयो। सिकन्दरले आफ्नो विश्व विजय यात्रामा यस धर्मका सन्त, पूजारी, सम्पत्ति, पूजास्थल नष्ट गरिदियो। मुस्लिमहरूले इरानमा आक्रमण गरेको समयमा पारसीहरूले धेरै दुःख भोग्नु पर्‍यो। इस्लाम धर्ममा परिवर्तन हुन नचाहने पक्का पारसीहरू पहाड पर्वतमा लुके। ९३६ इ.सं. तिर गुजरातमा राजा जादव राणाका

---

१५६ शर्मा (२०५६), पृ. ७०-७६

१५७ तोकारेव, पृ. ११९

पालामा पारसीहरू शरणार्थीका रूपमा भारत पसे र राजासँग शरण मागे। जादव राणासँग पारसीहरूले दूधमा मिस्री मिसाए जसरी राणाको देशमा बस्ने अनुमति मागे। पारसीहरूले राजालाई आफ्नो कुरा यसरी बताए[१५८]-

१) हामी अहुर मज्द, सूर्य र पाँच तत्त्वको पूजा गर्दछौँ।
२) हामी नुहाउँदा, प्रार्थना गर्दा, अग्निमा हवन गर्दा र भोजन गर्दा मौन धारण गर्दछौँ।
३) हामी धार्मिक उत्सव गर्दा धार्मिक कार्य गर्दा, धूप, दीप, सुगन्ध र फुल प्रयोग गर्छौं।
४) हामी गौ पूजन गर्छौं, गहुँतलाई पवित्र मान्दछौँ।
५) हामी पवित्र वस्त्र धारण गर्दछौँ- कमिज, कुष्टि, टोपी आदि लगाउँछौँ।
६) विवाहका अवसरमा हामी सङ्गीत भजनको आनन्द लिन्छौँ। उत्सव मनाउँछौँ।
७) स्त्रीहरूलाई हामी गहना दिन्छौँ र शरीरमा सुगन्ध लगाउन दिन्छौँ।
८) हामी मुक्तहस्तले दान गर्दछौँ।
९) स्त्री पुरुष सबैमा हामी सहानुभूति राख्दछौँ।
१०) प्रार्थना गर्दा र भोजन गर्दा हामी पवित्र मेखला लगाउँछौँ।
११) यज्ञमा धूप दीप प्रयोग गर्दछौँ।
१२) हामी प्रतिदिन पाँच पटक प्रार्थना गर्दछौँ।
१३) हामी पति पत्नी सदाचारमा रहन्छौँ।
१४) प्रति वर्ष हामी पितृहरूको श्राद्ध गर्दछौँ।
१५) परिवारमा स्त्री गर्भवती हुँदा र पछि हामी विशेष संयम राख्दछौँ।

पारसी धर्मको वृक्षको एउटा मूल काण्ड छ-मूल साधन, दुई वटा ठुला शाखाहरू हुन्-क्रिया र समय, तीन वटा शाखाहरू छन्- सद्विचार, सद्वचन, सत्कर्म, चार वटा साना शाखाहरू छन्- ब्राह्मण, क्षत्री, वैश्य र शूद्र (कर्म अनुसारका जाति) र पाँच वटा शासन व्यवस्था छन्-मानपत (घरको मुखिया) वीस्पत (गाउँको मुखिया), जन्दपत (समाजको मुखिया), देहपत (प्रान्तको मुखिया) र जरथुस्त्रोतम् (सबैभन्दा ठुलो पारसी पूजारी)।

पारसी धर्ममा मनुष्यको कर्तव्य यसरी निर्धारण गरिएको छ-

१. सबैसँग प्रेम गर, सबैको सेवा गर।
२. ईश्वरको पूजा उपासना गर।
३. देवता र सन्तको आदर गर।
४. सबै सत्कर्ममा सहयोग गर।
५. सबै असल पशुको रक्षा गर।
६. दान देऊ, करुणा राख।
७. न्यायमा हिँड; श्रम गर, स्वावलम्वी बन।
८. असत्‌बाट टाढा बस, खराबी नष्ट गर।
९. ईश्वरमा विश्वास राखेर सत्यको सदा समर्थन गर।

१५८ गोस्वामी (२०६४), पृ. ५०४-५१०

अहुर मज्दका सात अङ्ग मानिएका छन्- अहुर मज्द बाहेक अरू छ अङ्ग छन् १) वह्मन- स्वच्छ मन, प्रेम ज्ञान र भक्ति, २) अष वहिश्त- पवित्रता, सत्य, ऋत ३) सहरवर-शक्ति बल सामर्थ्य ४) स्पदरामत- नम्रता, विश्वास, ५) रव्वंदात, पूर्णता ६) अमरदात्-अमृतत्त्व, अमरता ।

पारसीहरूका चार मूल विश्वासहरू छन्[१५९]-

१) म मज्दको पूजारी हुँ भन्ने स्वीकार गर्दछु ।

२) म जरथुस्त्रको पूजारी हुँ भन्ने स्वीकार गर्दछु ।

३) म दएव (राक्षस) लाई अस्वीकार गर्दछु ।

४) म अहुर (देव, भगवान्, सुर) हरूको भक्त हुँ ।

पारसीहरूको मूल ग्रन्थ अवेस्ता हो भनिन्छ, अवेस्तामा बिस लाख पङ्क्ति थिए तर पछि धेरै लुप्त भए । आज पाइने अवेस्ताको अंश यस्तो छ-

१) यस   २) वीस्परत्

३) यश्त   ४) वेंदीदाद

५) खुर्दह आवेस्ता

६) हाधोख्तनस्क विस्तास्प शास्त नस्क आदि । ती बाहेक पहेलवी अर्को धर्मग्रन्थ हो । पारसी धर्मको सार सङ्क्षेपमा यसरी भन्न सकिन्छ ।

१. सबैभन्दा माथि ईश्वर अहुर मज्द छन् । सारा सृष्टि ईश्वरको हो ।

२. जीवन, प्रकाश र सत्का दाता अहुर मज्द हुन् ।

३. मृत्यु र अहङ्कारको दाता अहिरामन हो ।

४. सारा संसार सत् र असत्मा विभाजित छ ।

५. सत् मार्ग र असत् मार्ग मनुष्यले छान्ने हो ।

६. सत्को बाहिरी प्रतीक अग्नि हो ।

७. सत्कर्म, सद्वचन र सद्विचारबाट मानिसको कल्याण हुन्छ ।

पारसीहरूको सबैभन्दा ठुलो पर्व नवजोत हो । यसमा किशोरावस्थाका बाल बालिकालाई अग्निका सम्मुख राखेर सुद्रे र कुष्टि धारण गराइन्छ र तिनीहरूलाई पारसी धर्मका मूल चार विश्वासहरूको शपथ गराइन्छ । विवाहोत्सव पारसीहरूको अर्को ठुलो पर्व हो । यसमा पनि अग्नि महत्त्वपूर्ण मानिन्छ । पारसीहरूको शव दाह गरिँदैन र माटोमा पनि राखिँदैन । शवलाई नुहाएर सफा तर पुरानो कपडामा बाँधेर खुला बाकसमा पक्षीहरूलाई दिइन्छ, वार्षिक श्राद्ध गरिन्छ ।

भनिन्छ, जरथुस्त्र ७७ वर्षका हुँदा अग्नि मन्दिरमा ध्यानमा मग्न भएका वेला बदमास शत्रु पूजारीहरूले प्राण हरण गरे । उनले त्यस बखत भने-अहुर मज्द, यिनीहरूलाई क्षमा गर्नुहोस् ।

---

१५९ सोमानी (१९९२), पृ. २५७-२६१

इसाई धर्म

इसाई धर्मका प्रवर्तक यसु खिृष्ट हुन् उनको जन्म आजभन्दा २०१६ वर्षअघि भएको हो। उनी यहुदी परिवारमा जन्मेका हुन्। यसुको वंशावलीमा अब्राहमदेखि दाउदसम्म चौध पुस्ता, दाउददेखि बेबिलोनमा लगिने वेलासम्म चौध पुस्ता र बेबिलोनमा लगिएदेखि खिृष्टसम्म १४ पुस्ताको विवरण पाइन्छ। कुमारी मरियमको युसुफसँग विवाहको कुरा छिनिएको थियो तर उनीहरूको सहवास हुनुअघि नै मरियम पवित्र आत्माबाट गर्भवती भएकी थिइन्। युसुफ धार्मिक प्रकृतिका मानिस हुनाले त्यो कुरा गुप्त राखे। त्यसै वेला रोमका सम्राट् सिजर अगस्टसले जन गणनाको उर्दी गरेका थिए। युसुफ पनि आफ्नी गभर्वती पत्नीलाई लिएर जन गणना गरिने बेथलेहम भन्ने स्थानमा गए। मरियमलाई सुत्केरी व्यथा लाग्यो। युसुफलाई सपनामा परम प्रभुको एउटा दूत आएर दर्शन दिएर भनेका थिए- हे दाउदका छोरा युसुफ। तिम्री पत्नी मरियमलाई तिम्रो घरमा ल्याउन नडराऊ। तिम्रो पत्नीको गर्भमा पवित्र आत्माका सन्तान छन्। तिनले पुत्र जन्माउने छिन् र तिमीले पुत्रको नाम यसु राख्ने छौ। ती पुत्रले मानिसहरूलाई पापबाट उद्धार गर्ने छन्।

युसुफ र मरियमले गोठमा आश्रय लिए र त्यहीँ यसु खिृष्टको जन्म भएको हो[१६०]। मरियमले उनलाई पछ्यौरा जस्तो कपडाले बेरिन् र कुँडो राख्ने स्थानमा राखिन्। त्यो एउटा सामान्य घटना थिएन। सारा रात झलमल्ल उज्यालो देखियो। देवदूतहरूले घोषणा गरे-दाउदको सहरमा जन्म लिएका यी परमेश्वर यसु हुन्।

यसु बेथेलहममा जन्मिएपछि ज्योतिषीहरू जेरुसलेमा उनको दर्शन गर्न गए। राजा हेरोदले पनि सुने। यसुको जन्म बेथेलहेममा हुने आगम वाणीमा लेखिएको थियो। राजाले ज्योतिषीहरूलाई बोलाएर आफू पनि यसुको दर्शन गर्न जाने बहाना बनाए र यसुलाई खोज्न पठाए। यसुबाट उनको नाश हुने कुरा हेरोदले सुनेका थिए। ज्योतिषीहरूले ताराको माध्यमबाट मरियमका काखमा रहेका यसुलाई भेट्टाए र दर्शन गरे[१६१]। हेरोदकहाँ नफर्किन ईश्वरवाणी पाएर ज्योतिषीहरू अन्तै लागे। प्रभुको दूतले सपनामा युसुफलाई यसुलाई मिश्रतिर लैजान निर्देशन गरे। किनभने हेरोदले साना बच्चाहरू मार्न लागि रहेका थिए।

---

१६० सोमानी (१९९२), पृ. १७१
१६१ बाइबल (१९९१), पृ. ११७४

हेरोद मरेपछि युसुफ र मरियम यसुलाई लिएर मिश्रबाट फर्किए। इजराइल आए तर सपनामा ईश्वरवाणी पाएर उनीहरू गलीलतिर लागे र नासरत भन्ने नगरमा बसे। त्यसै समयमा युहन्ना प्रचार गर्दै थिए- पश्चात्ताप गर किनभने स्वर्गको राज्य नजिक आएको छ। युहन्नाको प्रचारबाट धेरै मानिस उनीकहाँ गए। युहन्ना जोर्डन नदीमा नुहाउन लगाएर मानिसहरूलाई बप्तिस्मा दिँदै थिए। उनी भन्दथे- तिमीहरूलाई पश्चात्ताप गर्न अहिले म बप्तिस्मा दिइ रहेको छु। म पछि आउने मभन्दा अझ शक्तिशाली छन्, जसको जुत्ता बोक्न लायक पनि म छैन। उनले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिने छन्। यसु युहन्नाकहाँ बप्तिस्मा लिन जाँदा यहुन्नाले भने- मैले पो तपाईंबाट बप्तिस्मा लिनु पर्ने। यसुले यसरी नै धार्मिकता पुरा गरियोस् भनेपछि यहुन्नाले यसुलाई बप्तिस्मा दिए[१६२]। यसुले जोर्डन नदीबाट निस्कँदा परमेश्वरको आत्मा ढुकुरझैँ उनीमाथि ओर्लिंदै गरेको देखे। एउटा आकाशवाणी सुनियो- यिनी मेरा प्यारा पुत्र हुन्, जससँग म खुसी छु।

दुष्टात्माद्वारा उजाड स्थानमा यसुको परीक्षा लिइयो। चालिस दिन र चालिस रात उपवास बसेपछि यसुलाई दुष्टात्माले ढुङ्गालाई रोटीमा परिणत गर्न भन्यो। यसुले भने- मानिस भोजनले मात्र होइन, परमेश्वरबाट निस्केको हरेक वचनले बाँच्दछ। दुष्टात्माले यसुलाई मन्दिरको गजुरमा लगेर हाम फाल्न भन्यो। यसुले भने- परमेश्वरको परीक्षा नगर। परमप्रभु परमेश्वरलाई नमन गर र सेवा गर। दुष्टात्माले यसुलाई छोडिदियो। स्वर्गका दूतहरूले यसुको सेवा गरे[१६३]।

जेरुसलेममा त्यस वेला नवजात सन्तानलाई ईश्वरको मन्दिरमा अर्पित गरिन्थ्यो। यसु १२ वर्षको नभइन्जेल हरेक वर्ष त्यस मन्दिरमा लैजाने गरियो। यसुको उमेर ३० वर्ष पुगेपछि उनले धर्म प्रचार सुरु गरेको विवरण पाइन्छ। यसुको १२ वर्षदेखि ३० वर्षसम्मको १८ वर्षको जीवनी उपलब्ध छैन। केही पौरस्त्य विद्वान्हरूले त्यस अवधिमा यसुले भारत र तिब्बतमा आएर हिन्दू र बौद्ध धर्मको अध्ययन गरेको कुरा उल्लेख गरेका छन्,[१६४] तर इसाईहरू यो कुरा मान्न तयार छैनन्।

यसुका प्रथम शिष्यहरू शिमोन र अन्द्रियास हुन्। ती दुईलाई जाल बुन्दै गरेको अवस्थामा यसुले देखेर मानिसहरूको जलाहारी बनाउने कुरा गरेपछि ती यसुको पछि लागे। त्यसपछि याकुब र युहन्ना यसुका शिष्य बने। यसु त्यसपछि विभिन्न स्थानमा गएर मानिसका रोग निको पार्ने, शारीरिक कमजोरी जाती पार्ने गर्दै परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्न थाले। उनी गलील सहरभरि घुमे। उनको कीर्ति सिरियाभरि फैलियो। भूत लागेका, छारे रोग

१६२ ऐ. पृ. ११७६
१६३ ऐ. पृ. ११७६
१६४ प्रपन्नाचार्य (२०६७), पृ. ६४-६६

लागेका, पक्षाघात भएकाहरूलाई यसुले ठीक पारे। गलील बाहेक उनी डिकापोलिस, यरुसलेम, यूहदिप र जोर्डन पारिसम्म प्रख्यात भए। भीड उनका पछि लाग्यो। भीड देखेर उनी पहाडको टाकुरामा उभिए। शिष्यहरू साथै आए र त्यस पहाडको टाकुरामा यसुले दिएको उपदेश अत्यन्त महत्त्वपूर्ण मानिन्छ। त्यस उपदेशमा भनिएको छ[१६५]-

१) आत्मामा दरिद्रता हुनेले स्वर्गको राज्य पाउने छन्।
२) शोक गर्नेले सान्त्वना पाउने छन्।
३) नम्र हुनेले पृथ्वीको राज्य पाउने छन्।
४) भोकाउने तिर्खाउनेहरूले धार्मिकतामा तृप्ति पाउने छन्।
५) दयावान्हरूले दया पाउने छन्।
६) हृदय शुद्ध हुनेले परमेश्वरलाई देख्ने छन्।
७. मेल मिलाप गराउनेलाई परमेश्वरको पुत्र मानिने छ।
८. धार्मिकताका निमित्त सताइनेहरूका निमित्त स्वर्गको राज्य हो।
९. मानिसहरूले मेरो निन्दा गरेकोमा खुसी प्रकट गर। स्वर्गमा ठुलो इनाम पाउने छौ किनभने अघि अघिका अगम वक्ताको पनि निन्दा हुन्थ्यो।
१०. तिमीहरू पृथ्वीका नुन हौ। नुनको स्वाद गयो भने त्यो फालिन योग्य हुन्छ।
११. तिमीहरू जगत्का ज्योति हौ। डाँडाको सहर लुक्न सक्दैन।
१२. मानिसहरूले बत्ती तामदानमाथि राख्दछन् र घरमा हुने सबैका निमित्त त्यो चम्कन्छ।
१३. तिमीहरू पनि त्यो ज्योति जस्तै चम्क, तिनीहरूको सुकर्म र स्वर्गमा हुने पिताको महिमा तिनीहरूले गाउन्।
१४. म व्यवस्था अथवा आगम वक्ताको कुरा पुरा गर्न आएको हुँ।
१५. स्वर्ग र पृथ्वी रहिन्जेल, सबै कुरा पुरा नभइन्जेल एउटा मात्रा वा बिन्दु पनि यथावत् रहने छ।
१६. सानाभन्दा साना आज्ञाहरू यथावत् पालन नगर्ने नगराउनेले स्वर्गमा सबैभन्दा तुच्छ स्थान पाउने छ तर ती आज्ञा पालन गर्ने गराउनेले स्वर्गको राज्यमा उच्च स्थान पाउने छन्।
१७. तिमीहरूका धर्म कर्म शास्त्री फारिसीहरूको भन्दा उच्च नभए स्वर्गको राज्य पाउने छैनौ।
१८. प्राचीन समयमा भनिएको थियो- हत्या नगर, हत्यारा इन्साफ योग्य हुने छ। तर म भन्छु- आफ्नो भाइसित रिसाउने इन्साफ योग्य हुने छ, भाइलाई बेकुफ भन्ने महासभामा सोधिन योग्य मानिने छ र जसले मूर्ख भन्छ त्यसले नरकको आगोको सामना गर्नु पर्ने छ।

---

१६५ बाइवल (१९९१), पृ. ११७७

१९. मन्दिरमा भेटी चढाउँदा तिम्रा विरुद्ध भाइको मन दुखेको छ भन्ने लाग्यो भने भेटी त्यहीं छोडेर गएर भाइसँग मेल मिलाप गर अनि आएर भेटी चढाऊ ।

२०. तिम्रो विरोधीसित बाटैमा मेल मिलाप गर नत्र त्यसले न्यायाधीश कहाँ पुऱ्याउँछ। न्यायाधीशले अधिकारी कहाँ पठाउने छन् र तिमी थुनामा पर्ने छौ ।

२१. तिमीले ऋण चुक्ता नगरेसम्म यहाँबाट कसै गरे उम्किन पाउँदैनौ ।

२२. पहिले भनिएको थियो- व्यभिचार नगर । म भन्छु- परस्त्रीलाई नराम्रो नजरले पनि नहेर किनभने मनले व्यभिचार गरि सकेको हुन्छ ।

२३. तिम्रो दाहिने आँखाले तिमीलाई बाधा दियो भने त्यो फालि देऊ- सम्पूर्ण शरीर नष्ट हुनुभन्दा एउटा अङ्ग नष्ट हुनु राम्रो हो ।

२४. तिम्रो दाहिने हातले बाधा दियो भने त्यो फालियोस् । सम्पूर्ण शरीर नरकमा जानुभन्दा एउटा अङ्ग जानु हितकारी हुन्छ ।

२५. पत्नी त्याग्नेले पारपाचुके गरोस् भनिन्थ्यो तर म भन्छु- जसले आफ्नी पत्नीलाई व्यभिचार बाहेक अन्य कारणले त्याग्दछ, त्यसले पत्नीलाई व्यभिचारिणी बनाउँछ र त्यागिएकी सित बिहे गर्नेले व्यभिचार गर्दछ ।

२६. पहिले भनिन्थ्यो- झुटो कसम नखाऊ । परम प्रभुका निमित्त प्रतिज्ञा पुरा गर । तर म भन्छु- कसम खाँदै नखाऊ । स्वर्गका नाउँमा नखाऊ, त्यो परमेश्वरको सिंहासन हो । पृथ्वीको नखाऊ, त्यो परमेश्वरको पाउदान हो । यरुसलेमको नखाऊ, त्यो महाराजको सहर हो । आफ्नो शिरको नखाऊ, किनभने तिमी एउटा सेतो केश कालो पार्न वा कालो केश सेतो पार्न सक्दैनौ ।

२७. 'हो' भने हो भन, 'होइन' भने होइन भन । यदि त्यसो गरेनौ भने तिमी दुष्ट हौ ।

२८. पहिले भनिन्थ्यो- आँखाको बदला आँखा, दाँतको बदला दाँत तर म भन्छु- दुष्टको मुकाबिला नगर । दाहिने गालामा हिर्कायो भने देब्रे गाला थाप ।

२९. मुद्दा गरेर दौरा लिन चाहनेलाई खास्टो पनि देऊ ।

३०. तिमीलाई आधा कोश तान्छ भने ऊसित कोसौंसम्म जाऊ ।

३१. तिमीसँग माग्नेलाई देऊ । ऋण सापट माग्नेलाई पिठ्युँ नफर्काऊ ।

३२. पहिले भनिएको थियो- छिमेकीलाई प्रेम गर तर शत्रुलाई घृणा गर । म भन्छु- शत्रुलाई पनि प्रेम गर, आफ्नो खेदो गर्नेका निमित्त प्रार्थना गर ।

३३. स्वर्गका पिताले पापी धर्मी दुबैलाई घामपानी दिन्छन् । तिमीसँग प्रेम गर्नेसँग मात्र प्रेम गरेर के भयो ? त्यो त कर उठाउनले पनि गर्छ । तिमी आफ्ना दाजुभाइलाई मात्र प्रेम गर्छौ भने के भयो र ? तिमी स्वर्गका पिता जस्तै बन, त्यस्तै सिद्ध बन ।

यसुका यस्ता उपदेशहरू धेरै छन्। उनले दान दिनेलाई भनेका छन्-अर्कालाई देखाउन धर्म कर्म नगर। तिम्रो दाहिने हातले गरेको दान देब्रे हातले थाहा नपाओस्। प्रार्थना गर्दा कपटी तरिकाले अर्काले देखुन् भनेर नगर। गोप्य रूपमा गर। प्रार्थना गर्दा नबरबराऊ। तिमीले माग्नुभन्दा अघि नै पितालाई तिमीले चाहेको कुरा थाहा हुन्छ।

प्रार्थना गर्दा मन स्वर्गमा बस्ने ती पिताको नाउँ पवित्र होस् राज्य पनि आओस्। स्वर्गमा, पृथ्वीमा इच्छा पुरा होस्, आफूलाई दिनभरिको भोजन प्राप्त होस्, हाम्रो अपराध क्षमा गर, हामीले पनि अपराधीलाई क्षमा गरेका छौं। परीक्षामा नल्याऊ, दुष्टबाट छुटाऊ। राज्य, पराक्रम, महिमा उनकै हो। आमिन[१६६] !

मानिसले गरेको कसुर क्षमा गऱ्यो भने स्वर्गका पिताले पनि क्षमा गर्ने छन्। तिमीले क्षमा गरेनौ भने उनले पनि गर्ने छैनन्। उपवास बस्दा अनुहार नबिगार, शिरमा तेल लगाऊ, मुख धोऊ। तिम्रो उपवास अरूले नदेखुन्, स्वर्गका तिम्रा पिताले देखुन्। संसारमा सम्पत्ति नथुपार। किरा, खिया लाग्छ। चोर लाग्छ। आफ्नो निमित्त स्वर्गमा धन थुपार। त्यहाँ खिया, किरा, चोरी केही लाग्दैन। जहाँ तिम्रो सम्पत्ति हुन्छ, तिम्रो मन त्यहीँ हुन्छ। आँखा निर्मल भए सारा शरीरमा उज्यालो हुन्छ। दुईटा मालिकलाई एकै पटक सेवा गर्न सकिँदैन। तिमीले परमेश्वर र संसारको धन दुवैको सेवा गर्न सक्दैनौ।

के खाउँला, के लाउँलाको चिन्ता नगर। प्राण खान लाउनभन्दा उत्तम कुरा हो। आकाशका पक्षीहरूलाई परमेश्वरले खुवाइ रहेका छन्। तिमी तीभन्दा श्रेष्ठ हौ। बारीको लिली फुल कति सिँगारिएको हुन्छ ? सुलेमान राजा पनि त्यति सिँगारिएका थिएनन्। स्वर्गका पितालाई तिम्रो आवश्यकता थाहा छ। पहिले उनको राज्य र धार्मिकता खोज। भोलिको दिनको चिन्ता भोलिले आफैँ गर्ने छ।

तिमी जसरी न्याय गर्छौ, अर्काले त्यस्तै गर्ने छ। तिमी जसरी नाप्दछौ, अर्काले त्यसरी नै नाप्छ। आफ्नो आँखाको मुढा हेर, भाइको आँखाको कसिङ्गर मात्र नहेर। आफ्नो आँखाको मुढा फालेपछि भाइको आँखाको कसिङ्गर निकाल्न सक्छौ। पवित्र चिज कुकुरलाई नदेऊ, मोती सुँगुरलाई नफाल। तिनीहरूले ती चिजहरू कुल्चेर तिमीलाई आक्रमण गर्ने छन्।

माग्नेले पाउँछ, खोज्नेले भेट्टाउँछ, घचघच्याउनेले उघार्छ। तिमी जसरी छोरालाई रोटी माग्दा ढुङ्गा दिन सक्दैनौ, माछा माग्दा साँप दिन सक्दैनौ। स्वर्गका तिम्रा पिताले तिमीलाई मागेभन्दा बढी दिने छन्। तिमी अरूसित जस्तो गरोस् भन्ने चाहन्छौ, तिमी अरूलाई त्यस्तै गर। सानो बाटो रोज। फराकिलो बाटोबाट पस्ने धेरै हुन्छन्। सानो र असजिलो बाटोले जीवनमा पुऱ्याउँछ। झुटा अगम वक्ताबाट होसियार बस। ती भेडाको भेषमा ब्वाँसो

---

१६६ ऐ. पृ. ११७७

आएका हुन्छन्। असल बोटले असल र खराब बोटले खराब फल दिए जस्तो फलहरूबाट तिनीहरूलाई चिन[१६७]।

मलाई प्रभु भन्नेले स्वर्गको राज्य पाउँदैन तर स्वर्गका प्रभुको इच्छा पालन गर्नेले पाउने छ। बुद्धिमान्‌ले चट्टानमा घर बनाउँछ, त्यो पानी हुरीले नष्ट हुँदैन। मूर्खले बालुवामा घर बनाउँछ, पानी हुरीले नष्ट गरि दिन्छ।

यसु ख्रिष्टका यस्ता उपदेशहरू सुनेर मानिसहरू उनका पछि लागे। भिड बढ्यो। यसुले कोढीलाई शुद्ध पारे। कप्तानको नोकरको पक्षाघातको विरामी ठीक गरे। धेरै बिरामी निको पारे। यसुले अरूको रोग बिमारी आफैं बोके। चेलाहरू बढ्दै गए। यसुले वचनले आँधी शान्त पारे। भूतले ग्रस्तहरूलाई तिनीहरूको इच्छा बमोजिम सुँगुरको बगालमा पठाए। सुँगुरहरू भिरबाट समुद्रमा खसे। सहरै उल्टेर यसुको दर्शनको लागि आयो। यसुले पक्षाघातले ग्रस्तलाई निको पारेर घर पठाए। मानिसहरू यसुलाई शक्ति दिने परमेश्वरको प्रार्थना गर्न थाले।

यसुले कर उठाउने र पापीहरूसित बसेर खाएको देखेर फारिसीहरूले सोद्धा यसुले म पापीहरूलाई बोलाउन आएको हुँ भने। आफू र फारिसीहरू उपवास नबसेको देखेर युहन्नाका शिष्यहरूले यसुलाई सोद्धा यसुले भने- ईश्वर अलग भए भने यी उपवास बस्छन्। पुरानो कपडामा नयाँ कपडाको टालोले कपडै फटाउँछ। पुराना छालाका भाँडामा नयाँ दाखमद्य राख्दा भाँडा फुट्छ। नयाँ दाखमद्य नयाँ भाँडामा राख।

यसुले बाह्र वर्षदेखि रगत बग्ने बिरामी महिलालाई निको पारे। मरेकी भनिएकी शासककी छोरीलाई जुरुक्क उठाए। यसुको यश फैलिँदै गयो। दुई अन्धा मानिसलाई तिनीहरूको विश्वासको आधारमा आँखा देख्ने बनाइ दिए। भूत लागेको लाटो मानिसलाई ठीक पारे। यसु परमेश्वरको राज्यको सुसमाचारको प्रचार गर्दै अघि बढि रहेका थिए, रोग बिरामी निको पार्दै आएका थिए, तर त्यस्तो काम गर्नेको सङ्ख्या कम देखेर यसुले बाह्र जना शिष्यहरूलाई आत्मा शुद्ध गर्ने र रोग निको पार्ने अधिकार दिए। ती बाह्र जना शिष्यहरू हुन्- पत्रुस भन्ने सिमोन, अन्द्रियास, याकुब, युहन्ना, फिलिप, बारथोलोमाइ, थोमा, पत्ती, अल्फयसको छोरा याकुव, थेदियस, शिमोन कनानी, यहुदा। आफ्ना ती बाह्र जना शिष्यलाई यसुले इजरायलको घरानाबाट हराएका भेडाहरूकहाँ यसो भन्दै पठाए- स्वर्गको राज्य नजिकै आइ पुगेको प्रचार गर। बिरामी निको पार, मरेकालाई जगाओ, कोढीलाई ठीक गर, भूत पन्छाओ, सित्तैमा पाएको सित्तैमा दिओ। आफूसँग सुन, चाँदी, तामा, लत्ता कपडा नबोक।

यसुको लोकप्रियता, उनका सुधारवादी विचार र सामान्य जनताप्रतिको सहानुभूतिका कारणले उनका विपक्षीहरू छटपटाउन थाले। यसुको नयाँ धारणाका कारणले पुराना पुरोहित र उच्च वर्गका मानिसमा सन्त्रासको भावना

---

१६७ ऐ. पृ. ११७७ देखि अघि

वढ्यो। यसु मानिसको सम्मानमा जोड दिन्थे र क्षमाको कुरा गर्थे र ठुलो सानोको भेदभावमा विश्वास गर्दैनथे। उनी समाजका तल्लो वर्गका मानिससँग वसेर खान्थे जसले गर्दा उनका विरोधीहरू उनीप्रति आक्रामक हुँदै गइ रहेका थिए।

फारिसीहरूले एक पटक एउटी व्यभिचारिणी महिलालाई यसु भएका ठाउँमा लिएर आए। कानुनले ती महिलालाई ढुङ्गाले हिर्काउनु पर्दथ्यो। ढुङ्गाले हिर्काए यसुलाई हत्याराको अभियोग लाग्ने थियो र नहिर्काएर छोडिएको भए कानुन उल्लङ्घन गरेको मानिन्थ्यो। यसुले भने- जसले आजसम्म कुनै व्यभिचार वा पाप गरेको छैन, उसले पहिला ढुङ्गाले हानोस्।

फारिसीहरू यसुलाई मार्ने षड्यन्त्र गर्न लागे। यसु त्यो थाहा पाएर अरूतिर लागे। धेरै मानिसहरू यसुका पछि लागे। यसुले धेरैलाई रोगबाट निको पारे। अन्धो, लाटो, भूत लागेकोलाई निको पारे। यसुले भनेका छन्- म परमेश्वरको आत्माद्वारा भूत भगाउँछु। हरेक पाप र परमेश्वरको निन्दा क्षमा योग्य हुने छ तर पवित्र आत्मा विरुद्धको निन्दा क्षमा योग्य हुने छैन। असल मानिसले असल ढुकुटीबाट असल कुरा निकाल्छ, खराब मानिसले खराब ढुकुटीबाट खराबै कुरा निकाल्छ। स्वर्गमा रहेका मेरा पिताको इच्छा पालन गर्ने सबै मेरा आमा र भाइहरू हुन्। असल जमिनमा परेको विउ मात्र उम्रन्छ, वढ्छ। असल जमिनमा छरिएको बिउ भन्नुको अर्थ जसले वचन सुन्छ, बुझ्छ र बढाउँछ। गहुँ र सामाको उदाहरण दिएर गहुँ मात्र भण्डारण गर्नु पर्ने कुरा वताउँदै यसुले भनेका छन्- म उखानमा बोल्छु र उखानमा मुख खोल्दा सृष्टिदेखि लुकाइएका कुरा प्रकाशमा ल्याउँछु। सामाको उखानको अर्थ के हो भने असल बिउ छर्नु मानिसको पुत्र हो। खेत संसार हो, असल बिउ राज्यका सन्तान हुन्। सामा छर्ने शत्रु हो। फसलको सामा जगत्‌को अन्त्य हो, खेतालाहरू स्वर्गदूत हुन्। सामा नष्ट पार्नु जगत् नष्ट हुनु हो। मानिसको पुत्रले अधर्म गर्नेलाई बटुलेर सामा नष्ट गरे जस्तो डढाइ दिने छ। गहुँ रूपका धर्मीहरू पिताको राज्यमा सूर्य झैँ चम्किने छन्।

स्वर्गको राज्यको परिचय दिँदै यसुले भनेका छन्- स्वर्गको राज्य गाडधन राखेको खेत जस्तो हो, आफूसँग भएको सबै बेचेर त्यो खेत किन्यो। मोतीको व्यापारी जस्तो जसले मोती भेटेपछि आफूसँग भएको सबै बेचेर त्यो मोती किन्यो। जलाहारी जस्तो राम्रा माछा राखेर नराम्रा फाल्यो। स्वर्गवाट स्वर्गदूत आएर दुष्टहरूलाई आगोमा फाल्ने छन् र धर्मीहरूलाई छुट्टयाएर लैजाने छन्।

यसु नासरत गए। त्यहाँ उपदेशहरू दिए तर त्यहाँका मानिसले उनको वास्ता गरेनन्। यसुले भनेका छन्- अगम वक्तालाई आफ्नो देश र आफ्नो घर वाहेक सबैतिर आदर हुन्छ। यसुको यश कीर्ति राजा हेरोदले पनि सुन्यो र युहन्नाको अर्को जीवन भन्दै यसुलाई खोज्न पठायो। युहन्नालाई उसले मार्ने इच्छा गरेका थियो तर जनताबाट डराएर जेलमा राखेको थियो। हेरोदको

जन्मदिनमा हेरोदिमासकी छोरीले नाचेर खुसी पारी युहन्नाको टाउको इनाममा माग्दा युहन्नालाई मार्नु परेको थियो । यसुले यो थाहा पाएर एकान्त स्थानमा गए । धेरै मानिसले यसुलाई पछ्याए । यसुले तिनीहरूलाई खान दिन आदेश दिँदा ती मानिसले आफूसँग पाँच वटा रोटी र दुई वटा माछा मात्र भएको कुरा गरे । यसुले त्यो मगाएर स्वर्गतिर हेर्दै आशीर्वाद दिएर टुक्राटुक्रा पारेर सबैलाई बाँडे । तिनीहरू पाँच हजारको सङ्ख्यामा थिए ।

यसुका विषयका अन्य कुराहरूको विवरण पनि पाइन्छ । हराएको भेडाको प्रसङ्ग, संयुक्त प्रार्थनाको कुरा, अधन्यवादी नोकरको उखान, अनन्त जीवनको खोजी, धन सम्पत्तिबाट हुने हानी, दाखबारीका खेतालाहरूको उखान, सांसारिक मनको निम्ति बिन्ती, जेरुसलेममा प्रवेश, विवाह भोजको उखान, कर सम्बन्धी प्रश्न लगायतका प्रसङ्गहरू, यसुले दिएका उपदेशहरू गहन र महत्त्वपूर्ण छन्। पुनरुत्थान सम्बन्धी प्रश्नमा यसुले भनेका छन्- परमेश्वर मुर्दाका होइनन्, जीवितहरूका हुन् । यसुले सबैभन्दा ठुलो आज्ञा दिँदै भनेका छन्- आफ्नो परमेश्वरलाई आफ्नो सारा हृदय, प्राण र समझले प्रेम गर्नु तथा आफ्नो छिमेकीलाई आफैँलाई जस्तो प्रेम गर्नु । दाउदले ख्रिष्ट प्रभु भनेका छन् ।

यसुलाई मार्ने षड्यन्त्र भयो । यसुका बाह्र जना शिष्यमध्येको एक जना जुडासले ३० वटा चाँदीका सिक्काको लोभमा यसुप्रति गद्दारी गऱ्यो । गिरफ्तारीको अघिल्लो रात यसु र उनका शिष्यहरूले गरेको भोजलाई अन्तिम भोज भनिन्छ । यसुले रोटीका टुक्रा बाँडेर आफ्नो शरीरको र मद्य बाँडेर आफ्नो रगतको स्मृति राख्न आफ्ना शिष्यहरूलाई अन्तिम उपदेश दिएका थिए । भोलिपल्ट गालामा म्वाइ खाएर जुडासले भिडमा यसुलाई चिनाइदियो । यसुलाई गिरफ्तार गरियो । यसुलाई प्रधान पूजारीकहाँ उपस्थित गराइयो । यसुमाथि प्रचलित धर्म र कानुन विपरीत बोलेको एवं चलेको अभियोग लाइयो । ईश्वरको निन्दा गरेको अभियोग लगाइयो र प्राणदण्डको भागी ठहराइयो । बडा हाकिम पितातसका अघि यसुलाई उपस्थित गराइयो । उसले यसुलाई दिने सजायको कुरामा आफ्नो हात धोयो । बरबालाई यसुलाई कोर्रा लगाएर क्रसमा टाँग्ने जिम्मा लगाइयो । यसुलाई काँडाको मुकुट लगाइ दिई क्रसमा टाँगेर यी यहुदीका राजा हुन् भनेर लेखिएको दोषपत्र शिरमाथि राखेर, दुई पट्टी डाँकाहरूलाई राखियो । त्यस्तै क्रसमा यसुले परमेश्वरको नाम लिँदै प्राण त्याग गरे । युसुफ नाउँका एक जना धनी व्यापारीले यसुको लास जिम्मा लिएर सेतो कपडाले बेरी चट्टानमा कपेर बनाएको चिहानमा राखी ढोकामा ठुलो ढुङ्गा राखि दिए । विश्रामको दिनको अन्त्यमा साताको पहिलो दिन मरियमहरू चिहानमा हेर्न जाँदा देवदूतलाई ढुङ्गामा बसेको देखे । चिहान रित्तो थियो । देवदूतले भने- यसुको पुनरुत्थान भएको छ । पुनरुत्थानपछि यसुलाई उहाँका प्रिय शिष्यहरूले पटक पटक भेटेका र सँगै बसेर भोज खाएको प्रसङ्ग पाइन्छ । यसुले यसरी आफ्नो जीवनको ३० वर्षको उमेरपछि लगभग साढे तीन वर्ष परमेश्वरको राज्यमा विश्वास जगाउँदै र सबैमा प्रेम गर्न सिकाउँदै आफ्नो जीवन लीला पुरा गरेका

हुन्। कतिपय भारतीय विद्वान्हरूले यसुको देहान्त भएको थिएन[१६८] उनी चिहानबाट उठेर लुक्दै भाग्दै भारत आए, काश्मीरमा उनको समाधि छ भन्दछन्, तर पुनरुत्थान इसाईहरूको धर्मको मुटु हो जहाँ सारा इसाई दर्शनको सार छ भनिन्छ।

बाइबल[१६९]

इसाई धर्मको प्रमुख धर्मग्रन्थ बाइबल मानिन्छ। बाइबलको शाब्दिक अर्थ पुस्तकहरूको पुस्तक हो। बाइबलमा ३९ वटा पुस्तकहरू जतिमा यसुको जन्मभन्दा अघिको इतिहास पाइन्छ त्यतिलाई पुरानो करार (Old Testament) भनिन्छ र यहुदी धर्मसँग सम्बद्ध मानिन्छ। पछिल्ला २७ वटा पुस्तक जसलाई New Twstament भनिन्छ, यो इसाईहरूको मूल धर्मग्रन्थ हो। ती २७ वटा पुस्तकहरूको नाम यस प्रकार छ-

१. मत्तीको समाचार	१०. एफिसी .	१९. हिब्रु
२. मर्कुसको समाचार	११. फिलिजी	२०. याकुब
३. लुकाको समाचार	१२. कलस्सी	२१. पहिलो पत्रुस
४. युहन्नाको समाचार	१३. पहिलो थिस्सलोनिकी	२२. दोस्रो पत्रुस
५. प्रेरितहरूको काम	१४. दोस्रो थिस्सलोनिकी	२३. पहिलो युहन्ना
६. रोसी	१५. पहिलो तिमोथी	२४. दोस्रो युहन्ना
७. पहिलो कोरिन्थी	१६. दोस्रो तिमोथी	२५. तेस्रो युहन्ना
८. दोस्रो कोरिन्थी	१७. तितस	२६. यहुदा
९. गलाती	१८. फिलेमोन	२७. प्रकाश

यसरी जम्मा ६६ वटा पुस्तकको एउटा सानोतिनो पुस्तकालयका रूपमा बाइबल पाइन्छ। बाइबल एकै पटक एकै मानिसले तयार गरेको नभई लगभग १६०० वर्षमा विभिन्न व्यक्तिहरूले तयार गरेको मानिन्छ[१७०]। युनानी धर्म साहित्यमा चार वटा उपदेशका पत्रहरूमा यसुको जीवनलीला र उनले दिएका सुसमाचारहरू सङ्कलित छन्। ती मध्ये दुई वटा यसुका शिष्यहरू मत्ती (जो एक कर कर्मचारी थिए) र युहन्ना (जो जलहारी थिए) ले तयार गरेका हुन् भने अन्य दुई वटा यसुका पुराना शिष्यहरू मर्कुस र लुकाले तयार गरेका हुन्। यी दुवै वैद्य थिए। पछिल्ला अन्य पुस्तकहरू विभिन्न समयमा विभिन्न व्यक्तिहरूद्वारा तयार गरिएका हुन्। यसरी त्यत्तिका वर्षमा फरक फरक पृष्ठभूमि र संस्कृति, भाषा भएका मानिसले तयार गरेका ती पुस्तकहरूमा एकरूपता पाउनुमा बाइबल व्यक्तिहरूले बुद्धि लगाएर लेखेको नभई परमेश्वरका प्रेरणाले तयार भएको मान्नु उपयुक्त मानिन्छ। बाइबलमै भनिएको छ- हरेक

---

१६८ प्रपन्नाचार्य (२०६७), पृ. ६७

१६९ बाइबल (नयाँ करार) (२००९), पृ. १, भावे (१९९४), पृ. १४६

१७० विभिन्न लेखकहरू (१९९०), पृ. २४१

पुस्तक ईश्वर प्रेरित हो, ईश्वरको श्वास हो । यो मानव मात्रका लागि हितकारी छ । मूलतः बाइबल ईश्वर प्रेरित अथवा ईश्वरको निश्वास हो भन्दा उचित हुन्छ । बाइवल ईश्वरको पवित्र आत्मा अथवा क्रियात्मक शक्ति हो ।

इसाई धर्मको विस्तार

इसाई धर्म दोस्रो शताब्दीमा प्यालेस्टाइनमा लोकप्रिय भएको पाइन्छ[१७१] । यसै शताब्दीबाट मात्र इसाईहरूले आफू इसाई भएको स्वीकार गर्न थालेका हुन् । इसाई धर्ममा पहिले चर्चको प्रसङ्ग पाइँदैन । इसाई धर्मको विस्तारसँगै चर्चहरूको पनि विस्तार भएको हो । तेस्रो शताब्दीसम्म यो धर्म इरानसम्म पुगेको पाइन्छ । चौथो शताब्दीसम्म यो धर्मले उत्तर अफ्रिकासम्म विस्तार हुने अवसर पाएको देखिन्छ । चौथो शताब्दी अघि नै रोमन साम्राज्यमा इसाई धर्मको प्रचार पुगेको थियो । पाँचौं शताब्दीताका यस धर्मले पूर्वी रोममा प्रभाव पारि सकेको थियो । छैटौंदेखि नवौं शताब्दीसम्म जर्मनीमा र दशौं शताब्दीमा स्लाभ समुदायमा यो धर्मको विस्तार भयो । पन्ध्रौं शताब्दीसम्म सम्पूर्ण युरोपमा र त्यसपछि युरोप बाहिर विस्तारित भयो । नयाँ विश्वको आविष्कारसँगै उत्तर/दक्षिण अमेरिका बसाइँ जाने इसाईहरूले यस धर्मको विस्तार गरे भने युरोपका विभिन्न मुलुकबाट गएका अफ्रिकाका विभिन्न मुलुकमा उपनिवेश खडा गर्नेहरूका माध्यमबाट यो धर्मले विस्तार पायो । बिसौं शताब्दीसम्म आइ पुग्दा विश्वको सबैभन्दा व्यापक धर्मका रूपमा इसाई धर्म विस्तारित भएको पाइन्छ ।

इसाई धर्मका सम्प्रदाय (शाखा) हरू

इसाई धर्ममा दोस्रो शताब्दीतिर ग्नास्टिसिज्म भनिने बुद्धिजीवी र सम्पन्न व्यक्तिहरूको एउटा सम्प्रदाय खडा भएको पाइन्छ र मोन्टेनसपन्थी भनिने सम्प्रदाय पनि अस्तित्वमा आएको पाइन्छ । तेस्रो शताब्दीमा मानीपन्थी सम्प्रदायको विकास भएको देखिन्छ । चौथो शताब्दीमा एरियस सम्प्रदाय मिश्रको एलेक्जान्ड्रियामा अस्तित्वमा आएको थियो । त्यसपछि नेस्टोरियस पन्थीहरू बिचको सङ्घर्षले एउटा नयाँ सम्प्रदाय उत्पन्न गरेको थियो । मेन्डियस पन्थ इसाईहरूको अर्को सम्प्रदाय हो । एघारौं शताब्दीमा रोमन क्याथोलिक र युनानी अर्थोडक्स् यस धर्ममा अस्तित्वमा आएको पाइन्छ । सातौं शताब्दीमा पालवादी विचार र दशौं शताब्दीको बोगोमिल विचार इसाई धर्ममा आएका नयाँ विचारहरू हुन् ।

वर्तमान अवस्थामा रोमन क्याथोलिकहरू अन्य इसाई सम्प्रदायका तुलनामा वढी सङ्ख्यामा देखिन्छन् । यो सम्प्रदाय पीटरले खडा गरेको मानिन्छ । रोमभित्र रहेको भेटिकन सिटी यस धर्म सम्प्रदायको प्रमुख केन्द्र हो । यसका

---

१७१ तोकारेव, पृ. १६७

प्रमुखलाई पोप भनिन्छ। पोपभन्दा तल कार्डिनल, आर्क विसप, विसप, फादर, डिकन आदिको सङ्गठनात्मक व्यवस्था पाइने यस सम्प्रदायले इसाई धर्ममा प्रमुख स्थान राखेको मानिन्छ।

सोह्रौँ शताब्दीको सुरुतिर पोपको अधिकारलाई लिएर विवाद भयो। पोप आध्यात्मिक गतिविधिमा सीमित रहनु पर्छ भन्ने विचार मार्टिन लुथर र क्याभिल्भनले बाहिर ल्याए। उनीहरूले गरेको आन्दोलनको फलस्वरूप नयाँ सम्प्रदाय खडा भयो- प्रोटेस्टेन्ट। यस सम्प्रदायलाई सुधारवादी सम्प्रदाय भनिन्छ।

चर्च अफ इङ्ल्यान्ड इसाई धर्मको अर्को सम्प्रदाय हो। यो क्याथोलिक र प्रोटेस्टेन्ट सम्प्रदायको बिचबाट चलेको पाइन्छ। प्रोटेस्टेन्ट जसरी नै इसाई धर्ममा नयाँ नयाँ सम्प्रदायको विकास भएको पाइन्छ। ब्याप्टिस्ट, प्रेस्वेंटरियन, कङ्ग्रगनालिस्ट, ननकर्ममिस्ट, पेन्टेकोस्टल आदि इसाई धर्मका सम्प्रदायका केही नामहरू हुन्। रोमन क्याथोलिकहरूको केन्द्रीय सत्ताका कारण त्यसभित्र नयाँ सम्प्रदायको विकास भएको छैन। प्रोटेस्टेन्टभित्र कति सम्प्रदाय विकसित भए त्यो यकिन गरेर भन्न सकिँदैन। एउटा अनुमान अनुसार त्यस्ता सम्प्रदायहरू हजारभन्दा बढी नै छन्।

उत्सव र संस्कारहरू[१७२]

यसु ख्रिष्टको, यसुका प्रमुख शिष्यहरूको र माता मरियमको जीवनका प्रमुख घटनासँग सम्बद्ध दिनहरूलाई इसाईहरूले पर्व र उत्सवका रूपमा मनाउँछन्। अन्य दिनहरू पनि प्रार्थना र उत्सवका दिनका रूपमा मनाइन्छ। बाली उत्पादनसँग सम्बद्ध ईश्वरप्रति कृतज्ञता ज्ञापन गर्ने दिन महत्त्वपूर्ण उत्सव मानिन्छ। आइत वार इसाईहरूको भोज र उत्सवको दिन हो। यस दिन सार्वजनिक पूजा गरिन्छ। इसाईहरूको उपदेशका अनुसार पुनरुत्थानको पर्व विशेष रूपमा मनाइन्छ। क्रिसमस भन्दा चार दिनअघि एड्भेन्ट पर्दछ। चर्च र घरमा क्रिसमसको तयारी गर्न यो पर्व मनाइन्छ। मुख्य पर्व र उत्सवहरू यस प्रकार छन्-

१) **क्रिसमस-** २५ डिसेम्बरमा यसुको जन्म दिनमा मनाइने यो पर्व इसाईहरूको अत्यन्त महत्त्वपूर्ण पर्व हो। यो दिन सम्राट् कन्सेन्टाइनले रोजेको मानिन्छ। यसै दिन रोमको सूर्य पर्व पनि पर्दछ। यसुको जन्म तारिख यकिन छैन। परिवारका मानिसहरू भेला भएर परम्परागत खाना खाने, उपहार साटासाट गर्ने, वत्ती बाल्ने, क्रिसमस ट्रीलाई सिँगार्ने, शान्ता क्लाउज हरिणले तानेको स्लेजमा आएर बाल बालिकालाई उनीहरूले चाहेको वस्तु दिने विश्वासमा गरिने प्रतीक्षा यस पर्वको रोमाञ्चक पक्ष हो।

---

१७२ सोमानी (१९९२), पृ. १८४

क्रिसमसको अघिल्लो सन्ध्यामा इसाईहरू चर्चमा मध्य रातसम्ममा उपस्थित भएर यसुको जन्मको खुसियाली मनाउने चलन छ ।

२) **इपिफ्यानी-** क्रिसमसभन्दा बाह्र दिनपछि मनाइने यो पर्व विश्वासको प्रतीक मानिन्छ । यसुको जोर्डन नदीमा बप्तिस्मा भएको दिन सम्झेर यो पर्व मनाइन्छ ।

३) **इस्टर-** यो इसाईहरूको अर्को महत्त्वपूर्ण पर्व हो । यसुको मुद्दाको परीक्षण, मृत्यु र पुनरुत्थानको केन्द्रविन्दुमा यो पर्व मनाइन्छ ।

४) **द लेन्ट-** इस्टरका निमित्त चालिस दिनसम्म पश्चात्ताप र उपवास गरी यो पर्व मनाइन्छ ।

५) **पाम सन्डे-** यो पवित्र सप्ताहको पहिलो दिन हो । यस दिन यसु गधामा चढेर जेरुसलेम प्रवेश गर्दा भिडले खजुरका हाँगा बर्साएर स्वागत गरेको मानिन्छ ।

६) **प्यासन प्लेज-** यो पवित्र सप्ताहमा मनाइने पर्व हो । स्पेनमा यस अवसरमा गरिने शोभायात्रा प्रसिद्ध छ । मानिसहरू पुरा कालो पहिरनमा मकुन्डो लगाएर आफ्नो पापको निमित्त दुःख व्यक्त गर्दछन् । नाटक यसुको मुद्दा परीक्षण र क्रसमा मृत्युसँग सम्बद्ध रहन्छ ।

७) **गुड फ्राइडे-** यसुको क्रसमा मृत्यु भएको स्मृतिमा यो पर्व मनाइन्छ । यसुले मानिसको पाप आफूमाथि लिएको मानी यसलाई गुड भनिएको हो । इसाईहरू दिनभरि प्रार्थना गर्दछन् र मध्य दिनदेखि दिउँसो तीन बजेसम्म सेवा गर्दछन् । यो समयमा यसुलाई क्रसमा टाँगिएको मानिन्छ ।

८) **इस्टर डे-** इस्टरको अघिल्लो शनिबार मध्य रातपछि यो पर्व मनाइन्छ । यसु चिहानबाट उठेको स्मृतिमा मैनबत्ती बालिन्छ । यसले अन्धकारबाट प्रकाश, मृत्युबाट जीवनको अर्थ बुझाउने विश्वास गरिन्छ । यस अवसरमा आनन्द र आशाका सुसमाचारका प्रवचनहरू इसाईमाझ प्रसिद्ध छ ।

९) **एसेन्सन डे-** यसु स्वर्ग गएको स्मृतिमा चालिस दिनपछि यो पर्व मनाउने चलन छ ।

१०) **पेन्टिकोस्ट डे**

संस्कार

हरेक धर्म परम्परामा संस्कारहरूको व्यवस्था गरिएको पाइन्छ । पुरानो करार (Old Testement) मा यस्ता संस्कारहरूले उल्लेख पाइन्छ । इसाईहरूको संस्कार प्रारम्भ गर्ने आधार तिनै संस्कारहरू हुन् । सुरुमा यसुका शिष्यहरू कुनै सामुदायिक भवनमा प्रार्थना गर्थे, पछि त्यसलाई चर्च भन्न थालियो । चर्चमा भेला भएर उनीहरू प्रार्थना र भजनहरू गाउँथे । प्राकृतिक प्रकोपमा परेका,

बिरामी र असहायहरूलाई सेवा गर्थे र यसलाई पूजाकै अङ्ग मानिन्थ्यो। इसाईहरूका केही संस्कारहरू यस प्रकार छन्[१७३]-

१) **बप्तिस्मा (Baraptism)-** शिशु जन्मेपछि नामकरणका निमित्त मातापिताले चर्चमा लिएर जान्छन्। मातापिताले शिशुको पक्षमा शिशु चर्चको सदस्य हुने प्रतिज्ञा गर्दछन्। बप्तिस्मा पानीमा डुबाउने कार्य मानिन्छ– यसुलाई जोर्डन नदीमा नुहाउन डुबाए जस्तो। केही अर्थोडक्स चर्चहरूमा शिशुलाई प्रवेश गराउनु अघि चर्चभित्रको पानी राखिएको वर्तनमा तिनपटक डुबाइन्छ भने रोमन क्याथोलिक चर्च र चर्च अफ इङ्ल्यान्डमा चाहिँ टाउकोबाट पानी खन्याएर टाउकोमा क्रसको चिह्न राख्ने चलन छ। बप्तिमालाई शरीरको पुनर्जन्म र पानीलाई पाप पखाल्ने साधन मानिन्छ। बप्तिस्मा दिँदा यस्तो मन्त्र पाठ गरिन्छ- म तिमीलाई पिताका नाउँमा, पुत्रका नाउँमा र पवित्र आत्माका नाउँमा बप्तिस्मा गर्दछु। आमिन।

२) **प्रथम विश्वास र पुष्टीकरण (First commnion and confirmation)** रोमन क्याथोलिक चर्चहरूमा बच्चा आठ वर्षजति पुगेपछि प्रथम धार्मिक विश्वासको आयोजना गरिन्छ। बच्चालाई समूहमा भाग लिन अनुमति दिइन्छ। बच्चाको उमेर एघारदेखि चौधवर्षको अवधिमा पुष्टीकरणको आयोजना गरिन्छ। विसपले बच्चाको टाउकोमा हात राखेर पुष्टीकरण गर्दछन् र आगामी भविष्यमा धर्ममा विश्वासको प्रतिज्ञा गराउँछन्। अर्थोडक्स चर्चमा चाहिँ यी दुई संस्कारहरू बप्तिस्मा दिँदा सँगै गरिन्छ। प्रोटेस्टेन्टहरूमा चाहिँ युवावस्थामा धर्ममा विश्वासको घोषणा गराउने चलन छ। त्यसपछि युवाहरूलाई आशीर्वाद दिएर चर्चको पूर्ण सदस्यता (सामान्यत: उच्च पदाधिकारीबाट) प्रदान गरिन्छ।

३) **विवाह-** नयाँ परिवार र नयाँ पिँढीका निमित्त जीवनको यो महत्त्वपूर्ण संस्कार मानेर इसाईहरू परमेश्वरका अघि चर्चमा आफ्नो नातेदार र साथीहरूका उपस्थितिमा प्रेम, समर्पण र एक-अर्कामा विश्वासको घोषणा गर्दछन्। केटाले केटीलाई देब्रे हातको तेस्रो औँलामा औँठी लगाई दिँदै आजीवन प्रेम, विश्वास र मर्यादाको पालनाको प्रतिज्ञा गर्दछ र केटीले पनि त्यही कुराको प्रतिज्ञा गर्दछे। पुरोहितले यी पवित्र वचन पाठ गरेर विवाह सम्पन्न गर्दछ-ईश्वरले बनाएको जोडीलाई कसैले नटुटाओस्।

४. **युकारिस्ट-** यसुको गिरफ्तारीको अघिल्लो रात भएको अन्तिम भोजमा उनले आफ्ना शिष्यहरूलाई रोटीको टुक्रा भाँचेर दिँदै

---

१७३ सोनामी (१९९२), पृ. १९०-१९२

आफ्नो शरीर दिएको र आफ्नो स्मृतिमा त्यो गर्न भनेको तथा मद्य दिएर आफ्नो रगतबाट नयाँ सम्झौता भएको र त्यो पिउँदा आफ्नो स्मृति राख्न भनिएको भन्ने आधारमा यो पर्व मनाइन्छ । यो इसाई धर्मको सबैभन्दा ठुलो पर्व हो । यसुको प्राणत्याग र पुनरुत्थानको यो पर्व सबै प्रकारका इसाईहरूले मान्ने गर्दछन् । यस पर्वको अन्य नाम भए पनि युकारिस्ट सामान्य रूपमा सबैले प्रयोग गर्ने नाम हो ।

५. **पाप स्वीकार (confession)**- रोमन क्याथोलिक चर्चहरूमा युकारिस्ट भन्दा सामान्यतः अघिल्लो दिन पाप स्वीकार गरिन्छ । यो दुई पक्षका बिचमा अत्यन्त गोप्य रूपमा गराइन्छ र यस्तो स्वीकार गोप्य राखिन्छ । पुरोहितले पाप स्वीकार गर्नेलाई पश्चात्ताप गर्न र सुध्रिन निर्देशन दिन्छ ।

इसाईहरूमा नियमित चर्च जाने वा बप्तिस्मा लिँदा र विवाह गर्दा मात्र नभई चर्च जानेहरू पनि छन् तर उनीहरूको द निसेन क्रिड (The Nicene Creed) मा भने समान विश्वास छ । त्यो क्रिड के भने- म परमेश्वरमा विश्वास गर्छु जसले स्वर्ग र पृथ्वी बनाए । म यसु परमेश्वरका एक मात्र पुत्र जसलाई परमेश्वरले गर्भाधान गरे जो कुमारी मरियमबाट जन्मे, जसले पोन्टिअस पिकेट (Pontius Picate) मा दुःख भोगे, क्रसमा टाँगिए, प्राण त्यागे, गाडिए र नरकमा झारिए, तेस्रो दिन जागे र स्वर्गमा पुगे, जो परमेश्वरको दाहिनेतिर बस्तछन् । यसपछि उनी अन्तिममा मृतकहरूलाई न्याय दिन आउने छन् । म पवित्र आत्मामा विश्वास गर्छु, पवित्र क्याथोलिक चर्चमा विश्वास गर्छु, सन्तहरूको विश्वास गर्दछु, पापको प्रायश्चित्तमा विश्वास गर्दछु, शरीरको पुनरुत्थानमा विश्वास गर्दछु । जीवन अनन्त छ भन्नेमा विश्वास गर्दछु ।

इसाईहरू यसु मात्र होइन तर ईश्वर भनेको त्रिदेव (Trinity) हो । पिता, पुत्र र पवित्र आत्मा त्रिदेवमा कोही ठुलो सानो छैन । त्रिदेवमा एउटै परमेश्वर छन्, त्रिदेवमा एक परमेश्वर छन् भन्ने कुरामा विश्वास गर्दछन् ।

इसाईहरूले घरमा र चर्चमा प्रार्थना गर्दछन् । धेरैजसो चर्चमा बाइबल पढ्ने सेवाको क्रम तोकिन्छ । बेलायतमा प्रार्थनासँग पार्लियामेन्ट खुल्दछ । राज्याभिषेक र राज परिवारको विवाहमा क्यान्टरवरीका आर्क विसपले वेस्टमिन्स्टर एबे (चर्च) मा गाउँछन् । अदालतमा हातमा बाइबल राखेर साँचो बोल्न शपथ गराइन्छ । रोजरी (माला) प्रायः इसाईहरू प्रयोग गर्दछन् । कतिपय इसाईको घरमा यसु र मेरीको मूर्ति राखिएको पाइन्छ । क्रस इसाईहरूको महत्त्वपूर्ण चिह्न (परिचयको प्रतीक) हो ।

इस्लाम धर्म

मुसलमानहरू यस संसारमा इस्लाम धर्म आदमद्वारा ल्याइएको हो भन्दछन् । आफूले बनाएका मानिसहरूलाई सत्कर्म, सुमार्ग र सद्धर्मतिर लगाउनु पर्ने अवस्थालाई देखेपछि ईश्वरले संसारमा पटक पटक पैगम्बरहरू पठाएका छन् । आदमपछि धेरै पैगम्बरहरूको यस संसारमा अवतरण भयो । भनिन्छ ईश्वरले एक लाख चौबिस हजार पैगम्बरहरू पठाए । आदमपछि नूह इब्राहिम, इस्माइल, इसहाक, याकुब, युसुफ, मुसा, दाउद, सुलेमान, ईसा आदि मुख्य मानिन्छन् । ईसा मसीह (यसु ख्रिष्ट) पछि मानिसहरूले उनका उपदेशहरू बिर्सदै गए । अरबमा वातावरण सारै दूषित भयो । बहुपत्नी प्रथा, दास प्रथा, जन्मनासाथ बालिकाहरू धरतीमा गाडिने जस्ता दुष्कर्म र स्वार्थ बढेको थियो । आफ्नो स्वार्थ पुरा गर्न र ऐश्वर्यका निमित्त मानिसहरूले अधर्म बढाएका थिए । मन्दिरहरू पूजास्थल नभएर धन र शक्ति प्रदर्शनका केन्द्रमा परिवर्तित भएका थिए । एउटा एउटा मन्दिरमा हजारौं प्रतिमाहरू थिए । आ-आफ्ना अन्ध विश्वास र आफूलाई श्रेष्ठ देखाउनका निमित्त प्रायशः युद्ध हुने गर्दथ्यो र कुरीतिले समाजलाई खोक्रो पारि सकेको थियो । मूर्तिको पूजाका साथै व्यापारबाट मानिसहरू पैसा बटुल्न लागेका थिए । यस्तै परिस्थितिमा इ.स. ५७० मा साउदी अरबको मक्का भन्ने ठाउँमा पैगम्बर मुहम्मदको जन्म भयो । पैगम्बर मुहम्मद पैगम्बरको आगमनको सिलसिलामा अन्तिम हुन् भनिन्छ[१७४] । उनलाई सम्मानपूर्वक मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम भनेर सम्बोधन गरिन्छ ।

पिता अब्दुल्ला र माता अमिनाका एक मात्र सन्तान मुहम्मद गर्भे टुहुरा हुन् । उनी कुरैशी परिवारका हुन् । उनको जन्म दु:ख र कष्टका बिच भएको हो । उनी सात वर्षको हुँदा उनकी आमा पनि बितिन् । हजुरबा अब्दुल मुत्तलिबले उनको संरक्षण गरेर हुर्काए । हजुरबा पनि बितेपछि काका अबुतालिबले उनको पालन पोषण गरेका हुन् । काका अबुतालिब व्यापारको सिलसिलामा अरबका विभिन्न मुलुकहरू जान्थे । काकासँग मुहम्मदले पनि धेरै ठाउँ जाने अवसर पाए । तर इरानको बाटो खुलेपछि काकाको व्यापार मन्द भयो । मुहम्मद भेडा चराउन जान थाले । भेडा चराउँदा पनि उनी हीरा पर्वतको गुफामा गएर अल्लाहको ध्यान गर्ने गर्दथे । पछि काकाले एकजना धनी विधवा व्यापारी खदिजाकहाँ मुहम्मदलाई व्यापारमा लगाइ दिए । मुहम्मदको व्यवहार देखेर उनी सारै प्रभावित भइन् । चालिस वर्षकी खदिजाले पच्चिस वर्षका मुहम्मदसँग विवाहको

---

१७४ सोमानी (१९९२), पृ. २०९

प्रस्ताव गरिन्। मुहम्मदले काकाको सल्लाह र आदेश पाएर खदिजासँग विवाह गरे। उनीहरूबाट जन्मेका मध्ये तीन छोरीहरूका साथ उनीहरूको जीवन सुखमय रूपमा बित्दै गयो।

मुहम्मद चालिस वर्षको हुँदा रमजानको एक रात ध्यानमा अचानक उनले एक जना देवदूतलाई देखे। देवदूतले उनलाई यो पढ भनिरहेका थिए। मुहम्मदले भने- म कसरी पढूँ म पढ्न जान्दिनँ । देवदूतले कठोरतापूर्वक मरणासन्न हुने गरी थिचे र पढ्न आदेश दिए- सृष्टि गर्ने ईश्वरको नाम पढ, जसले रगतको डल्लाबाट मानिस बनाए। ईश्वरले तिमीमाथि ठुलो कृपा गर्ने छन्। तिमी ईश्वरका सन्देष्टा हौ र म जिब्राइल हुँ। मुहम्मदले आकाशतिर हेरे, क्षितिजमा देवदूत देखिए। घर गएर उनले ती सारा कुरा पत्नी खदिजालाई सुनाए। खदिजाले खुसी मान्दै भनिन्- तिमी संसारका पैगम्बर हुने छौ। खदिजाले एक जना नातेदार वर्कालाई सोधिन्। वर्काले मुहम्मदलाई भेट्न जिब्राइल आएको कुरा गर्दै मुहम्मद संसारको पैगम्बर हुने भविष्यवाणी गरे। मुहम्मदले विचार गरे- के म यसरी सधैँ ईश्वरको सन्देश पाइ रहुँला ? यही घटना अरबको तत्कालको परिस्थितिलाई बदलि दिने कुराको प्रारम्भ थियो। नयाँ धर्म र आस्थाको सुप्रभातको सन्देश थियो। त्यसै दिन मुहम्मदले हजरत जिब्राइलको दर्शन र ईश्वरीय सन्देश पाउन सुरु गरे र उनका मुखबाट ईश्वरका सन्देशहरू अवतीर्ण हुन थाले।

मुहम्मदले एक ईश्वर, अल्लाह मात्र भएको र अन्य देवी देवताहरू ईश्वरका दूतहरू हुन्, एक अल्लाह माथि विश्वास गर्नु पर्छ भन्ने सन्देशका साथ आफ्नो प्रचार यात्रालाई अघि बढाए। सुरु सुरुमा सारै थोरै मानिसले मुहम्मद सन्देष्टा हुन् भनेर स्वीकार गरे। त्यसरी स्वीकार गर्नेहरूमा उनकी पत्नी खदिजा, उनका दुई मित्रहरू अबु बकर र उथमान हुन्। त्यसपछि उनको पहिलेको दास जसलाई उनले स्वतन्त्र गरेर र आफ्नो छोरा बनाए- जायद। यसरी सानो समूहबाट यो धर्मको प्रचार प्रारम्भ भयो। यस धर्मलाई इस्लाम भनियो। इस्लामको अर्थ हुन्छ- आदेश मान्नु वा आत्मसमर्पण गर्नु वा आज्ञा पालन गर्नु। यो अरबी शब्द हो। ईश्वरीय आदेशहरू मान्ने वा मानिने तथा उनको आज्ञा पालन गर्ने वा गरिने हुनाले यस धर्मको नाम इस्लाम राखिएको मानिन्छ। यस धर्मका अनुयायीहरूलाई मुस्लिम भनिन्छ। मुस्लिमको अर्थ हुन्छ- आफूलाई पूर्ण रूपमा अल्लाहमा शान्तिपूर्वक समर्पण गर्नु।

मक्काका बासिन्दाहरूले आफूले मानि आएका देवी देवता मान्न छोड्नु वा आफ्ना जीवन पद्धति परिवर्तन गर्ने उत्साह देखाएनन्। उनीहरूले आर्थिक रूपले कमजोर हुने अवस्था आइ पर्ने बुझे। नयाँ धर्मले धर्मको नयाँ आचार र व्यवहार सुरु गर्नु पर्थ्यो र यस धर्मले धेरैभन्दा धेरै जनताका निमित्त दान दिनु पर्ने कुरा गर्थ्यो। मुहम्मदले मरेकाहरू चिहानबाट उठ्ने छन् र अन्तिम समयमा अल्लाह न्याय दिन आउने छन् भन्दथे। मक्काका व्यापारीहरूले कठोरतापूर्वक नयाँ धर्मको विरोध गरे। नयाँ धर्मले एक अल्लाहको पूजा गर्ने र अन्य

देवताहरूको पूजा नगर्ने गरेको उनीहरूलाई पचेन। ती व्यापारीहरू मुहम्मदलाई उनको सन्देश सुनेर कि यी क्रान्तिकारी हुन् कि प्रेत हुन भन्ठान्थे। मुहम्मदका काका अबु तालिबले उनको संरक्षण गरे। अबु तालिबले मुहम्मदको शिष्यत्व लिइ सकेका चाहिँ थिएनन्। इ.सं. ६१९मा दुर्भाग्यवश मुहम्मदकी पत्नी खदिजा र काका अबु तालिबको मृत्यु भयो। मुहम्मदले ती व्यापारी र अन्य मानिसहरूको व्यापक विरोधको सामना गर्नु पर्‍यो। उनीहरू सहरको गरिब बस्तीमा बस्न बाध्य हुनु पर्‍यो।

मक्काका व्यापारीहरू र स्थानीय बासिन्दाको उग्र विरोधले मुहम्मदलाई मक्कामा बसेर ईश्वरीय सन्देशहरूको प्रचार र विस्तार गर्न असम्भव भयो। उनी आफ्ना साथीहरूलाई लिएर मदिनातर्फ लागे। मुहम्मदले मक्का छोडेर मदिनातर्फ लागेको यसै समयबाट हिजरी संवत्‌को प्रारम्भ भएको मानिन्छ। मदिनामा मुहम्मदका केही वर्ष अघिका शिष्यहरूको अनुरोधमा त्यहाँका शासक बने। मदिनाका ती मानिसहरूले मुहम्मदलाई अन्तिम पैगम्बरका रूपमा स्वीकार गरे किनभने स्थानीय यहुदीहरूबाट मसीहाको आगमनको कुरा सुनेका थिए।

मदिनामा मुहम्मदले शासन गरेको एक दुई वर्षपछि मक्काका बासिन्दाहरूले मदिनामाथि आक्रमण गरे। मदिनाका सीमित मुस्लिमहरूले दृढताका साथ त्यस आक्रमणको सामना गरे। लडाइँ सात वर्ष चल्यो। मुहम्मदका मानिसहरूले विजय प्राप्त गरे र मक्का इ.सं. ६३० मा आफ्नो नियन्त्रणमा लिए। मुहम्मदले मक्कावासी तथा शत्रुहरूलाई खुला हृदयले व्यवहार गरे। मक्काका अधिकांश मानिसहरूले मुस्लिम हुन स्वीकार गरे। अरबियाका धेरै जनजाति, मुहम्मदको सफलता र शक्तिले उनलाई निर्विवाद रूपमा राज्य प्रमुख सिद्ध गर्‍यो। मक्कामा काबामा प्रवेश गर्नासाथ मुहम्मदले मूर्तिहरू तोडाए। उनको भनाइ थियो- सत्य प्रकट भयो, असत्य भाग्यो। यसपछि इस्लाम धर्मका रूपमा मात्र सीमित रहेन, यो एउटा राजनीतिक शक्तिका रूपमा उदय भयो। उनका अनुयायीहरूका माझ मुहम्मद सन्देष्टा मात्र रहेनन् इस्लामी सामाजिक र धार्मिक व्यवहारका अग्रज समेत साबित भए। दुई वर्षपछि काबाका अघि मुहम्मदले अन्तिम घोषणा गरे- मेरो कार्यभार मैले पुरा गरे। तिमीहरू सबैले इस्लाम अपनाऊ। मैले ईश्वर प्रेरित ज्ञान दिएको छु। यो पालना गर्नेले कहिल्यै गल्ती गर्ने छैन। मुहम्मदले त्यसै वर्ष देह त्याग गरे। उनीबाट अवतीर्ण धर्मग्रन्थ कुरआन हो।

धर्मग्रन्थ- कुरआन[१७५]

मुहम्मदबाट कुरआन सबै अध्याय र श्लोकहरू एकै पटक वा लगातार अवतीर्ण भएको होइन। कुरआन अवतीर्ण हुनुभन्दा पहिले रमजानको महिना सुरु भएको हो। इ.स. ६१० को अगस्ट महिनामा जब कुरआनको पहिलो श्लोक

---

१७५ कुरआन (२००८), पृ. ११४१ सम्मको

अवतीर्ण भयो त्यस वेला मुहम्मद मक्काको हीरा पर्वतको गुफामा चिन्तन मननमा व्यस्त थिए। त्यस वेला उनी ३९ वर्ष ३$^{१/२}$ महिनाका थिए। कुरआनको अवतरण २३ वर्ष लामो अवधिसम्म जारी रह्यो। अन्तिम श्लोक ई.स. ६३३ मा मुहम्मदको निधनको केही समय अघि भएको हो। कुरआनको अवतरणको आधा जति समय मक्कामा बित्यो। त्यस अवधिमा एक तिहाइ कुरआन अवतरित भएको हो र मदिनामा १० वर्षमा अवतरित भएका कुरआनको भाग दुई तिहाइ छ। कुरआनमा जम्मा ११४ अध्याय (सूरह) ६२३६ श्लोकहरू ७७९३३ शब्दहरू र ३३२०१५ अक्षरहरू रहेका छन्। भनिन्छ- कुरआन अलि अलि गर्दै अवतीर्ण भएको हो। कहिले केही श्लोक र कहिले पुरै अध्याय अवतीर्ण भयो भने कहिले एकदम छोटो अवधिको बिच अवतीर्ण भयो। कहिले कहीं हप्तौं वा महिनौं कुनै शब्द वा श्लोक अवतीर्ण भएन। समय, परिस्थिति र आवश्यकता अनुसार कुरआन अवतीर्ण भएको विश्वास गरिन्छ।

कुरआन ईश्वरीय ग्रन्थ मानिन्छ। आज संसारमा ईश्वरीय ग्रन्थहरू अनेकन् छन्। इस्लामका अनुसार कुरआन अन्तिम हो। यो ईश्वरीय ग्रन्थ हो कि होइन भन्ने सम्बन्धमा यदाकदा प्रश्नहरू उठ्ने गरेका छन्। कतिपय धर्मगुरुहरूलाई सन्देश वाहक मात्र नभई अल्लाह पनि बनाइएको र तिनीहरूका वाणीलाई ईश्वरीय ग्रन्थ नै मानिएको सन्दर्भमा कुरआन ईश्वरीय ग्रन्थ हो भन्ने कुराको प्रमाणका निमित्त कुरआनका अध्येताहरूले विशेष निष्कर्ष अघि ल्याएका छन्। कुरआनका श्लोकहरू प्रमाण दिएर उनीहरूले कुरआन ईश्वरीय ग्रन्थ हो भन्ने कुराको पुष्टि गरेका छन्। उनीहरू भन्दछन्[१७६]-

कुरआनको वर्णन शैली सरल मात्र होइन स्पष्ट पनि छ। कुरआनमा भनिएको छ- निस्सन्देह यो कुरआन सम्पूर्ण जगत्का पालन कर्ताबाट आएको हो। यसलाई जिब्राइलका माध्यमबाट अवतीर्ण गरिएको हो। यो कुरान व्यक्ति विशेषबाट रचिएको होइन। यस अघि अवतरित ग्रन्थहरूको पुष्टि गर्ने हरेक वस्तुको विस्तृत वर्णन गर्ने आस्थावान्हरूका निमित्त मार्ग दर्शन हो, जुन व्यक्तिहरूलाई हामीले कुरआन अघिका किताबहरू प्रदान गरेका छौ। निश्चित रूपले यो कुरआन तिम्रो पालनकर्ताका तर्फबाट सत्यताका साथ अवतीर्ण भएको हो। यदि यो कुरआन अल्लाह बाहेक अन्य कसैका तर्फबाट आएको भए उनीहरू यसमा धेरै विरोधाभासपूर्ण कुरा पाउने थिए। कुरआन भन्दा पहिला न तिमी न तिम्रा जातिहरूको मानिसहरूले यो जानेका थिए। आकाश, पृथ्वी अलग गरेको, सजीवहरूलाई पानीबाट सृष्टि गरेको, चन्द्र र सूर्यको स्थायी अवस्थाका सृष्टि विषयक श्लोकहरूबाट कुरआन ईश्वरीय ग्रन्थ भएको प्रमाणित हुन्छ।

कुरआनभन्दा अघि तौरात, जबूर र बाइबल ईश्वरीय ग्रन्थका रूपमा अवतीर्ण भएको मानिन्छ। ती ईश्वरीय ग्रन्थहरू जाति विशेष र समुदाय विशेषका निमित्त अवतीर्ण भएका हुन्। कुरआनमा भनिएको छ- मुहम्मद भन्दा

---

१७६ इस्लाही (२०६५), पृ. २-३०

अघि प्रत्येक सन्देश वाहक विशेष रूपले आफ्नो समुदायका लागि मात्र सन्देश वाहक बनाएर पठाइएका थिए। आज मैले तिमीहरूको धर्म (दीन) लाई तिमीहरूका लागि धर्मका रूपमा इस्लामलाई रोजेको छु। वास्तवमा कुरआनले सीधा मार्ग देखाउँछ। अल्लाहका दृष्टिमा इस्लाम मात्र स्वीकार्य धर्म हो। जसले इस्लाम बाहेक अन्य धर्म ग्रहण गर्न खोज्छ उसको धर्म कदापि मान्य हुने छैन[१७७]।

कुरआनका श्लोकहरू अवतीर्ण हुनासाथै मुहम्मदले आफ्नो कुनै लेखनदासलाई बोलाएर त्यस श्लोकलाई कुन अध्यायमा राख्ने भन्ने निर्देशन दिने गरेकाले कुरआनमा जे भनिएको छ त्यसमा कुनै कुरा छुटाउने वा थप्ने अवस्था रहेन। कुरआन सङ्कलनका क्रममा कहिले कुन अध्याय वा श्लोक पहिले अवतीर्ण भयो र कुन अध्याय वा श्लोक पछि अवतीर्ण भयो भन्ने कुरामा जुन क्रमले इस्लामी आवश्यकता पुरा हुन्थ्यो त्यही रूपमा अवतीर्ण भएकाले कुरआन अवतरणको क्रममा सङ्कलन गरिएको छैन। कुरआन अवतरणको क्रममा सङ्कलन गरिएको भए त्यो मुहम्मदको ईश्वरीय मार्ग दर्शनको दैनिकीसम्म हुन्थ्यो। परिपूर्ण मार्ग दर्शनका रूपमा हुँदैनथ्यो भन्ने कुरआनका अध्येताहरूको धारणा छ[१७८]। कुरआनको एउटा पुस्तकका रूपमा लिपिबद्ध गर्ने काम भएको थिएन। कुरआनलाई मुहम्मदकै जीवन कालमा धेरैले कण्ठस्थ गरेका थिए तर मुहम्मदको निधन भएको वर्ष दिनपछि यमामा भन्ने ठाउँमा बनु हुनैफा र मुसलमानका बिचमा युद्ध हुँदा कुरआन कण्ठस्थ गर्ने धेरैको ज्यान गयो[१७९]। उमरले कुरआन लिपिबद्ध गरी एउटा पुस्तकका रूपमा तयार गर्नु पर्छ भन्ने सोचेर खलीफा अबू बक्रकहाँ पुगेर आफ्नो प्रस्ताव पेस गरे र त्यसको आवश्यकता बोध गराएपछि अबू वक्रले जैद इब्न साबितलाई कुरआनलाई एकै ठाउँमा लिपिबद्ध गरी पुस्तकका रूपमा तयार गर्ने आदेश दिए। उमरले मस्जिद-ए- नबुवी अघि उभिएर घोषणा गरे- जोसँग कुरआनको जे जति अंश छ जम्मा गर। आफूसँग भएको कुरआनको अंश लिएर मानिसहरू उपस्थित भए। जैद र उनका सहयोगीलाई कुरआन कण्ठस्थ थियो। लिपिबद्ध अंशहरू पनि प्राप्त भएपछि कण्ठस्थ श्लोक र लिपिबद्ध श्लोकहरूमा एकरूपता पाए। उनीहरूले कुरआन एउटा पुस्तकका रूपमा लिपिबद्ध गरी अबू बक्रको जिम्मा दिए। उनीपछि त्यस पुस्तकलाई उमरको जिम्मामा राखियो। उनीपछि हफ्साको जिम्मा रह्यो। पछि विभिन्न मुलुकमा कुरआनको पाठ विभिन्न रूपमा हुन थालेपछि यसको मौलिकतालाई जोगाउन जैद इब्न साबितलाई विशेष सहयोगी दिएर कुरआनको धेरै प्रतिलिपि तयार गराइयो र ती प्रतिहरू इजिप्ट, इराक, वसरा, मक्का, सिरिया, यमन. र बहराइनका शासकहरू कहाँ पठाएर ती

१७७ इमरान, पृ. ८५
१७८ इस्लाही (२०६५), पृ. ५३
१७९ ऐ. पृ. ५७-५९

प्रतिलिपिका आधारमा मात्र कुरआन पाठ गर्न विशेष निर्देशन दिइएको हो भन्ने कुरआनका ज्ञाताहरूको भनाइ पाइन्छ ।

कुरआन शब्द अरबी शब्द हो जसको अर्थ हुन्छ- शब्द र अक्षरलाई अर्थपूर्ण क्रम मिलाएर पढ्नु । कुरआनको अर्थ पढ्नु, पाठ गर्नु, भट्भट्याउनु पनि हो । कुरआनलाई अल कुरआन पनि भन्निछ[१८०] । अरबीमा अल शब्द अङ्ग्रेजीको The का रूपमा प्रयोग गरिन्छ । कुरआन शब्दको अर्थ गर्दै यसलाई मानव जीवनको पूर्ण संविधान जसले प्रत्येक कालका निमित्त मार्ग दर्शन गर्दछ भनिएको छ । आदमका समयदेखि भएको मार्ग दर्शन कुरआनमा आएर पूर्ण भएको मानिन्छ । कुरआनका अन्य नामहरू पनि पाइन्छन् । जस्तै किताव, फुरकान, जिक्र, जिंक्रा, नूर, हुँदा आदि । कुरआन कुनै एउटा विषय वस्तुमा निरन्तर लेखिएको रचना होइन । यसमा ११४ भाग वा अध्याय छन् । जसलाई सूरह भनिन्छ । सूरहहरूको नाम अरबी भाषाको रुचि अनुसार राखिएको छ । कतिपय सूरहहरू तिनीहरूको प्रारम्भिक नामबाट राखिएको पाइन्छ । कतिपय सूरहहरू ती भित्रका शब्द विशेषलाई लिएर राखिएको छ भने कतिपय सूरहहरू ती भित्रको महत्त्वपूर्ण विषयहरूलाई समाएर राखिएको छ । कतिपय नामहरू मूल विषयलाई लिएर राखिएको पाइन्छ । सूरहहरू सबै एकनासका छैनन् । कतिपय सूरहहरू कुरआनको बाह्रौँ तेह्रौँ भागसम्मका विस्तार भएका छन् । कतिपय दुई तीन वटा ससाना वाक्य र चौध पन्ध्र शब्दसम्मका पनि छन् । सूरहभित्रका विशेष मात्राका टुक्रालाई आयत (श्लोक) भनिन्छ । सूरह जस्तै आयतहरू पनि एकनासका छैनन् । केही आयतहरू एक दुई शब्दका छन् भने केही आयतहरू पन्ध्र बिस शब्दभन्दा बढीका पनि छन् । सम्पूर्ण कुरआन समान रूपमा ३० पारह (भाग) मा विभाजन गरिएको छ । पारहलाई ससाना रकूअमा विभाजन गरिएको छ । पारह र रकूअ मूल पाठको छेउमा लेखिन्छ ।

कुरआन अध्ययन गर्न कुरआनको पारिभाषिक शब्द जान्नु जरुरी हुन्छ[१८१] । कुरआनमा अल्लाह भन्ने शब्द प्रयोग भएको छ । अल्लाह शब्द अल र इलाह जोडेर बनेको छ । अल अङ्ग्रेजीको The को रूपमा प्रयोग भएको छ भने इलाहको अर्थ उपास्य हो । इलाह शब्द चकित हुनु, कसैको संरक्षणमा सुख शान्ति प्राप्त गर्नु, कसैतर्फ रुचिका साथ लम्किनु, लुक्नु, उच्चता प्राप्त गर्नु भन्ने अर्थमा पनि प्रयोग गरिन्छ । अल्लाह शब्दले सर्वोच्च, सर्व शक्तिमान्, अनादि, अनन्त, सृष्टिकर्ता, सर्वज्ञ, दयावान्, सर्वगुण सम्पन्न, शान्तिपूर्ण आदि ३० भन्दा बढी अर्थ बुझाउने कुरा कुरआनमा पाइन्छ ।

नवी र रसूल कुरआनको दोस्रो महत्त्वपूर्ण शब्द हो । नवीको अर्थ अल्लाहको मार्ग दर्शन प्राप्त व्यक्ति हो । रसूलको शाब्दिक अर्थ पठाइएको भन्ने बुझिन्छ । तिनीहरूलाई सन्देष्टा भनेर बुझ्दा उपयुक्त हुन्छ । ईश्वरीय मार्ग

---

१८० कुरआन (२००८), पृ. ११४१

१८१ इस्लाही (२०६५), पृ. ९७-१३१

दर्शन जन साधारणमा पुऱ्याउने उद्देश्यले पठाइएकोहरू नवी वा रसूल हुन्। नवी र रसूलका बारेमा कुरआनमा धेरै ठाउँमा कुरा आएको छ। फारसी भाषाको पैगम्बर शब्दले नवी र रसूलको अर्थ बुझाउँछ। कुरआनमा कतिपय ठाउँमा नवी र रसूल शब्दको केही भिन्नता पनि देखाइएको छ। अल्लाहको सन्देश पाउने नवी हो भने रसूल शब्दले फरिश्ताहरूलाई पनि जनाएको पाइन्छ।

बह्य अल्लाहबाट नवीमाथि अवतीर्ण भएको मार्ग दर्शन हो। यो मार्ग दर्शन साधारण मानिसको दृष्टिबाट गोप्य हुन्छ। बह्य स्पष्ट शब्दमा अल्लाहको वाणी हो। वह्यलाई कुरआनको अर्थमा पनि बुझिन्छ। मुहम्मदले भनेका छन्- बह्य अवतरण हुने समयमा कहिले मेरो कानमा घण्टी बजि रहेको हुन्छ, जिब्राइलले मलाई अल्लाहको वाणी सुनाउनासाथ जान्छन् म ती वाणीलाई कण्ठ गर्दछु, कहिले फरिश्ता मानिसको रूप धारण गरेर मलाई अल्लाहका वाणी सुनाएर जान्छन् म कण्ठस्थ गर्दछु।

फरिश्ता भन्ने शब्द कुरआनमा पटक पटक आउने शब्द हो। फरिश्ताहरू मध्येबाट अल्लाहको बह्य पुऱ्याउने जिब्राइल जस्ता पनि छन्। फरिश्ताहरूलाई मानिसले अत्यधिक सम्मान गरेर अल्लाहलाई छोडी वा साथैमा उपास्य पनि बनाएका छन्। फरिश्तालाई मानिसले देवी देवताका रूपमा पनि मानेका छन्। कुरआनमा भनिएको छ- फरिश्ताहरू अल्लाहको आज्ञा पालन गर्दछन्। फरिश्ताहरू अल्लाहलाई भन्दछन्- हामी प्रशंसाका साथै तिम्रो नामको जप गर्छौं, तिम्रो पवित्रताको बयान गर्दछौं। फरिश्ताहरूलाई अपार र असाधारण शक्ति प्राप्त छ। उनीहरूको सङ्ख्या अगणित छ। उनीहरूको हैसियत सृष्टिमा राज्य कर्मचारीहरू जस्तै छ। विशिष्ट श्रेणीका फरिश्तालाई कुरआनले रुह भनेको छ।

इस्लाम भन्नाले कुरआनले आह्वान गरेको धर्म हो। यसको शाब्दिक अर्थ आज्ञा पालन, टाउको झुकाउनु, समर्पित गर्नु, अल्लाहका अगाडि झुक्नु, स्वयम्लाई अल्लाहमा समर्पण गर्नु भन्ने बुझिन्छ। कुरआनमा भनिएको छ- इस्लाम नै सम्पूर्ण ब्रह्माण्डको धर्म हो। कणदेखि सूर्यसम्म यस ब्रह्माण्डको हरेक वस्तु सृष्टिकर्ताले स्थापित गरेको कानुनको पालना गरि रहेका छन्। हरेक ईश्वरीय धर्म मूल स्वरूपको दृष्टिले इस्लाम हो। कुरआनले त्यसै धर्मलाई इस्लाम भनेको हो।

मुअमीन र मुस्लिम- मुअमीनको अर्थ निष्ठावान् हो र मुस्लिमको अर्थ मुसलमान हो। मुअ्मीन तात्त्विक र मुस्लिम व्यावहारिक अर्थमा बुझ्नु पर्दछ। कुरआन र त्यसद्वारा बताइएका मार्ग निर्देशनलाई सत्य मानेर त्यसलाई अल्लाहको किताब मान्ने मुअमीन हो। कुरआनका आधारमा तौहिद (एक ब्रह्म) मा आस्था राख्ने, प्रलयको दिनलाइ मान्ने फरिश्तालाई मान्ने, कुरआन मान्ने र सन्देश वाहकलाई मान्ने मुअमीन हुन्। कुरआन र इस्लाम अनुसरण गर्ने र अल्लाहको अघि आफूलाई समर्पित गर्ने मुस्लिम हो। मुस्लिम शब्दलाई फारसी भाषामा मुसलमान भनिन्छ। मुस्लिमलाई कहीँ कहीँ मुहम्मदन पनि भनिन्छ।

अल्लाहले कुरआन र मुहम्मदलाई मान्ने व्यक्तिलाई मुस्लिम नाम राखेका हुन् भनिन्छ ।

कुफ्र र काफिर- कुफ्र इमान शब्दको उल्टो शब्द हो । कुफ्र भन्नाले लुकाउनु भन्ने बुझिन्छ । कुफ्र शब्दको कर्ता काफिर हो । कुफ्र शब्द कुरआनमा अल्लाहप्रति कृतघ्न र इस्लाम धर्मको मूलभूत आस्थालाई अस्वीकार गर्ने अर्थमा प्रयोग भएको छ । काफिर भन्नाले अल्लाहका गुण अस्वीकार गर्ने, प्रलयको कुरा अस्वीकार गर्ने, फरिश्ताको अस्तित्वलाई अस्वीकार गर्ने, ईश्वरीय सन्देश वाहकलाई अस्वीकार गर्ने, ईश्वरीय ग्रन्थलाई अस्वीकार गर्ने भन्ने बुझिन्छ ।

शिर्क र मुश्रिक- अल्लाहको व्यक्तित्व र गुण सम्बन्धी कुरामा अरूलाई सहभागी गराउनु शिर्क शब्दको अर्थ हो । सरल शब्दमा भन्दा शिर्क भन्नाले बहु देववाद बुझिन्छ र कुरआनले त्यसलाई ठुलो अन्याय र अत्याचार मानेको छ, अक्षम्य अपराध मानेको छ.। बहु देववाद मान्नेहरू मुश्रिक हुन् ।

अहले किताब- सामान्यतः अहले किताब भन्नाले ईश्वरीय ग्रन्थ बुझिन्छ तर कुरआनमा यहुदी समुदायमा आएको तौरत (Toarah) इसाईहरू माझ आएको इन्जिल (Gospel) र दाउदमा आएको जबूर (Psalm) लाई मात्र ईश्वरीय ग्रन्थ मानिएको छ । ती तीन वटा धर्मग्रन्थ बाहेक अन्य धर्मग्रन्थहरूलाई कुरआनले केही बोलेको छैन। कुरआनले नबोलको कुरालाई इस्लाम धर्मावलम्बीहरू सामान्यतः स्वीकार गर्न आवश्यक ठान्दैनन् ।

कुरआनमा मुहम्मदले मुस्लिम हुनका लागि, इस्लाम बन्नका लागि पाँच वटा कुरामा विश्वास वा इमान राख्नु पर्दछ भनेका छन् । ती पाँच वटा कुरा यस प्रकार छन्[१८२]-

१) **अल्लाहमाथि आस्था-** इस्लाम धर्मको महत्त्वपूर्ण वाणी ला इलाह इल्लिलाह हो । यो वाणी वा कलिमाको अर्थ अल्लाह बाहेक अरू कोही पूज्य छैन हो । यो कलिमा इस्लाम धर्मको आधारशिला हो । ला इलाह इल्लिलाहमा विश्वास गर्नेले शिर्क वा बहु देववादमा विश्वास गर्दैन । कुफ्र तथा नास्तिकताबाट बचाउँछ । मानिसले पहिले आफूभन्दा शक्तिशालीलाई ईश्वर ठानेर पूजा गर्‍यो । जनावर, नदी, पृथ्वी, आगो, घाम, हावा, चन्द्रमा आदिको पूजा गर्‍यो । मानिसमा चेतनाको स्तर बढ्दै गएपछि उसले संसारको व्यवस्थापनमा एउटा अटल नियम र विधान देख्यो । ती नियम र विधानका सञ्चालकहरूको पूजा गर्‍यो । विभिन्न देवी देवताहरूको आराधना गर्‍यो । पछि विभिन्न देवी देवताहरूको सीमित शक्तिको ज्ञान मानिसले पाएपछि ऊ एकेश्वर तर्फ आकर्षित भयो भन्ने आधारमा एकेश्वरको धारणा मानिसमा आएको स्पष्ट गर्दछ । उक्त कलिमामा अल्लाह बाहेक अरू कोही पूज्य छैन भन्दा तौहिद (एकेश्वर वाद) को स्पष्ट सन्देश पाइन्छ । मानिसमा ईश्वरीय ज्ञान दिन अल्लाहले विभिन्न पैगम्बरहरू पठाए र अन्त्यमा सम्पूर्ण ज्ञानको

१८२ मौदुदी (२०५६), पृ. ४९-८६

भण्डार दिई मुहम्मदलाई पठाएका हुन्। मुहम्मंदपछि अन्य सन्देष्टाहरू आउने छैनन् । मुहम्मदले अन्तिममा त्यही वाणी ल्याए- अल्लाह बाहेक अरू कोही पूज्य छैन ।

२) **अल्लाहका दूतहरू माथि विश्वास-** मानिसले भौतिक अस्तित्वमा भएका वस्तुहरू- चन्द्र, सूर्य, नक्षत्र, आगो, पानी, पहाड, हावा, प्रकृतिका अन्य वस्तुहरूको पूजा गरे। मूर्तिरूप खडा गरे। अभौतिक वस्तुहरू जस्तो अप्रत्यक्ष र रहस्यमय कुराहरू जसलाई ससाना देवी देवताहरूका रूपमा स्थापित गरेर पूजा आराधना गरे। फरिश्ताहरूको पूजा गरे। मुहम्मदले ती ससाना देवी देवता वा फरिश्तालाई अल्लाहका सेवक मानेका छन्। फरिश्ताहरू अल्लाहका भक्त हुन्, अल्लाह होइनन्। अल्लाहले समय समयमा फरिश्ताहरू पठाए। अल्लाहले पठाएका फरिश्ता जिब्राइल मार्फत मुहम्मदबाट ईश्वरवाणी अवतीर्ण भएको हो। अल्लाहका फरिश्तामाथि पूर्ण विश्वास गर्नु पर्दछ। यिनीहरूको अस्तित्वमा विश्वास नगर्नु अधर्म हो।

३) **अल्लाहका किताबहरूमाथि आस्था-** अल्लाहले समय समयमा आफ्ना फरिश्ताहरू मार्फत ईशग्रन्थहरू पठाएका छन्। कुरआनमा अघि पठाइएका केही किताबहरूको नाम दिइएको छ। इब्राहिम मार्फत सहिफे इब्राहिम, मूसा मार्फत तौरात, दाउद मार्फत जबूर र ईसा मार्फत इन्जिल (बाइबल) आएको उल्लेख पाइन्छ। ती किताब बाहेक अन्य किताबहरूको उल्लेख कुरआनमा नपाइए पनि अल्लाहले विभिन्न फरिश्ताहरू मार्फत ईश ग्रन्थहरू पठाएको अनुमान गर्न सकिन्छ। कुरआनमा अन्तिममा अल्लाहले जिब्राइलका माध्यमबाट मुहम्मदमा कुरआन किताब पठाएको कुरा पाइन्छ। कुरआनपछि अन्य किताब अवतीर्ण हुने कुरा कुरआनमा पाइँदैन। सहीफे इब्राहिम अहिले पाइँदैन। तौरात, जबूर र बाइबल पाइए पनि ती या त अपूर्ण छन् या पछि मानिसले आफ्नो बुद्धि लगाएर वा सुनेर लेखिएका हुन् भन्ने इस्लाम धर्मावलम्बीहरूको कथन छ। कुरआन मात्र आजसम्म मौलिक स्वरूपमा सुरक्षित रहेको उनीहरूको धारणा छ। तर पनि अल्लाहले आफ्ना फरिश्ताहरू मार्फत ईश ग्रन्थहरू पठाएको कुरामा विश्वास राख्नु, आस्था राख्नु इस्लामीहरूको चरित्र हुनु पर्दछ।

४) **अल्लाहका रसूलहरूमाथि आस्था-** अल्लाहका किताबहरूमाथि आस्था राखे जसरी नै अल्लाहका रसूलहरूमाथि आस्था राख्नु पर्दछ। अल्लाहले संसारका विभिन्न जातिहरूमा रसूलहरू पठाए। एक लाख चौबिस हजार रसूलहरूको प्रसङ्ग पाइन्छ। कुरआनमा जति रसूलहरूका बारेमा उल्लेख गरिएको छ ती बाहेक पनि अरू मुलुक र जातिमा अल्लाहले रसूलहरू पठाए। तिनीहरूमाथि आस्था जरुरी छ। अन्य रसूल, नवी वा पैगम्बरहरू जाति विशेषका लागि आएका हुन्। मुहम्मद सम्पूर्ण संसारका लागि आए। पहिलेका रसूलहरूले ल्याएको ईश सन्देश लुप्त या नष्ट भएको छ,

बिगारिएको छ तर मुहम्मदले ल्याएको कुरआन मात्र मौलिक रूपमा सुरक्षित छ।

५) **आखिरतमाथि आस्था-** आखिरतमाथि आस्था भन्नु प्रलय र परलोक माथिको आस्था हो। अन्तिममा अल्लाहले सबैलाई नष्ट गरेर नयाँ जीवन दिने छन्। सबै अल्लाहसमक्ष उपस्थित हुने छन्। यसलाई हश्र अथवा पुनर्जीवन भनिन्छ। मानिसले जीवनमा गरेका राम्रा नराम्रा कामको अभिलेख ईश्वरीय अदालतमा प्रस्तुत गरिने छ। नराम्राभन्दा राम्रा काम बढी गर्नेले क्षमा पाउने छ। राम्राभन्दा नराम्रा काम बढी गर्नेले दण्ड पाउने छ। क्षमा पाउने सबै जन्नत (स्वर्ग) जाने छन्, दण्ड पाउने दोजर (नर्क) जाने छन्। यस कुरामा सम्पूर्ण इस्लामीहरूको आस्था अनिवार्य छ।

कुरआनमा मुहम्मदले मानिसलाई अल्लाहको इच्छा अनुसार जीवन व्यतीत गर्ने विधि सिकाएका छन्। ती विधिहरूलाई समग्रमा उपासना भनिन्छ।
उपासना- इस्लामका अनुसार उपासना भनेको ईश्वरको सेवा हो। ईश्वरको सेवा भन्नु ईश्वरको आज्ञा पालन हो। सत्य बोल्नु, निन्दा नगर्नु, अश्लील र फोहर कुरा नगर्नु, न्याय सङ्गत काम. गर्नु, जीवनमा गरिने प्रत्येक काम ईश्वर भयका साथ गर्नु, अर्काको हकमा बाधा नपुऱ्याउनु, गरिबको सहायता गर्नु, भोकोलाई खुवाउनु, रोगीको सेवा गर्नु, व्यक्तिगत स्वार्थमा नफस्नु, न्यायको कमाइ खानु, निष्ठा र इमानदारी साथ काम गर्नु, जीवनको प्रत्येक समय र काममा ईश्वरसित डराउनु, ईश्वर प्रसन्न हुने काम गर्नु, उपासना हो। कतिसम्म भने खानु, पिउनु, हिँड्नु, डुल्नु, सुत्नु, उठ्नु, कुराकानी गर्नु पनि उपासना भित्र पर्दछन्। इस्लामको मुख्य उद्देश्य मुसलमानलाई यस्तै उपासक वा सेवक बनाउनु हो। उपासनाका यी कुरालाई इस्लाममा अनिवार्य मानिएको छ-

१) **नमाज-** यो मुसलमानको पहिलो कर्तव्य हो। बिहान उठेर शारीरिक शुद्धतापछि अल्लाहका सामु उभिएर, बसेर, निहुरिएर बिहानको (जसलाई फज्र भनिन्छ) नमाज पढ्नु पर्दछ। नमाज गर्दा आफूलाई अल्लाहको दास मानेर उनीसँग सहयोग मागिन्छ। प्रकोपबाट बच्ने इच्छा प्रकट गरिन्छ। धर्मग्रन्थको पाठ गरिन्छ, रसूलको सत्यता प्रमाणित गरिन्छ। आखिरतको फल भोग्न तयार रहन सम्झना गरिन्छ। फज्रमा जस्तै जुहर (मध्याह्नपछि) को नमाज पढ्नु पर्दछ। अस्र (सूर्यास्त हुनुअघि) मा पनि नमाज गर्नु पर्दछ। सूर्यास्तपछि झमक्क रात हुनु अघि मग्रिवको नमाज पढ्नु पर्दछ। मग्रिबको नमाज पछि मध्य रातसम्मको समयमा ईसाको नमाज गर्नु पर्दछ। यसरी दिनमा पाँच पटक नमाज पढ्ने गर्नु इस्लामको अर्को महत्त्वपूर्ण कर्तव्य हो।

२) **जकात-** उपासनाको दोस्रो कुरा जकात हो। आफ्नो आम्दानीको कम्तीमा २.५ प्रतिशत गरिब, नातेदार, निःसहाय, निर्धन, यात्री अथवा ऋणी व्यक्तिलाई दिनु जकात हो। नमाज जस्तै जकात ईश्वरसम्म पुग्दैन तर उनले सृष्टि गरेका मानिसमा पुग्दछ र जकात प्रत्यक्ष अप्रत्यक्ष रूपमा ईश्वरकहाँ पुगेको हुन्छ। दान दिएर अपमान नगर, झ्याली नपिट,

धन्यवादको आशा नगर । दान दिएको चर्चा अरूले गरून् भन्ने पनि आशा नगर । तिमी जति जकात दिन्छौ तिमीलाई म त्यही अंश दिन्छु । तिम्रो धन सिद्धिँदैन । मन शुद्ध राखेर जकात देऊ ।

३) **रोजा-** रोजा भनेको उपवास हो । अरबी क्यालेन्डर अनुसार नवौँ महिना (जसलाई रमजानको महिना भनिन्छ) मा बिहानदेखि बेलुकासम्म खानपिन बन्द गरेर रोजा पालन गर्नु मुसलमानको तेस्रो महत्त्वपूर्ण उपासना हो । फज्रको नमाजको समयभन्दा पहिले सेहरी खाँदै गर्दा अजानको आवाज सुनियो भने खान बन्द गर्नु पर्छ । यो अवधि मग्रिबको अजान नभइन्जेल सम्मका निमित्त हो । मग्रिबको नमाजपछि केही खाएर इफ्तार गरेर रोजा समापन गर्नु पर्दछ । रोजा मनको इच्छालाई रोक्न र वशमा ल्याउन गरिएंको हो । मुसलमानहरूमा धैर्य, अनुशासन, आज्ञा पालन, कर्तव्यको अनुभूति समेतका कुरामा दृष्टि पुऱ्याएर यो विधि व्यवस्थित गरिएको हो । रोजा धनी गरिब, ठुलो सानो सबैले एउटै महिनामा एकै चोटि बस्न लगाएर पारस्परिक समानताको कुरालाई महत्त्व दिएको मानिन्छ ।

४) **हज-** मुसलमानहरूले जीवनमा एक पटक मक्का/मदिनाको दर्शन गर्नुलाई हज गर्नु भनिन्छ । यो पनि अनिवार्य उपासना हो । मक्का र मदिनाबाट गुन्जिएको अल्लाहका आयतहरू आज संसारमा प्रसारित भइ रहेको छ भन्ने ठानी ती दुई स्थानलाई महत्त्व दिइन्छ । मानिसको हृदयमा अल्लाहको ध्यान केन्द्रित हुने हज यात्राले प्रेम, निष्ठा र उत्साहको भावना उत्पन्न हुन्छ । संसारभरका मुसलमानहरूमा विश्व बन्धुत्वको भावना विकसित हुन्छ । हज उपासना त हुँदै हो, मुसलमानहरू एउटै दाजुभाइ एकै जातिका हौँ भन्ने भावना विकसित हुने यो उपासनाको सबैभन्दा ठुलो रूप हो भन्ने मुसलमानहरूको विश्वास छ ।

५. **इस्लामको सहायता-** यो उपासना इस्लामको आधारस्तम्भ नभए पनि कुरआन र हदीसमा इस्लामको सहायतामा जोड दिएको छ । आफ्नो धन, सम्मान र प्राणको रक्षाका निमित्त जस्तोसुकै र जतिसुकै बलिदान गर्न पनि तयार भए जस्तै इस्लाम र मुसलमानको रक्षाका निमित्त बलिदानका निमित्त तयार रहनु इस्लामको सहायता हो । इस्लामी सहायताको एउटा शाखालाई शरीयतको भाषामा जिहाद भनिन्छ । यो त्यो धर्मयुद्ध हो जुन सम्पूर्ण सांसारिक स्वार्थबाट माथि उठेर अल्लाहका निमित्त इस्लामको रक्षाका निमित्त गरिन्छ । सङ्कटको समयमा जिहादमा नसघाउनेले गरेको नमाज, जकात, रोजा र हज सबै व्यर्थ हुन्छन् भन्ने मुसलमानहरूको विश्वास छ ।

अन्य किताबहरू

इस्लामले मानेका अन्य किताबहरूमा शरीयत एउटा हो[१८३] । शरीयत भनेको आचार संहिता हो । यसमा उपासनाका तरिका, सामाजिक सिद्धान्त,

---

१८३ ऐ. पृ. ९२

आपसी सम्बन्ध र वैध अवैधका कुराहरू छन्। पहिलेका सन्देष्टाहरूले विभिन्न कालखण्डमा शिष्टता, सभ्यता र नैतिकताका कुराहरू ल्याएर मानिसलाई प्रशिक्षित गर्दै गए। मुहम्मदले पुराना शरीयतलाई खारेज गरेर नयाँ पद्धति ल्याएको मुसलमानहरूको विश्वास छ। शरीयतका आदेश र सिद्धान्त पत्ता लगाउन उनीहरू कुरआन र हदीस पल्टाउँछन्। मुहम्मदका जीवनमा उनका सहावीहरूले सुनेका कुरा स्मरणमा राखेर आफ्ना नातेदार इष्ट मित्रलाइ सुनाए। कतिले कण्ठ गरे, कतिले लेखे। पछि ती ग्रन्थका रूपमा सङ्गृहीत भए। हदीसको ठुलो ग्रन्थ तयार भयो। इमाम मालिक, इमाम बुरबारी, इमाम मुस्लिम, इमाम तर्मिजी, इमाम आबू दाउद, इमाम ईव्त माजहहरूका ग्रन्थहरू प्रमाणिक मानिन्छन्।

फिक्ह अर्थात् भाष्य- कुरआन र हदीसका कुरालाई सोचेर जन साधारणले बुझ्ने भाषामा बनाइएका नियम कानुनलाई फिक्ह अर्थात् भाष्य भनिन्छ। यस्ता फिक्हहरू मूलतः चार वटा छन्-

१. इमाम अबू हनिफाको फिक्ह जसलाई फिक्ह हनफी भनिन्छ।
२. इमाम मालिकको फिक्ह जसलाई फिक्ह मालिकी भनिन्छ।
३. इमाम शाफईको फिक्ह जसलाई फिक्ह शाफई भनिन्छ।
४. इमाम अहमद दिन हक्वलको फिक्ह जसलाई फिक्हे हम्बली भनिन्छ।

तसब्बुफ- फिक्हले शारीरिक रूपमा आचरण पालन गरेको छ छैन त्यसतर्फ दृष्टि दिन्छ भने तसब्बुफले मानसिक अवस्थाको अध्ययन गर्दछ। बाहिरी रूप हेर्ने फिक्ह हो भने आन्तरिक अवस्था बुझ्ने तसब्बुफ हो। सूफी सन्तहरूले तसब्बुफमा ल्याएको कुरालाई भने इस्लामहरूले मन पराएका छैनन्। शरीयतका सिद्धान्तमा चार प्रकारको हकको व्यवस्था गरिएको पाइन्छ-

१) अल्लाहको हक।
२) आफ्नो हक।
३) लोकको हक।
४) सृष्टिका सम्पूर्ण वस्तुहरूको हक।

विस्तार[१८४]

मुहम्मदको निधनको दुई वर्षपछि नै कुरआनका प्रतिलिपिहरू इजिप्ट, इराक, बसरा, मक्का, सिरिया, यमन, बहराइन पठाइएको प्रसङ्गले इस्लाम धर्मको प्रचार मुहम्मदकै जीवन कालमा तीव्र रूपमा भएको थियो भन्न सकिन्छ। मुहम्मदको निधनको बाह्र वर्ष नपुग्दै इस्लाम लिबिया र इरानसम्म पुगि सकेको थियो। दमास्कस र जेरुसलेम, मक्का र मदिना इस्लामको पवित्र स्थान अबू वक्रकै पालामा वनि सकेको थियो। धेरै धर्महरू पहिले बिस्तारै बिस्तारै अघि

---

१८४ तोकारेव, पृ. १७५-१८०

बढेका छन् तर इस्लामचाहिँ सुरुमै धेरै विस्तार भएको धर्म हो। मुहम्मदको निधनको केही सय वर्षभित्रै इस्लाम धर्म जिब्राल्टरदेखि हिमालयसम्म पुगि सकेको थियो। बगदादमा अब्बासी वंशको ५०० वर्षको शासन कालमा यो धर्मको अध्ययनको केन्द्र रह्यो। मुगलले भारतमा शासन गर्न थालेपछि इस्लाम भारत लगायत मलेसिया, इन्डोनेसिया र फिलिपिन्ससम्म पुग्यो। इस्लाम धर्म पश्चिम अफ्रिका र युरोपको विभिन्न मुलुकमा नयाँ आविष्कारका साधनहरू ल्याउने प्रक्रियामा पुगेको छ। आज मध्यपूर्वमा मानिसहरू पश्चिमी शैलीमा बस्दछन् तर इस्लाम धर्म र कानुनलाई कठोरतापूर्वक पालन गर्दछन्।

सम्प्रदाय र शाखाहरू[१८५]

मुहम्मदको निधनपछि यस धर्मको नेतृत्वको उत्तराधिकारीको विषयमा प्रश्न उठेपछि इस्लाम धर्म मूलतः दुई सम्प्रदायमा वा शाखामा विभाजन भएको छ- सुन्नी सम्प्रदाय र सिया सम्प्रदाय। सम्पूर्ण इस्लाम धर्मको झन्डै ९० प्रतिशत जनता सुन्नी सम्प्रदाय मान्दछन्। मुहम्मद अल्लाहका अन्तिम सन्देष्टा भएको कारणले कोही पनि उत्तराधिकारी बन्न सक्दैन भनेर मुस्लिम समुदायले घोषणा गरे। फलस्वरूप ईश्वरीय प्रेरणाप्राप्त गुरुको परम्परामा रहेको व्यक्ति धर्मको संरक्षक बन्न सक्तछ भन्ने निर्णय गरियो। मुहम्मदको वंश कुरेशीबाट एक जनालाई खलिफा (caliph) सर्वसम्मत रूपमा निर्वाचित गरियो। खलिफालाई कुरआनका आधारमा धर्म सम्बन्धी यावत् कुराको व्यवस्थापन गर्न उत्तरदायित्व दिन थालियो। चार उचित निर्देशित खलिफाहरूद्वारा मुहम्मदले आउँदा दिनका लागि स्थापित गरेका नीति, मूल्य र मान्यता प्रचलनमा ल्याएको कुरा उदाहरणमा लिइन्छ। जुन मुलुकमा इस्लामी सरकार छ त्यहाँ शरियतको पालना हुन्छ। त्यहाँ आधिकारिक खलिफा राखिँदैन।

सिया सम्प्रदायमा इस्लाम धर्मका मूल व्यक्तिका रूपमा इमामलाई मानिन्छ। यस सम्प्रदायले मुहम्मदले इस्लामको विस्तार र प्रर्वद्धनका निमित्त इमामलाई उत्तराधिकारी राखेको मानेको छ। मुहम्मदका पहिलेका दासलाई पछि स्वतन्त्र गरी छोरो बनाइयो र जसलाई मुहम्मदले छोरी फातिमा दिए ती अली इमाम हुन् र उनमा मुहम्मदको आध्यात्मिक शक्ति भएको हो भन्ने सिया सम्प्रदायको मान्यता छ। अलीले आफ्नो उत्तराधिकार छोराहरू हसन र हुस्सैनलाई हस्तान्तरित गरे। यसरी उनीहरूकै-सन्तानबाट इमाम रहने चलन चलेको छ र यो क्रम सृष्टिको अन्त्यसम्म जारी रहने छ भन्ने सिया सम्प्रदायको मान्यता छ। सियाहरू मूलतः इरानमा बस्दछन् र तिनीहरूलाई इमामी भनिन्छ। उनीहरूको मुख्य मानिसलाई आयतोल्ला भनिन्छ। आयतोल्लालाई शरियतको व्याख्या गर्ने अधिकार छ। हुस्सैनको मृत्युपछि सिया सम्प्रदाय खडा भएको

---

१८५ विभिन्न लेखकहरू (१९९०), पृ. २१३, सांकृत्यायन (२००१), पृ. २

मानिन्छ। सिया सम्प्रदायमा आगा खानलाई इमाम र नेता मान्नेहरू पछि बोहरा सम्प्रदायभित्र पुगे।

सूफीहरू साधारण सन्तहरू हुन् जसले निरन्तर ध्यान र प्रार्थना गर्दछन्। उनीहरू कठोर शारीरिक साधना गर्दछन् र आफ्नो आध्यात्मिक दृष्टि वृद्धि गर्न लागिरहन्छन्। उनीहरूले खस्रा ऊन जसलाई सुफ भनिन्छ त्यसबाट बनेको कम्बल ओड्ने गरेकाले र अल्लाह बाहेक अर्को ईश्वर छैन भन्दै ऊनको धागो एकअर्कामा दिने गरेकाले सूफी भनिएको हो भनिन्छ। उनीहरू सम्पूर्ण ध्यान अल्लाहसँग एक हुन केन्द्रित रहनु पर्नेमा जोड दिन्छन्। उनीहरूमा आध्यात्मिक चिन्तन राम्रो भएका कारणले उनीहरू समाजमा सम्मानित पनि छन्। तिनीहरू यदाकदा चामत्कारिक शक्ति प्राप्त व्यक्तिका रूपमा पनि आदरणीय मानिएका छन्।

सुन्नी, सिया, सूफी र बोहरा बाहेक इस्लाममा बहत्तर फिरका रहेको उल्लेख पाइन्छ। पाकिस्तानमा अहमदिया नामको एउटा सानो सम्प्रदाय छ, जसलाई अन्य इस्लामहरू कुरआनको हक दिन चाहँदैनन्।

पर्व र संस्कार[१८६]

इस्लाममा आफ्नै संस्कार र पर्वहरू प्रचलित छन्। ती पर्व र संस्कारहरू सरियतमा आधारित छन्। ती मध्ये केही यस प्रकार छन्-

१. **जन्म-** केटाकेटी जन्मेपछि ऊ कट्टर मुस्लिम बनोस् भन्ने आधारबाट पालन पोषण गरिन्छ। अल्लाह सबैभन्दा ठुला हुन् भन्ने कलमा वा आधम बच्चा जन्मेर नुहाइ दिनासाथ उसको दाहिने कानमा सुनाइन्छ।
२. **अकिका-** बच्चा जन्मेको सातौँ दिनमा केश काटि दिएर सुन वा चाँदीमा तौलिएर त्यो दानमा दिने संस्कारलाई अकिका भनिन्छ।
३. **खतना-** यो सबै मुसलमानहरूका निमित्त अनिवार्य संस्कार हो। बच्चा (छोरा) जन्मना साथ अकिकासँगै वा पछि दश वर्षभित्र खतना गरिन्छ। यो आफ्नो परिवारभित्रको ठुलो पर्व हो।
४. **विवाह-** सामान्यतः मागी विवाह गरिन्छ। युवकका लागि आफ्ना काका, बडाबा वा फुपूका छोरीमा पहिलो हक लाग्छ। छोरीहरूका निमित्त योग्य नजिकको नातेदारलाई वालिद आवश्यक हुन्छ। ऊ नभए काजीले निर्णय गर्छन्। मुस्लिम विवाहलाई निकाह भनिन्छ जो सारै सरल हुन्छ र समाजको उपस्थितिमा यो सम्झौता सम्पन्न गरिन्छ। कुरआनबाट वैवाहिक जीवनको कर्तव्य र पवित्रताको पाठ गरिन्छ। कन्यालाई दाइजो (महर) नदिई विवाह सम्पन्न हुँदैन। त्यस महरको सम्पूर्ण कुरा विवाहमा दिन नसके पनि पति मर्दा वा उसँग पारपाचुके गर्दा पुरा गरिदिनु पर्छ। मुसलमानले इसाई वा यहुदी महिला विवाह गर्न सक्छ तर वच्चाबच्ची मुसलमानका रूपमा पालिनु

---

१८६ सोमानी (१९९२), पृ. २२५

पर्छ। मुसलमान महिलाले अरू धर्मका सँग विवाह गर्न पाउँदिन। कुरआन अनुसार लोग्नेमान्छेले एकभन्दा बढी स्वास्नीमान्छे, बढीमा चार जनासँग विवाह गर्न पाउँछ तर सबैलाई उसले समान व्यवहार गरेको हुनु पर्छ।

५. **पारपाचुके-** कुरआनका अनुसार लोग्नेमान्छेले स्वास्नीलाई लगातार तीन पटक "तलाक, तलाक, तलाक" भन्यो भने सम्बन्ध विच्छेद वा पारपाचुके हुन्छ। केही समय (ईदा) पर्खनु पर्छ। सम्बन्ध कायम राख्न कोसिस गरिन्छ। तर सबै प्रयत्न असफल भएपछि तलाक दिइन्छ। स्वास्नीमान्छेलाई यसरी घोषणा गरेर तलाक दिने अधिकार छैन तर सम्झौता गरेर वा क्षतिपूर्ति दिएर वा महर फर्काएर पारपाचुके हुन्छ।

६. **मृत्यु संस्कार-** मरणासन्न मान्छेले ईश्वरसँग क्षमा याचना गर्छ र कुरआनका ३६ देखि ५५ सम्म सूरह पाठ गरिन्छ। मरेकाप्रति सम्मान गरिन्छ र कफिनमा राखेर मस्जिद अथवा समाधि स्थलमा लगिन्छ। कफिन समाधिमा राख्दै गर्दा निश्चित प्रार्थना गरिन्छ- पृथ्वीबाट हामीले तिमीलाई सिर्जना गर्‍यौं र यहीं फर्काउँदै छौं। यहाँबाट तिमीलाई पुनः उठाएर लिएर जाने छौं।

७. **वस्त्र-** मुस्लिम महिला तथा पुरुषहरूले सामान्य कपडा लगाउने चलन छ तर महिलाहरूले बुर्का लगाउनु पर्ने ठानिन्छ। सार्वजनिक स्थान र पुरुषहरू भएको ठाउँमा जाँदा आँखा मात्र देखिने गरी अनुहार र शरीर छोप्ने बुर्का लगाउनु पर्ने अपेक्षा गरिन्छ।

८. **भोजन-** मुसलमानहरूलाई सुँगुर र मांसाहारी पशु खान निषेध छ। खानलाई जीवजन्तु मार्दा हलाल भनिने विशेष तरिका अपनाइन्छ। जीवजन्तु मार्दा त्यो अल्लाहको जीव हो र त्यो खानका निमित्त मात्र मारिएको हो भन्ने सम्झना रहि रहोस् भन्दै विसमिल्लाह शब्द उच्चारण गरिन्छ। मुसलमानहरूका निमित्त मादक पदार्थ सामान्यतः निषेध छ।

सिख धर्म

सिखको अर्थ शिष्य हो, शिक्षा हो। सिख धर्मका प्रवर्तक गुरु नानक साहेबको जन्म पन्जाबको तलबन्डीमा १५ अप्रिल १४६९ ई.सं. मा भएको हो। गाउँको मुस्लिम जमिन्दारका कर सङ्कलक क्षत्रिय पिता कालुचन्द र माता तृप्ताका सन्तानका रूपमा मावलका हजुरबा (हिन्दीमा नाना भनिन्छ) को घरमा जन्मेकाले उनको नाम नानक रह्यो[१८७]। उनी सानैदेखि बुद्धिमा तेज थिए। बाल्यवस्थामा नै उनले हिन्दी, संस्कृत र फारसी सिके। उनी समय पाउनासाथ एकान्तमा गएर चिन्तन गर्दथे। उनलाई कसैले नाम सोध्यो भने भन्थे- मेरो नाम नानक निरङ्कारी (एक परमात्माको सन्तान) हो। उनी तत्काल उत्तर भारतको हिन्दू र इस्लामको जन घनत्वमा रहेको समाजमा हुर्केकाले दुबै धर्मका उपासना र व्यवहारबाट परिचित थिए। सूफीहरूको एकेश्वरवाद, ब्राह्मणहरूको कर्मकाण्ड र भक्ति आन्दोलन र कबीरको दोहाबाट प्रभावित थिए।

एक दिन पिताले केही पैसा दिएर उनलाई सौदा गर्न पठाए। उनले त्यस पैसाले भोका र गरिबलाई खुवाए। घरमा आएर भने- मैले सच्चा सौदा गरें। हिजोआज त्यस स्थानलाई सच्चा सौदा भनिन्छ। पिताले उनलाई जागिर लगाइ दिए। व्यवहारमा अल्झाउन विवाह गरि दिए। दुई जना केटाकेटी पनि भए तर उनलाई पत्नी र छोराछोरीले रोक्न सकेनन्। घर छोडेर ईश्वरको बाटोमा, साधनाको बाटोमा निस्के। उनको साधना सफल भयो। संन्यास लिए र पहिलो उपदेश दिए- न कोही हिन्दू हो, न मुसलमान। हृदयको गाँठो खुलेपछि ठुलो सानोको भेदभाव कहाँ रहन्छ ? उनले नयाँ धर्म चलाए- सिख धर्म।

उनले धर्म प्रचारका लागि आसामदेखि नेपाल, श्रीलङ्का, तिब्बत, मक्का, मदीना, बगदादसम्मको यात्रा गरे। मक्कामा काबातिर गोडा फर्काएर सुतेको देखेर मुल्लाले गोडा अर्कातिर फर्काऊ भन्दा उनले भने-जता अल्लाह हुनु हुन्न, मेरो गोडा त्यता फर्काइ दिनु होस्। मानिसहरू गुरु नानकका पछि लागे। उनले स्नान र प्रार्थनाका श्लोकहरू रचना गरे जो जपजी साहेबमा पाइन्छ। उनले लंगरका नाउँमा जातपातको भेदभाव मेटेर सामूहिक भोजन चलाए। सामूहिक प्रार्थनाको प्रचलन कायम गरे- सत्सङ्ग सुरु गरे। सिख धर्ममा भनिएको छ- ईश्वरको नाम प्राप्त गर्न गुरु सिँढी, नाउ र साधन हुन्छ। गुरु तीर्थ हुन्[१८८]।

---

१८७ गोस्वामी (२०६४), पृ. ६७६
१८८ सरदार बक्स सिंहसँगको कुराकानी

उनको ७० वर्षको उमेरमा निधन भयो। गुरु नानकको निधनपछि उनको अन्तिम संस्कार गर्न हिन्दू र मुसलमानमा विवाद भयो। दुबै पक्षले उनको शरीरमा फुल राख्ने र भोलिपल्ट जसले राखेको फुल ताजा रहन्छ, उसैले उनको शवमा अधिकार पाउने तय भयो। भोलिपल्ट दुबै पक्षले राखेको फुल ताजा भेटियो। उनले शरीर छोड्दा भनेका थिए- "वाहे गुरु"। सिखहरूले आधा र मुसलमानहरूले आधा च्यादर लिएर आ-आफ्नो रीतिले दाह संस्कार गरे।

सिख धर्ममा दश गुरुहरू छन्। गुरु नानक साहेबपछिका गुरुहरू हुन्- गुरु अङ्गद, गुरु अमरदास, गुरु रामदास, गुरु अर्जुनदेव, गुरु हरगोविन्द, गुरु हरराय, गुरु हरकृष्ण, गुरु तेग बहादुर र गुरु गोविन्द सिंह। सिख धर्ममा एक परमेश्वरको उपासना गरिन्छ। परमेश्वरका अनन्त नामहरू छन्। गुरु ग्रन्थमा भनिएको छ- नाम न जपहि ते आतमघाती। ॐ कार यस धर्मको मूल मन्त्र हो। परमेश्वर अनादि छन्। जब केही पनि थिएन, परमेश्वर थिए, आज पनि छन् र सदैव रहिरहने छन् भन्ने यस धर्मको विश्वास छ।

सिख धर्म भन्दछ- भगवान् सर्वशक्तिमान छन्। उनी सच्चा नामधारी, सबैका कारक, निंडर, शत्रु रहित, मृत्यु रहित, जन्म रहित, स्वयम् उत्पन्न छन्। भगवान् प्राप्त गर्न प्रार्थना, ध्यान, तपस्याद्वारा पुण्यमय जीवन बिताउँदै जानु पर्दछ। मानिसको ईश्वरीय ज्ञानको सीमा छ- भगवान् पूर्ण छन्। ईश्वर एक छन्। जुन ईश्वरका पूजा सिखहरू गर्दछन् त्यहाँ अल्लाह पनि छन्, राम पनि छन् भन्ने विश्वासका साथ गर्दछन्। सिख धर्ममा ईश्वरलाई निराकार मानिएको छ।

गुरु ग्रन्थ साहेब यस धर्मको मूल ग्रन्थ हो[१८९]। यसमा गुरु नानकदेखि अन्य सबै गुरुहरूका रचना समाविष्ट छन्। यस ग्रन्थमा ५८९४ श्लोकहरू छन् जसमा २२१६ श्लोक गुरु अर्जुनका रचना हुन्। गुरु ग्रन्थ साहेबमा कबीर, रैदास, नामदेव, धना, फरिद, भीखन, वेणी, सूरदास आदि सन्तका वाणीहरू पनि सङ्कलित छन्। यस धर्ममा गुरु ग्रन्थलाई गुरु जस्तै पूजा गरिन्छ। जपजी साहेब यस ग्रन्थको मुख्य वाणी हो। यसमा भनिएको छ-

एक ॐकार सतिनामु, करता पुरुखु निरभउ।
निरवैर अकाल मुरति अजूनी सैय गुरु प्रसादि।
आदि सचु, जुगादि सचु, है भी सच्चु
नानक होसी भी सच्चु।

परमेश्वरको हुकुमका अघि आफूलाई पूर्ण रूपमा समर्पण गर- हुकमी रजाई चलणा। सिख धर्मको सार यही हो- परमेश्वर एक छन्, गुरु प्रसादले जीवनको कल्याण हुन्छ, प्रेमको बाटो साँचो बाटो हो, सम्पूर्ण मानव जाति एक हो, प्रभुको नाम जपेर इमानदारीसँग जीवन यापन गर, गुरु प्रसाद प्रेम र भाइचाराले पाइन्छ।

१८९ सोमानी (१९९२), पृ. १२९

सिख धर्मलाई गुरु नानकले प्रवर्त्तन गरे। गुरु रामदासले सुरु गरी गुरु अर्जुनले प्रसिद्ध स्वर्ण मन्दिर निर्माण पुरा गरे। उनी मुगल शासक जहाँगीरको शासन कालमा गुरु ग्रन्थमा मुहम्मदको प्रशंसा गर्ने आदेश नमानेर पहिलो सहिद भए। गुरु हरगोविन्दले मुगलका विरुद्ध सिखहरूलाई फौजी शैलीमा निर्माण गरे। उनी पीरी र मीरी नामबाट दुईटा तरबार राख्दथे। गुरु तेग बहादुरलाई ठुलो प्रलोभन दिएर इस्लाम लिन दिएको औरङ्गजेबको आदेश नमानेर सिख धर्मका लागि उनी दोस्रो सहिद भए। गुरु गोविन्दसिंहले खालसा पन्थ निर्माण गरे। गुरु ग्रन्थ साहेबलाई गुरुको स्थान दिएर भविष्यमा गुरु ग्रन्थ साहेबलाई नै गुरु मान्ने परम्परा चलाए। गुरु गोविन्द सिंहले मृत्युअघि भनेका थिए- मेरो शरीर पन्थमा हुने छ र मेरो आत्मा ग्रन्थमा हुने छ[१९०]।

खालसाहरूले पाँच प्रतिज्ञा मानेका छन्। तिनीहरू पाँच 'क' भनिन्छ[१९१]- केश, कँघा, कृपाण, कडा र कच्छा। संसारका सबै मुलुकमा जहाँ सिखहरू बसेका छन् त्यहाँ फेटा, कपडा र पाँच 'क' ले उनीहरू चिनिन्छन्। गुरु गोविन्द सिंहको निधनपछि सिखहरू बाह्र समूहमा बाँडिएका छन्। ती समूहका नेताहरूको सामूहिक निर्णयलाई परमेश्वरको आवाज मानिन्छ- पञ्च प्यारे।

सिखहरूमा जन्मजातका अतिरिक्त परिवर्तित सिखहरू पनि छन्। सिख वा खालसामा प्रवेश चाहनेलाई खण्डे दि पाहुल उत्सव गरेर सिख नाम राखी दीक्षित गरिन्छ। नवजात शिशुलाई गुरुद्वारामा लगेर गुरु ग्रन्थ साहेबको हुकुमनामामा आएको पहिलो शब्दको अक्षरबाट आमा बाबुले नाम[१९२] रोज्दछन्। छोराको नामका पछि सिंह र छोरीको नामका पछि कौर लेखिन्छ। नामकरण गर्न कुनै निश्चित दिन तोकिएको छैन। गुरुद्वारा हलुवा (कडाह) को प्रसाद वितरण गरिन्छ। सूतक बार्ने चलन छैन। विवाह सामान्यतः गुरुद्वारामा गरिन्छ। गुरु रामदासद्वारा रचना गरिएको आत्मा र परमात्माको मिलन जस्तै दुई आत्माको मिलनको श्लोक पाठ गरिन्छ। लावा फेरेपछि नव दम्पत्तिले विवाहको मञ्जुरीको घोषणा गर्दछन्। विवाहलाई सिखहरू आनन्द संस्कार पनि भन्दछन्। बाल विवाह निषेध छ। विवाहका लागि जाति, गोत्र हेरिँदैन। विवाहमा वरबधूलाई गृहस्थ धर्मको उपदेश दिइन्छ। मृत्यु संस्कार गर्दा शवलाई नुहाएर शरीरमा पाँच 'क' राखिन्छ। श्लोकहरू पाठ गर्दै चितामा राखेर अग्नि दिइन्छ। सिख धर्ममा सबै प्रकारका संस्कारहरूमा वाणी पाठ वा अरदास (प्रार्थना) लाई आवश्यक मानिन्छ। दश दिनमा मृत्यु संस्कार पुरा गरिन्छ।

वैशाखी, दिवाली, होला मोहल्ला (होली), गुरु पर्व (गुरुहरूको जन्म दिन) सिखहरूका प्रमुख पर्वहरू हुन् भने अमृतसर, आनन्दपुर, पटना नान्दर आदि

---

१९० सिंह (२०५२), पृ. १-६०
१९१ ऐ, पृ.
१९२ शिरोमणि गुरुद्वारा प्रवन्धक कमिटी (२००९), पृ. १-३२

प्रमुख तीर्थ हुन्। तीर्थका विषयमा सिखहरू भन्दछन्- मेरो तीर्थ गुरुवाणी हो र मभित्रको ईश्वरीय ज्ञान तीर्थ हो।[१९३]

आज सिख धर्म तीन मूल कुरामा आधारित मानिन्छ- नाम जपना, कीर्तन करना र वण्ड छकना- परमेश्वरको स्मरण, इमानदारीको आर्जन र कमजोरलाई सहयोग। सन् १९४५ मा रेहत मर्यादा नामबाट आचार संहिता बनाइएको छ। त्यसमा भनिएको छ- सिख स्त्री पुरुषले परमेश्वर, दश गुरु र उनीहरूको शिक्षा, गुरु ग्रन्थ साहेव र दशौ गुरुको अमृतमा विश्वास गर्नु, अन्य धर्म नमान्नु, गुरुको शिक्षा अनुसार जीवन यापन गर्नु, आफ्ना सन्तानलाई सिख विश्वास सिकाउनु, रक्सी, नसालु पदार्थ, सुर्ती नलिनु, सामान्य खाना खानु, इमानदारीले कमाउनु, प्रशस्त दान गर्नु, जूवा नखेल्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु। सिखहरू बहु विवाहमा विश्वास गर्दैनन्। आधुनिक नृत्यका ठाउँमा भाङ्ग्रा, गिड्डी जस्ता नृत्य गर्दछन्। सिखहरूको सबैभन्दा ठुलो धार्मिक सङ्गठन शिरोमणि गुरुद्वारा प्रबन्धक कमिटी हो[१९४]।

---

१९३ शर्मा (२०६९), पृ. १८५
१९४ Ganga Somany World Religions pp. 131

श्रीकृष्ण प्रणामी धर्म

गीतामा कृष्णले विभिन्न योगको ज्ञान पहिले सूर्यलाई दिएको, सूर्यले मनुलाई र मनुले इक्ष्वाकुलाई सुनाएको तर त्यो ज्ञान धेरै कालदेखि नष्ट भएको कुरा बताउँदै अहिले अर्जुनलाई दिएको कुरा भनेका छन्[१९५]। ज्ञान प्राप्त गर्न श्रद्धावान् र जितेन्द्रिय हुनु पर्ने कुरा पनि गीतामा पाइन्छ। त्यसरी नै अज्ञानी, श्रद्धारहित र संशयीको विनाश हुन्छ भन्ने कुरा पनि गीतामा पाइने हुनाले ज्ञान प्राप्त गर्न धेरै प्रयत्न गर्नुपर्ने कुरा स्पष्टै छ। अधिकांश मानिसमा आफू र संसारका विषयमा जिज्ञासा राख्ने चेतना हुँदैन। यस्तो चेतना राख्ने मानिसहरू संसारमा समय समयमा आएका छन्। ऋषि, मुनि, महर्षि, योगी, विद्वान्, सन्त आदिका रूपमा आएर तिनीहरूले ध्यान, तप, खोजी, अनुसन्धान र अध्ययनद्वारा उक्त विषयमा धेरै कुरा प्रकाशमा ल्याएका छन्। यसरी ध्यान, जप, तप आदि गर्दा उनीहरूले ब्रह्म साक्षात्कार पनि गरेका छन्। यस्तै ब्रह्म साक्षात्कार गरेर आफू र संसारबारे ज्ञान प्राप्त गर्ने मध्ये एक हुन्- सद्‌गुरु देवचन्द्र। उनले कृष्णभक्ति परम्परामा निजानन्द सम्प्रदायका रूपमा प्रकट गरेको यो सम्प्रदाय महामति प्राणनाथले श्रीकृष्ण प्रणामी धर्मका रूपमा प्रवर्धन गरेका हुन्।[१९६]

देवचन्द्रको जन्म मत्तु मेहता र कुँवरवाईका पुत्रका रूपमा वि.सं. १६३८ आश्विन शुक्ल चतुर्दशीका दिन हाल पाकिस्तानको सिन्ध प्रान्तमा पर्ने उमरकोट भन्ने गाउँमा भएको हो। उनी बालक कालदेखि नै सत्सङ्ग, भजन र साधुहरूको सङ्गतमा रमाउँथे। एघार वर्षको हुँदादेखि म को हुँ र यो संसार के हो भन्ने अनादि प्रश्नको उत्तरको खोजीमा लागे। छब्बिस वर्षको भइन्जेलसम्म उनले विभिन्न मत, सम्प्रदाय, साधु, संन्यासी, योगी, फकिरहरूको सत्सङ्ग गरे। विभिन्न शास्त्रहरूको गहन अध्ययन गरे। राधा वल्लभी हरिदासको सङ्गतमा रहे। त्यसपछि जामनगरमा चौध वर्ष आध्यात्मिक निष्ठाका साथ अटुट रूपमा श्रीमद्‌भागवत महापुराण सुने। उनी ४० वर्षको हुँदा वि.सं. १६७८ आश्विन कृष्ण चतुर्दशीमा उनले परब्रह्म परमात्मा कृष्णको दर्शन पाए र परमात्माबाटै तारतम मन्त्र र तारतम ज्ञानका साथै उनका यावत् आध्यात्मिक जिज्ञासाको समाधान पाए। आदिनारायणदेखि शेषनारायणसम्मको यो ब्रह्माण्ड क्षर ब्रह्माण्ड हो। यो अनित्य छ। क्षर ब्रह्माण्डदेखि पर निराकार छ। निराकार भन्दा पर अक्षर ब्रह्म छन्। अक्षर ब्रह्मभन्दा पर अक्षरातीत छन्। अक्षर ब्रहमले अनन्त

---

१९५ व्यास (२०७०), पृ. ३२

१९६ मोहनप्रियाचार्य (२०११), पृ. १-५३०

कोटी ब्रह्माण्डको पाउपलमा उत्पन्न र लय गर्दछन्। दुःखपूर्ण खेल रच्दछन्। अक्षरातीत धामलाई परम धाम भनिन्छ। जब सृष्टि भएको थिएन शून्य, निराकार केही थिएन त्यस समयमा अक्षरातीत परब्रह्म आफ्नो सत्, चित् र आनन्द स्वरूपमा विद्यमान थिए। अक्षरातीतको सत् अङ्ग अक्षरब्रह्म र आनन्द अङ्ग श्यामा र ब्रह्म प्रिया हुन्। अक्षरातीत ब्रह्म श्यामा र बाह्र हजार ब्रह्म प्रियाहरूसँग आनन्द लीलामा रहन्छन्– एकाकी न रमते। आनन्द लीला भन्नु प्रेमलीला हो। अक्षरातीत धाममा प्रेमलीला नै प्रेमलीला मात्र छ।

आनन्द लीलाका समयमा ब्रह्मप्रियाले परमात्माभन्दा आफ्नो प्रेम बढी रहेको अनुभूत गरे। परमात्माको प्रेमभन्दा बढी ब्रह्मप्रियामा रहने होइन। अक्षर ब्रह्मलाई प्रेमलीला हेर्ने र ब्रह्मप्रियालाई अक्षरको दुःखपूर्ण सृष्टि हेर्ने इच्छा उत्पन्न भएपछि उक्त दुई इच्छा पूर्ण पार्न मानिस हाल बसोबास गरि आएको यो क्षर ब्रह्माण्डको सृष्टि भएको हो। यस सृष्टिमा ब्रह्मप्रियाहरूको सुरता संसारका मानिसको आत्मामा प्रवेश गरेर यो दुःखपूर्ण लीला हेरेर यतै अलमलिएर जन्म जन्म प्रकृति पूजा, भूतप्रेत पूजा, विभिन्न देवी देवताहरूको पूजा गरेर दुःखमा अलमलिइ रहेका देखे। परम ब्रह्म परमात्माले द्वापर युगमा कृष्णका रूपमा व्रजमा आएर एघार वर्ष बाउन्न दिनसम्म कालयामाको ब्रह्माण्डमा ब्रह्मप्रियाहरूसँग बाललीला गरे। शरद् पूर्णिमाका अवसरमा योगमायाको ब्रह्माण्डमा रासलीला गरे। अहिले यो जागनी लीलाको ब्रह्माण्ड हो। बाललीला र रासलीला ब्रह्मप्रियाहरूको दुःख हेर्ने इच्छा पुरा नभएकोले यो तेस्रो जागनी लीलाको ब्रह्माण्डमा आएका हुन्। ती ब्रह्मप्रियाहरूलाई आफ्नो वास्तविक स्वरूपमा जगाउन परबह्म परमात्मा कृष्णले सद्‌गुरु देवचन्द्रलाई पठाएका हुन्। सदाचार, निर्गुण आहार, अनन्य भक्तिका माध्यमबाट तिनीहरू जाग्ने छन्।

सद्‌गुरु देवचन्द्रले आफूले पाएको उक्त ज्ञानको प्रचार गर्ने क्रममा पहिलो शिष्य गाङ्गजी भाइलाई पाए। त्यसपछि उनले आफ्नो ज्ञान ३१२ जना शिष्यहरूलाई दिए। ती ३१२ जनामध्ये एक जना थिए- महामति प्राणनाथ, जसको नामकरण भएको थियो- मिहिरराज ठाकुर। उनी पिता केशवराय र माता धनवाईको काइँला छोराका रूपमा वि.स. १६७५ आश्विन कृष्ण चतुर्दशीका दिन जामनगरमा जन्मेका हुन्। पिता जामनरेशको दिवान (मन्त्री) रहेकाले उनले बाल्यकालमा दुःख भोग्नु परेन। सद्‌गुरुहरूद्वारा स्थापित श्री ५ नवतनपुरी धाममा दैनिक रूपमा साल्दाजु गोवर्धन ठाकुर सद्‌गुरुको सत्सङ्गमा जाने गरेको थाहा पाएर वि.सं. १६८७ मार्गशुक्ल नवमीका दिन बाह्र वर्षको हुँदा सद्‌गुरु देवचन्द्रका सत्सङ्गमा पुगे। सद्‌गुरुले मिहिरराज ठाकुरलाई आफ्नो शिष्यत्वमा लिएर विभिन्न शास्त्रहरूका साथै परब्रह्म परमात्माबाट प्राप्त ज्ञानको ढुकुटी जिम्मा दिए। सद्‌गुरुले सांसारिक ज्ञानको अनुभव लिन मिहिरराजलाई गुजरात र अरब पनि पठाए। बिचमा नौ वर्ष गुरु शिष्यको भेट भएन। आफ्नो संसारको समय सकिन लागेपछि सद्‌गुरुले शिष्य मिहिरराजलाई बोलाए। बाइस दिनसम्म गुरु शिष्यको अन्तरङ्ग आध्यात्मिक सत्सङ्ग चल्यो। ब्रह्मप्रिया जगाउने, सम्पूर्ण

शास्त्र अध्ययन गर्ने र संसारलाई जगाउने दायित्व दिएर वि.सं. १७१२ अनन्त चतुर्दशीका दिन सद्‌गुरु देवचन्द्रले आफ्नो पार्थिव शरीर त्याग गरे । आफ्नो सुरता परम धामतिर फर्काए ।

सद्‌गुरुको शेषपछि मिहिरराज ठाकुरले धर्म र कर्म साथसाथै लिएर जानु पर्‍यो । सद्‌गुरुबाट प्राप्त तारतम ज्ञानलाई सर्वसाधारणले बुझ्ने रूपमा सत्सङ्‌ग गर्ने र जाम नरेशकहाँ मन्त्रीको कार्यभार समाल्ने दुबै दायित्वलाई निष्ठाका साथ जीवन यात्रा अघि बढाउँदा उनीमाथि तीन पटकसम्म सांसारिक झन्झटले सतायो । जामराजाको कारागारमा बस्नु पर्‍यो, मुद्दा खेप्नु पर्‍यो, स्त्रीभेषमा कारागारबाट भाग्नु पर्‍यो । त्यसपछि मिहिरराज ठाकुरले सांसारिक व्यवहारको कार्यभार नगर्ने निश्चय गरेर सद्‌गुरुको अन्तिम निर्देशन अनुसार धर्मक्षेत्रमा मात्र आफ्नो जीवन र समय अर्पण गरे ।

मिहिरराज ठाकुर धर्म प्रचारको सिलसिलामा उत्तर पश्चिम भारतको डयू, पोरबन्दर, पाटन, माडवी, भुज, नलिया, ठट्टा नगर, लाठी बन्दर तथा अरबको मस्कल, अब्बासी पुगे । पुनः भारतको नलिया, धोराजी, धोधा, सुहाली हुँदै सुरत आइपुगे । गुरूपुत्र विहारीसँग धर्म प्रचारको शैलीमा मतभेद भएपछि सुरतका साथीहरूको सल्लाह अनुसार श्री ५ महामङ्‌गलपुरी धामको स्थापना गर्दै आफ्नो प्रचार अघि बढाए । सुरतमा गादीमा राखेर साथीहरूले उनलाई महामति प्राणनाथ नामले सम्बोधन गर्न थाले । सुरतबाट उनी सिद्धपुर हुँदै मेरता पुगे । मेरतामा एक दिन उनले मस्जिदबाट आएको आवाज सुने- ला इलाह इल्लिलाह । गीताको क्षर, अक्षर र उत्तम पुरुषलाई इस्लामीहरूले ला (क्षर), इल्लाह (अक्षर) र इल्लिलाहलाई (उत्तम पुरुष) भनेको अर्थमा बुझेर महामति प्राणनाथले पश्चिमी धर्म ग्रन्थहरू विशेषतः कुरआनको व्यापक अध्ययन गरे । पश्चिमी धर्म ग्रन्थहरूमा भाषाको मात्र भिन्नता रहेछ- वेद र कुरंआनले एक पूर्ण ब्रह्म परमात्मालाई आ-आफ्नो भाषामा पुकारेका रहेछन् । विभिन्न देवी देवतालाई फरिस्ता भन्दा रहेछन् भन्ने कुरा यथार्थ परिचय प्राप्त गरे ।

त्यस समयमा भारतमा औरङ्‌गजेबले शरियतका आधारमा शासन गर्ने गरेका थिए । हिन्दू र इस्लाम बाहिरका मानिसमाथि व्यापक अत्याचार गरि रहेको थियो । हिन्दूहरूको जनै फालि दिने, मन्दिर भत्काउने, जजिया कर तिर्न नमान्नेलाई जबरजस्ती मुसलमान बनाउने अभियान चलाएको थियो । महामति प्राणनाथ कुरआनका माध्यमबाट औरङ्‌गजेबलाई सम्झाउने प्रयत्न गर्न दिल्ली आए । त्यस वेला सिखहरूका नवौं गुरु तेज बहादुरको बलिदान भएको तीन वर्ष जति हुँदै थियो । महामति प्राणनाथले कुरआनका आयतहरू फारसीमा लेखाएर यहाँ हिन्दू र गैर मुस्लिममाथि अत्याचार गर्नु कहाँ भनेको छ भन्ने प्रश्न आफ्ना शिष्यहरू मार्फत औरङ्‌गजेब कहाँ पुऱ्याउने प्रयत्न गरे तर सफलता प्राप्त भएन । त्यसै वेला हरिद्वारमा महाकुम्भको मेला लाग्दै थियो । महामति प्राणनाथ दिल्लीको कामलाई स्थगित गरेर हरिद्वारतर्फ लागे । हरिद्वारमा औरङ्‌गजेबले उपद्रो मच्चाउने प्रयत्न गर्‍यो तर सफल भएन ।

हरिद्वारमा दशनाम संन्यासी, वैष्णवका चार सम्प्रदाय, अरहन्त, चौरासी सिद्धका शिष्यहरू लगायत हिन्दू धर्मका प्रायः सबै सम्प्रदायका विद्वान् सन्तहरूले महामति प्राणनाथको अपूर्व सन्देश सुनेर शास्त्रार्थ गर्ने निर्णय गरे। महामति प्राणनाथको ती सबै सम्प्रदायका विद्वान्हरूसँग शास्त्रार्थ भयो। महामति प्राणनाथले क्षर, अक्षर, अक्षरातीत, पूर्ण ब्रह्म, सच्चिदानन्द, शुद्ध साकार, परम धाम आदिको शास्त्रीय प्रमाण दिएर परमात्माको एकेश्वरवाद र अन्य देवी देवताहरूको विभूति स्वरूपबारे यथार्थ ज्ञान दिए। सबै सम्प्रदायका विद्वान्हरूले मिलेर महामति प्राणनाथलाई विजयाभिनन्द निष्कलङ्क बुधावतार पदले अलङ्कृत गरे।

महामति प्राणनाथ दिल्ली फर्के। औरङ्गजेवलाई कुरआन र आफूमा आखिरतको इमाम मेहदी अवतीर्ण भएको कुरा सम्झाउने प्रयत्न फेरि दोहोऱ्याए। औरङ्गजेबका काजीहरूले उसलाई महामतिको प्रत्यक्ष सन्देश सुन्न दिएनन्। औरङ्गजेबले महामति प्राणनाथको सन्देश पर्चाका माध्यमबाट मात्र पायो। औरङ्गजेबका विरुद्ध हिन्दू राजाहरूलाई सङ्गठित गरेर अघि बढ्ने विचारले महामति प्राणनाथ विभिन्न हिन्दू राजाहरूलाई जगाउने सन्देश दिँदै गए। धेरै राजाहरूले औरङ्गजेबका विरुद्ध जाने आँट गरेनन्। उदयपुरका राजाले महामतिलाई उदयपुर छोडि दिन बिन्ती गरे। त्यहाँबाट महामति प्राणनाथ आफ्ना धेरै शिष्य लिई निर्गुण भेष धारण गरेर मन्दसौर, सीतामऊ, नौलाइ उज्जैन, बुढानपुर हुँदै औरङ्गावाद तर्फ लागे। राजा भावसिंहले महामतिको सन्देश पाएर औरङ्गजेब विरुद्ध खडा हुन आँट गरे तर ती अल्पायु रहेछन्। महामति प्राणनाथ बुँदी, आकोट, कापस्तानी हुँदै राम नगर पुगे। राम नगरको राजाले पनि हिम्मत देखाएन। त्यहाँ देवकरण, शेख बदरवान उनका शिष्य बने। देवकरणबाट महाराजा छत्रसालसँग सम्पर्क भयो। मऊ भन्ने ठाउँमा भेट भएपछि छत्रसालले वि.सं. १७४० मा महामति प्राणनाथको शिष्यत्व स्वीकार गरे। पन्नामा राजधानी बनाए। महामति प्राणनाथको आशीर्वाद र राज तिलक पाएर महाराजा छत्रसालले चम्बल, नर्वदा, जमुना र टौँसका बिचको भू-भाग मुगलबाट जितेर स्वतन्त्र बुन्देल खण्ड राज्य निर्माण गरे। पछि छत्रसाल विरुद्ध आक्रमणको तयारी गरि रहेको आफ्नो छोरालाई औरगङ्गजेबले लेखेको पत्र यदुनाथ सरकारले औरङ्गजेबको इतिहासमा उल्लेख गरेका छन्- बुन्देलखण्डमा आक्रमण नगर्नुमा छत्रसाललाई ईश्वरीय शक्तिको आशीर्वाद छ। महामति प्राणनाथ पछिल्लो समय पन्नामा बसे। बिचमा एक वर्ष चित्रकुटमा पनि बसे। महामति प्राणनाथले जामनगरमा कारावासमा बस्दादेखि पन्नामा आएर रहँदासम्म तारतम वाणी अवतीर्ण भएको छ। तारतम वाणीलाई महामति प्राणनाथले परम धामबाट आएका वचनका रूपमा लिएका छन्। वि.सं. १७५१ को श्रावण कृष्ण चतुर्थीमा पन्नामा उनको चोला उठ्यो। पन्नामा महामतिको निर्देशनमा धर्मको झन्डा स्थापित हुनुका साथै गादीस्थान श्री ५ पद्मावतीपुरी निर्माण गरियो।

श्रीकृष्ण प्रणामी धर्मले अहिंसालाई धर्म धारण गर्नुको पहिलो आधार मानेको छ। अहिंसाका साथै महामति प्राणनाथले आफ्ना शिष्यहरूलाई भनेका छन्- तमाखु पिउन छोडि देऊ, मादक पदार्थ र लागु पदार्थ, दुर्व्यसन छोड, परस्त्री/परपुरुष गमन छोड, कुनै प्रकारको चोरी कहिल्यै नगर। तमाखु भन्नाले सुर्तीजन्य सबै कुरा आउँछन्। बिँडी, चुरोट, जर्दा, गुट्खा, हुक्का आदि सम्पूर्ण कुरा छोडेपछि विभिन्न रोगहरूबाट मुक्त हुने कुरा त छँदै छ। मानसिक विकारहरू पनि क्रमशः हट्दै जान्छन्। माछा मासु डिम्बा आदि नखाँदा मानिसमा सात्त्विकपनको विकास हुन्छ। कुनै प्रकारको हिंसातिर मन जाँदैन। मादक पदार्थ, लागु पदार्थ/दुर्व्यसनका अगणित दोषहरू हुन् र त्यसमा मूलचाहिँ मानिसमा संसारको व्यवहार गर्ने शक्ति रहँदैन भने धार्मिक र आध्यात्मिक विकासको कुरै टाढा पुग्दछ। शास्त्रहरूमा एक पति वा पत्नीमा स्थिर रहनुलाई पनि ब्रह्मचर्य भनिएको छ। ब्रह्मचर्य आध्यात्मिक विकासका निमित्त अनिवार्य सर्त हो। चोरी भन्नाले सबै प्रकारका चोरीहरू पर्दछन्। व्यवहारमा चोरी, करमा चोरी, कानुनमा चोरी, अर्काको सम्पत्तिमा चोरी जस्ता विविध प्रकारका चोरीबाट मानिसले अलग बस्नु पर्दछ। मानिसको आचरण सम्बन्धमा महामति प्राणनाथले दिएको निर्देशन सङ्क्षेपमा यिनै हुन्।

कृष्णदत्त शास्त्रीका[१९७] अनुसार महामति प्राणनाथले सम्पूर्ण शास्त्रहरूको सार ग्रहण गरी श्रीकृष्ण प्रणामी धर्मका बाह्र वटा विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेका छन्। सम्प्रदाय सिद्धान्त नामले जानिने ती सिद्धान्तहरू यस प्रकार छन्-

१) पूर्ण ब्रह्म सच्चिदानन्द, धर्मावच्छिन्न, शुद्ध साकार, नित्य दिव्य विग्रह, किशोर स्वरूप, स्वलीलाद्वैत, अखण्ड धाम लीलादि अनन्त सामग्री एवम् अनन्त शक्ति सम्पन्न हुनु हुन्छ।

२) परब्रह्म प्राप्तिको साधना अनन्य प्रेम लक्षणा भक्ति हो।

३) अक्षर ब्रह्मको इच्छा मात्रले समुत्पन्न यो पाञ्च भौतिक जगत् अष्टावरण सहित प्रकृति पर्यन्त अनित्य छ।

४) जगत्मा मुख्यतः तीन प्रकारका जीवहरू छन्- ब्रह्मसृष्टि, ईश्वरीय सृष्टि र जीव सृष्टि। शास्त्रले तिनीहरूलाई वास्तवी वा नित्ययुक्त, अनिर्वचनीय वा मुमुक्षु र तुच्छा वा बद्धयुक्त भनेको छ। कुरआनले तिनीहरूलाई मोमिन, मुतकी र एनुलएकिन भनेको छ। बाइबलमा चाहिँ पीपल अफ् स्पिरिट, पीपल अफ् वाटर र पीपल अफ् फ्लेश भनेको छ।

५) द्विभुज बालक प्रकट भएयता नन्दघर प्रवेशदेखि एघार वर्ष बाउन्न दिनसम्म कृष्णमा अक्षरातीत परब्रह्म परमात्माको शक्ति रह्यो। त्यसपछि एघार दिन अक्षर ब्रह्मको शक्ति रह्यो। कृष्णले राज पोसाक धारण गरेपछि कृष्णमा विष्णुको शक्ति मात्र रहेको हो।

६) रासलीलाका तीन भेदहरू छन्- वास्तवी, प्रतिभासिकी र व्यावहारिकी।

---

१९७ शास्त्री (२०१०), पृ. ५

७) क्षर, अक्षर र उत्तम पुरुष गरी ब्रह्मका तीन भेदहरू छन् । क्षर अनित्य छ, अक्षर नित्य अविनाशी छन् । अक्षरातीत उत्तम पुरुष परात्पर नित्य अखण्ड छन् । अक्षर र अक्षरातीतमा लीलाभेद मात्र छ । यी दुई पुरुष आगामी भावले एक छन् ।

८) परमात्मा श्रीकृष्णले सद्गुरु देवचन्द्रलाई प्रदान गर्नु भएको तारतम मन्त्र अखण्ड मोक्षपद दिलाउने मन्त्र हो ।

९) तारतम वाणी अखण्ड मुक्तिदायक परमात्माको स्वरूप वर्णनले युक्त उपास्य ग्रन्थ हो ।

१०) मूर्ति पूजा, ग्रन्थ पूजा र मानसी पूजामा मानसी पूजा उत्तम, ग्रन्थ पूजा मध्यम र मूर्ति पूजा निम्न स्तरको मानिएको छ । औसत मानिसको भावनात्मक आवश्यकतालाई दृष्टिगत गरी तारतम वाणी लगायतका धर्मग्रन्थहरूमा परमात्माको स्वरूप प्रतिष्ठित मानी पूजा गरिन्छ ।

११) समस्त आप्त ग्रन्थहरू गौरव लाघव पूर्वक प्रमाण हुन् ।

१२) शब्द, अनुमान, उपमान र प्रत्यक्ष गरी चार प्रमाण मध्ये शब्द प्रमाणबाट मात्र ब्रह्मबोध हुन्छ ।

महामति प्राणनाथका उपर्युक्त सिद्धान्त र तारतम वाणीबाट प्राणनाथको दर्शन छुट्याउँदा सङ्क्षेपमा निम्न बमोजिमको बुँदा सङ्कलन गर्न सकिन्छ[१९८]-

१) **स्वलीला द्वैत-** परब्रह्मले उहाँका लीला प्रकट गर्दा द्वैत प्रतीत हुन्छ । द्वैतरूप लीला हो, परब्रह्म अद्वैत हुनु हुन्छ । त्यसैले परब्रह्म स्वलीला द्वैत हुनु हुन्छ ।

२) **माधुर्य वा प्रेम लक्षणा भक्ति-** ब्रह्माण्डमा गोपीहरूले कृष्णका प्रति गरेको भक्तिको प्रेम अष्टधा र नवधा भक्तिभन्दा उच्चतम स्तरको भक्ति हो । यो भक्तिबाट मात्र परब्रह्म परमात्मा प्राप्त गर्न सकिन्छ ।

३) **क्षर, अक्षर र अक्षरातीत-** ब्रह्मका तीन भेदहरूमध्ये क्षर अनित्य छ । अक्षर नित्य छन् । अक्षरातीत परात्परलाई पुरुषोत्तम नाम दिइएको छ ।

४) **शुद्ध साकार-** पूर्ण ब्रह्म परमात्मा साकार र निराकारभन्दा पर शुद्ध साकार रूपमा विद्यमान हुनु हुन्छ ।

५) **सच्चिदानन्द स्वरूप-** परब्रह्म परमात्मा सत्, चिद र आनन्दले परिपूर्ण हुनु हुन्छ । सत् अंश अक्षर ब्रह्म, चित् अंश परम धाम र आनन्द अंश श्यामा र ब्रह्मप्रिया हुन् ।

६) कृष्णका तीन लीलाहरू छन् । परब्रह्म परमात्माको शक्तियुक्त ११ वर्ष ५२ दिनको लीला, अक्षरको शक्तियुक्त एघार दिनको लीला र त्यसपछि विष्णुको शक्तियुक्त लीला ।

७) ब्रह्मप्रियाहरूलाई दुःखको लीला देखाउन तीन वटा ब्रह्माण्डको रचना भयो । व्रजको ब्रह्माण्ड, रासको ब्रह्माण्ड र जागनीको ब्रह्माण्ड ।

---

१९८ प्रभात (२०७०), सापकोटा (२०७१)

८) तिन प्रकारका सृष्टिहरू यस जगत्मा आएका छन्। परम धामबाट ब्रह्मसृष्टि, अक्षरधामबाट ईश्वरी सृष्टि र बैकुण्ठबाट जीवसृष्टि ।

९) शास्त्रहरूको समन्वित अध्ययन गरेमा सबैले मूल रूपमा एउटै कुरा भनेका छन्-

   क) परमात्मा एक छन् । विभूतिहरू अनेक छन् ।

   ख) पहिला आफू (आत्मा वा सृष्टि) लाई चिन ।

   ग) सेवाबाट परब्रह्म प्राप्त हुन्छ ।

   घ) विश्व बन्धुत्व मानवको समान उद्देश्य हो ।

   ङ) अहिंसा, सदाचार र प्रेम (अनन्य भक्ति) परमात्मा प्राप्तिका साधन हुन् ।

महामति प्राणनाथले विभिन्न समयमा परमात्माका आवेशले तारतम वाणी प्रणयन गरेका छन् । चौध वटा ग्रन्थ, ५१९ प्रकरण र १८७५८ चौपाइहरू तारतम वाणीमा सङ्कलित छन् । तारतम वाणीमा छ हजार जति चौपाइहरूले पौरस्त्य धर्मग्रन्थहरूको गहन चर्चा गरेका छन्, अन्य छ हजारजति चौपाइहरूले परब्रह्म परमात्मा र परम धामको विशद वर्णन गरेका छन्, छ हजार जति चौपाइहरूले पश्चिमी धर्मग्रन्थहरूको विवेचना गरेका छन् । शास्त्रहरूमा परम धामको सङ्केत पाइन्छ । ती सङ्केतहरूले निर्देश गरेको परम धामको वर्णन चाहिँ तारतम वाणीमा मात्र पाइन्छ । तारतम वाणीका चौध ग्रन्थ र ती ग्रन्थहरूमा प्रयुक्त भाषा, प्रकरण र चौपाइहरूको सङ्ख्या यस प्रकार छ[१९९]-

ग्रन्थ	प्रकरण	चौपाइ	भाषा
१. रास	४७	९०७	गुजराती
२. प्रकाश	३६	१०६४	गुजराती
प्रकाश	३७	११८५	व्रज मिश्रित खडी हिन्दी
३. षट्ऋतु	१०	२३०	गुजराती
४. कलश	१२	५०६	गुजराती
कलश	२४	७७१	व्रज मिश्रित खडी हिन्दी
५. सनन्ध	४२	१६९१	अरबी, खडी हिन्दी
६. किरन्तन	१३३	२१०३	व्रज मिश्रित खडी हिन्दी, गुजराती, सिन्धी
७. खुलासा	१८	१०२०	फारसी, खडी हिन्दी
८. खिलवत	१६	१०७४	खडी हिन्दी
९. परिक्रमा	४३	२४८	व्रज मिश्रित हिन्दी, फारसी, उर्दू
१०. सागर	१५	११२८	हिन्दी
११. सिनगार	२९	२२१०	खडी, हिन्दी
१२. सिन्धी	१६	६००	सिन्धी, हिन्दी

१९९ प्रियाचार्य (२०१०), पृ. १५४३

१३. मारफत	१४	१०३४	खडी हिन्दी, फारसी, उर्दू
१४. क्यासतनामा	२/२४	७४८	खडी हिन्दी, फारसी, उर्दू (सानो/ठुलो)

तारतम वाणीदेखि बाहेक यस धर्मका विद्वान्हरूले लेखेका अन्य ग्रन्थहरूमा वीतक, वृत्तान्त मुक्तावली, नवरङ्गवाणी आदि मुख्य हुन् । ती धर्मग्रन्थहरू इ.सं. १९६६ अघि हस्तलिखित रूपमा थिए। पछि विभिन्न विद्वान्हरूद्वारा विभिन्न ग्रन्थहरू लेखिएका छन्। विभिन्न विश्व विद्यालयहरूबाट पी.एच्.डी.का निमित्त लेखिएका शोध ग्रन्थहरू दश वटा जति पाइन्छन्। नेपाली भाषामा पनि विद्वान्हरूका कृतिहरू उपलब्ध छन्[२००] ।

यस धर्मका प्रमुख तीन धामहरू- श्री ५ नवतनपुरी धाम, श्री ५ महामङ्गलपुरी धाम र श्री ५ पद्मावती पुरी धाम हुन्। यस धर्मका प्रमुख पीठहरू बाह्र वटा मानिन्छन्। यस धर्मका प्रमुख पर्वहरूमा हिन्दू धर्मावलम्बीले मानेका सात्त्विक पर्व बाहेक सद्गुरु र महामतिका जन्म र परम धाम गमन दिवसहरू मुख्य छन्। श्रावण कृष्ण पञ्चमीदेखि भाद्र कृष्ण सप्तमीसम्म वीतक चर्चा गरिन्छ।

२०० सापकोटा (२०६२), पृ. २१

बहाई धर्म

दुई विशिष्ट द्रष्टाहरूद्वारा इरानमा विकसित गरिएको बहाई धर्म उन्नाइसौं शताब्दीमा आएकाले संसारमा बहाई धर्म नवीनतम मानिन्छ[२०१]। भगवान्द्वारा मानव समाजको कल्याणका निमित्त प्रदत्त मानिएको यस धर्मका प्रथम द्रष्टा सैयद अली मुहम्मद (१८१९-१८५०) जसलाई बाब (द्वार) भनेर सम्बोधन गरिन्छ। उनी पैगम्बर मुहम्मदका वंशज हुन्। उनी संसारका धर्मग्रन्थहरूमा भगवान्को सन्देश लिएर आउने भविष्यवाणी गरिएका ईश्वरको अवतारको आगमनको सूचना दिन आएको मानिन्छ। उनको सन्देशलाई इरानका धनी-गरिब, शिक्षित-निरक्षर सबै तहका मानिसले माने। उनको प्रेम र गरिबमाथि करुणाको सन्देशले इरानमा धेरै मानिस आकर्षित भए। त्यसको ईर्ष्याले बाबका शिष्यहरू माथि सरकारद्वारा मुद्दा चलाइयो र १८५० मा बाबलाई एक शिष्यका साथ प्राणदण्ड दिइयो।

बाबपछि उनको सन्देश इरानका शाहका एक जना धनी र उच्च वर्गका मन्त्रीका छोरा बहाउल्लाहले प्रचारित गरे। उनलाई इस्लाम साहित्य, कविता र लिपि सिकाइएको थियो। उनी तीव्र बुद्धिका थिए। सात वर्षको हुँदै उनले शाहको दरबारमा एउटा सम्पत्तिको विवादको निरूपण गरेर सबैलाई छक्क पारेका थिए। उनको सानै उमेरमा धनी कन्यासँग विवाह भए पनि उनीहरूले सामान्य जीवन यापन गरे। गरिब र असहायलाई सहयोग गरेकाले उनीहरूलाई गरिबका मातापिता भनिन्थ्यो।

सन् १८४४ को ग्रीष्ममा बाबका सन्देशहरू पढेपछि बहाउल्लाहले धनी गरिबको असमानता घटाउने आन्दोलन चलाए। त्यस वेला उनी २७ वर्षका थिए। उनलाई गिरफ्तार गरियो, मुद्दा चलाइयो र देश निकाला गरियो। जेलमा छँदा एक पटक उनलाई बाबले भनेको ईश्वरको अवतार आफू भएको अनुभव भयो। इरानबाट देश निकाला भएपछि उनी इराक गएर दश वर्ष आफ्नो धर्मको प्रचार गरे। धेरै पुस्तक लेखे, धेरैलाई पवित्र, इमानदार र उच्च नैतिक आचरणका अनुयायी बनाए। कन्स्टान्टिनोपलमा निष्कासन हुनुअघि उनले आफूलाई सबैले पर्खेका अवतारको रूपमा औपचारिक घोषणा गरे। इरानका शासकले उनको लोकप्रियता देखेर उनलाई एड्रियानोपोलमा निष्कासन गरे। त्यहाँबाट उनले युरोपका शासकहरूलाई आफ्नो आगमनको कुरा, उनले स्थापित गरेको नयाँ व्यवस्था र विश्व शान्तिको सिद्धान्त पालन गर्न पत्राचार गरे।

---

२०१ सोमानी (१९९२), पृ. ९

इरानीहरूले उनलाई प्यालेस्टाइनमा निष्कासन गर्ने प्रवन्ध मिलाए तर उनको लोकप्रियता अझ बढ्यो । सन् १८९२ मा उनले आफ्ना हजारौँ शिष्यका माझमा अन्तिम श्वास लिए ।

उनका जेठा छोरा अब्दुल वाहाको सन् १८४४ मा जन्म भएको थियो । उनले आफ्ना पिताबाट उनको सिद्धान्त र आदर्श सिकेका थिए । बहाउल्लाहले उनलाई उत्तराधिकारी नियुक्त गरे । अब्दुल वाहा सन् १९११ मा इङ्गल्यान्ड गए । त्यहाँ प्रवचन दिँदै युरोप र अमेरिकामा आफ्नां पिताको आदर्श र सिद्धान्तको प्रचार गरे । आज यस धर्मका संसारमा ३४३ भन्दा बढी स्थानहरूमा केन्द्र छन् । यस धर्मको मूल सिद्धान्त मानवताको एकता, विभिन्नतामा एकता तथा एक विश्व धर्मको स्थापना हो । बहाउल्लाहले भनेका छन्- पृथ्वी एउटा देश हो, मानव जाति यसका नागरिक हुन् । अब्दुल वाहाले भनेका थिए- ईश्वरले आजको चेतनशील युगमा मानिसको एकत्व र धर्मको मौलिक एकताको उपहार दिएका छन् । बहाईहरू हरेक युगको आवश्यकता अनुसार कृष्ण, जरथुस्त्र, मूसा, बुद्ध, ईसा, मुहम्मद र वहाउल्लाह जस्ता अवतारहरू ती आवश्यकता पुरा गर्न ईश्वरले पठाउँछन् भन्ने कुरामा विश्वास गर्दछन् र वहाउल्लाह विभिन्न धर्म, जाति, वर्ग, रङ्गको भेदभाव मेटेर मानव एकता स्थापित गर्न आएका अन्तिम अवतार हुन भन्ने मान्दछन् ।

वहाईहरूको असल जीवन यापनका निम्न सिद्धान्त छन्[२०२]-

१) व्यवहार- मानिसले इमानदार प्रेमी, दानी र क्षमाशील हुनु पर्दछ । सम्पत्ति र गरिबीबाट प्रभावित हुनु हुँदैन ।
२) प्रार्थना र उपवास- प्रार्थना र उपवासले मानिसको आध्यात्मिक र शारीरिक नवीकरण गर्दछ ।
३) मानवताको सेवा- दैनिक कामलाई ईश्वरको सेवा मान्नु पर्दछ ।
४) उपदेशक- यस धर्ममा कुनै उपदेशक हुने छैन । प्रत्येक मानिसले आदर्श र उच्च आचरणमा रहेर अरूलाई बहाई सन्देश दिन सक्तछ ।
५) नशालु पदार्थ र लागु पदार्थबाट टाढा रहनु पर्दछ ।
६) आज्ञा पालन- बहाईहरूले आफू बसेको देशको कानुन पालन गर्नु पर्दछ र शान्तिपूर्ण समाधान खोज्नु पर्दछ ।
७) नयाँ रूपको देशभक्ति- आफ्नो देशको माया गर्नुमा मात्र होइन सारा संसारको माया गर्नुमा गर्व हुनु पर्दछ ।

२०२ विभिन्न लेखकहरू (१९९२), पृ.

धर्म सापेक्ष र धर्म निरपेक्ष

विश्वको मानचित्रमा प्रचलित धर्महरूको र धर्मावलम्बीहरूको सङ्ख्या बुझाउने चित्रहरू उपलब्ध छन्। विभिन्न रङ्गले छुट्ट्याइएको भू-भागमा अधिकांश भू-भागमा इसाई धर्म/धर्मावलम्बीहरूको बसोबास देखिन्छ। दोस्रो ठूलो भू-भागमा इस्लाम धर्म/धर्मावलम्बीहरूको बसोबास देखाइएको पाइन्छ। तेस्रो ठुला सङ्ख्या हिन्दूहरूको देखिन्छ। त्यसरी नै बौद्ध, सिख, यहुदी, कन्फुसियस, ताओ, सिन्तो, पारसी, बहाई आदि धर्म/धर्मावलम्बीहरू संसारका विभिन्न भू-भागमा बसोबास गर्दै आएका छन्। उक्त धर्म बाहेक आदिम कालदेखि मानिएका धर्म मान्नेहरूको सङ्ख्या पनि संसारमा पर्याप्त छ। सर्सर्ती हेर्दा भारत, नेपाल, भुटान र फिजीमा हिन्दू धर्मावलम्बीहरूको सङ्ख्या बढी देखिन्छ। श्रीलङ्का, मङ्गोलिया, बर्मा (म्यान्मार) लाओस, कोरिया, थाइल्यान्ड र भियतनाममा बौद्ध धर्मावलम्बीहरूको सङ्ख्या बढी छ। चीनमा चिनियाँ (कन्फुसियस) धर्म मान्ने धेरै छन्। जापानमा सिन्तो धर्मावलम्बीहरूको सङ्ख्या बढी छ। उत्तर र दक्षिण अमेरिका, युरोपमा पूर्व रसियासम्म, दक्षिण पश्चिम अफ्रिकी मुलुक अस्ट्रेलिया, न्युजिल्यान्ड र पूर्वी इन्डोनेसियामा इसाई धर्म/धर्मावलम्बीहरू बढी छन्। इन्डोनेसिया, मलसिया, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान, इरान, इराक, मध्यपूर्व, उत्तर दक्षिणपूर्व अफ्रिकामा इस्लाम धर्म मान्नेहरू अत्यधिक सङ्ख्यामा पाइन्छन्। माडागास्कर, जिम्बाबे, बोत्स्वाना, घाना, आइभोरीकोस्टतिर आदिम (Primal) धर्म मान्नेहरूको सङ्ख्या बढी छ[२०३]। आजको विश्व बन्धुत्वकरणको समयमा संसारका धेरै मुलुकहरूमा धेरथोर सबै प्रकारका धर्म मान्ने मानिस बसेका छन् भन्दा हुन्छ।

धर्म सापेक्ष, धर्म निरपेक्ष र सर्वधर्म समभाव राज्य (State) र राजनीतिसँग सम्बद्ध शब्दावली हुन्। राज्यले माथि भनिएका कुनै धर्म विशेषलाई आफ्नो मान्नु धर्म सापेक्ष हो भनेर सङ्क्षेपमा बुझ्न सकिन्छ। देशको संविधान र कानुन कुनै धर्म विशेषबाट निर्देशित र नियन्त्रित छ, राष्ट्र प्रमुख र राज्यले कुनै धर्म विशेषलाई मात्र राष्ट्रिय महत्त्व दिन्छ एवम् अन्य धर्मप्रति राज्य भेदभावपूर्ण व्यवहार गर्दछ भने त्यो धर्म सापेक्ष (Theocratic) मुलुक मानिन्छ।

राज्य कुनै धर्म विशेषसँग संवैधानिक रूपले तटस्थ रहने, राज्यले कुनै धर्म विशेषलाई प्रवर्धन वा हस्तक्षेप नगर्ने, राज्य र नागरिका बिचको सम्बन्ध

---

२०३ Oxford Atlas

धर्मका आधारमा होइन सबै धर्मप्रति भेदभाव रहित रूपमा नागरिकहरूलाई व्यवहार गर्ने, कुनै पनि व्यक्ति वा धार्मिक सङ्घ संस्थालाई आ-आफ्नो धर्म परिपालना गर्न वा धार्मिक गतिविधि सञ्चालन गर्न स्वतन्त्रता प्राप्त हुने व्यवस्थामा प्रतिबद्ध राज्य धर्म निरपेक्ष (Secular) राज्य मानिन्छ।

धर्म एउटा विवादित विषय हो। धर्मका नाउँमा संसारमा धेरै राम्रा कुराहरू भएका छन् तर थुप्रै नराम्रा कुराहरू पनि भएका छन् र कायम छन्। धर्मयुद्ध र जेहादका नाउँमा संसारमा जति धनजनको क्षति भएको छ त्यसको लेखाजोखा गर्ने हो भने कहाली लाग्छ। राज्यले नागरिकहरू वा धार्मिक संस्थाहरूका बिचमा भएको धार्मिक विवादमा कुनै कसैको पक्ष वा विपक्षमा लाग्नु, भेदभाव गर्नु वा निर्देशन गर्नु हुँदैन। सबैलाई समान व्यवहार गर्नु पर्दछ भन्ने राज्यको नीति हुनु पर्दछ भन्नु धर्म निरपेक्षता हो।

धर्म मान्ने व्यक्ति वा संस्थाका बिचमा विवाद आएमा राज्यले मध्यस्थताको भूमिका निर्वाह गर्नु पर्दछ। राज्यको भूमिका तटस्थ रहनु पर्छ। सबै धर्म मान्ने (Freedom to Practice and Profess) स्वतन्त्रता भएको राज्य धर्म निरपेक्ष राज्य हो। धर्म निरपेक्षता सम्बन्धमा केही मान्यताहरू छन्। तीमध्ये चार प्रमुख मानिएका छन्[२०४]- सकारात्मक (Positive), नकारात्मक (Negative), वास्तविक (Defacto) र कानुनी वा वैधानिक (Dejure)। सबै धर्मप्रति समान व्यवहार गर्ने, धर्मबाट टाढा नरहने, धर्मका आधारमा भेदभाव नगर्ने निरपेक्षता सकारात्मक निरपेक्षता हो र भने धर्ममा राज्यको सरोकार रहने छैन, धर्म व्यक्ति व्यक्तिको व्यक्तिगत भावना हो भनेर धर्मबाट टाढा रहने निरपेक्षता नकारात्मक निरपेक्षता हो। विधान वा कानुनमा धर्म निरपेक्षताको व्यवस्था रहे पनि व्यवहारमा राज्य कुनै धर्म विशेषप्रति विशेष व्यवहार गर्दछ भने त्यो वैधानिक वा कानुनी धर्म निरपेक्षता हो र विधान वा कानुनमा जे लेखिए पनि राज्यले व्यवहारमा सबै धर्मप्रति विना भेदभाव व्यवहार गर्दछ भने त्यो वास्तविक धर्म निरपेक्षता हो।

सर्वधर्म समभाव राजनीतिमा धेरै पछि आएको शब्दावली हो। यो सकारात्मक धर्म निरपेक्षताको समकक्षी हो भने पनि हुन्छ[२०५]। संसारमा भएका अनेकौं धर्महरू र हजारौं मत, सम्प्रदाय, पन्थहरूप्रति समान व्यवहार गर्ने अर्थमा यो शब्द आएको पाइन्छ। जसरी खुला राजनीतिमा हरेक नागरिकप्रति समान अधिकार, समान लाभ र समान अवसरको प्रत्याभूति जरुरी ठानिन्छ वा देखाइन्छ त्यसरी नै धर्मका प्रति पनि समान अधिकार, समान लाभ र समान अवसरको राज्यले प्रत्याभूति दिने कुरालाई सर्वधर्म समभाव (Religious Egalitarian)

---

२०४ ज्ञवाली (२०६८), पृ. ८४
२०५ वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यसँगको कुराकानीमा आधारित

मानिन्छ। भर्खरै भर्खरै कतिपय राजनेताहरूले यो शब्दावली प्रयोग गर्न थालेका छन्[२०६]।

पन्ध्रौं शताब्दीको अन्त्यतिर रोमको चर्चसँग सम्बद्ध संस्थाहरूले युरोपमा सम्पत्ति र भूमिको अत्यन्त ठुलो हिस्सा ओगटि सकेका थिए। फ्रान्स र जर्मनीमा सम्पूर्ण जग्गाको आधा हिस्सा चर्चको नियन्त्रण र स्वामित्वमा थियो। स्विडेन र बेलायतमा पाँच भागको दुई भाग जमिन चर्चको अधीनमा थियो। सम्पत्ति माथिको स्वामित्वका अधिकारका कारणबाट चर्चलाई राज्य सञ्चालन र राजनीतिमा ठुलो शक्ति प्राप्त भयो। चर्चमा आउने ठुलो सम्पत्तिले एकातिर राजनीतिक शक्ति पोप र उनका समर्थकहरूसँग थुप्रिन गयो भने अर्कातिर त्यस्तो सम्पत्तिको दुरूपयोग र भ्रष्टाचार पनि व्यापक रूपमा बढेर गयो। पोपहरूको राज्य सञ्चालनमा मात्र होइन युद्ध, राजनीति र कलाकृतिहरूमा पनि अधिकार बढेर गयो। पोपको नजिकका नातेदार र अवैधानिक सन्तानहरूले सम्पत्ति र शक्तिको व्यापक दुरूपयोग गरे, भ्रष्ट भए। त्यस वेला एउटा उखान नै प्रचलित भयो- छोरा बिगार्नु छ भने पूजारी बनाऊ। हजारौं पूजारीहरूका रखौटी थिए, जर्मनीमा त प्रायः सबै पूजारीहरूका। नैतिक धरातल गिरि रहेको थियो। भनिन्थ्यो यसुको उपदेश अब पाइन छोड्यो। पैसा मात्र चाहिन्छ, बप्तिस्मामा पैसा, विवाहमा पैसा, प्रायश्चित्तमा पैसा, अन्त्येष्टिमा पैसा। पैसा विना प्रार्थनाको घण्टी बज्दैन, अन्त्येष्टि हुँदैन र पैसा नहुनेको लागि स्वर्गको ढोका बन्द हुन्छ। यस्तो अवस्थामा सुधार ल्याउने प्रयत्न भए पनि पोपहरूले आफ्नो शक्तिका आधारमा त्यस्ता प्रयत्नहरू असफल बनाइ दिन्थे। तापनि चर्चभित्र र बाहिरबाट सुधारका प्रयत्नहरू हुँदै गए। विक्लिफ (Wycliffe) ले बाइबल अङ्ग्रेजीमा अनुवाद गरेर वितरण गरेपछि सुरु भएको सुधारको अभियानले राज्य सञ्चालनमा चर्चले लिएको शक्तिलाई कम गर्दै आए। जाँन हस, गिरोलामो साभोनारोलाहरूले यो प्रयत्नलाई अघि बढाए। सुधारले आन्दोलनको रूप लिएपछि इसाईहरू मूलतः चार भागमा विभाजन भए- रोमन क्याथोलिक, सुधारवादी (Calvinist), लुथरन र एङ्कलिकन। पछि गएर अन्य विभाजन हुँदै गएर एनावाप्टिष्ट (Anabaptist), मेनोनाइट्स (Mennonites), हटेराइट्स (Hutterits) प्युरिटन्स (Puritans) हुँदै प्लेस्वेस्टरियन, इपिस्कोपल, ब्याप्टिस्ट, कङ्ग्रेसनल आदि अनेकौं विभाजनमा बढेर गयो[२०७]।

मूलतः उक्त प्रयत्न र सुधारले के कुरा चाहिँ व्यवहारमा ल्यायो भने चर्च आफ्नो आध्यात्मिक क्षेत्रमा सीमित रहनु पर्दछ। राज्य र राजनीतिमा चर्चको भूमिका रहनु हुँदैन। राज्यले सबै इसाईहरू प्रति समान व्यवहार गर्नु पर्दछ। राज्य धर्मका कुरामा तटस्थ र मध्यस्थ बस्नु पर्दछ। पहिले निरपेक्ष इसाई

---

२०६ इन्दिरा गान्धीद्वारा सन् १९८१ मा प्रधान मन्त्रीका रूपमा दिइएको पहिलो सम्बोधन
२०७ विभिन्न लेखकहरू (१९९२), पृ. ३३१

(Secular Christianity) को कुरा विकसित भएर सबै धर्म सम्प्रदायप्रति राज्य निरपेक्ष हुनु पर्छ भन्ने मान्यता स्थापित हुन पुग्यो ।

निरपेक्ष शब्दको शब्दकोशले उदासीन अर्थ गरेको छ[२०८] । अङ्ग्रेजीमा Secular शब्दको अर्थ धर्मप्रति वा अध्यात्मप्रति सम्बन्ध नभएको, सांसारिक वा भौतिक, राज्य र चर्चका बिचमा विषमता आदि अर्थ गरेको पाइन्छ। Secularism भन्दा शिक्षा, नैतिकता जस्ता विषय धर्ममा आधारित हुनु हुँदैन भन्ने विश्वास बुझ्नु पर्ने देखाएको छ। राजनीति र राज्यमा धर्म निरपेक्षता त्यत्ति अर्थमा मात्र सीमित छ भन्न नमिल्ने कुरा माथि उल्लेख गरिएको तथ्यले देखाएको छ ।

महात्मा गान्धीले आफूलाई हिन्दू मानेका छन् तर उनको सम्पूर्ण जीवन अध्ययन गर्नेहरू उनी धर्म निरपेक्षताको सफल व्यावहारिक प्रयोग गर्ने विशिष्ट व्यक्तित्व हुन् भन्ने कुरा स्वीकार गर्दछन्[२०९] । भारतको विश्व विद्यालय शिक्षा आयोग १९५९ ले भनेको छ– To be secular is not to be religiously illiterate. It is to be deeply spiritual and not narrowly religious. धर्म निरपेक्षता भन्नु धार्मिक निरक्षरता होइन । गम्भीर आध्यात्मिक हुनु हो । सङ्कीर्ण धार्मिक हुनु होइन ।

राजनीतिमा प्रजातन्त्र, लोकतन्त्र, स्वतन्त्रताका कुराहरू व्यापक बन्दै गएपछि धार्मिक स्वतन्त्रतालाई उत्तिकै महत्त्व दिन थालियो । धार्मिक स्वतन्त्रता भन्दा व्यक्ति वा समुदाय दुबैलाई प्राप्त हुने स्वतन्त्रताको अधिकार पर्दछ[२१०] । धार्मिक स्वतन्त्रता भन्नाले आस्थाको स्वतन्त्रता (Freedom of Conscience) धार्मिक बहुलवाद (Pluralism), सहनशीलता (Tolerance) सरकारी तटस्थता (Government Neutrality) राज्य र धर्मका बिच पृथकीकरण (Separation of state and Religion) र धर्मबाट अलग रहने स्वतन्त्रता (Freedom from Religion) पर्दछन् ।

अन्तर्राष्ट्रिय स्तरमा धार्मिक स्वतन्त्रतालाई मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ ले समेटेको छ। त्यस घोषणामा भनिएको छ- प्रत्येक व्यक्तिलाई विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुने छ। आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रूपमा वा अरूसँग मिलेर तथा सार्वजनिक वा निजी रूपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने अधिकार रहने छ। त्यसरी नै सबै किसिमका जातीय भेदभावहरू उन्मूलन सम्बन्धी महासन्धिले विचार स्वतन्त्रता र धर्मको स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई प्रदान हुने व्यवस्था गरेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा

---

२०८ Encyclopedia Americana
२०९ डा. लोकराज बरालसँगको कुराकानीमा आधारित
२१० ज्ञवाली (२०६८), पृ. ८४

पत्रले धर्मका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ। बाल अधिकार सम्बन्धी महासन्धिले बाल बालिकाको विचार, विवेक र धर्मको स्वतन्त्रतालाई राष्ट्रले सम्मान गर्नु पर्ने कुरा औंल्याएको छ।

धार्मिक स्वतन्त्रताले व्यक्ति वा समुदायलाई धार्मिक अधिकार दिने कुरामा धेरै राष्ट्र र अन्तर्राष्ट्रिय समुदायले ठुलो महत्त्व दिएको कारणबाट राज्यले धर्मका बारेमा लिने नीतिलाई स्पष्ट गरेको पाइन्छ। धर्म सम्बन्धी नीति निर्धारण गर्दा राष्ट्रले धार्मिक स्वतन्त्रता प्रत्याभूत गर्नु पर्ने कुरा छँदै छ। धार्मिक स्वतन्त्रतालाई कसरी व्यवहारमा लागु गर्ने भन्ने विषय अत्यन्त महत्त्वपूर्ण कुरा हो। व्यक्ति वा समुदायले आफ्नो आस्थाको धर्मलाई अत्यन्त महत्त्व दिन्छ। व्यक्तिको धार्मिक भावनामा चोट पुग्दा विश्वमा ठुलठुला हिंसात्मक घटना मात्र होइन ठुलठुला विनाश पनि भएका छन्। ती सम्पूर्ण कुराको उपचार धर्म निरपेक्षता हो भन्ने निष्कर्षको फलस्वरूप राष्ट्रले धार्मिक स्वतन्त्रता प्रत्याभूत गर्छ र ,बहुधार्मिक स्वरूप स्वीकार गर्दछ भने धर्म निरपेक्षताले राष्ट्र, धार्मिक स्वतन्त्रता र बहुधार्मिक स्वरूपलाई स्थायी, समन्वित र संरक्षित राख्दछ भन्ने धारणाबाट राज्य धर्म निरपेक्ष हुनु पर्ने कुरा स्वीकार गरेको पाइन्छ।

आज संसारका धर्म सापेक्ष र धर्म निरपेक्ष मुलुकहरूमा धर्म निरपेक्ष मुलुक बढी देखिन्छन्। मूलतः इस्लाम धर्म बहुल मुलुकहरू धर्म सापेक्ष देखिन्छन्। कुनै धर्म विशेष मान्ने बहुसङ्ख्यक रहेको मुलुकहरू धर्म निरपेक्ष पनि छन्। धर्मका विषयमा अस्पष्ट (Ambiguity) रहेका मुलुकहरू पनि छन्। पहिले धर्म निरपेक्ष रहेर पछि धर्म सापेक्ष हुने मुलुकहरू पनि छन्। धर्म सापेक्ष र धर्म निरपेक्ष मुलुकहरूको नामावली परिशिष्ट खण्डमा दिइएको छ।

धर्म निरपेक्ष राज्यहरूमध्ये बेल्जियमको संविधानमा धर्मका काम र पर्वहरूमा कसैलाई पनि भाग लिन बाध्य पारिने छैन भनिएको छ। होन्डुरसमा देशको कानुन र व्यवस्थाको प्रतिकूल नहुने गरी सबै धर्म सम्प्रदायलाई विना भेदभाव स्वतन्त्र अभ्यास गर्ने अधिकार दिएको पाइन्छ। संयुक्त राज्य अमेरिकामा राज्य र सङ्घ स्तरमा आधिकारिक धर्म छैन। राष्ट्रपतिले शपथ लिंदा वा अदालतमा शपथ लिंदा बाइबल प्रयोग गर्ने परम्परा छ, कानुनमा छैन। धार्मिक व्यवस्थालाई सम्मान गर्ने कानुन बनाउन पाइँदैन र कुनै सार्वजनिक पदमा जान धार्मिक परीक्षण चाहिँदैन। अस्ट्रेलियामा कुनै धर्म स्थापना गर्ने, धर्म मान्न बाध्य पार्ने, स्वतन्त्र रूपमा धर्म मान्न निषेध गर्ने र सार्वजनिक पदमा जान धार्मिक परीक्षा गर्न नपाइने व्यवस्था गरेको पाइन्छ। माइक्रोनेसियामा कुनै धर्म स्थापना गर्न वा स्वतन्त्र रूपमा धर्म पालन गर्न क्षति पुऱ्याउन नपाइने व्यवस्था गरिएको छ।

पहिले धर्म निरपेक्ष रहेर पछि धर्म सापेक्ष मुलुक बन्नेमा बङ्गलादेश एउटा हो। बङ्गलादेशको स्थापना ताका धर्म निरपेक्ष रहेको यो देश पनि सर्व शक्तिमान् अल्लाहप्रति पूर्ण-आस्था र विश्वास हरेक कामको आधारमा हुने छ भन्ने रूपमा परिणत भयो। इरानमा पनि राजा पहल्लीका पालामा रहेको धर्म

निरपेक्ष राज्य निजपछि इस्लामी राष्ट्र घोषित भयो । इराक पहिले धर्म निरपेक्ष थियो, पछि इस्लामी मुलुकमा परिणत भयो ।

संसारका केही मुलुकहरूमा धर्मप्रतिको धारणा अस्पष्ट र दुई अर्थ लाग्ने रूपमा पाइएको छ। अर्जेन्टिनाले रोमन क्याथोलिक एपोस्टोलिक धर्मलाई सरकारले समर्थन गर्ने भन्दै राष्ट्रले कुनै औपचारिक धर्मको सर्त राख्ने छैन र चर्च र राज्यको विभाजनको सर्त पनि राख्ने छैन भनेको पाइन्छ। फिनल्यान्डमा धर्म निरपेक्षता भने पनि चर्चहरूलाई सदस्यबाट चर्चको कर उठाउने र व्यापारबाट चर्चलाई सहयोग गर्न पाउने व्यवस्था छ। जर्मनीमा राष्ट्रिय चर्च छैन तर धर्म र राज्यका बिच साझेदारीमा आयकरसँग चर्चले आफ्ना सदस्यबाट कर उठाउन पाउँछन् । इन्डोनेसियामा धार्मिक स्वतन्त्रता दिइएको छ तर मूल छ वटा धर्महरू- इस्लाम, प्रोटेस्टेन्ट, क्याथोलिक, हिन्दू, बौद्ध र कन्फुसियस औपचारिक धर्म मानी अन्य धर्मलाई इन्डोसेसियाई आस्था मानिएको छ। त्यहाँ स्कुलदेखि धार्मिक विषय अध्ययन गराइन्छ, धर्म सम्वन्धी कुरा हेर्ने मन्त्री हुन्छ। इन्डोनेसिया धर्म निरपेक्ष पनि होइन र धर्म मानेका आधारमा कानुनी कारबाही पनि हुँदैन । इजरायलमा यहुदी धर्मका कुराहरूलाई कानुनतः पालना गर्ने अपेक्षा गरिएको छ तर विवाह, खाना जस्ता कुरामा छुट पनि छ। लेबनानमा राष्ट्रपति मेरोनाइट इसाई, प्रधान मन्त्री सुन्नी इस्लाम, राष्ट्रिय सभाको अध्यक्ष सिया इस्लाम, संसद्को उपाध्यक्ष र उपप्रधानमन्त्री ग्रीक अर्थोडक्स र सेनाध्यक्ष डुज (Druze) हुनु पर्ने व्यवस्था छ। मलेसियामा इस्लामलाई आधिकारिक रूपमा राष्ट्रिय धर्म मान्दै अरू धर्मलाई शान्ति र मेल मिलाप पूर्वक पालना गर्न छुट दिएको पाइन्छ। मलेसियाको सर्वोच्च अदालतले धर्म निरपेक्ष कानुनका आधारमा निर्णय गर्ने रुलिङ्ग गरेको पनि छ। पछि महावीर मोहम्मदले इस्लामीकरण गर्ने कार्यक्रम ल्याए र त्यो प्रायः सबै क्षेत्रमा लागु भएको छ। मलेसियामा धर्म निरपेक्ष हुने कि इस्लाम राष्ट्र हुने भन्ने कुरामा व्यापक बहस चलि रहेको छ। म्यान्मार (बर्मा) को संविधानमा धर्म निरपेक्ष लेखिए पनि मुलुकमा ९० प्रतिशत बौद्ध धर्मावलम्बी भएका कारणले बौद्ध धार्मिक र शैक्षिक संस्थाहरूलाई आर्थिक संरक्षण गरिन्छ। स्कुलमा बौद्ध प्रार्थना गराइन्छ र बौद्ध धर्मगुरुहरूको राजनीतिक समर्थनको आयोजना गरिन्छ। नर्वेमा राजाले नर्वेको चर्चको सदस्य हुनै पर्ने व्यवस्था छ र चर्च विशेष कानुनद्वारा सञ्चालित छ, अरू धर्मका सम्बन्धमा त्यस्तो छैन। श्रीलङ्काले बौद्ध धर्मलाई सबैभन्दा महत्त्वपूर्ण स्थान दिने र बुद्ध शासनको रक्षा र प्रवर्धन गर्ने कुरा लेखिएको छ। श्रीलङ्का बौद्ध राष्ट्र घोषणा होस् भन्ने संविधान संशोधन त्यहाँको सर्वोच्च अदालतले खारेज गरेको छ। स्विट्जरल्यान्डमा सङ्घीय तहमा धर्म निरपेक्ष र २६ मध्ये २४ क्यान्टोनमा या क्याथोलिक या स्वीस रिफर्म्ड चर्चलाई समर्थन गरिएको छ। थाइल्यान्डमा राजा बौद्ध र धर्म रक्षक मानिन्छन्। लामो समयदेखि अधिकांश मानिसद्वारा मानिएको बौद्ध धर्मलाई थाइल्यान्डको वास्तविक (Defacto) धर्म भनिएको पाइन्छ। थाइल्यान्डका दण्ड कानुनहरू धर्म निरपेक्ष प्रकृतिका भएकाले यो देश धर्म

निरपेक्ष घोषित हुनु पर्छ भन्ने त्यहाँका विद्वान् र कानुनविद्हरूको आवाज़ पाइन्छ। संयुक्त अधिराज्यमा इङ्गल्यान्डको लागि चर्च अफ इङ्गल्यान्ड स्थापित राष्ट्रिय धर्म हो। उत्तर आयरल्यान्ड, स्कटल्यान्ड र बेल्समा त्यस्तो छैन। चर्च अफ इङ्गल्यान्डका दुई जना आर्क विसप, २४ जना जेष्ठ क्षेत्रीय विसपहरूले हाउस अफ लर्ड्समा लर्ड स्पिरिचुअलका रूपमा भाग लिन्छन्, मतदान गर्छन्। संसद् प्रार्थनाबाट सुरु हुन्छ। हाउसअफ लर्ड्स एकजना स्पिरिचुअल लर्डको नेतृत्वमा र तल्लो सदन सभामुखको प्रार्थनाबाट सुरु हुन्छ। क्राउन-इन-पार्लियामेन्ट-इन-गड (Crown-in-Parliament-in-God) शब्दावलीले राज मुकुटको सर्वोच्चता प्रदर्शित गर्दछ। राजारानीको राज्याभिषेकमा केन्टरबरीका आर्क विसपले वेस्टमिन्स्टर एवेमा पवित्र गरिएको तेल लगाइ दिन्छन्। उनीहरूले ईश्वरको कानुन र बाइबलको पालना गर्ने शपथ लिनु पर्दछ। संयुक्त अधिराज्यलाई इङ्गल्यान्डको कानुनले व्यवस्था गरे अनुसार प्रोटेस्टेन्ट रिफर्म्ड धर्मको पालना र संरक्षण गर्नु, धार्मिक सिद्धान्त, पूजा अनुशासन, पालना गर्न राजारानीलाई अनिवार्य गरिएको छ। सांसदहरूले राजारानीप्रतिको निष्ठाका शपथ लिएपछि आसन ग्रहण गर्दछन्। व्यक्तिगत रुचिका आधारमा कतिपय सांसदले धर्मको आधारमा र कतिपय सांसदले सत्य निष्ठाका आधारमा शपथ लिने चलन छ।

विश्व धर्म समभाव

विश्वमा प्रचलित विभिन्न धर्म, सम्प्रदाय, पन्थ र मतहरूका बिचमा भएका समानता र विषमताहरूको विद्वान्हरूले पटक पटक अध्ययन गरेका छन् । यस्तो अध्ययनलाई तुलनात्मक धर्म (Comparative Religion) भन्ने गरिन्छ । तुलनात्मक धर्मको सामान्य अर्थ धर्महरूको तुलनात्मक अध्ययन भन्ने बुझिन्छ । धर्म र धर्महरूको विश्वकोश (Encyclopaedia of Religion and Religions) मा तुलनात्मक धर्मको अर्थ गर्दै भनिएको छ- यो संसारका धर्महरूको एउटा वैज्ञानिक र निष्पक्ष अध्ययन हो जसमा तिनीहरूका बिचमा रहेको समानता र विषमताको अध्ययनको र धर्मका बारेमा सामान्य अवधारणाको पत्ता लगाइन्छ । (It is the scientific and hence impartial study of the religions of world with a view to find out their similarities and dissimilarities as well as the common religious concepts)[२११] । त्यस कारण पश्चिमी मुलुकहरूमा तुलनात्मक धर्म भन्नाले एउटा सकारात्मक विज्ञान हो । यो धर्मको निरपेक्ष र तटस्थ अध्ययन हो । यसको क्षेत्र वस्तुगत, बुद्धि सङ्गत र वैज्ञानिक छ । यसले धर्महरूका बिचमा पारस्परिक समझदारी कायम गर्दछ ।

पश्चिमी मुलुकहरूमा तुलनात्मक धर्मको अध्ययन उन्नाइसौं शताब्दीको अन्त्यतिर सुरु भयो । इ.ओ. जेम्सका अनुसार[२१२] जहिलेदेखि युनानी रोमन धर्महरूको आपसी मिश्रण सुरु भयो विचारकहरू आफूले मानि आएको आस्था र विश्वाससँग अन्य धर्मका र जातिका आस्था र विश्वासहरूको मूल्याङ्कन गर्न बाध्य भए । उन्नाइसौं शताब्दीको अन्त्यतिरदेखि मात्र यस विषयमा गहन र व्यापक अध्ययन सुरु भयो र तुलनात्मक धर्म र इतिहासको अध्ययनमा वैज्ञानिक सिद्धान्तको प्रयोग सुरु भयो । पश्चिममा विद्वान्हरूले म्याक्स मुलरले तुलनात्मक धर्मको निबन्ध Essay on Compararive Religion लेखेपछि यस विषयको अध्ययन सुरु भएको मानेका छन् । म्याक्स मुलरलाई तुलनात्मक धर्मको अध्ययनको अग्रदूत मानिन्छ[२१३] ।

पश्चिमी मुलुकहरू जहाँ इसाई धर्मको पालना व्यापक रूपमा भएको छ, उनीहरू इसाई धर्म मात्र सत्य धर्म हो भन्ने गर्दछन् र ती कुरा प्रमाणित गर्न निम्न लिखित कुराहरूमा जोड दिन्छन्-

---

२११ वाजपेयी (१९७८), पृ. १०८

२१२ ऐ., पृ. १०८

२१३ विभिन्न लेखकहरू (१९९२), पृ. ३७७

१. सत्य धर्मले एक मात्र परमेश्वर यहोवाको पूजा गर्दछ ।
२. सत्य धर्मले परमेश्वर समक्ष यसु ख्रिष्टका माध्यमबाट पुऱ्याउँछ ।
३. सत्य धर्मले निःस्वार्थ प्रेमको शिक्षा र अभ्यास गराउँछ ।
४. सत्य धर्म सांसारिक राजनीति र द्वन्द्वमा अछुत रहन्छ । यो युद्धकालमा तटस्थ रहन्छ ।
५. सत्य धर्म ईश्वरलाई बाइबल ईश्वरको शब्द हो भन्ने आधारमा सत्य मान्दछ ।
६. सत्य धर्मले युद्ध र व्यक्तिगत हिंसालाई क्षमा गर्दैन ।
७. सत्य धर्मले संसारका हरेक जाति, भाषा, समुदायलाई सफलतापूर्वक एकतामा बाँध्दछ । यसले राष्ट्रियता र घृणा सिकाउँदैन, प्रेम सिकाउँछ ।
८. सत्य धर्मले परमेश्वरको स्वार्थ र वेतनका निमित्त होइन तर प्रेमका आधारमा सेवा गर्न सिकाउँछ । यसले मानिसको प्रशंसा, होइन परमेश्वरको प्रशंसा गर्न सिकाउँछ ।
९. सत्य धर्मले परमेश्वरको राज्य घोषणा गर्दछ जुन मानिसको अन्तिम इच्छा हो । यसले राजनीतिक वा सामाजिक दर्शनको इच्छाको घोषणा गर्दैन ।
१०. सत्य धर्मले, परमेश्वरको मानिस र पृथ्वीप्रतिको उद्देश्य चिनाउँछ । यसले आत्माको अमरता र नरकको अनन्त यातना जस्ता धार्मिक झुटहरू सिकाउँदैन । यसले परमेश्वर प्रेम हुन् भन्ने सिकाउँछ ।

तिनीहरू उक्त कुराहरू प्रमाणित गर्न बाइबलका निम्न उद्धरणहरू पेस गर्दछन्-

१. Deuteronomy 6:4.5; Psalm 146:5-10; Matthew 22:37, 38
व्यवस्थाको पुस्तक ६:४,५; भजन सङ्ग्रह १४६:५-१०; मत्तीको सुसमाचार २२:३७, ३८
२. John 17:3,6-8; Timothy 2:5,6;1 Jhon 4:5
यहुन्ना १७:३,६-८; १ तिमोथी २:५,६; १ यहुन्ना ४:५
३. Kohn 13:34,35; 1 Corinthians 13:1-8; 1 john 3:10-12
यहुन्ना १३:३४,३५; १ कोरिन्थी १३:१-८; १ यहुन्ना ३:१०-१२
४. John 18:36; James 1:27
यहुन्ना १८:३६; याकुब १:२७
५. Romans 3:3,4;2 Timothat 3:16,17; 1 Thessalonians 2:13
रोमी ३:३,४;२ तिमोथी ३:१६,१७; १ थिस्सलोनिकी २:१३
६. Micah 4:2-4; Romans 12:17-12 Clolssians 3:12-14
मीकाको पुस्तक ४:२-४; रोमी १२:१७-२१; कलस्सी ३:१२-१४
७. Isaisah 2:2-4; Colossians 3:10,11; Revelation 7:9,10

यशैयाको पुस्तक २:२-४; कलस्सी ३:१०,११; प्रकाश ७:९,१०

८. 1 Peter 5:1-14;1 Corinthians 9:18; Mathew 23:5-12
१ पत्रुस ५:१-४; १ कोरिन्थी ९:१८; मत्तीको सुसमाचार २३:५-१२

९. Mark 13:10; Acts 8:12;28:23, 30, 31
मर्कूसको सुसमाचार १३:१०; प्रेरितहरूको काम ८:१२; २८:२३,३०,३१

१०. Judges 16:30; Isaiah 45:12,18; Mathew 5:5; 1 John 4:7-11; Revelation 20:13,14
न्यायकर्ताहरूको पुस्तक १६:३०, यशैयाको पुस्तक ४५:१२,१८; मत्तीको सुसमाचार ५:५; १ यहून्ना ४:७-११; प्रकाश २०:१३,१४

दोस्रो ठुलो सङ्ख्यामा रहेका इस्लाम धर्मावलम्बीहरूको आफ्नो छुट्टै धारणा पाइन्छ[२१४]। उनीहरू भन्ने गर्दछन्- सन्देष्टाहरू दिनहुँ जन्मँदैनन्। प्रत्येक जातिमा पनि जन्मँदैनन्। सन्देष्टाहरूको जीवन नै उनको शिक्षा र मार्ग दर्शन हो। जबसम्म उनको शिक्षा र मार्ग दर्शन जीवित रहन्छ, सन्देष्टा जीवित छन् भन्ने ठान्दा हुन्छ। अतीतमा जे जति सन्देष्टा यस संसारमा आए, उनीहरूले दिएको शिक्षा र मार्ग दर्शन समाप्त भएकोले ती सन्देष्टाहरू पनि जीवित छैनन्। दुनियाँले तिनीहरूको शिक्षा नै परिवर्तन गरि दिए। ती सन्देष्टाहरूले अघि ल्याएका तौरेत, जबूर, इन्जिल आज एउटा पनि मौलिक रूपमा सुरक्षित छैनन्। ती सन्देष्टाहरूका अनुयायी हौं भन्नेहरू पनि ती सन्देष्टाहरूको मूल ग्रन्थ हामीसँग छ भन्न सक्तैनन्। तिनीहरूले आफ्ना सन्देष्टाको जीवन चरित्र नै बिर्सेका वा गुमाएका छन्। पहिलेका सन्देष्टाहरूको वास्तविक जीवन चरित्र नै उपलब्ध छैन। ती सन्देष्टाहरू कुनकुन युगमा जन्मेका थिए भन्ने नै थाहा हुन सकेको छैन। उनीहरू मरि सके, उनीहरूको शिक्षा जीवित छैन। अन्तिममा आएका मुहम्मद (जसलाई इस्लामीहरू सम्मानपूर्वक सल्लल्लाहु अलैहि व सल्लम मुहम्मद भन्दछन्) मात्र जीवित छन् किनभने उनको शिक्षा जीवित छ। जस्ताको तस्तै मौलिक रूपमा विद्यमान छ। एक अक्षर, विन्दु मात्राको पनि फरक छैन। मुहम्मदको सन्देशपछि अन्य सन्देष्टाहरू सन्देश दिन नआउने, उनी नै अन्तिम सन्देष्टा भएकोले उनको सन्देशले मानव मात्रलाई 'एक इस्लाम' मा एकत्रित गर्ने छ।

इस्लामीहरू संसारमा सन्देष्टाहरू आउने तीन वटा कारण दिन्छन्-

१. अघिल्लो सन्देष्टाको मेटि सकेको सन्देश पुनः प्रस्तुत गर्न
२. अघिल्लो सन्देष्टाको अपुरो सन्देश पुरा संशोधन गर्न।
३. अघिल्लो सन्देष्टाको सन्देश जाति विशेषका निमित्त सीमित थियो भने त्यसलाई अरू जातिका निमित्त थप गर्न।

तर मुहम्मदका सन्देशहरू पूर्णरूपले सुरक्षित रहेकाले त्यसमा कुनै संशोधन, थप वा व्यापक गर्ने कुनै आवश्यकता छैन। मुहम्मदको सन्देशले

---

२१४ मौदुदी (२०६४), पृ. ४५-४७

मानिसका निमित्त पूर्ण सन्देश वा शिक्षा दिएको छ। अब संसारलाई कुनै नयाँ सन्देष्टाको आवश्यकता छैन।

इस्लाम धर्ममा पाँच वटा कुरामा विश्वास वा इमान हुनु पर्दछ भनिएको छ- एक अल्लाहमा आस्था, अल्लाहका दूतहरूमा आस्था, ईश्वरीय ग्रन्थ (विशेषतः कुरआन) मा आस्था, सन्देष्टा (विशेषतः मुहम्मद) मा आस्था र आखिरतमा आस्था। उक्त पाँच वटा कुराहरूमध्ये आखिरतमा आस्था वा इमानको कुरालाई इस्लाममा धेरै महत्त्व दिएको पाइन्छ। आखिरतलाई कयामत पनि भनिन्छ। आखिरत वा कयामत भन्नु यो सृष्टिको अन्त्य र नयाँ सृष्टिको प्रारम्भ हो। कयामतका समयमा इमाम मँहदी र हजरत ईसा आउने छन्। उनीहरूले न्याय गर्ने छन्। असल काम गर्नेले स्वर्ग पाउने छ र खराब काम पाउने नर्क भोग्नु पर्ने छ। अल्लाहले सबैलाई नष्ट गरेर नयाँ जीवन दिने छन्। सबै अल्लाह समक्ष प्रस्तुत हुने छन्। यसको नाम हश्र वा पुनर्जीवन हो।

इस्लाम धर्मग्रन्थमा कयामतका चिह्नहरूको वर्णन पाइन्छ। कयामतका समयमा दाभातुलअर्ज भन्ने यस्तो जीव आउने छ जसको अनुहार मनुष्यको हुने छ, गर्दन भालेको जस्तो, आँखा सुँगुरको जस्तो, पिठ्यूँ स्यालको जस्तो, कान हात्तीको जस्तो र टाउको तिखो सिङ भएको हुने छ। त्यस वेला चिहानबाट मुर्दाहरू उठ्ने छन्। आजुज र माजुज दुई ठुला फौजका फौजदार हुने छन्। सूर्य पश्चिमबाट उदाउने छ। कानो दज्जाल गधामा चढेर आउने छ। त्यो कति अग्लो हुने छ भने सात समुद्रको पानी त्यसको तिघ्रासम्म पनि पुग्ने छैन। इमाम मँहदीले त्यसलाई मार्ने छन् र संसारका जीवहरूलाई त्यसको पन्जाबाट छुटाउने छन्। एक दीन (धर्म) को झन्डा पश्चिमबाट उठाएर पूर्व हिन्दमा गाडिने छ। इस्राफिल फरिश्ताले नरसिंहा फुक्ने छ। पहाड रुवाका टुक्रा टुक्रा उडे जस्तो उड्ने छन्। 'एक दीन इस्लाम' भन्नु मुसलमान वा इस्लाम धर्म हो। विश्वका सबै मानिसहरूले इस्लाम धर्मबाट मात्र आफ्नो मुक्ति पाउने छन् भन्ने यस धर्मको आग्रह र अपेक्षा पाइन्छ।

बौद्ध धर्मले निर्वाणको स्थिति खोजेको छ[२१५]। बौद्ध धर्मले मूल उपादान चार आर्य सत्य- दुःख आर्य सत्य, दुःख समुदाय आर्य सत्य, दुःख निरोध आर्य सत्य र दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य मानेको छ। दुःखबाट शान्ति वा निर्वाणतिर लैजाने आठ वटा अङ्गहरू छन्- सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् वचन, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि। ती आठ वटा कुरामा मन लगाउनु, चित्त एकाग्र पार्नु, ध्यान प्राप्त हुनुबाट आश्रवहरूको क्षय हुन्छ र त्यसपछि निर्वाण साक्षात्कार हुन्छ। बौद्ध धर्मका उपर्युक्त कुराका आधारमा भन्नु पर्दछ- मांनिसले निर्वाण प्राप्त गर्ने अन्य उपाय छैन। निर्वाण प्राप्त गर्न बौद्ध शिक्षा ग्रहण गरेर उक्त शिक्षा अनुरूप चल्नु पर्दछ।

---

२१५ भुसाल (२०६८), पृ. ११४-११५

हिन्दू धर्म प्राचीनतम ग्रन्थ वेदमा आधारित भएको र वेद नमान्नेलाई नास्तिकको संज्ञा दिँदै वेद आदि शास्त्रले बताएको मार्गका आधारमा अघि बढे मात्र यस लोकमा कल्याण र परलोकमा मोक्ष वा मुक्ति पाइन्छ भन्ने हिन्दूहरूको स्पष्ट धारणा देखिन्छ। यहुदी पारसी लगायतका अन्य धर्म सम्प्रदायले पनि आ-आफ्ना देवी देवता, पूजा पद्धतिलाई सर्वोकृष्ट मान्दै तिनीहरूको परिपालनाबाट मानिसले यस लोक र परलोकमा कल्याण प्राप्त गर्ने कुरा गरेको पाइन्छ।

यस्ता विविधता र विषमताका बिचमा रहेर विद्वान्हरूले धर्मग्रन्थहरूमा समानता खोजेका छन् र ती समानताका आधारमा एउटा विश्वधर्मको कल्पना गरेका छन्। यसरी कल्पना गर्नेमध्ये बौद्ध लामा अङ्गारिका गोविन्द भन्दछन्[२१६]- जब हामी 'ऊँ मणि पद्मे हुँ' उच्चारण गर्दछौँ त्यस वेला हाम्रो मनलाई संसारका ती भगवान्तर्फ लैजान्छौँ जो आफैँ स्थायी र पूर्ण मायाको जालमा बाँधिएका छन्। म उच्चारण गर्दा असुर संसारतिर मन जान्छ जो परस्पर नित्य रूपमा प्रकाशको शक्तिको सङ्घर्षमा शत्रु रूपमा लागेका छन्। द्मे उच्चारण गर्दा हाम्रो मन प्रेतलोकका भोका प्रेतात्मातिर जान्छ (While uttering OM, we direct our mind upon the world of gods who are enmeshed in the illusion of their own permanence and perfection -while uttering MA upon those of Asura world who driven by envy are engaged in perpertual struggle against the power of light– while uttering DME we diret it upon the hungry spirtis of the Preta -world)

त्यसरी नै सर जोन बुडरोफले भनेका छन्[२१७]- काली र विष्णु वास्तवमा एकै हुन्। तिनीहरूको सवारी र चारित्रिक गुण मात्र भिन्न छ। तान्त्रिक पद्धतिमा देवी स्वरूपको पूजा गरिन्छ। बाबुको भन्दा आमाको मन कमलो हुन्छ भन्ने आधारमा देवीको रूपमा पूजा गरिएको हो। तान्त्रिकहरूले सात लोकका देवताका साथमा तिनीहरूका देवीहरूको स्थापना गर्ने परम्परा मानेका छन्। जस्तो-

लोक	देवता	देवी
भू	ब्रह्मा	सावित्री
भुवः	विष्णु	लक्ष्मी
स्वर्ग	रुद्र	भद्रकाली
मह	ईश्वर	भुवनेश्वरी
जन	सदाशिव	महागौरी
तप	शम्भु	सिद्धकाली
सत	परमेश्वर	परमेश्वरी

---

२१६ वाजपेयी (१९७८), पृ. १०९
२१७ ऐ. पृ. १०९

बुडरोफले अगाडि भनेका छन्- के ठान्नु हुँदैन भने सकाम तान्त्रिकहरूले देवतालाई देवी रूपमा मान्दछन्। उनीहरू देवतालाई उच्च स्थान दिन्छन् तर उनीहरूको पूजाको प्रमुखता चाहिँ देवी माता नै हुन्। पुरुष रूप देवता महाविष्णु जस्तै हुन् उनीहरूको पूजा पद्धति निवृत्ति पथको जस्तै हुन्छ। डा. लरिन्सरले गीता र बाइबलमा १०० वटा समानताहरू पाएका छन् भने डा. सुन्दरलालले गीता र कुरआनमा त्यत्तिकै समानताहरू भेटेका छन्। आर्थर लिलीले बौद्ध र इसाई धर्म ग्रन्थहरूमा त्यसरी नै ५० वटा समानताहरू फेला पारेका छन्। भविष्यमा अरू विद्वान् विदुषीहरूले संसारमा प्रचलित धर्मका ग्रन्थहरूमा यस्तै अनेकौं समानताहरू पाउने छन्।

पूर्वमा तत्काल प्रचलित हिन्दू र इस्लाम धर्मका विचको भेदभाव र हिन्दूभित्रको जातिगत भेदभाव मेटेर एउटा धर्ममा सम्मिलित गर्ने प्रयास वेला बखत हुँदै आएको पाइन्छ। कवीर साहेबले मानिस मात्रको उत्पत्तिको कुरा एउटै रूपमा भएको भन्दै भनेका छन्-

तुम कत ब्राह्मण, हम कत सुदा।
हम कत लोहू, तुम कत दुधा।

तिमी कसरी ब्राह्मण र म कसरी शूद्र ? म कसरी रगत, तिमी कसरी दुध ?

एकै बूँद एक मल मुतर, एक चाम एक गुदा।
एक ज्योति से सब उत्पन्न, को ब्राह्मण को सुदा।

वीर्यको उस्तै थोपा, त्यही मलमूत्रमा थुप्रिएर उस्तै छाला, उस्तै योनिबाट, एक परमेश्वरको प्रकाश पाएर आएकोमा को ब्राह्मण र को शूद्र हुन्छ ?

कबीर साहेबले हिन्दू परिवारमा जन्मेर इस्लाम परिवारमा हुर्केर प्राप्त अनुभवका आधारमा दुबै धर्मका मानिसका बिचमा एकता हुनु पर्छ भन्ने अभियान चलाउने प्रयत्न गरेका छन्।

गुरु नानकले हिन्दू र मुसलमान दुबै धर्ममा समन्वय स्थापित गर्न मुसलमानलाई सच्चा मुसलमान र ब्राह्मण हिन्दूलाई सच्चा हिन्दू बन्ने सन्देश दिँदै भनेका छन्-

मिरिह मसीति सिदकु
मुंसला हकु हलातु कुराणु
सरम सुनति सीलु रोजा होहु मुसुलमाणु
सो ब्राह्मणो बहनु बिचारै
आपु तारै सगले कुल तारै।

हिन्दू धर्मभित्रको जातपातका आधारमा हुने भेदभाव मेटेर हिन्दू मात्र बनाउन गुरु नानकले भनेका छन्-

जाणहु न पूछहू जाती आगै जाति नहे।

सबैमा परमात्माको एउटै ज्योति छ। कसैको जात नसोध किनभने परलोकमा जातिपाति छैन।

यसरी नै हिन्दू मुसलमानको एकताका निमित्त बुल्ला शाह, दारा सिकोह आदिले हिन्दू, मुसलमान धर्मभित्र एकताको प्रयत्न गरेका छन्।

हिन्दू धर्मग्रन्थहरूको शृङ्खलामा रहेको श्रीमद्‌भंगवद्‌गीतामा धार्मिक एकताका निमित्त कृष्णले अर्जुलाई माध्यम बनाएर भनेका छन्[२१८]- मलाई जस्तो प्रकारले भज्दछ म उसलाई त्यस्तै फल दिन्छु। सबै मनुष्य मैले देखाएको बाटो अनुसार चल्दछन्। यस मनुष्य लोकमा कर्महरूको फलको चाहना गर्नेहरूले देवताहरूको पूजा गर्दछन् र तिनीहरूलाई कर्मबाट उत्पन्न हुने सिद्धि चाँडै प्राप्त हुन्छ।

जुनजुन भोगको कामनाद्वारा जसको ज्ञान हरिएको छ ती मानिसहरू आफ्नो स्वभावले तानिएर तीती नियम धारण गर्दै तीती अन्य देवताहरूलाई भज्दछन्। यद्यपि जुन भक्तहरूले श्रद्धापूर्वक अन्य देवताहरूलाई पूजा गर्दछन् तिनीहरूले पनि मलाई नै पुजेका हुन् तर उनीहरूको पूजन अविधिपूर्वक वा अज्ञानपूर्वक हुन्छ। ती अल्पबुद्धि भएका मानिसहरूले ती देवताहरूको आराधनाको अनित्य फल प्राप्त गर्दछन्। देवतालाई पुज्नेहरूले देवत्व प्राप्त गर्दछन्। मलाई पुज्ने भक्तले मलाई प्राप्त गर्दछन् किनभने सम्पूर्ण यज्ञको भोक्ता र स्वामी पनि मै हुँ तर उनीहरूले मलाई तात्त्विक रूपले जान्दैनन्, त्यसैले उनीहरूको पतन हुन्छ।

देवतालाई पुज्नेले देवतत्व प्राप्त गर्दछन्। पितृलाई पुज्नेले पितृत्व प्राप्त गर्दछन्। भूतलाई पूजा गर्नेले भूतत्व प्राप्त गर्दछन्। मलाई पूजा गर्नेले मलाई नै प्राप्त गर्दछन्। जो अनन्य भक्तले मेरो चिन्तन गर्दै उपासना गर्दछ त्यो नित्य निरन्तर मेरो चिन्तन गर्ने भक्तको म स्वयम् योगक्षेम वहन गर्दछु।

एघार रुद्र, बाह्र आदित्य तथा आठ वसु, साध्यगण, विश्वेदेव, अश्विनीकुमार तथा मरुद्‌गण र पितृहरूको समुदाय तथा गन्धर्व, यक्ष, राक्षस र सिद्धहरूको जो समुदाय छ ती सबै चकित भएर कृष्णलाई हेरि रहेका छन्। कृष्ण ब्रह्माका पनि आदिकर्ता र ठुल-ठुला तपाईंका सिद्ध गणहरूले तपाईंलाई किन नमन नगरुन्- हे अनन्त देवेश जगन्निवास ! जो सत् असत् र त्यसभन्दा पर अक्षर ब्रह्म छन्। ती सबै प्रकारले देवताहरू र महर्षिहरूका पनि आदिकरण हुन्। जसले कृष्णलाई अजन्मा, अनादि र सम्पूर्ण लोकको महान् ईश्वरका रूपमा तत्त्वले जान्दछ त्यो मनुष्यमा ज्ञानवान्- पुरुष सम्पूर्ण पापबाट मुक्त हुन्छ।

विद्वान्ले भनेका छन्[२१९]- धर्म ग्रन्थका तीन पक्षहरू हुन्छन्- दर्शन (Philosophy), नैतिक शिक्षा (Ethics) र उपासना (Rituals)। उपासना अथवा कर्मकाण्डलाई हेर्ने हो भने संसारमा जति धर्म छन्- तीभन्दा बढी नै कर्म

---

२१८ व्यास (२०७०), पृ. ३३
२१९ प्रियाचार्य (२००४), पृ. १८

र उपासनाका पद्धतिहरू प्रचलित छन् । विभिन्न भाषा, जाति, स्थान र प्रचलनले ती पद्धतिहरूमा कति भिन्नता ल्याएको छ भने ती भिन्नताहरूलाई समावेश गरेर कुनै ग्रन्थ लेख्न खोज्यो भने पनि त्यो अपूर्ण नै रहन्छ। कर्म र उपासनाकै विविधताको कारणले बेला बखत सामान्य झगडादेखि युद्धहरू पनि भएको इतिहास पाइन्छ ।

तर पनि उपासना, कर्म वा प्रार्थनाका राम्रा पक्षहरू पनि छन् । निश्चित स्थानमा भेला भएर निश्चित प्रतिमा वा पूजा स्थलभित्र पूजा प्रार्थना गरि रहनाले मानिसको मनलाई एकाग्र गर्न मदत गर्दछ। मन नै मानिसको सबैभन्दा ठुलो मित्र र शत्रु हो। यसले मानिसलाई बन्धनमा पनि पार्छ, मोक्षतिर पनि लैजान्छ भन्ने कुरा सबैले स्वीकार गरेको तथ्य हो । मानिस निरन्तर प्रभु भजनमा लाग्यो भने मनले परमात्मा परम प्रभुको खोजी गर्ने पात्रता निर्माण गर्दछ। प्रार्थना, पूजा, भंजन मानिसले आफूले गर्नु पर्दछ। कानुनी हक पाउन वकिल राखे जस्तो भगवान् पाउन पूजारी पुरोहित राख्ने परम्परा बस्यो भने मन प्रभुतिर लाग्दैन। इमानदारीपूर्वक प्रभुको भजनमा लाग्नेहरूलाई उदाहरणमा लिएर अघि बढ्दा प्रार्थनाले माथि जाने सिँढीको काम अवश्य गर्दछ र गरेको इतिहास पनि छ। पूजा र प्रार्थनाले मनको पवित्रता र आत्मिक प्रगति आउनु पर्छ भित्रवाट। बाहिरी शुद्धता वा टीका, धोती, माला र पाठ आदिको बाहिरी आडम्बरवाट माथि उठेर परमात्माको चिन्तन मननतिर मनलाई एकाग्र गर्ने माध्यम पूजा वा प्रार्थना बन्न सक्दछ ।

नैतिक शिक्षाका कुराहरू हेर्‍यौँ भने तिनीहरूका बिचमा त्यति ठुलो भिन्नता पाइँदैन। मुसाले सिनाई पर्वतमा पाएका दश उपदेशहरू- (Ten Conandments) अथवा कुरआनमा रहेका रोजा, निमाज, जकात, हज र जिआरत अथवा यसु ख्रिष्टले पहाडको टाकुराबाट दिएको उपदेश अथवा बुद्धले धम्मपदमा दिएको उपदेश एकै ठाउँ मिलाएर राख्यौँ भने हामी त्यति ठुलो भिन्नता केही पाउँदैनौँ। त्यसरी नै हिन्दू धर्मग्रन्थ गीतामा कृष्णले दिएको आत्मभाव प्राप्त गर्ने लक्षण अध्ययन गर्ने हो भने माथि भनिएका अन्य धर्मको नैतिक शिक्षासँग हिन्दू धर्मको नैतिक शिक्षा समान रूपमा मिलेको पाइन्छ। गीताको तेह्रौँ अध्यायमा ती लक्षणहरूलाई यस प्रकार भनिएको छ[२२०]-

१. अमानित्व- नम्रता। आफू अरूभन्दा ठुलो छु भन्ने अभिमान नहुनु। सद्गुण र भाग्य परमात्माको कृपा भन्ने सम्झनु।
२. अदम्भित्व- दम्भ नगर्नु, आफूभित्र नभएको कुराको झुटो प्रदर्शन नगर्नु।
३. अहिंसा- मन, वचन र कर्मले कसैप्रति हिंसा नगर्नु, दुर्व्यवहार नगर्नु।
४. क्षान्ति- क्षमाशीलता। आफ्नो अपेक्षा नपुग्दा पनि क्षमा गर्नु।

---

२२० व्यास (२०७०), पृ. ७८-७९

५. आर्जव- मन, वाणी र शरीरले सरल हुनु ।
६. आचार्योपासना- तत्त्वनिष्ठ आचार्यको सम्मान र सेवा गर्नु ।
७. शौच- पवित्रता । मन, वचन र शरीरले शुद्ध हुनु । वातावरण शुद्ध राख्नु ।
८. स्थैर्य- जस्तै विपत्ति आए पनि आफ्नो लक्ष्य प्राप्त गर्न स्थिर रूपले लाग्नु ।
९. आत्मविनिग्रह- आफ्नो इन्द्रिय र मनलाई वशमा राख्नु र निग्रह गर्नु ।
१०. इन्द्रियार्थेषु वैराग्य- पञ्च विषयका पछि नलाग्नु । ती विषयहरूबाट वैराग्य लिनु ।
११. अनहङ्कार- अहङ्कारको पूर्ण रूपले त्याग गर्नु ।
१२. अनुदर्शन- जन्म, मृत्यु, वृद्ध अवस्था र बिरामी जस्ता कुराहरू अवश्यम्भावी हुन् भनेर ती कुरालाई स्वीकार गर्नु ।
१३. अनासक्ति- कुनै पनि भौतिक वस्तुप्रति अत्यधिक चाहना नराख्नु ।
१४. अनभिष्वङ्ग- पत्नी, छोराछोरी लगायत सवैप्रति धेरै लगाव र चाहना नराख्नु ।
१५. समचित्तत्व- सफलता र असफलता दुबैप्रति समान भाव राख्नु ।
१६. अव्यभिचारिणी भक्ति- सम्पूर्ण रूपमा परमात्मामा समर्पित हुनु । प्रेम र भक्ति एक पूर्ण ब्रह्म परमात्माप्रति मात्र गर्नु ।
१७. विविक्तदेशसेवित्व- एकान्तमा बसेर परमात्मालाई प्रेम गर्नु ।
१८. जनसंसदि अरति- दुष्ट, मूर्ख र विषयीहरूको सङ्गत नगर्नु ।
१९. अध्यात्मज्ञाननित्यत्व- सत्य ज्ञान भन्नु आफूलाई चिन्नु हो । आफूलाई चिन्न प्रयत्नरत रहनु ।
२०. तत्त्वज्ञानार्थदर्शन- परमात्मा, परम पद र परम सत्यको ज्ञानका निमित्त सदैव दत्त-चित्त रहनु ।

पश्चिमका केही विद्वान्हरूले संसारका धर्ममा रहेका समानताहरूलाई एकत्रित गरी केही बुंदमा सबै कुरालाई एकै ठाउँ समेट्ने प्रयास गरेका छन् । उनीहरूले दिएका ती बुंदाहरूलाई सार सङ्क्षेप रूपमा यसरी बुझ्न सकिन्छ[२२१]-

१) **एक अन्तिम** (one ultimate) विभिन्न धर्म र धर्मग्रन्थहरूले एउटै परमेश्वर जसलाई विभिन्न नामहरू दिइएको छ, मात्र परम सत्य हुन् अथवा अन्तिम सत्य हुन् भन्ने कुरा स्वीकार गरेका छन् । ती परमेश्वरले राम्रो गर्नेलाई स्वर्ग र नराम्रो गर्नेलाई नर्क दिने कुरा पनि समान रूपमा पाइन्छ र परमेश्वरसँग क्षमा माग्दा पाइन्छ भन्ने कुरामा पनि धर्मग्रन्थहरू एकमत छन् ।

---

२२१ www.google.com

२) **असल बन-** प्रत्येक धर्म र धर्मग्रन्थले असल चरित्रवान् बन्न निर्देशन दिएको छ, सदाचारी जीवन बाँच्न अह्राएको छ। आफू अरूबाट जे चाहन्छौ अरूसँग त्यस्तै व्यवहार गर भन्ने कुरा सबैजसो धर्ममा पाइन्छ। अरूको चाहना र इच्छा आफ्नो जस्तै मान। कसैलाई सानो नठान भन्ने शिक्षा सबैले दिएका छन्।

३) **मृत्युपछिको जीवन-** तिमीले राम्रो काम गरे मृत्युपछि राम्रो जीवन भोग्न वा स्वर्गको सुख भोग्न पाउने छौ नराम्रो काम गरे नरकमा दुःख भोग्नु पर्ने छ अथवा जन्मजन्म विविध जीवहरूका रूपमा आइ रहनु पर्ने छ भन्ने कुरामा पनि सबै धर्महरू एकमत जस्तै छन्।

४) **एक माता, एक उत्पत्ति-** ईश्वरले एक माता पिताबाट मानिसको उत्पत्ति गरेका हुन्। पछि तिनीहरूबाट मानिस विस्तार भए। जाति बन्यो। जमिन समूहको हुँदै सङ्घर्ष र द्वन्द्वबाट देश देश बन्न पुग्यो भन्ने कुरामा अधिकांश धर्मको एकमत छ। त्यसरी नै भाषा पनि पहिले एउटै थियो। पछि त्यही भाषाबाट विभिन्न भाषाहरू विकसित भएका हुन्। पछि गएर एउटा समूहले बोलेको भाषा अर्कालि बुझ्नै नसक्ने भयो। भाषाले विवाद ल्याएको छ भन्ने कुरामा पनि धर्महरू एकमत जस्तै छन्।

५) **मसीहा अथवा बलिदान-** मानिसले उच्च स्थानका निमित्त बलिदान गरेको प्रायः धर्मग्रन्थहरूमा पाइन्छ। यसु मसीहले मानिसका निमित्त बलिदान गरेको प्रसङ्ग बाइबलमा पाइन्छ। मूल रूपमा परमेश्वर प्राप्त गर्न बलिदान आवश्यक हुन्छ अथवा बलिदानबाट परमेश्वर प्राप्त गर्न सकिन्छ, पापबाट मुक्ति पाइन्छ भन्ने कुरामा धर्महरू एकमत छन्।

६) **अन्तिम दिन-** अन्तिमको दिन अथवा प्रलयको दिन राम्रो र नराम्रो बिच युद्ध हुने छ र अन्तिम न्यायको दिन आउने छ त्यस वेला अन्तिम न्याय दिने परमेश्वर आउने छन् भन्ने कुरा प्रायः सबै धर्मले मानेका छन्। इसाईहरू यसु ख्रिष्टको दोस्रो आगमनको कुरा त्यही रूपमा गर्दछन्।

यति हुँदाहुँदै पनि परस्परमा किन युद्ध चलि रहन्छ ? स्पष्ट छ हामीभित्र सामान्य सैद्धान्तिक मतभेदहरू छन् भन्ने कुरामा हामी सहमत छौं। यस्ता सामान्य सैद्धान्तिक मतभेदहरू समाप्त पार्ने उपाय पनि छ भन्ने केही विशिष्ट व्यक्तिहरूलाई लाग्यो। तीमध्ये महामति प्राणनाथ एक हुन्।

महामति प्राणनाथले विश्वका प्रमुख धर्मग्रन्थहरूको अध्ययन गरेर के पत्ता लगाए भने धर्मका मूल तत्त्वहरूमा भिन्नता रहेनछ। भाषा, देश, जाति आदिका कारणबाट मानिसले आफ्नो र अर्काको धर्म भनेर छुट्ट्याउँदो रहेछ। ती धर्मग्रन्थहरूको समग्र अध्ययन गरेर ग्रन्थभित्र रहेका कुराहरूलाई जोडेर, तुलना

गरेर हेरियो भने सबै एउटै धार्मिक परिवारका रहेछन् भन्ने स्पष्ट हुने रहेछ भन्ने तथ्य अगाडि ल्याएका छन्। उनले ल्याएका ती कुराहरूलाई हामी सङ्क्षेपमा निम्न रूपमा बुझ्न सक्तछौं[२२२]।

१) **एउटै पूर्ण ब्रह्म परमेश्वर-** हिन्दू धर्मग्रन्थ वा पश्चिमी धर्मग्रन्थहरूमा एउटै परमात्माको कुरा पाइन्छ। चाहे परमात्मा भनियोस् चाहे यहोवा भनियोस्, चाहे इल्लिल्लाह भनियोस् चाहे अलमाइटी गड भनियोस् ती सबै एउटै परमात्माको नाम हो। अहुरा मज्दा भनेको पनि ती एकै परमात्माको नाम हो। हिन्दू धर्मशास्त्रमा पूर्ण ब्रह्म भनेको कुरालाई कुरआनमा इल्लिलाह भनिएको हो। गीतामा क्षर, अक्षर र उत्तम पुरुषको पहिचान पाइन्छ। त्यसैलाई कुरआनमा ला इलाइ इल्लिलाह भनिएको हो। ला भन्नाले नाशवान् इल्लाह भन्नाले नित्य र इल्लिलाह भन्नाले उत्तम पुरुष हो भन्ने कुरा बुझेका दिन एकेश्वर वा तौहिद शब्द केवल शब्दमा फरक हुन सक्दछन्। सारमा कुनै फरक रहने छैनन्।

२) **भाषामा विविधता-** हिन्दू धर्मग्रन्थ परम्परामा भागवत र पश्चिमी धर्मग्रन्थ परम्परामा कुरआन अन्तिम मानिन्छ। ती दुई ग्रन्थहरूको समन्वयात्मक अर्थ हेरियो भने शब्द मात्र फरक फेला पर्ने छ। महमति प्राणनाथले ती कुराहरूलाई यसरी बुझाएका छन्-

हिन्दू धर्मग्रन्थका शब्दहरू	**कुरआनका शब्दहरू**
क) ब्रह्म सृष्टि	मोमिन (हकउलअकिन)
ख) ईश्वरी सृष्टि	इमाम उल अकिन (फरिश्ता)
ग) जीव सृष्टि	इनुल अकिन
घ) ब्रह्मा	मेकाइल
ङ) विष्णु	फरिश्ता अजाजील
च) महेश	इजराइल
छ) बैकुण्ठ	मलकूत
ज) शून्य	ला मकान
झ) निराकार	ला मकान
ञ) सात पाताल	सात तबक
ट) सात स्वर्ग	सात तबक
ठ) ज्योति स्वरूप	सुरैया
ड) अक्षर	नूरजलाल
ढ) अक्षरातीत	नूरजमाल
ण) महाप्रलय	कयामत

२२२ जायसवाल (२०००), पृ. १२३, प्राणनाथ (१९९०) (खुलासा ग्रन्थ)

त) पृथ्वी	नासूत
थ) श्यामा	रुह अल्लाह
द) बाहृ हजार ब्रह्म सृष्टि	दरगाहका रुह

शब्दमा मात्र होइन पौराणिक कथाहरूमा पनि समानता पाइएको कुरा महामतिले देखाएका छन् पुराणहरूमा व्रजलीला, रासलीला र जागनी लीलाको प्रसङ्ग पाइन्छ । कृष्ण जन्म र कंसको कुरा पश्चिमी धर्मग्रन्थहरूमा नूहलाई चालिस दिन कैदमा राखेको, उसका सन्तान मारेको र मलकूतबाट फरिश्ता आएर नूहलाई सुरक्षित स्थानमा जान अह्राएको प्रसङ्गसँग मिल्दोजुल्दो छ। त्यसरी नै प्रलयको कुरा र नूह तथा गोवर्धन लीलाका प्रसङ्गहरूमा महामतिले समानता रहेको स्पष्ट गरेका छन्। पुराण र कतेबका यस्ता समानताका आधारमा महामतिले भनेका छन्- वेदले जे भनेको थियो, कतेबले त्यही भन्दछ। बाइबलमा भनिएको छ- मानिसले ईश्वर होइन, ईश्वरले मानिस खोजेका छन्। आत्माले परमात्मालाई बिर्सेकोले तिनीहरूलाई खोजेर परमात्माको धाममा ल्याउन परमात्माले आत्माहरूलाई खोजि रहेका छन्। त्यहाँ आत्मा शब्दका ठाउँमा भेडा शब्द प्रयोग गरिएको छ। हराएका भेडाहरू खोज्ने प्रसङ्ग बाइबलमा ठाउँ ठाउँमा पाइन्छ । हराएका भेडा भनेर हराएका आत्मालाई इङ्गित गरिएको हो । आदम स्वर्गबाट झरेको बाइबलको प्रसङ्गले परमात्माबाट बिछोड भएका आत्माको प्रसङ्गसँग सामीप्य राख्दछ ।

३) **कयामत र जागनी**- प्रायः सबै धर्ममा अन्तिमको दिनको प्रसङ्ग पाइन्छ । यसलाई अन्तिम दिन, कयामत, न्यायको दिन, महाप्रलय आदि विभिन्न नामहरू दिइएको छ । अन्तिम दिनमा परमेश्वरले आएर न्याय गर्ने कुरा पश्चिमी धर्मशास्त्रहरूमा पाइन्छ । राम्रो काम गर्नेले परमेश्वरको स्वर्ग पाउने कुरा त्यहाँ पाइन्छ। नराम्रो गर्ने नर्क जाने कुरा लेखिएको छ। नूहको उखान (Parable) प्रलयसँग सम्बद्ध छ। संसारमा अन्तिम दिन आएको कसरी थाहा पाउने भन्ने प्रश्नमा यसु ख्रिष्टले भनेका छन्- म यसु हुँ भनेर धेरै आउने छन् र भ्रममा पार्ने छन्। तिमीहरू लडाइँ र युद्धको कुरा सुन्ने छौ । तिमीहरू नआत्तिनू। ती हुनु नै पर्छ किनभने जातिका विरुद्धमा जाति, राज्यका विरुद्धमा राज्य उठ्ने छ र ठाउँ ठाउँमा अनिकाल लाग्ने छ, भूकम्प जाने छ। कष्टका दिन सुरु हुने छन्। अधर्म बढ्ने छ, प्रेम हराउने छ तर अन्त्यसम्म स्थिर रहनेले उद्धार पाउने छ। सङ्कटका दिनको तुरुन्त पछि सूर्य अँध्यारो हुने छ, चन्द्रमाले चमक दिने छैन, ताराहरू आकाशबाट खस्ने छन्, स्वर्गका शक्ति डगमगाउने छन्। अनि मानिसको पुत्रको चिह्न आकाशमा बादलले ढाकेको अवस्थामा देखिने छ। उसले आफ्ना दूतहरूलाई नरसिंहाको आवाजसँग पठाउने छ। तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म खोजेर चुनिएकाहरूलाई जम्मा गर्ने छन्।

त्यसरी नै कुरआनमा कयामतको प्रसङ्ग पाइन्छ। दाभातुलअर्ज भनिने मानिस अनुहारको जनावर आउने छ। एक आँखा भएको डरलाग्दो दज्जाल आउने छ। चिहानहरू उघ्रिने छन् र मरेकाहरू बिउँतिने छन् र ईश्वरलाई नमन

गर्ने छन्। मुहम्मद ईश्वरको दाहिनेतिर बस्ने छन्। आजुज र माजुज आउने छन्। सूर्य पश्चिममा उदाउने छ तर अँध्यारो हुने छ। नराम्रा कुराहरू आउने छन्। इमाम मेहदीले कुरआनको बुद्धि पुनर्स्थापना गर्ने छन्। इस्राफिलले दुई पटक नरसिंहा फुक्नेछ। पहिलो आवाजमा पहाडहरू रुवाका टुक्रा जसरी उड्ने छन् र दोस्रो आवाजमा सृष्टि र धर्मको नव निर्माण हुनेछ।

हिन्दू धर्मग्रन्थहरूमा चार प्रकारका प्रलयहरूको वर्णन पाइन्छ। दैनन्दिन जे उत्पन्न र लय भइरहेको छ त्यो नित्य प्रलय हो। प्राकृत प्रलय भनेको ब्रह्माको सय वर्षको आयु जुन मानिसको भन्दा धेरै गुणा बढी हुन्छ, पुगेपछि हुने प्रलय हो। यस प्रलयमा सृष्टि समाप्त भएर प्रकृतिमा लीन हुन्छ। सृष्टि समाप्त हुन्छ र यो कालरात्री पछि ब्रह्माले नयाँ सृष्टि गर्दछन्। आत्यन्तिक प्रलय चाहिँ सृष्टि र लयको चक्रबाट पर हो।

प्रलय र कयामत एउटै अर्थमा प्रयोग भएका छन्। कयामतले मानिसलाई सत्य धर्ममा स्थिर राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ। कयामत व्यक्तिका लागि र विश्वका लागि हो भन्दै महामति भन्दछन्- सबै शास्त्रमा अधर्म र जागरणको कुरा पाइन्छ। अधर्ममा वृद्धि भएपछि धर्म स्थापना गर्न परमेश्वर विभिन्न रूपमा आउँछन्। यसरी एउटा युगको प्रलय भएर नयाँ युगको थालनी हुन्छ। व्यक्तिगत जीवनमा पनि मृत्युले मानिसको एउटा युग समाप्त हुन्छ। महामतिले कयामत आइ सकेको कुरा गरेर जागरणको कुरा गरेका छन्। कयामत भन्नु क्रसमा टाँगिनु हो, जागनी भन्नु पुनरुत्थान हो। चिहान मर्त्य लोक हो, पुनरुत्थान आत्मजागृति हो।

सबै धर्मले संसारमा मानिसमा सुख र शान्ति खोजेका छन्। जीवनपछि मोक्ष, मुक्ति वा निर्वाण खोजेका छन्। सबै धर्मले प्रेमको कुरा गरेका छन्। धेरै धर्मले आत्माको अमरतालाई मानेका छन्। ती विभिन्न धर्महरूका बिचको बाहिरी आवरण- कर्ममा विभिन्नता, पूजा पद्धतिमा भिन्नता, उपासनाको तरिकामा भिन्नतालाई अलग गरेमा सबै धर्मले खोजेको परम सत्यभित्र पुग्न सकिन्छ।

परम सत्य परब्रह्म परमात्मा हुन्।

४) शास्त्रहरूमा भविष्यवाणीमा एकता- हिन्दू धर्मशास्त्रले निष्कलङ्क बुद्धावतार कल्कि अवतारको भविष्यवाणी गरेको छ। यहुदी धर्मशास्त्रले मूसाको पुनरागमनको भविष्यवाणी गरेको छ। बाइबलले ईसाको दोस्रो आगमनको भविष्यवाणी गरेको छ। क़ुरआनले इमाम मेँहदीको आगमनको भविष्यवाणी गरेको छ। ती भविष्यवाणीमा भनिएका कुराहरूको बाहिरी अर्थलाई छोडेर भित्री अर्थ बुझ्ने हो भने त्यो दिन आइ सकेको छ। पूर्ण ब्रह्म अक्षरातीतको ज्ञानले सम्पूर्ण मानव जातिको उद्धार गर्ने हुनाले र मानिस मात्रको अन्तिम लक्ष्य एक पूर्ण ब्रह्म परमात्मा हुन् भन्ने कुरा पूर्वीय र पश्चिमी धर्मग्रन्थहरूले एक स्वरमा बोलेकाले ती शास्त्रहरूमा उल्लेख भएको भविष्यवाणी सत्य प्रमाणित भएको छ।

संसारमा पछिल्लो पटक प्रचलनमा आएको बहाइ धर्मले ईश्वर, धर्म र मानवताको एकताको कुरा गरेको छ र भनेको छ- मानिसमा रहेको बुद्धि सम्पन्न आत्मा (Rational soul) ले मानिस र सृष्टि नियन्ताका बिचको सम्बन्ध पहिचान गर्ने सामर्थ्य राख्दछ। जाति, राष्ट्रियता, जात, सामाजिक वर्ग र लिङ्गमा आधारित पदानुक्रम (Hierarchy) मानवताको एकताका बाधक हुन्। मानवताको एकता नै वर्तमान संसारको धार्मिक र राजनीतिक प्रमुख मुद्दा हो।

स्वामी विवेकानन्दले भनेका छन्– आज पनि हामीले के सिक्न बाँकी छ भने सबै धर्मका ईश्वर एकै हुन् चाहे धर्म हिन्दू, बौद्ध, इस्लाम, इसाई आदि विभिन्न नामका किन नहोऊन् र जसले तीमध्ये कसैको पनि निन्दा गर्छ भने उसले आफ्नै ईश्वरको निन्दा गरिरहेको हुनेछ।[२२३]

संसारमा ४२०० धर्म सम्प्रदायहरू छन् भन्ने अनुमान छ। ती धर्म सम्प्रदायमध्ये कुनै अस्तित्वमा रहेको वा भविष्यमा स्थापना हुने कुनै आदर्श धर्ममा अरू धर्म सम्प्रदाय विलीन हुने कल्पना गर्न सकिँदैन। सबै धर्म सम्प्रदायलाई आ-आफ्नो धर्म सम्प्रदाय प्यारो, पूज्य, श्रद्धेय र आदरणीय हुन्छ। संसारका सबै धर्मग्रन्थहरूको अध्ययन गरेर एउटा तारतम्यमा बाँध्नु र धर्म सम्प्रदायको सह-अस्तित्व स्वीकार गर्नु आजको आवश्यकता हो। त्यसका निमित्त अहिंसालाई मूल आधार मानेर संसारका सबै धर्महरूप्रति श्रद्धा, धर्मशास्त्रहरूका मौलिक र आध्यात्मिक तत्त्वका कुराप्रति समान दृष्टिकोण, मानिस परमात्माको सृष्टि हो भन्ने कुरामा विश्वास, आत्माको परमात्मा प्राप्ति अन्तिम लक्ष्य हो भन्ने कुराप्रति सम्मान जस्ता कुरा जरुरी छन् जसबाट विश्वका धर्महरूको सङ्गम स्थापना हुन सक्छ। धर्मको तुलनात्मक अध्ययन साधन हो, विश्व धर्म समभाव साध्य हो।[२२४]

---

२२३ विवेकानन्द (१९८२), पृ. ६१

२२४ शाह, रणजीत (२००८), पृ. १४८

परिशिष्ट १

धर्म सापेक्ष मुलुकहरू

१) अफगानिस्तान
२) अल्जिरिया
३) अल्सासे मोसेली
४) अर्जेन्टिना
५) बहराइन
६) बङ्गलादेश
७) भुटान
८) ब्रुनाई
९) कम्बोडिया
१०) क्यामोरोस
११) कोस्टारिका
१२) डेनमार्क
१३) जिबोटी
१४) इजिप्ट
१५) इङ्गल्यान्ड
१६) जर्जिया
१७) ग्रीस
१८) आइसल्यान्ड
१९) इरान
२०) इराक
२१) इजराइल
२२) जोर्डन
२३) कुबेत
२४) लिबिया
२५) लिचेन्स्टिन
२६) मलेसिया
२७) माल्दिभ्स
२८) माल्टा
२९) मुरटानिया
३०) मोनाको
३१) मोरक्को
३२) माउन्ट अथोस्
३३) नर्वे
३४) ओमन
३५) पाकिस्तान
३६) कतार
३७) साउदी अरेबिया
३८) सोमालिया
३९) श्रीलङ्का
४०) ट्युनिसिया
४१) टुश्रालाउ
४२) संयुक्त अरब इमिरेट्स
४३) भ्याटिकन सिटी
४४) यमन

धर्म निरपेक्ष मुलुकहरू

१) अङ्गोला
२) बेनिन
३) बोत्स्वना
४) बुर्किना फासो
५) बुरुन्डी
६) क्यामेरुन
७) केप भेड
८) चाड
९) कङ्गो प्रजातान्त्रिक गणतन्त्र
१०) गणतन्त्र कङ्गो
११) इथोपिया
१२) ग्यांबोन
१३) ग्याम्बिया
१४) गिनी
१५) गिनी बिसाउ
१६) लाइबेरिया
१७) माली
१८) नामिबिया
१९) सेनेगल
२०) रुवान्डा
२१) दक्षिण अफ्रिका
२२) अजरबैजान
२३) चीन
२४) पूर्वी टिमोर
२५) जर्जिया
२६) भारत
२७) जापान
२८) कजकस्तान
२९) उत्तर कोरिया
३०) दक्षिण कोरिया
३१) किर्गिस्तान
३२) लाओस
३३) नेपाल
३४) फिलिपिन्स
३५) सिङ्गापुर
३६) ताइवान
३७) लेबनान
३८) सिरिया
३९) ताजिकिस्तान
४०) टर्की
४१) तुर्कमेनिस्तान
४२) भियतनाम
४३) अस्ट्रिया
४४) अलबानिया
४५) बेंलारुस

४६) बेल्जियम	४७) बोस्निया हर्जेगोभिना	४८) बुलगेरिया
४९) क्रोसिया	५०) चेक गणतन्त्र	५१) इस्टोनिया
५२) फ्रान्स	५३) हङ्गेरी	५४) आयरल्यान्ड
५५) इटाली	५६) लात्भिया	५७) मेसेडोनिया
५८) निदरल्यान्ड	५९) पोल्यान्ड	६०) पोर्चुगल
६१) रोमानिया	६२) रसिया	६३) सर्बिया
६४) स्लोभाकिया	६५) स्लोभेनिया	६६) स्पेन
६७) स्वीडेन	६८) टर्की	६९) युक्रेन
७०) क्यानडा	७१) क्युबा	७२) होन्डुरस
७३) मेक्सिको	७४) संयुक्त राज्य अमेरिका	७५) अस्ट्रेलिया
७६) माइक्रोनेसिया	७७) न्युजिल्यान्ड	७८) ब्राजिल
७९) चिली	८०) कोलम्बिया	८१) इक्वेडर
८२) पेरु	८३) उरुग्वे	८४) भेनेजुएला

विश्वका धर्मावलम्बीहरू
(सन् २०१२)

१. इसाई	३१.५ %
२. इस्लाम	२३.२ %
३. असम्बद्ध (Unaffiliated)	१६.३ %
४. हिन्दू	१५ %
५. बौद्ध	७.१ %
६. परम्परागत (Folk)	५.९ %
७. अन्य	०.८ %
८. यहुदी	०.२ %

नेपालको वि.सं. २०६८ को जन गणना प्रतिवेदन

धर्म	प्रतिशत	सङ्ख्या
हिन्दू	८१.३ %	२,१५,५१,४९२
बौद्ध	९.०%	२३,९६,०९९
इस्लाम	४.४ %	११,६२,३७०
किरात	३.१ %	८,०७,१६९
इसाई	१.४ %	३,७५,६९९
प्रकृति	०.५ %	१,२१,९८२
बोन		१३,००६
जैन		३,२१४
बहाई		१,२८३
सिख		६०९

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग, त्रिपुरेश्वर, काठमाडौँ

सन्दर्भ ग्रन्थ

अक्सफोर्ड, १९७३, अङ्ग्रेजी शब्दकोश, कल्यारेन्टन प्रेस, अक्सफोर्ड

अक्सफोर्ड, अट्लास, अक्सफोर्ड प्रेस, दिल्ली

अधिकारी, नरकान्त, २०७०, पतञ्जलियोगसूत्र, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी

अधिकारी, राम, १९९९, सामवेद का परिचय एवम् वैशिष्ट्य, कल्याण, गीता प्रेस, गोरखपुर

अधिकारी, राम, १९९९, ऋग्वेद का परिचय एवम् वैशिष्ट्य, कल्याण, गीता प्रेस, गोरखपुर

आचार्य, माधव, १९९८, सर्वधर्मदर्शन, चौखम्बा विद्या भवन, वाराणसीं

इस्लामी, मौलाना सदरुद्दीन, २०६५, महान् ग्रन्थ कुरआनको परिचय, इस्लामी सङ्घ नेपाल, काठमाडौँ

काणे, पाण्डुरङ्ग वामन, १९८०, धर्मशास्त्र का इतिहास १ भाग, उत्तरप्रदेश हिन्दी संस्थान, लखनऊ

गान्धी, मोहनदास करमचन्द, २०००, हिन्दू धर्म क्या है, नेशनल बुक्स ट्रष्ट इण्डिया

गान्धी, मोहनदास करमचन्द, २००६, आत्मकथा, नवजीवन प्रकाशन मन्दिर, अहमदाबाद

गुप्त, तनुसुखराम, २०००, हिन्दू धर्म परिचय, सूर्य भारती प्रकाशन, नयाँ दिल्ली

गोस्वामी, राजेन्द्र, २०६४, सत्कर्म के बीज सद्विचार, अखिल भारतीय त्रिपुरसुन्दरी शक्ति समिति, दिल्ली

गौड, रामदास, १९९३, हिन्दू धर्मकोश, ज्ञानमण्डल लि., वाराणसी

चेम्जोङ, इमानसिं, किरात मुन्धुम

चैतन्य, तिलक, १९९०, हमारे सन्त, गुरुजी प्रणामी मिशन ट्रष्ट, सिलिगुडी

जायसवाल, मातावदल, २०००, प्रथम प्रणाम, श्रीप्राणनाथ मिशन, दिल्ली

जैन, धर्म चन्द, २००२, जीनवाणी, सम्यक् ज्ञान प्रचारक मण्डल, जयपुर

जैनविद्या एवम् तुलनाथ धर्म दर्शन (एम.ए.का. लागि), २०१०, जैन विश्वभारती विश्वविद्यालय, लाडनु राजस्थान

ज्ञवाली, चन्द्रकान्त, २०६८, संवैधानिक कानुन, पैरवी प्रकाशन, पुतलीसडक काठमाडौँ

झा, नरेश, १९९९, वेदाङ्गौं का परिचय, कल्याण, गीता प्रेस, गोरखपुर

टोकारेव, से., धर्मको इतिहास, नेपाली अनुवाद, पदम गौतम, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ

डङ्गोल, सानुभाइ, २०६८, धर्मचक्र प्रवर्तन सूत्रः बुद्ध धर्मको सारसङ्क्षेप, दर्शनावली (१ भाग), नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ

नयाँ करार (नेपाली अनुवाद), २००९, नेपाल बाइबल सोसाइटी, काठमाडौँ

पन्त, दिनेशराज, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्योपदेश, श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय सूचना विभाग, काठमाडौँ

पाण्डे, चिदानन्द, २०६९, विज्ञान, शि.मं. पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

पाण्डे, फणीन्द्रप्रसाद, २०५९, संस्कृत नेपाली शब्दकोश, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ

पाण्डेय, राजबली, १९९५, हिन्दू संस्कार, चौखम्बा विद्याभवन, वाराणसी

पोद्दार, हनुमान प्रसाद, १९९९, वेदोपनिषद्मे युगल स्वरूप, कल्याण, गीता प्रेस, गोरखपुर

प्रपन्नाचार्य, स्वामी, २०५९, जोसमनि स्मारिका, जोसमनि धर्म सेवा मूल समिति, काठमाडौँ

प्रपन्नाचार्य, स्वामी, २०६७, वेदमा के छ ? साझा प्रकाशन, ललितपुर

प्राणनाथ, महामति, १९८०, तारतम वाणी अन्तर्गत कलश ग्रन्थ, श्रीप्राणनाथ मिशन, दिल्ली

प्राणनाथ, महामति, १९८०, तारतम वाणी अन्तर्गत प्रकटवाणी, श्रीमहामति मिशन, दिल्ली

प्रियाचार्य, मोहन, २००४, विश्व शान्ति की ओर, प्राक्कथन, सन्त साहित्य संस्थान, दिल्ली

प्रियाचार्य, मोहन, २०१०, श्रीप्राणनाथ प्रदीप, श्रीप्राणनाथ मिशन, दिल्ली

प्रियाचार्य, मोहन, २०६७, मङ्गल स्मृति ग्रन्थ, श्रीप्राणनाथ मिशन, दिल्ली

भावे, बिनोवा, १९९३, कुरआन सार, सर्व सेवासङ्घ प्रकाशन, वाराणसी

भुसाल, वेदुराम, २०६८, नेपालमा प्रचलित धार्मिक चिन्तनहरू, नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौँ

मङ्गलदास, गुरुजी, २०४७, प्रार्थना पुष्पाञ्जलि, गुरुजी प्रणामी मिशन ट्रष्ट, सिलिगुडी

मङ्गलदास, गुरुजी, २०१०, आत्म सोपान, मङ्गलदास, कालिम्पोङ

मजुमदार, धीरेन्द्रनाथ गोविन्द नारायण, १९६४, प्रागितिहास, एसिया पब्लिसिङ्ग हाउस, दिल्ली

मत्ती लगायत, १९९१, बाइबल (नेपाली अनुवाद), नेपाल बाइबल सोसाइटी, काठमाडौँ

महाप्रज्ञ, आचार्य, २०१२, श्रमण महावीर, जैन विश्वभारती विश्वविद्यालय, लाडनु राजस्थान

महाराज, वृजभूषण, २०१२, वृत्तान्त मुक्तावली, श्रीकृष्णप्रणामी सेवा समिति, काठमाडौँ

मिश्र, श्रीकिशोर, १९९९, वैदिक वाङ्मयका शास्त्रीय स्वरूप, कल्याण, गीता प्रेस, गोरखपुर

मुकर्जी, धीरेन्द्रनाथ, १९७७, उच्चतर समाजशास्त्रीय सिद्धान्त, सरस्वती सदन, दिल्ली

मुहम्मद, सल्लल्लादु अलैदि व सल्लम, २००८, कुर्आन मजीद (नेपाली अनुवाद), इस्लामी सङ्घ नेपाल, घण्टाघर काठमाडौँ

मौदूदी, मौलाना शैयद अबुल आला, २०६४, इस्लाम दर्शन, अलहेरा एजुकेशनल सोसाइटी नेपाल, घण्टाघर काठमाडौँ

योगानन्द, परमहंस, १९८२, योगीको आत्मकथा (नेपाली संस्करण), योगानन्द सोसाइटी इन्डिया, कलकत्ता

रजनीश, ओसो, १९७९, सम्भोग से समाधि, डायमण्ड पकेट बुक्स, दिल्ली

राई, देवदास, २०४५, किरात सम्बन्धी केही चर्चा, विमला राई, बौद्धधाम इलाम

राधाकृष्ण, सर्वपल्ली, १९२०, द रेन् अफ् रिलिजन् इन् कन्टेम्पोरेरी फिलोसफी, म्याकमिलन एण्ड क., लण्डन

राधाकृष्ण, सर्वपल्ली, १९९९, वेदकी ऋचाएँ स्पष्ट करती है परब्रह्मकी सत्ता, कल्याण, गीता प्रेस, गोरखपुर

रेग्मी, ऋषिराम, १९९९, यजुर्वेदका सङ्क्षिप्त परिचय, कल्याण, गीता प्रेस, गोरखपुर

रेग्मी, ऋषिराम, १९९९, अथर्ववेदका सङ्क्षिप्त परिचय, कल्याण, गीता प्रेस, गोरखपुर

लामा, सन्तवीर, २०४२, तम्बा कइतेन व्हाइ रिमठिम, रत्नपुस्तक भण्डार, भोटाहिटी काठमाडौँ

वाजपेयी, बुद्धिप्रकाश, १९७८, द सेक्रेट् डक्ट्रिन् अफ् द गीता, श्रीप्राणनाथ मिशन, दिल्ली

वाजपेयी, बुद्धिप्रकाश, २०११, वेद और स्वसंवेद, गीता वेद संस्थान, मुजफ्फरनगर

वाजपेयी, बुद्धिप्रकाश, २०३८, देवशक्तियाँ और मन्त्र विधान, निजानन्द दर्शन

विभिन्न लेखकहरू, १९९०, म्यान काइन्ड्स् सर्च् फर् गड्, वाच टावर बाइबल एण्ड ट्र्याक सोसाइटी, ब्रुकलिन न्यूयोर्क

विवेकानन्द, स्वामी, १९८२, हिन्दू धर्म, रामकृष्ण मिशन, नागपुर

वीरजी, रणछोडजी, २०५७, सृष्टि विज्ञान वर्णन, श्रीप्राणनाथ मिशन, दिल्ली

वेस्टर, १९६३, अङ्ग्रेजी शब्दकोश, ग्रामरी बुक्स, न्यूयोर्क

वैद, निर्मला, २००७, जैन धर्म एवम् दर्शन, जैन विश्वभारती विश्वविद्यालय, लाडनु राजस्थान

वोसेर खेन्पो ङवाङ, २०६८, महायान बौद्धधर्मका चार सम्प्रदाय, दर्शनावली (१ भाग), नेपाल प्रज्ञा-प्रतिष्ठान काठमाडौँ

व्यास, २०१७, श्रीमद्भागवत महापुराण, वासुदेव भट्टराई, ने.भा.प्र.स., काठमाडौँ

व्यास, १९९६, श्रीमद्भागवत महापुराण, चौखम्बा संस्कृत प्रकाशन, वाराणसी
व्यास, २०१२, ऋग्वेद, (अनु.) प्रसन्नचन्द्र गौतम, कुलचन्द्र गौतम स्मृति प्रतिष्ठान, गैह्रीधारा काठमाडौँ
व्यास, २०१०, अथर्ववेद, गङ्गा सहाय शर्माद्वारा सम्पादित, संस्कृत साहित्य प्रकाशन, नयाँ दिल्ली
व्यास, २०६९, मुण्डकोपनिषद्, गीता प्रेस, गोरखपुर
व्यास, १९६७, ब्रह्मवैवर्त्तपुराण, खेमराज कृष्णदास वेङ्कटेश्वर स्टीम प्रेस, मुम्बई
व्यास, २०७०, श्रीमद्भगवद्गीता, गीता प्रेस, गोरखपुर
शर्मा, अभय र गुरागाइँ, रविप्रसाद, २०६९, नेपालका दार्शनिकहरू, नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ
शर्मा, जनकलाल, २०२०, जोसमनी सन्त परम्परा र साहित्य, साझा प्रकाशन, ललितपुर
शर्मा, भीम, २०५७, विश्वका केही मुख्य धर्महरू, भीम शर्मा
शास्त्री, कृष्णदत्त, २०१०, सम्प्रदाय सिद्धान्त, सन्तसभा, खिजडा मन्दिर जामनगर
सापकोटा, लीलाप्रसाद, २०६२, हिन्दू, जसोदा सापकोटा, धुलाबारी झापा
सापकोटा, लीलाप्रसाद, २०६२, श्रीकृष्णप्रणामी धर्म, जसोदा सापकोटा, झापा
साहा, रणजीत, २००८, महामति प्राणनाथ, साहित्य अकादमी, दिल्ली
सिक्ख रहत मर्यादा, २००९, दि.सि.गु.प्र.क. दिल्ली
सोमानी, गङ्गा, १९९१, वर्ल्ड रिलिजन्स, ओ.पी. सोमानी च्यारिटेबल ट्रष्ट, कलकत्ता
सांकृत्यायन, राहुल, २००१, इस्लाम धर्म की रूपरेखा, किताब महल, इलाहाबाद
सिंह, महेन्द्रनाथ, १९९०, बौद्ध तथा जैन धर्म, विश्वविद्यालय प्रकाशन, वाराणसी
सिंह, हरदयाल, २०५२, सिख धर्मको रूपरेखा, जितेन्द्र पाल सिंह, जावलाखेल ललितपुर
सिंह, हरदयाल, २०५९, नियमित नियम साद सङ्गत, गुरुद्वारा, कोपुण्डोल ललितपुर
हई, महमद अब्दुल, आखिरत, क्रिसेन्ट पब्लिसिङ्ग कम्पनी, अलिगढ
हर्षानन्द स्वामी, १९८२, हिन्दू गड्ज् एण्ड् गडेसेज्, श्रीरामकृष्ण मठ, मैलापुर मद्रास

कुराकानी

कार्थक, पास्टर रबर्ट, कालोपुल ज्ञानेश्वर काठमाडौँ, २०७१/१०/२०
पुनीत महात्मा बाई, मानव धर्म सेवा समिति नेपाल प्रमुख, काठमाडौँ, २०६२/५/२०
प्रियाचार्य, मोहन, मङ्गलधाम कालिम्पोङ, २०७०/६/२०
बराल, प्रा.डा. लोकराज, सुनाकोठी, ललितपुर, २०७०/७/२२

राई, फादर, जावलाखेल ललितपुर, २०७०/६/२२
रेग्मी, खेमराज, जैनधर्म विशारद, जैन भवन, कमलपोखरी काठमाडौं, २०७०/६/२१
विष्णु ब्र.कु., राजयोग सेवा केन्द्र, हाल अमेरिका, २०६२/४/२३
शाक्य, पूर्णमान, वरिष्ठ अधिवक्ता, लगनखेल ललितपुर, २०७०/७/२०
सिंह, बक्स, सरदार, गुरुद्वारा, कोपुण्डोल ललितपुर, २०७०/६/२१

कार्यपत्र

अधिकारी, छत्रप्रसाद, गड् पार्टिकल्, विज्ञान र धर्म सन्तसभा, मंगलधाम कालिम्पोङ
खम्बुडा, के. आर., मानिसको विकास, मेची बहुमुखी क्याम्पस, भद्रपुर
प्रभात, विष्णु, महामति प्राणनाथ जीवन र दर्शन, नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७०/६/७
सापकोटा, लीलाप्रसाद, महामति प्राणनाथ जीवन र दर्शन, नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७१/६/६

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937589871